CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri
CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन
भारतीय इतिहास

5738

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

लेखक—
प्रोफेसर महेश्वर प्रसाद
एम. ए., द्वय (इतिहास एवं राजनीतिशास्त्र)
बी. एल. साहित्यभूषण
मोला कलेज, चैनपुर (पू० नेपाल)

[प्रथ]म संस्करण, जनवरी १९७० ई०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन भारतीय इतिहास

[त्रिभुवन विश्वविद्यालयको स्नातक कक्षाका पाठ्यक्रमानुसार]

लेखक—

प्रोफेसर महेश्वर प्रसाद

एम. ए., द्वय (इतिहास एवं राजनीतिशास्त्र), बी. एल., साहित्य भूषण

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

मूल्य १०.००

CC-0. In Public Domain. Digitization by eGangotri

:: प्रकाशक एवं वितरक ::

प्रो० महेश्वर प्रसाद

ग्राम एवं पो० सरिचा, भाया–पटोरी,

जिला–दरभंगा (बिहार) भारत

5738

मुख्य स्टौकिस्ट :-

:: राष्ट्रिय प्रकाशन ::

आदर्शनगर, वीरगंज

शाखा : —

धरान, काठमांडौ, भैरहवा, जनकपुर, दांग

सर्वाधिकार लेखकाधीन

:: मुद्रक ::

सहकारी छापाखाना वैनी (पूसारोड)

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्गीय अनुज

साकेत बिहारी सुभाष

को

पुण्य स्मृतिमा

सस्नेह

समर्पित

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

लेखक—

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

चिरञ्जीवी पुस्तकालय Chiranjivi Library

आमुख

प्रस्तुत पुस्तकको रचना कुनै पूर्व निर्धारित योजनानुसार गरिएको छैन। नेपालका विभिन्न कलेजमा अध्यापनको क्रममा विद्यार्थीहरूको आग्रहानुसार मैले प्राचीन भारतको सम्बन्धमा केही अंश लेखाउन प्रारम्भ गरे। लेखांउदैजांदा तत्सम्बन्धी अधिकांश विषयको प्रतिपादन स्वतः भै हाल्यो। तत्पश्चात् कतिपय शिक्षाप्रेमी सज्जनहरूको परामर्शानुसार केही अंश थपेर बी० ए० को पाठ्यक्रमानुसार प्रकाशित गरेर एउटा ठूलो अभावको पूर्ति गरि दिएको छु। यसले स्नातक कक्षाका विद्यार्थीलाई बढीमात्रामा लाभदायक भए तापनि इन्टर र एस० एल० सी० का विद्यार्थी समेत प्राचीन भारतमा अभिरुचि राख्ने अन्यान्य सज्जनका लागि उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

प्रेसको उदासीनता र साधनहीनता को साथै समयाभावको कारणले थुप्रै अशुद्धिहरू रहन गए। आगामी संस्करणमा त्यसको निराकरणको निमित्त प्रयत्नशील रहने छु।

अन्तमा, शिक्षाप्रेमी सज्जनहरूसित यसलाई अङ्गीकार गरेर प्रोत्साहन दिने अनुरोध छ।

महेश्वर प्रसाद

भारतीय राजदूतावास पुस्तकालय काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

अध्याय		पृष्ठ
१	प्राचीन भारतीय इतिहासका साधन	१—१०
२	सिन्धु-घाटीको सभ्यता	११—२४
३	वैदिक सभ्यता	२५—४७
४	महाकाव्य काल	४८—६०
५	ई० पू० छैठौं शताब्दीको राजनीतिक अवस्था	६१—६९
६	मगध साम्राज्यको मूल्यांकन	७०—८१
७	महावीरको जीवन र शिक्षा	८२—९०
८	बुद्धको जीवन र शिक्षा	९१–१०१
९	सिकन्दरको आक्रमण र त्यसको प्रभाव	१०२–११४
१०	चन्द्रगुप्त मौर्य	११५–१३१
११	अशोक	१३२–१४२
१२	शुंगवंश	१४३–१४९
१३	सातवाहन	१५०–१५९
१४	कुषाण र कनिष्क	१६०–१७०
१५	समुद्रगुप्त	१७१–१८४
१५	(क) चन्द्रगुप्त द्वितीय	१८५–१९६
१६	फाहियान	१९७–२०४
१७	गुप्तवंशका अन्यान्य राजाहरू	२०५–२०९
१८	गुप्तहरूको मूल्यांकन—स्वर्णयुग	२१०–२२४
१९	हर्षवर्धन र उनको काल	२२५–२४१
२०	उत्तर भारतका मध्यकालीन हिन्दू राजवंश [पाल र सेन]	२४२–२६०
२१	दक्षिणका राजवंश [पल्लव र चालुक्य]	२६१–२९६
२२	सिन्धमाथि अरब-आक्रमण	२९७–३०२

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय—१

Sources of Ancient Indian History
(प्राचीन भारतीय इतिहासको साधन)

इतिहासका विषय प्राचीन कालीन घटनाहरू हुन्। प्राचीन भारतको इतिहासको अध्ययनको लागि त्यस्ता घटनाहरूको अभाव छैन तर प्राचीन भारतीय साहित्यिकहरूलाई इतिहास लेखनकला प्रति कुनै अभिरुचि थिएन। इतिहासकार Rapson को कथन छ कि प्राचीन भारतमा अधिकांश ग्रन्थहरूको रचना भिक्षुहरूद्वारा भयो। तर तिनीहरूको दृष्टिकोण धार्मिक थियो। अतः तिनीहरू इतिहास लेखनकला तर्फबाट उदासीन थिए। Dr. R. C. Majumdar को भनाइ छ कि इतिहास लेखनप्रति भारतीयहरूको विमुखता भारतीय संस्कृतिको भारी दोष छ। भारतीयहरूले साहित्यका अनेक शाखासित सम्बन्ध स्थापित गरेर कैयौंमा विशिष्टता प्राप्त गरे तर तिनीहरूले कहिल्यै पनि गम्भीरतापूर्वक इतिहास लेखन प्रति ध्यान दिएनन्। त्यसकारण पाश्चात्य इतिहासकारहरूले भन्न थाले कि प्राचीन भारतमा ऐतिहासिक ज्ञानको खांचो थियो। इतिहासकार Elphinstone को कथन छ कि, "सिकन्दरको आक्रमण भन्दा अगाडिको कुनै सार्वजनिक घटनाको निश्चय हुन सक्तैन। I"

डा. स्मिथको भनाइ छ कि, "यहां सम्म कि उत्तरमा सिकन्दरको ई०पू० ३२६ को आक्रमण भन्दा अगाडिका सबै प्रायः शुद्ध मितिहरूको प्राप्ति तर्क बलले ज्ञात देखि अज्ञात सम्म हुन्छ।" II तर दक्षिण

I No date of public event can be fixed before the invasion of Alexander.

II Even in the north all approximate dates before the invasion of Alexander in 326 B. C. are obtained only by reasoning back from the known to the unknown.

CC-0. In Public Domain. Digitization by eGangotri

भारतमा धेरै दिन पछि सम्म यो सम्बन्धमा पत्ता थिएन। अलबेरु-नीको पनि त्यस्तै विचार छ। उनले लेखेका छन कि, "हिन्दूहरू ऐतिहासिक तथ्य माथि धेरै ध्यान दिदैनन्। उनीहरू काल क्रम सम्बन्धी विषय वस्तुहरूको लागि धेरै असावधान छन्।" I डा० त्रिपाठीको (Tripathi) को भनाइ छ कि "यो सत्य हो कि भारतीय इतिहासको अनुशीलनमा वैज्ञानिक ऐतिहासिक ग्रन्थहरूको अभाव असाधारण बाधक हो।" II यो सत्य छ कि हाम्रो परम्परा आजपनि जीवित छ तर त्यसको निर्माताको सम्बन्धमा हामीलाई ज्ञान छैन।

भारतमा Livy, Herodotus अथवा थूसी डाइड्स जस्ता इतिहासकारहरूको खांचो थियो तापनि बाणभट्ट लिखित हर्षचरितम् र कल्हणलिखित राजतरङ्गिनी जस्ता ऐतिहासिक ग्रन्थ कमसेकम बाटो देखाउने (Beacon light) काम गर्दछन्। यो बाहेक रामायण, महाभारत, बिशाखदत्त लिखित मुद्रा राक्षस कौटिल्य लिखित अर्थशास्त्र तथा पुराण आदिको निष्पक्ष अध्ययनबाट पनि धेरै तथ्यहरू प्राप्त हुन्छन्।

यद्यपि भारतीय इतिहासको निमित्त पर्याप्त तथ्यहरूको अभाव छ तापनि सचेष्ट र निष्पक्ष अध्ययनको आधारमा इतिहास लेखनको लागि धेरै साधन प्राप्त हुन्छन्। यी साधनहरू निम्नलिखित छन्:—

I The Hindus do not pay much attention to the historical order of things, they are very careless in relating to the chronological succession of things.

II The historian of ancient India suffers great from the initial difficulty of the want of genuine works of historigraphy.

CC-0. In Public Domain. Digitization by eGangotri

(1) पुरातत्व सम्वन्धी (Archaeological), (2) साहित्यिक (Literary) र (3) विदेशीहरूका लेख तथा यात्रा विवरण (Foreign writings and travelling accounts)

(1) पुरातत्त्व सम्वन्धी साधन वैज्ञानिक तथ्यहरू माथि आधारित हुन्छन्। तसर्थ यो वहुतै महत्वपूर्ण साधन छ। प्राचीन भारतीय इतिहासको ज्ञानको निमित्त यो वहुतै उपयोगी सिद्ध भएको छ। संदिग्ध परिस्थितिमा पुरातत्व हाम्रो शंका समाधान गर्दछ। अयोध्या अभिलेख द्वारा यो सिद्ध भएको छ कि पुष्यमित्र सुगले दुई अश्वमेध यज्ञ गरेका थिए। I

प्रयाग प्रशस्तिद्वारा समुद्रगुप्तको दिग्विजयको थाहा पाइन्छ। पुरातत्व सम्वन्धी निम्नलिखित साधन छन्—

(क) अभिलेख (Inscription)—यो प्राचीनकालको ज्ञानको लागि वहुतै महत्वपूर्ण साधन छ। जहां साहित्यिक सामग्रीको ग ां ो हुन्छ त्यहां पुरातत्वद्वारा हामी ज्ञान प्राप्त गर्नसक्छौं। यसको अन्तर्गत गुफालेख, शिलालेख, स्तम्भलेख, ताम्रपत्र आदिको स्थान छ। तर ई॰ पू॰ तेश्रो शताव्दी भन्दा अगाडिको अभिलेख भेटिएको छैन। यस सम्वन्धमा डा० Smith को भनाइ छ कि, "ती अभिलेखहरू ई. पू. तेश्रो शताव्दी भन्दा अगाडिको ज्ञान निश्चित पूर्वक दिदैनन।" II अभिलेखहरूद्वारा सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अवस्था माथि पर्याप्त प्रकाश पर्दछ। ती अभिलेखहरू मध्ये अशोकको अभिलेख सव भन्दा महत्वपूर्ण छ। अशोकले राजाज्ञा तथा घोषणाहरूको रूपमा अभिलेख खोपाएका थिए। तत्कालीन इतिहासको ज्ञानको निमित्त यो वहुतै सहायक सिद्ध भएको छ। समुद्रगुप्तको दिग्विजय, गुप्तकालको इतिहास तथा प्रतिहार राजाहरूको ज्ञान अभिलेख द्वारानै

I द्विरश्वमेधयाजिनः सेनापतेः पुष्यमित्रस्य।

II Unfortunately they do not at present go farther back than the third century B.C with certainty.

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त हुन्छ । यसै प्रकार चालुक्य राजा पुलकेसिन द्वितीयको सम्बन्धमा पनि अभिलेख द्वारा थाहा पाइन्छ। केही विदेशी अभिलेखद्वारा पनि भारतीय इतिहासको ज्ञान प्राप्त हुन्छ। बोगोजकोई (एसिया माइनर) नामक स्थानमा ई. पू. १४०० को एउटा सन्धि पत्र अभिलेख भेटिएको छ, जसमा इन्द्र, वरुण र मित्र तथा नासात्य जस्तो वैदिक देवताहरूको उल्लेख छ। यो अभिलेखद्वारा तत्कालीन भारतीय इतिहास माथि प्रकाश पर्दछ।

(ख) मुद्रा (Coins)—मुद्रा पनि प्राचीन भारतीय इतिहासको एउटा महत्वपूर्ण साधन हो। ई. पू. २०६ देखि ३०० ई. पू. सम्मको ज्ञान तत्कालीन मुद्राको सहायताबाट हुन्छ । यो सम्बन्धमा डा. त्रिपाठी को भनाइ छ कि, "अभिलेख जस्तै मुद्राहरू पनि भारतीय इतिहासको निर्माणमा बहुतै सहायक सिद्ध भएका छन्। अभिलेख जस्तै मुद्राहरू पनि साहित्यिक तथा अन्य सामग्रीहरूलाई पूरा गरेर तिनीहरूलाई संशोधित र स्पष्ट गर्दछन्।" I मुद्राहरूको महत्वको सम्बन्धमा Dr. Smith को पनि भनाइ छ कि, "तिनीहरू माथि बारम्बार लेखेका मितिहरू कालक्रमको निर्धारणको लागि हामीहरूलाई अमूल्य प्रमाण प्रदान गर्दछन्।" II यो बाहेक सिक्काहरूद्वारा तत्कालीन धार्मिक र कला सम्बन्धी विचारको सम्बन्धमा पनि थाहा पाइन्छ । यो दृष्टिको एबाट कनिष्कका मुद्राहरू बहुतै महत्वपूर्ण छन्। समुद्रगुप्तका मुद्राहरू द्वारा यो थाहा पाइन्छ कि उनी एक संगीतज्ञ थिए। उनको सिक्कामा "अश्वमेघ पराक्रम" को पनि उल्लेख छ जसबाट यो थाहा पाइन्छ कि

I The next guides, we may appeal to, are coins Like the inscriptions, they may corroborate the information derived from literature, and often modify amplify it.

II The dates frequently recorded on them afford in valuable evidence for fixing chronology.

CC-0. In Public Domain. Digitization by eGangotri

उनी एक पराक्रमी राजा थिए र आफ्नो विजयको उपलक्षमा अश्वमेध यज्ञ गरेका थिए ।

(ग) स्मारक र अवशेष (Monuments and Relics):–प्राचीन कालका भवन र स्मारकहरूबाट हामी तत्कालीन कुराहरूको सम्बन्धमा धेरै ज्ञान प्राप्त गर्दछौं । प्राचीन वस्तुहरूको अवशेषबाट काल विशेषको वास्तु र शिल्पकलामाथि तथा मंदिरहरूबाट तत्कालीन धार्मिक विश्वासमाथि प्रकाश पर्दछ । तक्षशिलाको खनाइ (Excavation) बाट प्राप्त वस्तुहरू द्वारा प्राचीन संस्कृति, गान्धार कला, सिथियन र कुषाण राजाहरूको इतिहासको सम्बन्धमा थाहा पाइन्छ । पाटलिपुत्र (पटना) तथा नालन्दाको भग्नावशेषबाट मौर्यकालीन राज्य-व्यवस्था सभ्यता र संस्कृतिको ज्ञान प्राप्त हुन्छ । हड़प्पा र मोहन-जोदारो को खनाइबाट हामी थाहा पाउछौं कि आज भन्दा ५००० वर्ष पूर्व भारतमा एक उच्चकोटि को सभ्यता थियो । यसको उपयोगिता को सम्बन्धमा डा० स्मिथ को भनाइ छ "स्मारक र कलाकृतिहरूको उदाहरण समान रूपमा महत्वपूर्ण छ र यथार्थ मा ती अवशेषहरूबाट हामी जस्तो ज्ञान प्राप्त गर्छौं त्यस्तो ज्ञानको प्राप्ति किताबहरूबाटसम्भव छैन ।"※

यस्ता स्मारक विदेशमा पनि पाइएका छन । जावामा शंख, चक्र, पद्म, गदा र त्रिशूलको चिन्ह पाइएको छ, जसबाट थाहा पाइन्छ कि त्यहाँ प्राचीन कालमा हिन्दू धर्म र संस्कृति को प्रशस्त प्रचार भएको

※ The testimony of the monuments and works of art is equally important, and, in fact, those remains tell much which is not to be learnt from books.

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । मलाया, बोर्नियो, कम्बोडिया आदिमा पनि भारतीय स्मारक पाइएको छ ।

(२) साहित्यिक (Literary):—भारतीय इतिहासको अन्य साधन मध्ये साहित्यिक साधनको पनि महत्वपूर्ण स्थान छ । डा० त्रिपाठी को भनाइ छ, "प्राचीन कालको साहित्य पूर्णतः धार्मिक थियो तर बहुसंख्यक विद्वान्हरूको धैर्य र उद्योग को फलस्वरूप त्यसबाट इतिहासको आवश्यक सामग्री पाइको छ ।"❀

ऋग्वेदको अध्ययनबाट हामी प्रारम्भिक आर्यहरूको भारतमा प्रगति तथा आर्य-अनार्य युद्धको सम्बन्धमा थाहा पाउँछौं । तर कुनै पनि एउटा प्राचीन धर्मग्रन्थ स्वतः ऐतिहासिक साधन को रूपमा पूर्ण छैन । वैदिक, बौद्ध, जैन साहित्य आदिको समुचित अध्ययनबाट हामी इतिहासको साधन प्राप्त गर्न सक्छौं । त्यो बेलाका धेरै साहित्यहरू नष्ट भएका छन् र धेरै साहित्यकारहरूको दृष्टिले हामीलाई यो कार्यमा सहायता दिंदैन । डा० स्मिथ को भनाइ छ, "तर राजाहरू आफ्नो विवरण (annals) लाई सुरक्षित राख्नको लागि उत्सुक थिए र उनीहरूले आफ्नो सफलताको पूर्ण र स्थायी रेकर्ड को लागि बहुतै प्रयास गरे ।" [I]

❀ The earliest literature of India is purely of a religious kind. The patience and industry of a multitude of scholars have, however, succeeded in extracting from it useful bits of history.

[I] But the Rajas were eager to preserve annals of their own doings, and took much pain to secure ample and permanent record of their achievements.

CC-0. In Public Domain. Digitization by eGangotri

प्राचीन कालको साहित्य मुख्यतः दुई प्रकारको थियो-(१) ऐतिहासिक र (२) अनैतिहासिक। प्राचीन भारतमा ऐतिहासिक साहित्यको बहुतै अभाव थियो तर अनैतिहासिक ग्रन्थहरूले पनि कहिलेकाहीं इतिहास माथि प्रकाश छर्दछन्। तर त्यो प्रकाश अपूर्ण र नाम मात्रको छ।

भारत का दुई महाकाव्य-रामायण र महाभारत यद्यपि पूर्णतः ऐतिहासिक ग्रन्थ होइनन् तापनि तिनीहरूवाट पनि ऐतिहासिक तथ्यहरू को रूपमा तत्कालीन धामिक र समाजिक अवस्थाको चित्रण पाइन्छ। डा० त्रिपाठी को कथनानुसार हिन्दूहरूको पहिलो महत्वपूर्ण प्रयासको रूपमा रामायण र महाभारत यस दिशामा अग्रसर हुन्छन्। (I) यो वाहेक पुराण पूर्णतः अपूर्ण छ किनभने त्यसमा राजाहरूको राज्यकाल को मितिको सम्बन्धमा उल्लेख छैन र राजाहरूको नाम को उल्लेख पनि अशुद्ध छ, तापनि पुराणमा धेरै आवश्यक सामग्री छन्। Goethe को भनाइ छ, "इतिहासकार को कर्त्तव्य मिथ्यावाट सत्यलाई, अनिश्चितवाट निश्चितलाई र अग्राह्य वाट संदिग्धलाई फरक तुल्याउनु हो।" [II]

भारतीय साहित्यमा धेरै ग्रन्थहरू छन् जसले ऐतिहासिक स्थान प्राप्त गरेका छन्। कौटिल्यको अर्थशास्त्र भारतमा मात्र नभइ

[I] The two epics—the Ramayan and the Mahabharata represent the first notable attempts of the Hindus in this direction.

[II] The historian's duty is to separate the true from the false, the certain from the uncertain and the doubtful from that which can not be accepted.

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण प्राचीन विश्वमा एक महत्वपूर्ण ग्रन्थ को रूपमा देखा परेकोछ। यसको रचना चन्द्रगुप्त मौर्य का साथो र परम मित्र आचार्य चाणक्य अथवा कौटिल्यले गरेका छन्। यसमा तत्कालीन भारत को राजनैतिक, सामाजिक तथा आर्थिक अवस्था को चित्रण गरिएको छ। यो पुस्तक भारतीय राजनीति शास्त्र को आधारशिला हो। पाँचौ शताब्दी को प्रारम्भमा विशाखदत्त लिखित मुद्रा राक्षस (राक्षस को औंठी) पनि एउटा ऐतिहासिक ग्रन्थ हो, जसको विषयवस्तु नन्दवंश र चन्द्रगुप्त मौर्य हुन्। यसमा उल्लेख छ कि चन्द्रगुप्त मौर्यले कसरी नन्दवंशको नाशगरेर मगध को राजगद्दी प्राप्त गरे। सातौं शताब्दीमा हर्षका समकालीन विद्वान बाणभट्टले हर्षचरितम् लेखे जसबाट हर्षकालीन इतिहास को दिग्दर्शन हुन्छ। विल्हण लिखित विक्रमांक देवचरित बाट कल्याणीको चालुक्य वंश को इतिहास स्पष्ट हुन्छ। बाह्रौ शताब्दिमा कल्हणले राजतरंगिणी मा काश्मीरको इतिहास लेखे। राजतरंगिणी को धेरै ऐतिहासिक महत्त्व छ, किमभने यसको दृष्टिकोण वैज्ञानिक छ। यो बाहेक दक्षिण भारत को साहित्यबाट पनि इतिहासको साधन प्राप्त हुन्छ। डा० स्मिथले लेखेका छन् "दक्षिण भारत का भाषाहरूमा ऐतिहासिक अथवा अर्द्ध ऐतिहासिक रचनाहरू असंख्य छन्।" I यिनीहरू मध्ये प्रथम कविताहरू इ० पू० प्रथम र द्वितीय शताब्दि मा लेखिएका छन्।

(३) विदेशी लेखकका रचनाहरू (Foreign writings):— विदेशी लेखक र यात्रीहरू का विवरण उपरोक्त साधनहरू मन्दा कम महत्त्वपूर्ण छैनन्। तिनीहरूले भारतमा बसेर यहाँको जनजीवनको अध्ययन गरे औ जनश्रुतिको आधारमा आफ्नो यात्रा विवरण तैयार

I. Historical or semi-historical compositions are numerous in the language of the south.

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। तिनीहरूमा यूनानी, चीनियाँ तथा मुसलमान इतिहासकार-हरूको स्थान महत्त्वपूर्ण छ। यूनानी लेखक Herodotus को स्थान सबभन्दा अगाडि आउँछ किनभने उनलेनै सबभन्दा पहिले ई० पू० पाँचौं शताब्दि को भारतको सम्बन्धमा लेखे। उनी आफै कहिल्यै पनि भारत आएका थिएनन् तापनि उनले ईरान र भारतका सम्बन्ध माथि पर्याप्त प्रकाश दिएका छन्। त्यसपछि ई० पू० चौथो शताब्दिमा धेरैजसो यूनानी विद्वान्हरू सिकन्दर संग भारत आएर तत्कालीन भारत को चित्र उपस्थित गरे। तिनीहरू मध्ये प्रमुख स्थान निआर्कस, अरिस्टोबुलस, प्लुटार्क, एरियन, प्लिनी डायमेकस, कर्टियस टाल्मी आदिको छ, तर तिनीहरू भन्दा पनि प्रमुख स्थान मेगास्थनीजको छ, जो भारतमा यूनानी राजदूत को रूपमा आएका थिए र तत्कालीन शासक चन्द्रगुप्त मौर्यको शासन पद्धति र भारतीय जनजीवनको सम्बन्धमा आफ्नो प्रसिद्ध पुस्तक इण्डिकामा वर्णन गरेका थिए। दुर्भाग्यवश, त्यो पुस्तक अहिले अप्राप्य छ तर पछिका लेखकहरूको उद्धरणको रूपमा त्यसको धेरै अंशको उल्लेख छ। चीनियाँ लेखकहरू को रचनाबाट पनि प्राचीन भारतीय इतिहास माथि धेरै प्रकाश पर्दछ। चीनियाँ इतिहासकार सुमाशीनले चीन-भारत सम्बन्धको आधारमा एक ग्रन्थ लेखे। चौथो शताब्दिको प्रारम्भमा चीनियाँ यात्री फाहियान चन्द्रगुप्त द्वितीयको शासन कालमा भारत भ्रमणको लागि आए र भारत को सामाजिक, धार्मिक र राजनैतिक अवस्थाको सम्बन्धमा धेरै लेखे। ईसाको सातौं शताब्दिमा अर्को चीनियाँ यात्री ह्यु एनसांग भारत आए र हर्षवर्द्धनको शासन कालीन घटनाको उल्लेख गरे। सातौं शताब्दिमानै इसिङ्ग भारत आए र यहाँको सम्बन्धमा लेखे। उनको विवरणबाट नालन्दा र विक्रमशिला विश्वविद्यालयको सम्बन्धमा पर्याप्त प्रकाश पर्दछ। मुसलमान लेखकहरूमा अलबेरुनीको नाम सर्वाधिक महत्त्वपूर्ण छ। उनी महमूद गजनवीको आक्रमणको समयमा भारत आएका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

उनले "तह्कीक-ए-हिन्द" नामक पुस्तकमा भारत को सम्बन्धमा वस्तृत विवरण उपस्थित गरेका छन्।

यद्यपि उपरोक्त साधनहरू द्वारा इतिहासज्ञले प्राचीन भारतको निर्माण गरेका छन् तापनि ती साधनहरू पूर्णतः अपर्याप्त छन्। इतिहासज्ञहरूले अध्यवसाय र सतर्कधारणाको आधारमा नया ढंगले इतिहास निर्माण गर्नु पर्दछ। उनीहरूले निष्पक्ष भएर प्रयत्नशील हुनु पर्दछ। डा० त्रिपाठीको भनाइ छ कि उत्तराखण्डको भारतीय इतिहासमा अपेक्षाकृत अधिक महत्वपूर्ण स्थान छ। त्यहाँ सागरका उत्ताल तरंगहरूको भाँति साम्राज्यहरूको निर्माण र ध्वंश भयो तर कहिले पनि सम्पूर्ण भारत एक छत्र मनि आएन। प्राचीन भारत को यो राजनीतिक अनेकता त्यसको भौगोलिक र सांस्कृतिक एकता भए तापनि त्यसको इतिहासको ठूलो दुर्बलता सिद्ध भयो।

—:o:—

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यायः—२

Indus Valley Civilization.

(सिन्धुघाटीको सभ्यता)

सर जान मार्शलको कथन छ, "भारतको अन्य कुनै भागमा संभव नभएतापनि पंजाव र सिन्ध एउटा उन्नत र एकैकिसिमको सभ्यताको उपभोग गर्दथे।"❀

श्री राखाल दास बनर्जी तथा रायबहादुर दयाराम सोह्नीको प्रेरणाबाट १९२१ मा सिन्धु-घाटीमा खन्ने काम शुरू भयो आज सम्म लगभग ४० गाउंमा खन्ने काम सम्पन्न भएको छ। यो सभ्यता एक ठूलो क्षेत्रमा फैलिएकोथियो। मोहेंनजोदाड़ो तथा हड़प्पा बाहेक सिन्ध, पंजाव तथा बलूचिस्तानको एक विस्तृत भूभागमा यो सभ्यताको विस्तार भएको थियो जो केही हजार वर्गमील सम्म फैलिएको थियो। यसको क्षेत्र एक त्रिभुज जस्तो थियो; जसको फैलाव पूर्वबाट पश्चिम ९६० माइल र उत्तर-

---

❀The Punjab and Sind, if not other parts of India as well, were enjoying an advanced and singularly uniform civilization of their own.

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिण ५५० माइल थियो। मोहनजोदाड़ो सिन्धु प्रान्तको लरकाना जिल्लामा र हरप्पा पंजाब को मांटगुमरी जिल्लामा छन्। केही इतिहासकारको भनाइ अनुसार यो सभ्यता गंगानदीसम्म फैलिएको थियो। तर यसको कुनै निश्चित प्रमाण प्राप्त हुन सकेको छैन। हरप्पा श्रौ मोहनजोदाड़ो एक विशाल साम्राज्यको सम्भवतः दुई राजधानी थिए। यो सभ्यताको सम्बन्धमा पूर्ण ज्ञान प्राप्त भएको छैन। इतिहासकारहरूको यस्तो अनुमान छ कि यो सभ्यताको सम्बन्ध मेसोपोटामियाको प्राचीन सभ्यतासित थियो।

मार्शलले लेखेका छन्, "मोहनजोदाड़ो र हड़प्पाको सम्बन्धमा एउटा कुरो स्पष्ट र निर्विवाद छ कि यी दुवै स्थानमा अहिलेसम्म खोज गरेको सभ्यता कुनै नयां सभ्यता होइन; वरु भारत भूमिमा पहिले देखिनै प्राचीन र परम्परागत छ र यसको पृष्ठभूमिमा हजारौं वर्षको मानव-श्रम निहित छ। यस प्रकार अवयहाँ देखि भारतको गणना फारस, मेसोपोटामिया र मिश्रको समकक्ष हुनु पर्दछ, जहां सभ्यताको प्रारम्भ र विकास भयो।"ϵ

ϵOne thihg that stands out clear and unmistakable both at Mohenjo-daro and Harappa is that the civilization hitherto revealed at these two places is not an incipient civilization, but one already age-old stereotyped on Indian soil, with many millenniums of human endeavour behind it. Thus India must henceforth be recognized, along with Persia, Mesopotamia and Egypt, as one of the most important areas where the civilizing processes were initiated and developed.

CC-0. In Public Domain. Digitization by eGangotri

काल (Date):—यों सभ्यताको कालको सम्बन्धमा इतिहासकारहरूको विभिन्न विचार छ। प्राचीन भारतीय इतिहासका विद्वान डा० रमा शंकर त्रिपाठीको भनाइ अनुसार यो काल ई०पू० ३२५० देखि लिएर ई०पू० २७५० सम्म कोहो। श्री जयचन्द्र विद्यालंकारको अनुमान छ कि यो सभ्यता आजमन्दा लगभग ५००० वर्ष पहिलेको हो। भी० ए० स्मिथको भनाइ अनुसार यो सभ्यताको विस्तार २५०० ई०पू० देखि लिएर १५०० ई०पू०सम्म भएको थियो।

नगर योजना र भवन निर्माण (Town planming and buildings):—मोहनजोदाड़ोंको अर्थ हो City of the Dead (मरेकाहरुको नगर)। आज यो भूभाग भग्नावशेष लेपरिपूर्ण छ। यसको विनाश कसरी भयो यो थाहा छैन। सम्भव छ कि यसको अन्त्य भूकम्प बाढ अथवा नदी को गति परिवर्तनको कारणवाट भयो। यो नगर निश्चित योजना-अनुसार बनिएको थियो। यसमा विस्तृत सड़क तथा गल्लीको व्यवस्था थियो। मोहनजोदड़ाका सबै सड़कहरू उत्तरबाट दक्षिणतिर सरल रेखाको रूपमा थिए। नगरको प्रधान सड़क ३३ फुट चौड़ा थिया जो यस कुराको प्रमाण छ कि सड़कहरूको उपयोग गाड़ी आउन जानको निमित्त हुन्थ्यो। त्यस समयमा गोरू गाड़ी को व्यवहार हुन्थ्यो। मोहनजोदाड़ोको कुनै पनि सड़क पक्की थिएन मुख्य सड़क देखनाले यो थाहा हुन्छ कि यसलाई पक्का बनाउने प्रयत्न गरिएको थियो परन्तु त्यस कार्यमा सफलता प्राप्त भएन। मोहनजोदाड़ो का सबै घर आकार प्रकारमा साधारण औ सजावट विनाका थिए। डा० आर० एस० त्रिपाठीले The History of Ancient India मा यस्तो उल्लेख गरेका छन, "के घरहरूको आभूषण हीनता रुचिको सरलताको कारणले गर्दा थियो ? अथवा गृह-स्वामीले संभी-बुझी करभारबाट मुक्त हुनको लागि

CC-0. In Public Domain. Digitization by eGangotri

वैभवका वाह्य उपकरणहरूलाई लुकाउँथे ?"❀

यी घर इँटर माटो द्वारा बनिएका थिए। साधारण घर दुइ तले थिए, जसलाई जोड्न सिंढ़ीको व्यवस्था थियो। प्रकाश तथा हावाको निमित्त भयाल तथा ढोकाको व्यवस्था थियो। स्नानागारमा पक्का कुवाँ तथा नाला को व्यवस्था थियो, जहाँ ठूला ठूला घरका चिन्ह-हरू भेटिएका थिए। इँटको एक जलाशय पाइएको छ जसको लम्बाई ३९ फुट चौड़ाई २३ फुट र गहिराइ ८ फुट छ। सिन्धु-सभ्यताको नगरको चारैतिर किल्लाको अवशेष पाइएको छ। नगरको-क्षेत्रफल १ वर्गमील भन्दा बढ्ता थियो। यो समृद्ध नगर पर्खालद्वारा घेरिएको थियो। यो नगरमा पसलहरूको पनि चिन्ह पाइएका छन्। एउटा यस्तो विशाल घरको चिन्ह पाइएको छ जुन अन्नको भण्डार थियो भन्ने विद्वान्हरूको विचार छ। औ त्यहाँ व्यापारीहरू मालसामान जम्मा गरेर बिक्री गर्थे। यो व्यापार-भण्डार आकारमा निकै ठूलो थियो।

समाज (Society):—सिन्धु-घाटीको समाज यसप्रकार विभक्त थियो:—

१. विद्वान—जसमा पुजारी, वैद्य तथा ज्योतिषी थिए,
२. योद्धा—जो जनताको रक्षा गर्दथे,
३. व्यापारी तथा घरेलू नोकर, र
४. श्रमजीवी वर्ग—छालाको कामगर्ने, माझी आदि।

❀Was this lack of ornamentation in houses due to simplicity of tastes? Or, did the ownersdeli-berately avoid outward marks of possessing wealth to escape the burden of extra taxes ?

CC-0. In Public Domain. Digitization by eGangotri

भोजन र वस्त्र (Food and dress):— यिनीहरूको मुख्य भोजन गहूं तथा जौ थियो। कुनै-कुनै इतिहासकारहरूको भनाइं छ कि चामल को पनि व्यवहार हुन्थ्यो। भोजनमा मासु, माछा, दूध तथा अण्डाको पनि व्यवहार हुन्थ्यो। यी मानिसहरू उनी तथा सूती दुवै प्रकारका लुगा लगाउंथे। मानिसहरू खन्दा एउटा मूर्ति पाइएको छ, जो बर्को (Shawl) ले बेरिएको छ। सिन्धु-घाटीमा एक नांगो मूर्ति पाइयो। इतिहासकारहरूको भनाइ छ कि नांगो मूर्ति सम्भवतः पूजा गर्ने अथवा सौन्दर्य प्रदर्शनको लागि बनाइएको थियो।

आभूषण (Ornaments):— त्यस युगमा केश शृंगारको प्रथा थियो। पुरुष दाह्री-जुंगा पाल्थे। हार (Necklace) कंकण (Armlets), यार्रिङ्ग (Earing), तथा औंठी (Ring) स्त्री र पुरुष दुवै लगाउँथे। धनी व्यक्ति सुन तथा हात्तीका दाँतका गहनाहरू लगाउंथे तर गरीबहरू तांबा, हड्डी तथा पकाएको माटो-(terra cotta) का आभूषण लगाउंथे।

जीवन (Life):—बुनै पैसामा धनुर्वाणद्वारा जंगली हरिण तथा बाघहरूको शिकार गरेको पाइन्छ। माछा पकाउने काम पनि हुन्थ्यो। नांच्ने र गाउंने काममा बहुतै चाख थियो। धार्मिक, सामाजिक उत्सवमा स्त्री-पुरुष समानरूपले भाग लिन्थे। मातृदेवीको पूजा हुन्थ्यो, जसबाट थाहा हुन्छ कि समाजमा पर्दा प्रथा थिएन। स्त्रीलाई आमको रूपमा गौरव प्राप्त थियो।

मुर्दाविसर्जन (Dispcsal of the Dead):—हरप्पा तथा मोहनजोदाड़ोमा विभिन्न प्रकारका खेलौना प्राप्त भएका छन्। यी खेलौनाबाट त्यो समयको वास्तविक अवस्था थाहा पाइन्छ। त्यस

CC-0. In Public Domain. Digitization by eGangotri

युगमा मुर्दा विसर्जनको प्रथा थियो। सरजॉन मार्शलको भनाई छ कि मुर्दा विसर्जनका तीन प्रणाली थिए:—

(१) सम्पूर्ण समाधिकरण:—जसको अर्थ हो मृत्युपछि सम्पूर्ण शरीर माटोमा गाडि दिनु,

(२) आंशिक अथवा अर्द्ध समाधिकरण:—पशु पक्षीले खाएर शेष रहेको शरीरको भागलाई गाडिदिनु र

(३) दाह संस्कार:— मुर्दालाई आगोमा जलाएर अवशेष लाई गाडिदिनु।

सम्पूर्ण समाजमा मुख्यत: तेश्रो पद्धतिको प्रचार थियो।

आर्थिक जीवन (Economic life):—

सिन्धु-घाटीको सभ्यतामा आर्थिक जीवनको प्रधान आधार खेती थियो। मुख्यत: गहूँ तथा जौको खेती हुन्थ्यो। मानिस बुट्टा भर्नेकाम पनि गर्दथे। कपासको पनि खेती हुन्थ्यो। कपासबाट कपड़ा बनाइन्थ्यो। पण्डित जवाहरलाल नेहरूले आफ्नो प्रसिद्ध पुस्तक The Discovery of India मा उल्लेख गरेका छन्, "भारतमा कपासको उपयोग कपड़ा बुन्नको लागि प्राचीन कालमा पनि हुन्थ्या। मार्शल ले सिन्धु-घाटीको सभ्यतालाई तत्कालीन मिश्र र मेसोपोटामियाको सभ्यतासित समानता र भेद भएको बताएका छन्। यस प्रकार कतिपय मुख्य कुराहरू को उल्लेख गर्दै यो भन्नुपर्छ कि कपास बुन्ने काम भारतमा मात्र सीमित थियो र यसको विस्तार पाश्चात्य जगतमा २०००-३००० वर्ष पछिसम्म भएन।" ⍝

⍝ Cotton was used for textiles even at the remote period in India. Marshall Compares and contrasts the Indus Valley Civilization with

CC-0. In Public Domain. Digitization by eGangotri

खेतीको काम को लागि कोदालोको प्रयोग हुन्थ्यो। हलोको बारेमा थाहा छैन। विद्वान्‌हरूको विचार छ कि पानी लगाउने व्यवस्था पनि थियो।

पशुहरू (Animals):— त्यस समयका पैसामा गाई, गोरू तथा भैंसीका चिन्ह पाइन्थे, जसबाट यो थाहा पाइन्छ कि यी जनावरहरू त्यो समयमा पाजिन्थे। गोरू, भेड़ा, सुंगुर तथा हात्तीका हड्डीहरू पनि प्राप्त भएका थिए र यो भन्न सकिन्छ कि उपर्युक्त जनावरहरूपनि त्यो समयमा पालिन्थे। घोड़ा औ कुकुरको बारेमा विवाद छ। जंगली पशुहरूमा भालू, बांदर, चितुवा, खरायो तथा गैंडाबाट त्यो समयका मान्छेहरू परिचित थिए। सिन्धु-घाटीका निवासी साधारणतः कुशल शिल्पकार थिए। यिनीहरू माटाका भांडा बनाउन निपुण थिए। ढुंगाका भाँड़ा बनाउँथे औ हात्तीका दांतको पनि व्यवहार गर्दथे। सुन, चाँदी, ताँबा, पित्तल तथा टीनको पनि व्यवहार गरिन्थ्यो।

सिन्धु-घाटी को सभ्यतामा फलासको अविष्कार भएको थिएन। यसको पत्ता ज्यादै पछि लाग्यो। कांस र तांबाबाट छुरी, हँसिया तथा चंचरा आदि बनाउँथे। सियो तथा कैंची हात्तीका दांत अथवा हड्डीबाट बनाईन्थ्यो।

राजनैतिक स्वरूप (Political structure):— मोहनजोदाड़ो तथा हरप्पामा माप तौलको निमित्त ढ़कको व्यवहार हुन्थ्यो। ती ढ़कहरू

---

those of contemporary Egypt and Mesopotamia. Thus, to mention only a few salient points cotton for textiles was exclusively restricted at this period to India and was not extended to the western world until 2000 or 3000 years later.

CC-0. In Public Domain. Digitization by eGangotri

पत्थरका बनाइएका थिए। रुबै ढकहरू निश्चित आकारका थिए, जुन क्रमशः एक दोस्रोको दुगुना थिए। जयचन्द्र विद्यालंकारको विचार-अनुसार यो थाहा हुन्छ कि यहाँका मानिसहरूलाई गणितको ज्ञान थियो औ व्यपार विनिमय गर्दथे। नाप-तौलको लागि तराजूको व्यवहार गरिन्थ्यो। हजारौं वर्गमीलमा सर्वत्र एकै प्रकारका ढकहरूको व्यवहारबाट यो साबित हुन्छ कि त्यहाँको राजनैतिक तथा आर्थिक संगठन बहुतै सुदृढ थियो। डा० त्रिपाठीले उल्लेख गरेका छन्, "यस्तो भनाइ छ कि तिनीहरूको निर्माण बहुत ठीक-ठीक तथा सुगमता पूर्वक इलम र मेसोपोटामियामन्दा बहुतै उचित र अनुकूलताको साथ भएको छ।"☃ सिन्धु-घाटी खन्दा जुन व वस्तुहरू प्राप्त भए ती सबै त्यस क्षेत्रका उपज होइनन्। धेरै वस्तुहरू बाहिरका अन्य ठांउहरूबाट व्यापारद्वारा प्राप्त भएका थिए। यस्तो अनुमान छ कि चाँदी, टीन, शीशा तथा सुन अफगानिस्थानबाट ल्याइंन्थ्यो। त्यहाँको व्यवहारमा हिमालय पहाडका काठहरू पनि पाइन्थे। यसको प्रमाण यो छ कि व्यापारको लागि यातायातको सुविधा थियो। गोरुगाड़ीको व्यवहार हुन्थ्यो। स्थल र जलमार्गबाट पनि व्यापार चल्थ्यो। डुंगा तथा जहाजका चित्र पाइएका छन्। प्राचीन सुमेरियाको स्मारकमा सिन्धु-घाटीको यस्तो मुद्रा पाइएको छ। जसबाट दुवै देशको व्यापारिक सम्बन्ध थियो भन्ने बुझिन्छ। पं० जवाहरलाल नेहरूले आफ्नो प्रसिद्ध पुस्तक The Discovery of India मा लेखेका छन् "सिन्धु-घाटीको सभ्यताको तत्कालीन सुमेरियाको सभ्यतासित धेरै सम्पर्क थियो। अक्कादमा संभवतः व्यापारीहरूको एक भारतीय उपनिवेशको

☃ It is said that they are made wih greater accuracy and consistency than those of Elam and Mesopotamia.

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाण पनि पाइन्छ।"

धर्म (Religion):— सिन्धु प्रदेशका प्राचीन निवासीको धार्मिक जीवनको बारेमा ठीक-ठीक थाहा छैन। यसका मुख्य स्रोत मुद्रा, ताम्र-पत्र तथा माटा एवं धातुका मूर्ति हुन, जुन खन्दा पाइएका थिए। अहिलेसम्म कुनै मन्दिरको पत्तो लागेको छैन। एकठाउँमा एउटा बौद्धस्तूप पाइएको छ, जो हजारौं वर्षअधि बनेको छ। यसको तलतिर पनि एउटा स्मारक छ भन्ने कुरो बुझिन्छ। पुरातत्व विभागले यस बारेमा खन्नेकाम गरेको छैन। इतिहासकारहरूको भनाइ छ कि पछि बनेको स्मारक पनि प्राचीन धर्म-स्थान हो। यो अनुमान गरिएको छ कि यहाँ शिवको पूजा हुन्थ्यो। हरप्पामा एक प्रकारको सिक्का पनि पाइएको छ, जसमा त्रिमुख देवको एक मूर्ति योग-साधनारत थियो। देवीका साथमा ४ पशुका मूर्ति पनि थिए। तिनीहरूमा हात्ती, बाघ, बाहसिंगा र भैंसी थिए। यो मूर्तिको शिरमा दुईवटा सिङ थिए। सरजान मार्शलले तर्कपूर्ण विश्लेषण गरेका छन् र यसबाट यो प्रमाणित हुन्छ कि यो मूर्ति पशुपति (शिव) को थियो। डा० त्रिपाठीको भनाइ-अनुसार—"यदि यो अनुमान ठीक छ भनेत शैव धर्म यथार्थमा प्रचलित धर्महरूमध्ये प्राचीनतम् धर्म हुन सक्छ।" ❀ अर्धनग्न नारीको चित्र पनि पाइएको छ, जो सम्भवतः शक्तिको प्रतीक हो। सर-

---

The people of Indus Valley civilization had many contacts with the Sumerian Civilization of that period, and there is even some evidence of an Indian Colony, probably of merchants, at Akkad.

❀ If this conjecture be correct, Saivism may legitimately claim to be oldest living religion

CC-0. In Public Domain. Digitization by eGangotri

जान मार्शलको भनाइ छ कि त्यो मूर्ति महादेवीको हो। डेविजले पनि भनेका छन्—उनीहरू धेरै देवताहरूको पूजा गर्दथे र एउटा सर्वोत्कृष्ट मातृ-देवी-आमाको। सिन्धु सभ्यताका निवासी मातृदेवीको साथ साथ प्रजनन-शक्ति-योनि तथा लिंगको पनि पूजा गर्दथे।

आज जुन शिवलिंगको पूजा हुन्छ त्यो सिन्धु-घाटीको सभ्यताको उपज हो। शिवलिंगको पूजाबाहेक वृक्ष, पशु, सूर्य तथा अग्निको पूजा पनि गर्दथे। उनीहरूमा अन्ध-विश्वासको प्रचार थियो। मार्शलको यस्तो विचार छ कि उनीहरूको धर्म प्रचलित हिन्दू धर्मको आधार हो।

उनीहरू धेरै देवताहरूको पूजा गर्दथे र एउटा सर्वोत्कृष्ट मातृ-देवी आमाको पनि। मार्शलको यस्तो भनाइ छ, "तर सारांशमा उनीहरूको धर्म स्वभावतः यक प्रकार भारतीय हो कि आधुनिक हिन्दू धर्मदेखि विशेष फरक पाउन गाह्रो छ आजको हिन्दू धर्म मा यसको धेरै तत्व को समावेश भएको छ जसबाट स्पष्ट प्रमाणित हुन्छ कि चिरकाल देखि भारतीय संस्कृति शाश्वत छ।"(१)

फैलाव (Extent):—पुरातत्व विभागले पत्ता लगाएको छ कि यो सभ्यता हरप्पा तथा माहनजादाड़ोमा मात्र फैलिएको थिएन। यसको विस्तार सम्पूर्ण पश्चिमी तथा उत्तर पश्चिम भागमा थियो। पं० जवाहरलाल नेहरूले आफ्नो प्रसिद्ध पुस्तक The Discovery

---

(१) But taken as a whole, their religion is so characteristically Indian as hardly to be distinguished from still living Hinduism. Popular Hinduism of today contains many of these elements, thus furnishing a remarkable proof of the extra-ordinary continuity of Indian culture through ages.

CC-0. In Public Domain. Digitization by eGangotri

of India मा लेखेका छन् कि यसको फैलाव गंगा नदी सम्म थियो। सिन्धु-सभ्यतामा जुन ४० गाउंको उल्लेख भएकोछ त्यहाँ एकै प्रकारका माटाका भांडा, एकै प्रकारका माटाका मूर्ति, एकै प्रकारका नापतौल, एकै प्रकारका ढ़क औ एकै प्रकारका लिपि उपलब्ध भएका छन्। हजारौं वर्गमीलको विशाल क्षेत्रमा यस प्रकारको समानताले यो कुरालाई प्रमाणित गर्छ कि सम्पूर्ण क्षेत्रमा एकै व्यवस्था औ एकै राजनैतिक संगठन थियो। सायद यो एउटै साम्राज्य थियो। यातायातको असुविधाको कारणले दुई राजधानी थिए-उत्तरमा हड़प्पा औ दक्षिणमा मोहनजोदाड़ो। अहिले सम्म यहाँ प्राप्त भएका लिपि पढ्न सकिदैनन् यसकारण त्यस साम्राज्यका शासकहरूका नाम आदिको कुनै पत्ता लागेको छैन। यस्तो बुझिन्छ कि त्यस साम्राज्यको शासन बड़ो व्यवस्थित थियो जसको अभावमा सभ्यताको एकरूपता सम्भव थिएन। त्यहाँको शासन-स्वरूपको पनि कुनै पत्ता छैन र उत्खननमा कुनै विशाल मंदिरको पनि। यसकारण प्राचीन मिश्र आदिको जस्तो देवतंत्र अथवा राजतंत्र जस्तो अनुमान छैन औ सम्भवतः राजनैतिकक्षेत्रमा धर्मको प्रभाव थिएन। त्यसकारण, पण्डित जवाहर लाल नेहरूले आफ्नो सुप्रसिद्ध पुस्तक The Discovery of India मा लेखेका छन्—"आश्चर्यजनक रूपमा यो एउटा विशिष्ट धर्म-निरपेक्ष सभ्यता थियो। यद्यपि यसमा धार्मिक तत्त्वहरू थिए, तर पनि तिनीहरूको प्रमुखता थिएन।"☞

(चाइल्ड) ले पनि भनेका छन्:—"पूर्णतः सुनियोजित गल्लीहरू र अनवरत स्वच्छ नालाहरूको प्रशंसनीय पद्धतिद्वारा स्थायी नगरपा-

---

☞It was surprisingly enough, a predominantly secular civilisation, and the religious element, though present, did not dominate the scene.

CC-0. In Public Domain. Digitization by eGangotri

लिकाको जागरूकताको ज्ञान हुन्छ।"❀❀

निष्कर्ष (Conclusion):— हामी यो निष्कर्षमा पुग्छौं कि सिन्धु-घाटीको सभ्यता एक उत्कृष्ट सभ्यता थियो। त्यहाँ सामाजिक तथा आर्थिक विषमता नाम मात्रको थियो। दरिद्रता तथा विलासिता दुवै सामाजिक दुर्गुणबाट यो सभ्यता मुक्त थियो। जनसाधारणलाई शान्ति तथा सुखमय जीवन व्यतीत गर्नका लागि सबै साधनहरू उपलब्ध थिए। त्यसको विकास अरु सभ्यताहरु जस्तै भएको थियो अरू सभ्य देशहरु जस्तै त्यहाँ पनि लेखन कलाको बहुतै विकास भएको थियो। दुर्भाग्यवश यो लिपि अहिले सम्म पढ्न सकिदैंन। त्यहाँको लेख अध्ययनबाट नै त्यहाँको सम्बन्धमा पूर्ण ज्ञान संभव छ। डा० त्रिपाठीको कथन छ, "तापनि प्राकृतिक रूपमाथि आधारित सांस्कृतिक प्रमाण र तर्कले शंका उत्पन्न गर्दछ। यसकारण जहिले सम्म यो समस्याको निष्कर्षात्मक समाधान आउँदैन तबसम्म हामी दृढ़ता पूर्वक केही पनि भन्न सक्तैनौं।"❀❀

सिन्धुघाटी-सभ्यताको ऋगवैदिक सभ्यतासित सम्बन्ध (Relationship of Indus civilization with Rigvedic civilization):—

वैदिक काल जस्तै हामी सिन्धु-घाटीको सभ्यताको पनि

❀ Well planned streets and a magnificient system of drains, regularly cleared out reflected the vigilance of some regular municipal government.

❀❀ Cultural evidences and arguments based on physical types are, however, shaky,

CC-0. In Public Domain. Digitization by eGangotri

बहुतै ऋणी छौं। वृक्ष पूजा, राहु पूजा तथा भूतप्रेतमा विश्वासको आधार सिन्धु-घाटीको सभ्यता हो। आज शिवलिंग तथा पार्वतीको पूजा जस्ताको तस्तै भइरहेको छ। योग तथा सांख्य को उत्पत्ति पनि त्यस सभ्यतामा भएको थियो र पनि दुवै सभ्यतामा धेरै ठूलो अन्तर छ। दुवै सभ्यताको विकास छुट्टा छुट्टै भएको थियो। वैदिक आर्य खर तथा बांसको झुप्रो बनाएर बस्दथे। सिन्धु सभ्यताका निवासी पूर्णतः विकसित नगर-जीवन व्यतीत गर्दथे। तिनीहरूका भव्य घर ईंटद्वारा बनेका थिए औ त्यसमा स्नानागार, कुवा तथा नालीको समुचित व्यवस्था थियो। वैदिक आर्यलाई फलामको ज्ञान थियो तर सिन्धु सभ्यताका निवासीलाई यसको ज्ञान थिएन। वैदिक आर्यहरूलाई रक्षात्मक (defensive) अस्त्रहरूको ज्ञान थिएन। सिन्धु सभ्यताका निवासीहरूको प्रमुख पशु गोरू थियो तर वैदिक आर्यको प्रमुख पशु गाई थियो। वैदिक आर्य घोड़ा पाल्दथे तर सिन्धु सभ्यताका निवासीहरूलाई त्यसको ज्ञान थिएन। सिन्धु सभ्यतामा प्रजनन शक्ति (Phallic emblem) को पूजा हुन्थ्यो। वैदिक कालमा यसको कहीं पनि उल्लेख भएको छैन। सिन्धु सभ्यताका निवासीलाई कुनै न कुनै प्रकारको लेखन कलाको ज्ञान थियो तर वैदिक आर्यलाई यसको ज्ञान थिएन। डा० त्रिपाठीले यस्तो उल्लेख गरेका छन्, "र यसमा मात्र समयको भिन्नता छैन किन भने यो सम्बन्धमा कुनै कल्पना कि यी एक अर्काको जनक अथवा उत्तराधिकारी छन भन्ने विचारले हामीहरूलाई भ्रममा राख्न सक्छ। सिन्धु-घाटी र ऋग्वैदिक संस्कृतिको

---

and we can not, therefore, be dogmatic over this problem until more conclusive clues are forthcoming.

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्न चरित्रलाई संतोषजनक रूपमा व्याख्या गर्नको लागि एकमात्र संभव कल्पना यो हुन सक्छ कि दोस्रा यद्यपि पछिको सभ्यता हो तरपनि आफ्नो पूर्ववर्ती सभ्यतासग असंबद्ध छ र यसको स्वतंत्र उत्पति र विकास भएको छ ।"❀

❀ And it was not hiatus in time only, for either hypothesis, that the one was the progenitor or the descendant of the other would land us in a difficulty or dilemma, the only possible assumption which may satisfactorily explain the divergent character of the Indus and Rigvedic cultures, is that the latter although later, was unrelated to the former and had an independent origin and developnment.

——:o:——

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यायः—३

Vedic civilization

(वैदिक सभ्यता)

आर्यहरूको उत्पत्ति (Origin) :—

सिन्धुघाटीको सभ्यता पछि भारतमा जुन सभ्यताको उत्पत्ति भयो त्यसलाई हामी वैदिक सभ्यता भन्दछौं। यो सभ्यताको जन्मदाता आर्यहरू थिए। आर्यहरूको जन्मस्थानको सम्बन्धमा अहिलेसम्म कुनै निश्चत प्रमाण भेटेका छैनौं। डा० गंगानाथ झा, डा० सम्पूर्णानन्द, डा० अविनाशचन्द्र, डा० राजवली पाण्डेय तथा डा० एस० त्रिवेदीको अनुमान छ कि आर्यहरूको जन्म भूमि भारतनै हो। यिनीहरू कुनै वाहिर देशवाट आएका थिएनन्। तर धेरै जसो इतिहासकारहरूको विचार छ कि आर्यहरू वाहिरवाट आएर भारत भूमिमा बसेका थिए। बाल गंगाधर तिलकले यो विचार व्यक्त गरेका छन् कि प्रारम्भमा आर्यहरू उत्तर ध्रुव प्रदेशमा निवास गर्दथे। यूरोपका कतिपय भाषा विचारकहरूले भाषा विज्ञानको आधारमायो प्रमाणित गर्ने चेष्टा गरेका छन् कि आर्यहरू यूरोपका मूल निवासी थिए र पछि यिनीहरूले पूर्व र पश्चिम तर्फ प्रस्थान

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। Maxmuller को कथन अनुसार आर्यहरूको आदि देश मध्य एशिया, कालो सागर, उत्तरी चौर, मध्य र पश्चिमी जर्मनी, आष्ट्रिया, हँगेरी र बहेमिया थियो। यिनीहरूको आगमन कालको सम्बन्धमा पनि धेरै मतभेद छन्। मेएर महोदयको अनुमान छ कि ईसा पूर्व २००० तिर यिनीहरू पामीरबाट हिंडे त्यसर्थ यिनीहरू त्यसैबेला भारतमा आए होलान्।

वेद (Veda):—अति प्राचीन कालमा आर्यावर्तका आर्यहरू मध्ये वेद नाम गरेको साहित्य प्रचलित थियो। वेदको अर्थ हो ज्ञान। Wilson ले लेखेका छन्, "वेदले हामीलाई प्राचीनताको ज्ञानको-निमित्त धेरै चाख लाग्दो सूचना दिन्छ।"❀ यसको ठूलो अंश कविताको रूपमा प्रकट भएको छ। त्यसमा मुख्यतः देवताहरूको स्तुति र प्रार्थना छ। यसको पद्यलाई ऋच अथवा ऋचा भनिन्छ। बेला बेलामा आर्यहरूले आफ्नो भावनालाई ऋचाहरूको रूपमा प्रकट गरेका छन्। जुन ऋचाहरू गाउन योग्य छन् तिनीहरूलाई साम भनिन्छ। यसको केही अंश गद्य पनि छ जसलाई यजुष भनिन्छ। साम र यजुषहरूलाई मन्त्र पनि भनिन्छ। भारतमा पुग्नु भन्दा पहिले आर्यहरूले ऋचाको संकलन गरेका थिएनन्। सर्व प्रथम यसको संकलन ऋग वेदमा भयो। ऋग वेद सबभन्दापुरानो वेद हो। ऋगवेद कालको सभ्यतालाई 'पूर्व वैदिक कालीन सभ्यता' भनिन्छ। यसको अतिरिक्त यजुर्वेद, सामवेद र अथर्ववेद छन् जसको सभ्यतालाई 'उत्तर वैदिक-कालीन सभ्यता' भनिन्छ।

❀ The Vedas give us abundant information regarding all that is the most interesting in the contemplation of antiquity.

CC-0. In Public Domain. Digitization by eGangotri

ऋगवेदकालीन अथवा पूर्व-वैदिक-कालीन राजनैतिक संगठन (Rig-Vedic political organisation):—

ऋगवेद कालमा आर्यहरू काबुल घाटी, झेलम घाटी, पन्जाव तथा सतलज र यमुनाको पूर्वी प्रदेशमा फैलिएका थिए। उनीहरूको सभ्यता ग्रामीण सभ्यता थियो किनभने त्यस बेला सम्म शहर अथवा नगरको उत्पत्ति भएको थिएन। यिनीहरू पशु-पालक कृषक र योद्धा थिए। वैदिक राष्ट्रको आधार परिवार अथवा कुल थियो। एकै पूर्वजबाट उत्पन्न समूहलाई 'ग्राम' भनिन्थ्यो। एउटा अर्को पनि संस्था 'विशः' को उल्लेख वेदमा भएको छ तर यसको सम्बन्धमा स्पष्ठ उल्लेख कहीं भएको छैन। डा० 'त्रिपाठीको कथन छ, "ग्रामहरूको समुदायलाई विशः र विशःहरूको समुदाय लाई 'जन' भनिन्थ्यो।" ❀ अर्का इतिहासकारको भनाइ छ कि एउटा जनको सम्पूर्ण जनतालाई नै विशः भनिन्थ्यो। यो राजनीतिक रूपमा संगठित विशः लाई राष्ट्र भनिन्थ्यो तर यो एउटा अनुसन्धानको विषय छ कि यथार्थमा विशःभनेको संस्था के थियो। सबभन्दा माथिल्लो तहको ऋगवैदिक संस्था 'जन' (Tribe)थियो। जनको नेतालाई "राजा' भनिन्थ्यो।राजा विशःको स्वामीहुन्थ्यो। तर राजा भूमिको स्वामी थिएन। यो एक प्रकारको ज्येस्ठ्य अर्थात् जेठोपन वा नेतृत्व थियो। ऋगवेदमा वंश परम्परामाआधारित राजाको उल्लेख भएको छ। कहिले कहिले राजाको निर्वाचन पनि हुन्थ्यो। तर विवाद को विषय यो हो कि निर्वाचन राजपरिवारबाट हुन्थ्यो अथवा अरू अरू परिवारबाट पनि।

❀ An aggregate of villages made up the 'vis' (district or clan) and a group of vis composed the jana (tribe)

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो अनुमान छ कि त्यो बेलामा सीमित राजतन्त्रको व्यवस्था थियो। राजाले जनताबाट अनुमति लिनुपर्थ्यो जसलाई राज्याभिषेक भनिन्थ्यो। यसै प्रकार जनताले राजालाई वरण गर्दथे र यो वरण जनता र राजाको बीचमा एक प्रकारको सम्झौता थियो। प्रतिज्ञा उलंघन गरे पछि जनताले राजालाई खारेज गर्ने अधिकार थियो। ऐतरेय ब्राह्मण नामक ग्रन्थमा यस्तो उल्लेख छ कि देव र असुर मा युद्ध भयो। असुरले देवताहरूलाई पराजित गरे। देवताहरूले भने कि हामीहरूमा राजा नभएकोले हामीले हार्यौं। हामीहरूले पनि राजाको निर्माण गर्नु पर्छ। तब सबै सहमत भएर राजाको सृजना गरे राजा जनताबाट अनुमति लिएर शासन गर्दथे। युद्धको बेलामा राजाले जनताको नेतृत्व गर्दथे र रक्षा पनि। यसको बदलामा प्रजाले उनको आज्ञापालन गरेर उपहार चढांउथे। शान्तिको दिनमा उनी न्याय दिने र यज्ञ द्वारा जनकल्याणको काम गर्थे। पूर्व वैदिक कालमा नै राजनीतिक एकताको प्रयास शुरू भएको थियो। राजा सुदासले आफ्ना छिमेकी राजाहरूलई परास्त गरेर आफ्नो राज्यको विस्तार गरेका थिए। ऋगवेदमा "विश्वस्य भुवनस्य" राजाको उल्लेख छ। अर्थात राजा सम्पूर्ण विश्व र भूमिको स्वामी हो। त्यसैवेलादेखि राजाको अधिकारमा वृद्धिहुन थाल्यो।

राजाको काममा सहायता दिनकोलागि बहुतै पदाधिकारी हुन्थे जसमा पुरोहित ग्रामणी र सेनानी प्रधान थिए। पुरोहितको स्थान सबभन्दा श्रेष्ठ थियो। ड० त्रिपाठीले लेखेका छन्, "राजाका अधिकारीहरू मध्ये पुरोहित, सेनानी र ग्रामणी थिए, यिनीहरूमा पुरोहित प्रमुख थिए।" ❀ उनको पद प्रायः वंश परम्परा अनुसार

❀ The 'Purohita' besides the 'Senani' (leader of the army) and the 'Gramani' was the

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थ्यो। तर कहिले कहिले उनको निर्वाचन अन्य परिवारबाट हुन्थ्यो। उनी राजाका धर्म-गुरू र परामर्शदाता थिए। राज्य-मा उनको धेरै प्रभाव थियो। युद्ध भूमिमा उनी राजासंगै जान्थे। अर्को प्रमुख पदाधिकारी सेनानी थिए। उनी सेनाको संचालन गर्दथे। सम्भवतः उनको नियुक्ति राजाबाट हुन्थ्यो। जुन युद्धमा राजाको उपस्थिति अनिवार्य थिएन, त्यसमा सेनानी नै संचालन गर्दथे। गाउंको शासन प्रबन्धको उत्तरदायित्व ग्रामणी माथि हुन्थ्यो। उनको दोहोरा उत्तर दायित्व थियो। एक तर्फ उनी राजा का पदाधिकारी थिए, अर्को तर्फ उनीजनता का प्रतिनिधि पनि थिए। तर गाउँमा शान्ति-स्थापना र गाउँको समस्यासित राजालाई परिचित गराउनु उनको मुख्य कार्य थियो। राज्याभिषेकको बेलामा राजा उनको पूजा गर्दथे। यो तथ्यबाट तत्कालीन लोक-मतको प्रमाण पाईन्छ।

समिति र सभा (Samiti & Sabha) :—

यद्यपि राजा आफ्नो जनका सर्वमान्य एवं सर्वाधिक शक्तिशाली व्यक्ति हुन्थे तापनि उनी निरंकुश र स्वेछाचारी हुदैनथे। उनी प्रजा को ईच्छा र जनमतको सम्मान गर्दथे जसको ज्ञान उनी सभा र समिति द्वारा प्राप्त गर्दथे। यस सम्बन्धमा डा० एच० सी० राय चौधरी को भनाइ छ, " राजन् (राजा) यद्यपि जनताको स्वामी थिए ता पनि उनी जनमतको स्वीकृति बिना शासन गर्दैनथे जसको कार्य एउटा जनप्रिय संस्थाद्वारा कार्यान्वित हुन्थ्यो जसको नाम 'समिति' थियो जसमा राजकुमार र जनताका प्रतिनिधि समानरूपमा उपस्थित रहन्थे। अर्को संस्थाको पनि संकेत प्राप्त भएको छ जसलाई

---

most important member of the royal entourage.

CC-0. In Public Domain. Digitization by eGangotri

'सभा' भनिन्थ्यो। केही मानिसहरूको विचार अनुसार सभा श्रेष्ठ व्यक्तिहरूको संस्था थियो "❀ डा० के० पी० जायसवाल को विचार छ कि समिति एक वैध एवं प्रभुतासम्पन्न संस्था थियो। यसले राजाको निर्वाचन र राज्य सम्बन्धी अरू अरू कार्य गर्दथ्यो। प्रसिद्ध इतिहासकार डा० Zimmer ले पनि यो सिद्धांतको प्रतिपालन गरेका छन्। इतिहासकार Basham लेख्छन्, "राजा निरंकुश शासक थिएनन् किनकि उनको शासनको आंशिक उत्तरदायित्व जनप्रिय संस्था माथि थियो जसलाई सभा र समिति भनिन्थ्यो।"❀❀ समिति सम्पूर्ण विशः अथवा जनको संस्था थियो र राज्यको बागडोर त्यसको हातमा थियो। राजाको चुनाव, पदच्युति पुनर्वरण समितिले नै गर्दथ्यो। राजकीय प्रश्नहरूमाथि विचार विमर्श गर्नको लागि समिति थियो। राज्यको नीतिनिर्धारित पनि यहि संस्था बाट

❀ The 'rajan' though the lord of the people, did not govern without their consent. The business of the tribe was carried out in a popular assembly styled 'Samiti', at which princes and people were alike present. We have also references to another body, termed 'Sabha', which some regarded as a Council of Elders.

❀❀ The rajah was not absolute monarch for the government of the tribe was in part the responsibility of the tribal council the Sabha and Samiti.

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्थ्यो। संभवतः गाउंका प्रतिनिधिहरू त्यसमा सम्मिलित हुन्थे। समिति एउटा केन्द्रीय राजनीतिक संस्था थियो। यो सभा भन्दा अधिकार प्राप्त संस्था थियो। स्त्रीहरूलाई त्यसमा भागलिने अधिकार थिएन। यसको संगठन आधुनिक संसद (Parliament) को नम्न सदन जस्तो थियो, उदाहरणको लागि भारत को लोकसभा अथवा नेपालको राष्ट्रिय पञ्चायत। सभा श्रेष्ठ जनहरूको संस्था थियो। उदाहरणको लागि England को House of Lords (लार्ड सभा) अमेरिका को Senate(सिनेट) भारतको राज्य-सभा तथा नेपालको राज-सभा आदि। डा० लुड़विडको भनाइ अनुसार सभा उच्चतर भवन र समिति निम्नतर भवन थियो। त्यसमा बुढ़ापाका मानिसहरू भाग लिन्थे। तर इतिहासकार राधाकृष्ण चौधरी को कथन छ कि त्यसमा युवकहरू पनि भाग लिन्थे। त्यसको काम मुख्यतः न्याय दिने थियो। अनुमान छ कि गाउंका धनी मानिसहरूको त्यसमा ठूलो प्रभाव थियो।

उत्तर वैदिक कालको राजनीतिक संगठन (Later Vedic political Organisation) :—

ऋगवेद पछिको काललाई 'उत्तर वैदिक काल' भनिन्छ। यो कालमा ऋगवेद वाहेक अरू ३ वेद र ब्राह्मण ग्रन्थहरूको रचना भयो। उत्तर वैदिक कालको राजनैतिक जीवनमा विशेष परिवर्त्तन भयो। यस कालमा आर्यहरू ले शक्तिशाली राज्यको स्थापना गरेर आफ्ना राज्यहरूलाई विशाल बनाउने प्रयत्न गरे। यस कालमा बहलिक, प्रतिपीय, परीक्षित र जन्मेजय जस्ता प्रतापी राजाहरूको उल्लेख भएको छ। परीक्षितको वर्णन 'विश्वजनीन राजा' को रूपमा भएको छ। राजाहरू आफूलाई 'विश्वजनीन', 'सार्वभौम', 'सम्राट्', 'चक्रवर्ती' र 'एकराट्' शब्द को व्यवहार गर्दथे। यो कालमा

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यहरू को शक्तिमा वृद्धि भयो। यस सम्बन्धमा डा० एच० सी० राय चौधरी को भनाइ छ, "उत्तर वैदिका कालमा जातिहरूको मिसावट र युद्धमा सफल नेतृत्त्वको साथ-साथै राज्यहरूको आकार मा उन्नति वृद्धि को कारणले गर्दा शाही-शक्ति को अनिवार्यरूपमा विकास भयो।"※ "राजाहरूमा सम्राट् बन्नको लागि महत्त्वाकांक्षाको पनि उदय भयो। कुरू, पाञ्चाल र काशी प्रमुख राज्य भए। मगध, कलिङ्ग र विदेह का राजाहरू सम्राट् बन्नको लागि प्रयत्नशील थिए। सरस्वती देखि गंगा सम्म फैलिएको मध्यप्रदेश अब आर्यहरूको प्रमुख केन्द्र भयो। ठूला ठूला सम्राट्हरू ले आफ्नै पौरुष र ऐश्वर्य प्रदर्शनको निमित्त महान् यज्ञ गर्न थाले। साम्राज्यवाद साथ-साथै सामन्तवादी प्रवृत्ति पनि विकसित भयो। राजा प्रधानतः क्षत्रिय हुन्थे। राजाको पद पूर्ववत् वंश परम्परागत थियो तर अथर्ववेद को राज्याभिषेक संगीतबाट यो थाहा पाइन्छ कि कहिले काहीं जनताद्वारा राजा निर्वाचित हुन्थे तर यस्तो पनि अनुमान छ कि राजा राजपरिवारबाटै निर्वाचित हुन्थे। राजा अहिले पनि युद्ध भूमिमा सेनाको नेतृत्व गर्दथे। दुष्टहरूलाई मारेर उनी धर्मको रक्षा र प्रतिष्ठा गर्दथे। यो बेला सम्ममा भूमि माथि पनि उनको अधिकार कायम हुन थाल्यो। राजा राजदण्डको पनि उपयोग गर्दथे। यिनै सब कारणले उनको अधिकारमा काफी वृद्धि भयो। जनताबाट उनी बलि, शुल्क र भागनाम को

※ The amalgamation of tribes and the increase in the size of kingdom in the later Vedic Age, coupled with the successful leadership of the kings in war inevitably led to a growth in the royal power.

CC-0. In Public Domain. Digitization by eGangotri

कर लिन्थे। राजा धेरै शक्तिशाली भएका थिए। सभा र समितिको प्रभाव कम भएकाले उनी अब त्यो बन्धनबाट पनि धेरै बाध्य थिएनन् तापनि राज्याभिषेक का केही शर्त्तहरू यस्ता थिए जसले उनो राज-सिंहासनबाट खारेज पनि हुन सक्थे। राजा दुष्टऋतुलाई उनका असन्तुष्ट प्रजाहरूले पिटेर भगाएका थिए।

ऋगवेद कालीन अथवा पूर्ववैदिक-सामाजिक अवस्था (Social Condiltion of RigVedic period):—

यस कालको समाज-निर्माणको आधार पितृ-संत्तात्मक परिवार थियो। परिवार आर्यहरू को समाजको एकाई थियो।त्यसबेलाको परिवार संयुक्त परिवार थियो। पिता नै परिवार को स्वामी हुन्थे जो दयालु हुन्थे। तर कहिले काही कठोरताको व्यवहार पनि गर्दथे। डा० मजुमदारले लेखेका छन्, "यस प्रकार एउटा पिता ले धेरै खर्च गरेको निहुंबाट आफ्नो पुत्रलाई उनले अन्धो बनाए।"※ परिवारका सबै सदस्यहरूलाई उनको आज्ञापालन गर्नु अनिवार्य थियो। मातृमूलक परिवारको अवशेष पनि कुनैकुनै ठाउंमा पाइन्थ्यो। फलस्वरूप हामी अनुमान गर्न सक्छौं कि बहुपति-विवाह (Polyandry) को प्रचार पनि यताउति थियो। ऋगवेद सम्म सम्पूर्ण आर्यहरूको एउटै वर्ग थियो। प्रत्येक व्यक्तिलाई व्यवसायको स्वतंत्रता थियो। त्यसबेला सम्म सामाजिक-बन्धन धेरै खुकुलो भइसकेको थियो। आर्य र दासहरू अलग्गै थिए। यस्तो अनुमान गरिन्छ कि धेरै दासहरू अनार्य भएका थिए। आर्यहरूमा वर्णा-

---

※ We have the story of a father who blinded his son for his extravagance.

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था थियो । तर वर्ण-विभाजन कर्मको आधारमा थियो। यसप्रकार पठन-पाठन गर्ने ब्राह्मण, युद्ध तथा शासन गर्ने क्षत्रिय अथवा राजन, कृषि तथा व्यापार गर्ने वैश्य र सेवा गर्ने शूद्र थिए। एक वर्णबाट अर्को वर्णमा परिवर्तन संभव थियो। यिनीहरूलाई खान-पिउन विवाह आदि गर्न संभव थियो। पछि यस व्यवस्थामा जटिलता र कठोरता उत्पन्न भयो। त्यो कालमा आश्रम-व्यवस्थाको उत्पत्ति पनि भएको थियो। त्यस अनुसार जीवनका ४ भाग थिए:— ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्यास। आश्रम व्यवस्था ब्राह्मण, क्षत्रिय र वैश्यहरूलाई मात्र थियो।

रीतिरिवाजः—प्राचीन अनुश्रुति अनुसार अति प्राचीन कालमा आर्य-समाजमा वैवाहिक प्रथा थिएन। सबै आइमाइहरू अनावृत (बन्धनहीन) थिए। संभवतः यो समाज वैदिक युग भन्दा पहिलेको समाज थियो। दीर्घतमा ऋषिले सबभन्दा पहिले विवाहको नियम प्रचलित गरे। बिस्तार-बिस्तार विवाह संस्था दृढ़ भयो। समाजरूपी रथका दुई चक्का भए—पुरुष र स्त्री। दुवै एक अर्काका पूरक भए र उनीहरू दम्पति भनिन थाले। जुनसुकै यज्ञमा स्त्री र पुरुषलाई सम्मिलित हुनु अनिवार्य थियो। An advanced history of India मा यस्तो उल्लेख छ, "पत्नी आफ्नो पतिको धार्मिक कार्यमा भाग लिन्थन् तथा उनको परिवारको रानी थिइन।" ❀ समाजमा स्त्रीहरूको सम्मान थियो। सामान्यतः पुरुष एकै स्त्री विवाह गर्दथे। डा० त्रिपाठीको भनाइ छ, "समाजमा उनीहरूको स्थान सायद आज

❀ The wife participated in the religious offerings of the husband and was the queen of his home.

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा अधिक आदरणीय र अधिकारपूर्ण थियो।"※ नारीहरूलाई यथोचित शिक्षा पनि दिइन्थ्यो। अपाला, विश्वारा, घोषा आदि ले नर-ऋषि जस्तै मन्त्र रचना गरेका थिए। साधारणतः पुरुष एक विवाह मात्र गर्दथे। तर कुनै कुनै धनीहरू एक भन्दा बढ्ता विवाह पनि गर्दथे। स्त्रीलाई सामाजिक कार्यहरूमा स्वतंत्रता थियो। उनीहरूलाई सार्वजनिक-कार्यमा पनि भाग लिने अधिकार थियो। तर समाजको यस्तो मान्यता थियो कि स्त्रीहरूले विवाह भन्दा पहिले पिताको संरक्षणमा, विवाह भएपछि पतिको र पतिको मृत्यु भएपछि पुत्रको संरक्षणमा वस्नु पर्दछ। विधवा विवाहको प्रथा थियो। वालविवाह तथा सती-प्रथाको केही पनि उल्लेख छैन। यस्तो भनाइ छ कि नियोग प्रथाको प्रचलन थियो जसवाट पति नपुंसक भएपछि अरुसंग संभोग गरेर बच्चा पैदा गर्दथे। तर यो कुरा विवादास्पद छ। दाइजो-प्रथा प्रचलित थिएन, अर्थात् पिताको सम्पत्तिमा छोरीको अधिकार थिएन। तर माता-पिता आफ्नी छोरीलाई स्वेच्छापूर्वक आफ्नो धनको केही अंश दिन्थे। समाजमा छोरीको जन्म उत्साहवर्द्धक हुंदैनथ्यो।

जीवन (Life):— आर्यहरूको जीवन मनोरंजन पूर्ण थियो। तिनीहरू आमोद-प्रमोदको लागि उत्सव गर्दथे। संगीत मनोविनोदको प्रमुख साधन थियो, जसमा नृत्य, गान र वाद्य प्रमुख थिए। स्त्री र पुरुष सामानरूपले नृत्यमा भाग लिन्थे। आर्यहरूले एउटा गेय (गाउने) ग्रन्थ निर्माण गरेका थिए। यस संगीत-ग्रन्थलाई सामवेद भनिन्छ। संगीत बाहेक घोड़ा दौड़ र मल्ल-युद्ध आदि पनि मनो-

---

※ Their position was of greater honour and authority at that time than is perhaps the case now.

CC-0. In Public Domain. Digitization by eGangotri

विनोदका साधन थिए। आर्यहरूको जीवनमा आखेट (शिकार) को स्थान पनि महत्त्वको थियो। उनीहरू जीवन प्रति उदासीन थिएनन्। यहाँ सम्म कि उनीहरू केवल जीवनको आनन्दको वर्णन गर्दथे। शत्रुको मृत्यु बाहेक अरू कसैको मृत्युको उल्लेख गर्दैनथे।

खाना र पोशाक (Food & dress):—

आर्यहरू पोशाकमा विशेष ध्यान दिन्थे। उत्सव आदिमा आइमाइहरू सुसज्जित भएर जान्थे। पोशाक ३ प्रकारको हुन्थ्योः—

१. भित्री पोशाक जसलाई "नीवी" भनिन्थ्यो,

२. अर्कोलाई 'परिधान' अथवा 'वास' भनिन्थ्यो र

२. 'परिधानलाई' लाई ढाक्न को लागि 'अधिवास' को प्रयोग गरिन्थ्यो। पोशाक धेरै प्रकारका बनिन्थे जसमा ऊन, कपास तथा छालाको व्यवहार हुन्थ्यो। ब्रह्मचारीहरू मृगको छाला प्रयोग गर्दथे। आर्यहरूलाई गहनाको पनि धेरै शोक थियो। सुवर्ण-आभूषण (सुनका गहना) र मालाहरूको व्यवहार हुन्थ्यो। उनीहरूको मुख्य भोजन गहूं, जौ, घिउ र दूध आदि थिए। उनीहरू फल तथा तरकारीहरू पनि खान्थे। मासुको चलन पनि थियो। आर्यहरूको सम्बन्धमा केही पाश्चात्य विद्वान्हरूले यस्तो प्रचार गरेका छन् कि यिनीहरू गाइका मासु पनि खान्थे। डा० Smith ले उल्लेख गरेका छन, "उनीहरू गाई र गाइको हत्या गर्न अलिकति पनि संकोच मान्दैनथे। बलिदानमा भागलिने मानिसहरू गाई गोरू अथवा घोडाको मासु खान्थे।"❀

❀ ....felt no scruple about sacrificing both bulls and cows. The persons who

CC-0. In Public Domain. Digitization by eGangotri

तर रायचौधरीले यो विचारलाई खण्डन गर्दै लेखेका छन्, "कतिपय पुस्तकमा उल्लिखित अंश "अघन्या" (मार्न नहुने) बाट यो प्रष्ट हुन्छ कि गोहत्यालाई बिस्तार-विस्तारै घृणाको दृष्टिले हेर्न गे।" ❀ उनीहरू सुरा (रक्सी) र सोमको व्यवहार गर्दथे। सुरा एक प्रकारको मादक पदार्थ थियो। यसको व्यवहार घृणित मानिन्थ्यो किनभने धेरैपल्ट मानिसले यो खाई व्यभिचार गरेका थिए। आर्यहरू धार्मिक अवसरमा सोमरसको व्यवहार गर्दथे। यसको व्यवहार गौरवपूर्ण मानिन्थ्यो। यसको निर्माण कुनै पहाड़ी वनस्पतिबाट हुन्थ्यो।

उत्तर वैदिक कालको सामाजिक अवस्था (Social condition of the Later Vedic period):—

उत्तर वैदिक कालका आर्यहरूको खानपानमा कुनै विशेष अन्तर भएन। तर ऋगवेदमा 'व्रीहि' (चामल) को कुनै उल्लेख भएको छैन जबकि यजुर्वेद, सामवेद, तथा अथर्ववेद आदिमा यसको उल्लेख भएको छ। यसबाट यो थाहा पाइन्छ कि उत्तर वैदिक कालका मानिसहरू चामल को पनि व्यवहार गर्दथे। यो कालमा मानिसहरू दूधका साथ चामल मिलाएर खीर बनाई खान्थे। दूध, दही र घिउको प्रयोग पहिले जस्तै हुन्थ्यो तर मासुको प्रयोग कम हुन थाल्यो। अब मानिसहरू मासुको प्रयोगलाई खराब मान्न थाले। व्रत र

---

took part in the sacrificing ate the flesh of the victim, whether bull, cow or horse-

❀ The slaying of the cow was, however, gradually looked upon with disfavour as is apparent from the name "aghnya" (not to be killed) applied in several passages."

CC-0. In Public Domain. Digitization by eGangotri

उपवासमा मासुको प्रयोग त्यागियो। समाजमा सुरा पानको प्रचार पहिले जस्तै थियो तर बिस्तार बिस्तार यो निषेध हुन थाल्यो। सोम-रसको प्रयोगमा पनि कमी आयो। यसको स्थानमा अन्य पेय पदार्थहरूको प्रचार भयो किनभने त्यस वेला सम्म सोमरस निर्माण गरिने वनस्पतिको खांचो भै सकेको थियो

आर्यहरूको पोशाकमा पनि परिवर्त्तन आउन थाल्यो। चीवर, चीर, चेल आदि वस्त्रहरूको प्रयोग हुन थाल्यो। अब कम्वलको पनि प्रयोग हुन थाल्यो। गहनामा पनि नवीनता र सुन्दरता आदिको समावेश भयों।

आमोद-प्रमोद र विलासको साधनमा पनि वृद्धि भयो। संगीत र नृत्य तर्फ आर्यहरूको प्रवृत्ति अभ्र बढ्यो। नाटकको पनि उत्पत्ति भयो। मल्लयुद्ध; जुवा र पाशा आदिको धेरै प्रचार भयो।

उत्तर वैदिक कालको समाजमा स्त्रीहरूको महत्त्व घट्न लाग्यो। उनीहरूलाई खाली भोग-विलासको साधन मानिन्थ्यो। वहुविवाहको प्रचार हुनाले परिवारमा झगड़ा हुन थाल्यो। An Advanced History of India मा उल्लेख छ, "छोरीहरूको जन्म दुःखको कारण बुझिन्थ्यो"।"❀ तर धार्मिक उत्सवहरूमा स्त्रीहरूको स्थान पूर्ववत रह्यो। उनीहरूको शिक्षाको व्यवस्था पनि थियो। कुनै-कुनै स्त्रीहरूले धेरै विद्वता प्राप्त गरेका थिए। गार्गी, मैत्रेयी आदि को उदाहरणबाट यो तथ्य स्पष्ट हुन्छ कि पुनर्विवाह र विधवा विवाहको चलन थियों। सती प्रथाको सम्वन्धमा कुनै प्रामाणिक आधार भेटिएको छैन। कहिले काही अन्तर्जातीय विवाहको उल्लेख पाइन्छ।

❀ Daughters were regarded as a source of misery.

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दा प्रथा थिएन। तत्कालीन साहित्यहरूमा स्त्रीहरूको दयनीय अवस्थाको वर्णन पाइन्छ समाजमा स्त्रीहरूको जस्तै शूद्रहरूको अवस्था पनि नराम्रो थियो। ऐतरेय ब्राह्मण नामक ग्रन्थमा लेखेको छ कि शूद्र अर्काको सेवक हो जसलाई स्वामी आफ्नो इच्छानुसार निष्कासन र हत्या पनि गर्न सक्छ।

उत्तर वैदिक कालमा आर्यहरूको सामाजिक जीवन पहिले जस्तो सरल र साधारण थिएन। उनीहरूको सामाजिक जीवनमा पहिलेको अपेक्षा अधिक स्थिरता आएको थियो। वर्णाश्रम व्यवस्था यस कालमा परिपक्व भएको थियो। वर्ण व्यवस्थाले जाति-प्रथाको रूप धारण गरेको थियो। अबसम्ममा जाति परिवर्तन अत्यन्त कठिन भएको थियो। तर पनि यदा-कदा जाति-परिवर्तनको उदाहरण पाइएको छ। विश्वामित्र पहिले क्षत्रिय थिए र पछि आफ्नो कर्मद्वारा उनी ब्राह्मण र ऋषि पनि भए। ब्राह्मणको स्थान पहिले भन्दा धेरै श्रेष्ठ भयो। उनका प्रतिद्वन्दी क्षत्रिय पनि थिए। यस सम्बन्धमा डा० राय चौधरीको भनाइ छ, "ब्राह्मणको श्रेष्ठताको दावा को विरोध कहिले काही क्षत्रिय द्वारा हुन्थ्यो।"❋ अरु स्वतंत्र मानिसहरू पेशाको आधारमा विभाजित भएका थिए। खेती र पशु पालन गर्ने मानिसको अतिरिक्त व्यापारिक, रथ बनाउने, कर्मी, निषाद-(माझी) आदि जातिहरू थिए। कर्मीहरूलाई अछूत मानिन्थ्यो। शूद्रहरूलाई पनि अछूत मानिन्थ्यो। उनीहरूलाई यज्ञमा प्रयोग गरिने दूध छुने अधिकार थिएन किनभने छोएमा दूधको पवित्रता नष्ट हुने संभावना थियो। आर्यहरूको समाजमा आदिवासीहरूको समावेश

❋ The Brahmana claim to supremacy was now and then contested by the kshatriya.

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले उनीहरूको संख्यामा वृद्धि हुँदै थियो।

यसै युगमा विभिन्न वर्णहरू मध्ये उत्तम र निम्न प्रथा प्रारंभ भयो तथा शिल्पीहरूलाई शूद्र झैं मान्ने कुप्रथाको पनि श्रीगणेश भयो। जाति-प्रथाका बन्धन जटिल हुनाले रक्त-पवित्रता माथि धेरै जोड़ दिइन्थ्यो। अब आर्यहरूले अनार्यहरूलाई अत्यन्त घृणाको दृष्टिले हेर्न थाले।

यस्तो अनुमान गरिन्छ कि उत्तर वैदिक कालमा नै लेखन-कलाको अनुसंधान भयो। यस सम्बन्धमा डा० त्रिपाठीको भनाइ छ,—"उत्तर वैदिक कालमा संभवतः लेखन कलाको ज्ञान भइसकेको थियो।"❀

ऋगवेदकालीन धर्म (Rig Vedic religion):—
प्रारम्भमा आर्यहरूको धर्म वहुतै सरल थियो तर पछि पुरोहितहरूको प्रयासले अतिकति जटिल भयो। देवपूजा र पितृपूजा नै वैदिक धर्मको मुख्य अंग थियो। मूर्ति पूजाको सम्बन्धमा कुनै प्रमाण भेटिएको छैन। डा० स्मिथको भनाइ छ, "पूजाको लागि मूर्तिको निर्माण हुन्थ्यो भन्ने कुराको कुनै संकेत भेटिएको छैन।"&

आर्यहरू प्रकृतिका ठूला ठूला शक्तिमा दैवी अभिव्यक्ति देख्दथे र तिनीहरूलाई उनीहरूले विभिन्न देवताहरूको रूपमा कल्पना गरेका

❀ The later Vedic Period was also probably marked by the knowledge of writing.

& Nothing indicates that images were used as aids to worship.

CC-0. In Public Domain. Digitization by eGangotri

छन्। इन्द्र मुख्य देवता थिए। वृष्टि (वर्षा) का अधिष्ठातृ देव हुनाले उनी संपत्तिका मूल थिए। उनको हातमा विजुलीको वज्र रहन्थ्यो जसबाट उनी वृत्र (अनावृष्टिको राक्षस) को संहार गर्दथे। उनी शक्तिशाली देवता थिए र युद्धमा उनी आर्यहरूको नेतृत्त्व गर्दथे। इन्द्र बाहेक अरू अरू देवताको उल्लेख पाइन्छ। त्यस वेलामा बहु-देववादको कल्पना थियो। प्रसिद्ध इतिहासकार राय चौधरी को भनाइ छ, " स्तोत्र (भजन) विश्व एकताको पूर्वाभास हो र यो विश्वासलाई संकेत गर्दछन् कि ईश्वर एउटै हुन् तर उनका नाम धेरै छन्।"*

ऋगवैदिक आर्यहरूले उषाको बहुतै मनोरंजक कल्पना गरेका छन्। प्रभातको समयमा उनी एउटी सुन्दरी को रूपमा प्रकट हुन्छिन् र सूर्य उनको अनुगमन गर्छन्। यो कल्पना ठीक उसै प्रकारको हो जस्तो कुनै युवक यवतीको पछि लाग्दछ। द्यौः अर्थात् आकाश एउटा देवता हो र त्यस्तै प्रकार पृथ्वी पनि। 'द्यावाः पृथ्वी""' अर्थात् आकाश र पृथ्वीको जोडी प्रायः संग-संगै कल्पना गरिन्थ्यो। सूर्यनै मित्र हो। मित्रको नाम प्रायः वरुणको साथ लिइन्थ्यो— "मित्रा वरुणौ।" सूर्यले नै पछि सविता को रूप धारण गर्थे। सूर्यका भिन्न-भिन्न गणहरूको कारणले गर्दा कैयौं प्रकारका देवताहरूको कल्पना भयो। विष्णुको कल्पनाको विवरण पनि पाइन्छ। 'रुद्र' को कल्पना प्रकृति को भयंकर र घातक देवताको रूपमा गरिएको

---

* The hymns foreshadow the idea of universal unity and express the belief that God is one although He bears many names.

डा. दिल्ली रमण ...
कल्याणी रेग्मी स्मारक
5738

CC-0. In Public Domain. Digitization by eGangotri

छ। प्रकृतिमा जति भयंकर र घातक तत्त्वहरू छन् तिनीहरूको मूलमा रुद्र छन् तर रुद्र पनि शान्त भएपछि शिव अर्थात् मंगल रूप धारण गर्दछन्। उनी पशुपति अथवा दिशाहरूका पति हुन्। उनी 'शर्व' (बाण धारण गर्ने) र कपर्दी (लट्टाधारी) छन् । प्रसन्न भएपछि उनी जब आफ्नो मंगलरूप धारण गर्दछन् तब शंभु, शंकर र शिव हुन्छन् । रुद्रलाई गण तथा गणपति भनिन्छ ।

अग्नि र सोमको महत्त्व इन्द्र भन्दा कम छैन । अग्निका तीनरूप छन् —सूर्य, विद्युत र अग्नि अथवा मातरिश्वा । सोम मूलतः वनस्पति थिए। पछि उनमा चन्द्रमाको समावेश भयो। प्रारम्भमा सोम र सविताको विशेषण प्रजापति मात्र थियो। पछि उनी पनि एउटा मूर्त्त देवता भए। सरस्वती, पर्जन्य (वादल), आप (जल), उषा आदि पनि देवताहरूकोरूपमा परिणत भएका छन्। वेद अनुसार पहिले सम्पूर्ण संसार जलमग्न थियो र त्यसैबाट संसारको सृष्टि भयो। वर्षा, विद्युत्, घाम, सूर्य आदि शक्तिबाट भयभीत भएर मानिसहरू स्तुतिको लागि मंत्र पढ्थे। एउटै ईश्वरको रूप हामी विभिन्न शक्तिहरूमा पाउंछौं। आर्यहरूको देव-कल्पना मधुर र सौम्य थियो। त्यसमा अश्लील, घृणित र डरलाग्दा देवताहरूको कुनै स्थान थिएन। त्यसमा कविको पवित्र हृदय र अन्तर्दृष्टिको झलक पाइन्छ।

देवताहरूको तृप्ति आहुति अथवा बलिदानबाट हुन्थ्यो। आहुतिका लागि दूध, घिउ, अन्न, मासु र सोमरसको व्यवहार हुन्थ्यो। यस्तो भनाइ छ कि राजा बसुको युगमा ऋषिहरूको एउटा सम्प्रदाय उत्पन्न भयो जसको मतानुसार यज्ञमा मासुको बदलामा अन्नको आहुति दिनु पर्दथ्यो। यो सम्प्रदाय भक्ति माथि धेरै बल दिन्थ्यो। पछि यसमा पाखण्डता बढ्यो र धनीहरू पुरोहितबाट ठूला-ठूला यज्ञ गराउन थाले तर साधारण आर्यहरूले अग्निमा आफ्नो दैनिक आहुति

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं दिन्थे। देवहरू-वाहेक आफ्ना-आफ्ना पुरखाहरूको तर्पण उनी हरू आफैं गर्दथे। डा० स्मिथको भनाइ छ कि ऋगवेदले सुव्यवस्थित जनसंख्या, सुसंगठित समाज र सुविकसित सभ्यता तर्फ संकेत गर्छ।

उत्तर वैदिक कालीन धर्म (Later Vedic Religion):—

उत्तर वैदिक युगको धर्ममा प्रशस्त परिवर्तन भयो। यस समयमा वरुण देवताको महत्त्व घट्यो। एकेश्वरवादी प्रवृत्तिको विकास हुँदै गयो। प्रजापतिको महत्त्व बढ्यो विस्तार-विस्तारै प्रजापति द्वारा वाराह (सुंगुर) रूपमा पृथ्वी धारण तथा कुर्म (कछुवा) बनेको कथा त्यस युगमा प्रचलित भयो। पछि यो अवतारहरूको मूल भयो। रुद्रको महिमा पनि बढ्यो। याज्ञिक कर्मकाण्डको जटिलता बढ्यो रुद्र र शिवको मेल भयो। यस युगमा राजसूय, वाजपेय र अश्वमेध प्रधान यज्ञ भएर पशुबलिको विरोध हुन थाल्यो।

उत्तर वैदिक कालमा मन्त्रहरूको महत्त्व बढ्यो। पुरोहितहरूको सम्मान र प्रतिष्ठाको काफी वृद्धि भयो। यज्ञहरूको विधि पनि कठोर भयो। इन्द्र, वरुण र पृथ्वीको स्थान प्रजापति, विष्णु र शिवले लिए। रुद्रको महिमा पनि बढ्यो। यज्ञको वृद्धि हुनाले धनी मानिसहरू मात्रयज्ञ सम्पन्न गर्न सक्ने भए। यज्ञको अनुष्ठान पुरोहितहरू द्वारा हुन्थ्यो त्यसकारणले पुरोहितको एउटा बेग्लै वर्ग बन्यो। देवताहरू बाहेक पितृहरूको पनि श्राद्ध-तर्पण प्रारम्भ भयो। श्राद्धको प्रथा सबभन्दा पहिले दत्तात्रेय ऋषिका छोरा निमिले प्रचलित गरे।

ऋगवेदकालीन आर्थिक अवस्था (Economic condition of Rig Vedic Age):—

CC-0. In Public Domain. Digitization by eGangotri

यसकालमा आर्यहरू को सभ्यता ग्राम्य सभ्यता थियो। गाउं नै आर्थिक संगठनको आधार थियो। गाउंको रुदैतिर पशु चर्ने ठाउं थियो। The advanced history of India मा यस्तो उल्लेख छ, " पशुहरू चर्ने ठाउं (गौचर) संभवतः सार्वजनिक ठाउं थियो जहाँ सम्पूर्ण गाउंका वस्तुहरू चर्दथे।"❀ यो पुस्तकमा पुनः लेखिएको छ, "कृषि गाउंका मानिसहरूको जीविका को मुख्य साधन थियो।"❀❀ यस प्रकार को भूमिलाई 'उर्वरा' अथवा 'क्षेत्र' (खेत) भनिन्थ्यो, जसमा नहरहरूद्वारा पानी लगाउने काम हुन्थ्यो। मलको पनि व्यवहार हुन्थ्यो। ऋगवेदमा धान र यव को पनि उल्लेख छ। कृषि वर्षा माथि निर्भर थियो। ऋगवेद को धेरै ठाउंमा वर्षा को लागि प्रार्थनाको उल्लेख छ। त्यसवेलाका आर्यहरूको मुख्य व्यवसाय मध्ये पशुपालन पनि एक थियो। पशुधनको वृद्धिको निमित्त देवताहरूलाई प्रार्थना गरिन्थ्यो। गाईको पनि आर्थिक महत्त्व थियो। दूध र गोवरको अतिरिक्त गाईको व्यवहार मुद्राको-रूपमा पनि हुन्थ्यो। गाईको मूल्यबाट वस्तुहरू किन्ने र वेच्ने काम हुन्थ्यो। गाई ब्राह्मणलाई दक्षिणाको रूपमा पनि दिइन्थ्यो।

❀ Grass lands were probably held in common.

❀❀ Agriculture was the principal occupation of the Village-folk.

CC-0. In Public Domain. Digitization by eGangotri

यसको अतिरिक्त भंसो बाख्रा आदि पालतू पशुहरू थिए। घोड़ा उनीहरूको बहुतै उपयोगी पशु थियो। युद्धमा त्यसको धेरै उपयोग थियो। घोड़ा दक्षिणाको रूपमा पनि दिइन्थ्यो र त्यसको मासु पनि खाइन्थ्यो। हात्तीको पनि व्यवहार युद्धमा गरिन्थ्यो। पालतू पशु-हरूमा कुकुर, सुंगुर, गधा र मृग प्रमुख थिए।

कृषि र पशुपालन बाहेक शिल्पको पनि केही प्रचलन थियो। प्रमुख शिल्पीहरू मध्ये लोहार-कर्मार (कामी र कर्मी) थिए उनको काम मुख्यतः युद्ध सामग्री तयार गर्नें थियो। यसकारण उनीहरूको स्थान महत्त्वपूर्ण थियो। अयस (फलाम) को व्यवहार सर्वप्रथम यो युगमा भयो किनभने सिंधुघाटीको सभ्यतामा यस बारेमा केही थाहा थिएन।

पशुपालन र कृषि बाहेक आखेट (शिकार) पनि जीविकाको साधन थियो। धनुर्वाण, जाल-फन्दा आदि यिनीहरूका आखेट सम्बन्धी हतियार थिए। फलाम, सुन र चांदीसित यिनीहरू पूर्णरूपले परिचित थिए।

यस्तो अनुमान गर्न सकिन्छ कि विनिमयको लागि गाई बाहेक 'निष्क' नामक सुवर्ण मुद्राको पनि प्रचलन थियो। तर धेरै जसो विद्वानहरूले यो कुरा माथि शंका गरेका छन। डा० रायचौधरीको भनाइ छ, "गाईको व्यवहार प्रामाणिक मूल्यको लागि हुन्थ्यो तर विनिमयको साधनको रूपमा सुनको मुद्राको पनि चलन थियो।"❀

❀ The standard unit of value was the cow, but

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध इतिहासकार जयचन्द्र विद्यालंकारले यो विचारको खण्डन गरेका छन्। उनको भनाइ छ, "निष्क नामक सुनको सिक्काको व्यवहार हुन्थ्यो। तर प्रारम्भमा त्यसको व्यवहार गहनाको रूपमा हुन्थ्यो र पछि दान अथवा कैदी-मुक्तिकोरूपमा। व्यापारको लागि त्यसको प्रयोग कहिले पनि भएन।"

उत्तर वैदिक कालीन आर्थिक अवस्था (Economic condition in Later Vedic Age):—

यो कालमा आर्थिक क्षेत्रमा प्रशस्त प्रगति भयो। तैत्तरीय उपनिषद नामक ग्रन्थमा खेतीको सम्बन्धमा धेरै कुराहरूको उल्लेख भएको छ। उद्योग-धन्दामा धेरै प्रगति हुनाले श्रम-विभाजन-पद्धतिको अनुसंधान भयो। शतपथ ब्राह्मण नामक ग्रन्थमा धेरै कलाकारहरूको उल्लेख छ। धातुहरू मध्ये सुन, फलाम, तामा र शीशाको व्यवहार हुन्थ्यो। शीशाको प्रयोग ढकको रूपमा हुन्थ्यो।

अहिले सम्ममा मानिसहरू गाउँमा नै बस्दथे तर जनसंख्यामा वृद्धि हुनाले अब संभवतः नगर-जीवनको प्रारंभ भयो। यो कालमा धनीहरूको संख्यामा पनि वृद्धि भयो र साथै गरीबहरूको शोषण प्रारंभ भयो। भूमि हस्तान्तरित गर्नका लागि सार्वजनिक स्वतंत्रता पाईं दैनथ्यो। यो स्वतंत्रता आफ्नो परिवारमा मात्र सीमित थियो।

---

necklace of gold (Nishka) also served as a means of exchange.

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमुख उद्योग कृषि थियो किनभने यसबाट अन्नको उत्पत्ति हुन्थ्यो। "तैत्तरीय उपनिषद' मा अन्नलाई 'ब्रह्म' लेखिएको छ किनभने अन्न सबै प्राणीको जीवनको आधार हो। पशु-पालन माथि धेरै जोड़ दिइन्थ्यो।

कपासको उल्लेख यो कालमा भएको थिएन तर ऊन शब्दको उल्लेख भएको छ। ब्रह्मचारी र तपस्वीहरू छालाको व्यवहार गर्दथे। संभव छ कि यो कालमा केही मुद्राहरूको प्रचार भएको थियो। यस प्रकार अब गाईको सट्टामा मुद्राहरूको प्रचलन भएको होला।

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यायः—४

Epic Age.

महाकाव्य काल

महाकाव्य एक प्रकारको काव्य विशेषको नाम हो। यो अन्य काव्यहरू भन्दा विशाल हुन्छ। रामायण र महाभारत दुई विशाल ऐतिहासिक महाकाव्य हुन्। तिनीहरूको रचनाकाल संदिग्ध छ। तापनि धेरै जसो विद्वान्हरूको भनाइ छ कि तिनीहरूको रचना बौद्ध काल भन्दा पूर्व नै भयो। यो सम्बन्धमा जवाहरलालजीको भनाइ छ, "तीं दुवै (रामायण र महाभारत) को सृजना बौद्ध काल भन्दा अगाड़ि भएको छ तर निस्सन्देह पछि पछि तिनीहरूमा केही अंश जोडिएको छ।"❀ रामायण र महाभारतमा कुन पैल्हेको रचना हो यो पनि विवादास्पद छ। तर यो एउटा निश्चत तथ्य छ कि रामायणका कैयौं रजोकहरू महाभारतमा पनि पाइन्छ। तर महाभारतका कुने

❀ Both must have taken shape in the pre-Buddhist period, though additions were no doubt made later.

CC-0. In Public Domain. Digitization by eGangotri

पनि श्लोक रामायणमा पाइन्दैनन्। यसैले यो सिद्ध हुन् आउँछ कि महाभारत भन्दा रामायण प्राचीन हो। तसर्थ रामायणका रचयिता वाल्मीकिलाई संस्कृत साहित्यका आदि कवि भनिन्छ। डा० राय चौधरीको भनाइ छ, "यो भन्न मुश्किल छ कि रामको पराक्रम र पाण्डवको विजयको गीतले कहिले पूर्णतः वीर काव्य अथवा महाकाव्यको रूप धारण गर्‍यो।"❀

रामायण को कथावस्तुः—

वाल्मीकिलाई आदि कवि र उनीद्वारा रचित रामायणलाई आदि काव्य भनिन्छ। रामायणको कथा संक्षेपमा यस प्रकार छः—

दशरथ नामका राजा अयोध्यामा शासन गर्दथे। उनका ४ छोरा थिए —राम, लक्ष्मण, भरत र शत्रुघ्न। वृद्धावस्थामा उनी आफ्ना जेठा छोरा रामलाई युवराज बनाउन चाहन्थे। यो संवाद सुनेर उनकी पत्नी भरतकी आमा कैकेयी साह्रै दुःखित भइन्। उनको इच्छा आफ्नो छोरो भरतलाई गद्दी दिने थियो। दशरथले उनलाई धेरै संझाए तर उनले मानिनन्। अन्तमा उनले दशरथबाट प्राप्त वरदानलाई पूरा गर्न खोजिन्। पहिलो वदरदान यो थियो कि— रामलाई चौध वर्ष वनवास र दोस्रोले भरतलाई राज-गद्दी। दशरथ वचन-बद्ध थिए। उनले यो वचन पूरा गर्नु पर्‍यो। उनी त्यसै शोकको कारणले मरे। रामले यो आज्ञालाई पूरा गरे र उनी आफ्नी पत्नी सीता र भाइ लक्ष्मण सित चौध वर्षको

❀ It is, however, difficult to say when the ballads about, Ram's adventures or the Pandu's victory first assumed the form of a full-fledged heroic kavya or epic.

CC-0. In Public Domain. Digitization by eGangotri

लागि वनमा गए। पञ्चवटी (आधुनिक नासिक जिल्लामा) को वनवास जीवनमा लंकाको कामुक राजा रावणले सीतालाई हर्‍यो। यो कुरा थाहा पाउने वित्तिकै रामले लंका माथि विजय प्राप्त गरे र रावणलाई मारेर सीतालाई लिएर फर्के। चौध वर्षको वनवास पूरा भएपछि उनी अयोध्यामा पुनः प्रवेश गरे र सम्मान पूर्वक राज-गद्दी प्राप्त गरे तथा कुशलतापूर्वक शासन गर्न थाले। एउटा धोवीले रावण द्वारा हरिएकी सीतालाई फर्काएर पुनः ग्रहण कार्यलाई नीति विरुद्ध भनी दोष लगायो। तत्कालीन भारतीय आदर्श र प्रजाको इच्छानुसार काम गर्ने राजनीतिको आधारमा रामले सीतालाई वन-वास दिए। उनी वाल्मीकिको आश्रममा बसिन्। त्यहीं उनले लव-कुश नाम गरेका २ वटा जम्ल्याहा छोरा जन्माइन्। वाल्मीकिले धेरै दक्षतापूर्वक यसको चित्रण गरेका छन्।

रामायणको कथा वस्तुको ऐतिहासिकता विवादास्पद बिषय हो। यो भन्नगाह्रो छ कि राम नामक राजा कुन वेला शासन गर्दथे किनकि इतिहासले अहिले सम्म यो कुराको पुष्टि गरेको छैन। अन्धभक्त हिन्दूहरूले त यो मान्यता प्रदान गरे कि राम मर्यादा पुरुषोत्तम र नरको रूपमा नारायण थिए। उनले वुनै वेला अवतार लिए र दानवहरूलाई संहार गरेर ऋषि परम्परा र मानवताको रक्षा गरे। उनले एउटा यस्तो राज्य को स्थापना गरे जसमा सुख, ऐश्वर्य र शान्ति थियो। राम-राज्यमा दैविक,दैहिक अथवा भौतिक कुनै प्रकारको पीड़ा थिएन। आधुनिक युगमा गान्धीजीले पनि जुन राज्यको कल्पना गरे त्यसको आदर्श पनि राम-राज्य नै छ। तर जहांसम्म यसको ऐतिहासिकताको प्रश्न छ, लासेन र वेवरले त्यसलाई पनि स्वीकार गरेका छैनन्। उनको भनाइ छ कि रामायणमा उत्तरका आर्यहरू द्वारा दक्षिणका अनार्यहरू माथि विजय र

CC-0. In Public Domain. Digitization by eGangotri

आर्य-संस्कृतिको प्रचारको आलंकारिक निरूपण मात्र हो। मैकडोनल र ज्याकोबीको पनि विश्वास छ कि रामायण धर्म-विश्वास को काल्पनिक अभिसृष्टि हो। डा० स्मिथको भनाइ छ, "मलाई त यस्तो लाग्छ कि यो कविता कल्पनाको उत्पत्ति हो र यो कोशल र त्यसको राजधानी अयोध्यासित सम्बन्धित धुनैं अस्पष्ट पारस्परिक कहानीहरू माथि आधारित छ।"※ अतः हामी निर्विवादरूपले यसको ऐतिहासिकताको संबन्धमा केही पनि भन्न सकिन्न। तर रामायण बहुतै महत्त्वपूर्ण ग्रन्थ हो। यस सम्बन्धमा फ्रेन्च विद्वान माइकलेटको भनाइ छ "जसले पनि धेरै कार्य गर्दछ अथवा गर्ने इच्छा राख्दछ त्यसले रामायणरूपी गंभीर प्यालाबाट जीवन र यौवनको एक लामो घुट्को पिउनु पर्छ।"※※

महाभारतका रचयिता द्वैपायन व्यास थिए। यो काव्य संभवतः विश्वको सबभन्दा विशाल महाकाव्य हो। यसमा १ लाख भन्दा बढ़ी श्लोकहरू छन्। यसलाई 'शतसाहस्री संहिता' भनिन्छ। यो १८ पर्व (खण्ड) मा विभक्त छ। यसको रचनाकाल संदिग्ध र धेरै लामो छ। जवाहरलालजी ले Discovery of India मा लेखेका

※ The poem seems to me to be essentially a work of imagination, probably founded on vague tradition of the kingdom of kosala and its capital Ayodhya.

※※ who ever has done or willed too much let him drink from this deep cup a long draught of life and youth.

CC-0. In Public Domain. Digitization by eGangotri

छन् कि यसको निर्माणमा कैयौं शताब्दी लाग्यो।※ डा० स्मिथको पनि भनाइ छ कि या विभिन्न लेखकहरूको एउटा ठूलो रचना हो जसको निर्माण र फैलाव कैयौं शताब्दीमा भयो।☞ पण्डित नेहरूको यस्तो भनाइ छ कि रामायण यद्यपि एक महान र जनप्रिय महाकाव्य हो तापनि महाभारतलाई यथार्थमा विश्वको महान् ग्रन्थहरू मध्ये एक महत्त्वपूर्ण स्थान छ।⇒ यसको रचनाकालको सम्बन्धमा निश्चित थाहा छैन। डा० त्रिपाठीको कथन छ कि अनुमानतः यसको रचना काल ई० पू० पाँचौं शताब्दी देखि ४०० ई० सम्म छ। डा० स्मिथ कों भनाई छ कि यसको धेरै अंश २०० ई० सम्ममा पूरा भइसकेको थियो।

महाभारतको कथावस्तुः—

हस्तिनापुर (अधुनिक मेरठ) को ऐल वंश वा चन्द्रवंशको शासक विचित्रवीर्य पछि गद्दीका उत्तराधिकारी धृतराष्ट्र

※ "......probably took shape in the course of several hundred years.

☞ It is a gigantic mass of compositions by diverse authors of various dates extending over many centuries.

⇒ Great as the Ramayan is as an epic poem and loved by the people, it is really the Mahabharat that is one of the out-standing books of the world.

CC-0. In Public Domain. Digitization by eGangotri

थिए तर उनी जन्मान्ध भएकाले उनका भाइ पाण्डु गद्दीमा बसे। पाण्डुका पांच पुत्र युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव थिए।पाण्डु यौवनकालमा मरे।' तसर्थ धृतराष्ट्र गद्दीमा बसे। भनाइ छ कि धृतराष्ट्रका सय पुत्र थिए जसलाई कौरव भनिन्थ्यो। यिनीहरूमा जेठा दुर्योधन ज्यादै बाठा थिए। उनी बाबुसित बसेर शासन सूत्र संचालन गर्दथे। धृतराष्ट्र युधिष्ठिरलाई युवराज बनाउन चाहन्थे तर दुर्योधन यसलाई अलिकति पनि चाहँदैनथे। उनले षड्यंत्र गरेर पाण्डवहरूलाई हस्तिनापुर बाट धपाए। पाण्डवहरू पाञ्चाल देशमा पुगे र अर्जुनले त्यहाँका शासक द्रुपद की छोरी द्रौपदीलाई स्वयम्वरमा आफूलाई र आफ्ना दाज्यू-भाइको लागि जिते। त्यसपछि धृतराष्ट्र ले आफ्नो सम्पूर्ण राज्यलाई २ भागमा बांडे। हस्तिनापुर आफ्ना छोराहरूलाई तथा इन्द्रप्रस्थ पाण्डवहरूलाई दिए। त्यसपछि पाण्डव हरूले मगध विजय गरेर राजसूय यज्ञ गरे। पाण्डवहरूको यो यज्ञ-लाई देखेर दुर्योधनले इर्ष्या गर्न थाले। एकदिन उनले युधिष्ठिर लाई जुवामा हराए र उनकी पत्नी द्रौपदी लाई पनि जितेर-खुला दरवारमा उनलाई नाङ्गो पारेर वेइज्जत गर्न खोजे तर भगवान् कृष्णले उनको इज्जत बचाए। दुर्योधन ले पाण्डवहरूलाई १२ वर्ष बनबास र १ वर्ष अज्ञातवास दिए। वनवासको अवधिसमाप्त गरेर पाण्डवहरूले आफ्नो राज्य फिर्ता मांगेतर धृतराष्ट्रले भने कि युद्ध विना सियोको टुप्पो भरि भूमि पनि दिइने छैन। फलतः कुरुक्षेत्रको मैदानमा १८ दिन सम्म भयंकर युद्ध भयो। भीष्म, द्रोण तथा कर्ण-हरू जस्ता योद्धा द्वारा रक्षित कौरव फौजको नाश भयो। अन्ततोगत्वा पाण्डवहरू विजयी भएतर दुवै पक्षको भयंकर क्षति भयो। पाण्डव हरूले कौरवहरूको भूभाग माथि केही काल सम्म शासन गरे र अन्तमा युधिष्ठिरले परीक्षितलाई राज्य दिएर आफ्ना भाइहरू र द्रौपदीसित हिमालय तर्फ प्रस्थान गरे।

CC-0. In Public Domain. Digitization by eGangotri

महाभारतको सम्बन्धमा डा० स्मिथको भनाइ छ, "सम्पूर्ण कथाको ढांचा अनिवार्यतः अविश्वसनीय र अनैतिहासिक छ।"❀ डा० त्रिपाठीको भनाइ छ, "महाभारत मा वस्तुतः अनेक स्थलमा अनैतिहासिकताको प्रमाण पाइन्छ। तापनि यसको मूल कथा र यसका पात्र, जसको चरित्र को ज्ञान अघिको साहित्यमा निरन्तर हुन्थ्यो, निःसन्देह ऐतिहासिक छन्।" ❀❀

सामाजिक अवस्था (Social condition):—

यस बेला सम्ममा वर्ण-व्यवस्था निकै सुदृढ़ भै सकेको थियो। वर्ण-व्यवस्थाको निर्णय मुख्यतः जन्म द्वारा हुन्थ्यो। तर कहीं कहीं गुण र कर्म अनुसार पनि वर्ण-व्यवस्थाको निर्धारण हुन्थ्यो। कहिले कहिले एक वर्णका व्यक्तिहरू अर्को वर्णमा सम्मिलित भएको उदाहरण पनि पाइन्छ। द्रोणाचार्य यद्यपि ब्राह्मण थिए तापनि उनले कौरव हरूलाई धनुर्वेदको शिक्षा दिए। भीष्म यद्यपि क्षत्रिय कुलमा जन्मे तर पनि उनी एक तत्व-ज्ञानी र तत्ववेत्ता भए। ब्राह्मणको प्रतिष्ठा समाजमा सबै भन्दा वढ़ी थियो तापनि आफ्नो कर्त्तव्यको उपेक्षा गर्ने

❀ The entire frame-work of the story is essentially incredible and unhistorical

❀❀ In short, there are undoubted deviations from historical accuracy in the Mahabharata but the central theme is authentic, and its characters, whose exploits were first popularised by story—tellers and ministrels are by no means imaginary.

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मण प्रतिष्ठा-पात्र हुंदैनथे। ब्राह्मणहरूको लागि धनसंग्रह वर्जित थियो। शूद्रको समाजमा प्रतिष्ठा थिएन। उनीहरूलाई पठन-पाठन-शिक्षण तथा तपस्याको अधिकार थिएन। शम्बूक नामक शूद्रलाई तपस्या गरेको बेलामा रामले स्वयं मारे। शूद्र वर्ग विद्या-अध्ययनको लागि कुलपतिको आश्रममा जान सक्तैनथे। विदुरले शूद्र भएकाले आफ्नो ज्ञानको शिक्षा दिएनन्। डा० त्रिपाठीको भनाइ छ, "अनार्य शूद्रहरूको अवस्था दासहरूको जस्तो थियो। तिनीहरूको कुनै आफ्नो अधिकार थिएन र, कर्त्तव्यमात्र थियो—द्विज (ब्राह्मण) को सेवा गर्नु।"❀

त्यो वेलाको समाजमा बहुपतिक विवाहको प्रथालाई देखेर यस्तो लाग्छ कि यो प्रथा पाण्डवहरूले बाहिरबाट ल्याएका थिए। डा० स्मिथ का भनाइ अनुसार, "पाण्डुहरू अनार्य थिए। पाण्डु शब्दको अर्थ हो—पहेंलो अनुहार र यो तर्क न्याय संगत लाग्छ कि पाण्डुका छोराहरू पहेंला रंगका हिमालय निवासी अनार्य जातिका प्रतिनिधि थिए, जो बहुपतिक विवाहका अभ्यासी थिए।" ❀❀

❀ Whereas the un-Aryans "Sudras" were the under-dogs, and the slaves, "born to servi tude," had no rights and possessions.

❀❀The name, 'Pandavas' means a pale face and the conjecture seems to be legitimate that the sons of Pandu may have been the representatives of a yellow-tinted Himalayan non-Aryan tribe which practised polyandry

CC-0. In Public Domain. Digitization by eGangotri

समाजमा मासु खाने प्रथा थियो। सुरापानको पनि प्रचार थियो तर बिस्तार-बिस्तारै शाकाहारी प्रवृत्तिको विकास भइरहेको थियो। त्यस समयमा विद्वान्हरूले अहिंसा सिद्धान्तको विशिष्टता प्रस्तुत गरिदिएका थिए। डा० स्मिथको भनाइ छ, "महाकाव्यहरू पूरा हुने बेलामा (२०० ई० मा) अहिंसाको सिद्धान्तले महत्त्वपूर्ण स्थान प्राप्त गरेको थियो"। ₩

समाजमा स्त्रीवर्गको स्थान (Position of woman):—

स्त्रीहरूको सामाजिक अवस्था दयनीय भइ सकेको थियो। उनीहरूलाई भोग विलासको साधन मानिन्थ्यो। बहु विवाहको प्रथा प्रायः धनी वर्गमा मात्र प्रचलित थियो। विवाह प्रथा स्थायी र दृढ़ भइ सकेको थियो। सती-प्रथाको पनि उदाहरण पाइन्छ। राजा पाण्डु की रानी माद्री आफ्ना पतिसंग सती गएकी थिइन्। अन्तर्जातीय विवाह को पनि उदाहरण पाइन्छ। स्वयम्वरको प्रणाली थियो। सीता, दमयन्ती, द्रौपदी आदिको विवाह यही पद्धति द्वारा भएको थियो। पर्दा-प्रथाको पनि उल्लेख पाइन्छ। वेश्याहरूको पनि चर्चा छ। बाल-विवाहको प्रथा संभवतः प्रचलित भइसकेको थियो किनभने अभिमन्युको विवाह १६ वर्ष भन्दा पहिल्यै भइसकेको थियो।

₩ When the epics were finally recast in their present shape, be the date A.D. 200 or another, the doctrine of 'ahimsa' or non-injury to living creatures, had gained the upper hand.

CC-0. In Public Domain. Digitization by eGangotri

राजनैतिक अवस्था (Political Condition):—

राजा राज्यका केन्द्र थिए। तर उनी स्वेच्छाचारी भने हुंदैनथे। राजा जनताप्रति उत्तरदायी थिए। राज्याभिषेकको बेलामा उनले प्रजा हितको शपथ लिनु पर्थ्यो जसको पालन उनले गर्नु पर्थ्यो। उनी मंत्रिपरिषद्को परामर्श बाट पनि बाध्य हुन्थे। दुष्ट राजालाई राजतंत्रमा कुनै स्थान थिएन। उत्तराधिकारको नियम अनुसार जेठा छोरा नै गद्दी का अधिकारी हुन्थे तर शारीरिक दोषले उनी कहिले काहीं यसबाट बञ्चित पनि हुन्थे। धृतराष्ट्र जन्मान्ध भएकाले पाण्डु राजा भएका थिए। राजा शानशौकतको जीवन व्यतीत गर्दथे। नर्तकीहरू राजाका अनुगामिनी हुन्थे। संगीत, शिकार, तथा मल्लयुद्ध राजाको मनोविनोदको विषय हुन्थ्यो। राजानै प्रजाका नेता हुन्थे। देश-रक्षा र शान्तिको भार राजा माथि थियो। मंत्रि परिषदमा चार ब्राह्मण, आठ क्षत्रिय, एक्काइस वैश्य, ३ शूद्र र एक सूत हुन्थे। राजाको सहायताको लागि युवराज, सामन्त, पुरोहित, सेनापति, धर्माध्यक्ष, दण्डपाल आदि धेरै पदाधिकारी थिए। युद्ध र सुव्यवस्थाको लागि सेनाको प्रबन्ध थियो। युद्धमा मरेका अथवा घाइते भएका सिपाहीहरू तथा तिनका विधवाको पालन-पोषण को प्रबन्ध राजा गर्दथे। महाभारत को शान्ति पर्वमा 'अराजक-शासन' अथवा गणतंत्र (Republic) शासन व्यवस्थाको पनि उल्लेख छ। गणतंत्रमा प्रजातांत्रिक व्यवस्था हुन्थ्यो। शासनको निम्नतम आधार ग्राम थियो जसको मुखियालाई ग्रामणी भनिन्थ्यो। दश ग्रामको मुखियालाई 'दशग्रामी' बीस गाउंको मुखियालाई 'विशन्तीप:' १०० गाउंको मुखियालाई 'सतग्रामी' र हज्जार गाउंको मुखियालाई 'अधिपति' भनिन्थ्यो।

डा० त्रिपाठीको भनाइ छ, "अधिकारीहरू आफू भन्दा माथिका अधिकारीहरू प्रति उत्तरदायी हुन्थे र जस्मै अधिकारीहरू राजा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रति ।"❀ महाकाव्य कालमा नै साम्राज्यवादी मनोवृत्तिको बीजारोपण भएको थियो। आफ्नो विजयको उपलक्ष्मा राजाहरू अश्वमेध र राजसूय यज्ञ गर्दथे। राजा रामले अश्वमेध यज्ञ र युधिष्ठिरले राजसूय यज्ञ गरेको उल्लेख छ।

धार्मिक अवस्था (Religious Condition):—

महाकाव्यकालमा धार्मिक विचार धारामा धेरै परिवर्त्तन आयो। मानिसको विश्वास प्रकृति देखि उठिसकेको थियो। इन्द्र वरुण, उषा आदिको स्थानमा स्कन्द, विशाख र वैश्रवण देवताहरू प्रतिष्ठित भएका थिए। त्रिमूर्तिको भावनाको जन्म भइसकेको थियो। यी त्रिमूर्ति थिए—ब्रह्मा, विष्णु र महेश। ब्रह्मा सृष्टिका रचयिता, विष्णु पालनकर्त्ता र महेश उसको संहारकर्त्ता थिए। प्राकृतिक शक्तिहरूको स्थानमा वीर पूजा शुरू भएको थियो। वीर पुरुषलाई देवता सरह मान्यता प्राप्त थियो। राम र कृष्ण अवतार मानिन्थे। आत्माको आवागमनको सिद्धान्तलाई मान्यता प्राप्त भइसकेको थियो। डा० त्रिपाठी को भनाइ छ, "रामायण-महाभारतको सामग्रीबाट प्रमाणित हुन्छ कि त्यो बेलामा नै आधुनिक सामाजिक र धार्मिक विश्वासको नींव पूर्णतया राखिइ सकेको थियो।"❀ वैष्णव धर्मको पनि श्री गणेश भएको थियो। भक्ति र कर्म माथि विशेष

❀ These officers collected revenue, detected crime and maintained order within their jurisdictions, each being responsible to the next higher authority, and all eventually to the King.

❀ The Epics thus indicate that the foundations of modern beliefs had been well and truly laid.

CC-0. In Public Domain. Digitization by eGangotri

जोर दिइन्थ्यो। पशुबलिको स्थानमा आत्म-संयम, यज्ञ र चरित्र-शुद्धि माथि विशेष जोर दिइन्थ्यो तापनि यता उति हिंसाको दृश्य देखा पर्दछ। त्यो वेलामा कहिले काहीं गोमांसको पनि व्यवहार हुन्थ्यो। तर महाकाव्यकालको उत्तरार्द्धमा यो प्रथा समाप्त हुंदै थियो। डा० स्मिथको भनाइ छ, "महाभारतको केही अंशमा गोवध र नरमेध जस्ता प्राचीन कालका प्रथाको समावेश थियो तर पछि-पछि यो कार्यलाई भयानक ठानियो।"*जवाहरलाल नेहरूको पनि भनाई छ, "सत्य र अहिंसा जस्तो सिद्धान्तलाई महत्त्व प्रदान गर्दा गर्दै पनि धर्म कुनै कट्टरताको वस्तु होइन, यो समय र त्यो वेलाको अवस्था माथि निर्भर गर्दछ।" ꙮ

०—०

आर्थिक अवस्था (Economic Condition)

महाकाव्यकालमा 'वार्ता' शब्दको उल्लेख पाइन्छ जसको अर्थ हो कृषि, पशु-पालन र वाणिज्य। त्यो वेला वार्ताको महत्त्व बढेको थियो। जीविकाको मुख्य साधन कृषि थियो। दुवै महाकाव्यमा उर्वरा भूमिको उल्लेख छ। खेतीको निमित्त हलो र गोरूको

* That certain parts of the Mahabharta retain distinct pratctices of, such as cow killing and human sacrifice, which were regarded with horror when the later parts of the work were composed.

ꙮ yet dharma itself is relative and depends on the times and conditions prevailing apart from some basic principles such as adherences to truth, non-violence, etc.

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहार हुन्थ्यो। वणिक र अन्य व्यवसायी तथा नागरिकहरू नगरमा निवास गर्दथे। व्यापारीहरू टाढ़ा टाढ़ा बाट वस्तुहरू ल्याएर बेच्दथे र सरकारलाई कर दिन्थे। नगर निवासीहरू शुल्क र कर सिक्काको रूपमा दिन्थे। डा० त्रिपाठीको भनाइ छ, "वणिक-हरू र शिल्पीहरूको "श्रेणी" को धेरै प्रभाव थियो। पुरोहितहरू पछि ती श्रेणीका मुखिया-महाजनहरूको राजा विशेष आदर गर्दथे।"*

उनीहरूको पोशाक र भोजनमा पनि परिवर्तन भयो। पहिले मासु प्रमुख भोजन थियो तर पछि त्यसको महत्त्व कम भयो। गहूं, जौ, चामल (व्रीहि), दूध, फलफूल आदिको प्रचलन भयो। समाजमा मद्यपान पनि प्रचलित थियो तर ब्राह्मणहरूको लागि वर्जित थियो। त्यो बेलामा धेरै प्रकारका आभूषणको पनि व्यवहार हुन्थ्यो।

---

* The guilds of merchants and artisans wielded great influence, and next to the priests their heads (Mahajan) were the objects of royal attention and solicitude.

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय–५

6th century B.C. Political Condition

(ई॰ पू॰ छैठौं शताब्दी को राजनीतिक अवस्था)

प्राचीन भारत र विशेष रूपमा ई॰ पू॰ छैठौं शताब्दी को स्थितिको पत्ता लगाउनको लागि बौद्ध र जैन धर्मग्रंथ माथि निर्भर गर्नु पर्छ तर यी ग्रन्थहरू मुख्यतः धार्मिक हुनाले राजनैतिक अवस्था माथि धेरै प्रकाश पुर्‍याएका छैनन्। तापनि यदाकदा यिनी हरूले ऐतिहासिक ज्योति पुर्‍याएका छन्। यी ग्रन्थहरूको अध्ययन गरेर हामी यो थाहा पाउँछौं कि त्यो बेला भारतमा कुनै एउटा सार्वभौम र शक्तिशाली राज्य थिएन। सम्पूर्ण देशमा यता उति छरिएका साना-साना राज्य थिए र उनीहरूमा सधैं सत्ताको लागि संघर्ष हुन्थ्यो। तर बिस्तार-बिस्तारै साम्राज्यवादी प्रवृति विकसित हुन्दैथ्यो। डा॰ एच॰ सी॰ राय चौधरी को भनाइ छ, "छैठौं शताब्दी देखि हामी भारतीय राजनीतिमा एक नवीन विकासको अनुभव गर्दछौं।" ❋ पहिलेको जन अब जनपदको रूपमा परिवर्तित भएको छ। राजतंत्र (अराजक व्यवस्था) र गणतंत्र दुवै प्रकारको शासन प्रणालीको उल्लेख पाइन्छ। यूनानीहरूले पनि दुवै व्यवस्थाको उल्लेख गरेका छन्। बौद्ध र जैन धर्मग्रन्थहरूमा यस्ता धेरै जनपदहरूको उल्लेख छ जसमा निम्नलिखित १६ जनपद प्रमुख छन्। तर बौद्धकालमा नै यी सबै जनपद केन्द्रीकरण को पद्धति अनुसार मात्र ४ प्रमुख राज्य (अवन्ति, वत्स कोशल र मगध) मा परिवर्तित भएका थिए —

❋ But from the sixth Century B. C. we can trace a new development in Indian politics.

CC-0. In Public Domain. Digitization by eGangotri

(१) अंग—यसको राजधानी चम्पा वा मालिनी थियो। यो बिहार राज्यको उत्तर-पूर्व तर्फ आधुनिक भागलपुरको स्थानमा अवस्थित थियो। यो बहुतै समृद्ध नगरी थियो तथा कला, संस्कृति सभ्यता र व्यापारको प्रमुख केन्द्र थियो। मगध ले यसलाई पराजित गरेर आफ्नो राज्यमा मिलायो।

(२) मगध—यो राज्य दक्षिण बिहारमा अवस्थित थियो। यसको राजधानी राजगृह थियो। त्यहां काशीबाट निस्केको शिशुनाग वंशको शासन थियो। यो नगर पनि आफ्नो वैभवको लागि प्रसिद्ध थियो। प्रारम्भमा यो राज्य त्यति शक्तिशाली थिएन, पछि-पछि यसले धेरै उन्नति गर्‍यो। अंग विजय पछि यसको शक्ति र प्रतिष्ठा मा ठूलो विकास भयो। बौद्ध काल भन्दा अगाड़ि यसमा दुइ प्रसिद्ध शासक भए-बृहद्रथ र उनका छोरा जरासंध।

(३) काशी—यो जनपद उत्तर प्रदेशको दक्षिण पूर्व भागमा गंगा नदीको किनारमा अवस्थित थियो। काशी अथवा वाराणसी यसको राजधानी थियो। राजा ब्रह्मदत्तको शासन-कालमा यस नगरीको विशेष उन्नति भयो। यो राज्य आपनो शक्ति, वैभव, ज्ञान, शिल्प एवं व्यापारको निमित्त प्रसिद्ध थियो। जैनतीर्थङ्कर, पार्श्वनाथका पिता अश्वसेन काशीका एउटा शासक थिए।

(४) वज्जि—यो एउटा विशाल राज्य थियो जसमा आठ गणतन्त्र शामिल थिए। यो बिहार प्रान्तको मुजफ्फरपुर जिल्ला अन्तर्गत एउटा गणतान्त्रिक राज्य थियो। यसको राजधानी वैशाली थियो जो त्यस बेलामा एक प्रसिद्ध नगरी थियो। यो तत्कालीन सभ्यता र संस्कृति को केन्द्र थियो।

(५) कोशल—यो जनपद उत्तर प्रदेशको गोंडा जिल्लामा अवस्थित थियो। यो राज्यको राजधानी राप्ती नदीको किनारमा श्रावस्ती थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

यो राज्यको पूर्वी भाग स्वतंत्र भइसकेको थियो, त्यसकारणले यसको शक्ति कम भएको थियो। यसको संघर्ष काशी राज्यसित थियो जसलाई विजय गरेर यसले आफ्नो राज्यमा मिलाएको थियो। यसको राजधानी विशेष सम्पन्न एवं वैभवपूर्ण थियो। यो एउटा महत्वपूर्ण व्यापारिक केन्द्र थियो।

(६) मल्ल—मल्लहरूको महान् राज्य वज्जिहरूको संघ राज्यको उत्तरमा अवस्थित थियो। यो एउटा पहाड़ी गणतंत्र राज्य थियो। यसको दुइ खण्ड थियो, जसमा एकको राजधानी कुशी नगर, सम्भवतः आधुनिक कसिया थियो र अर्को को राजधानी पावा थियो। बुद्धको महापरिनिर्वाण कुशीनगरमा नै भयो। मल्लहरू बहुतै बहादुर थिए र युद्धका प्रशंसक पनि।

(७) चैदि—यो राज्य बुन्देलखंड र त्यसको छिमेक मा यमुना नदीको किनारमा अवस्थित थियो। यसको राजधानी शक्तिमती एक समृद्ध नगरी थियो। शिशुनागको शासन कालमा यो नगरीले बहुतै उन्नति गर्‍यो। यो वंशको एक शाखाले कलिंगमा प्रवेश गरेर आफ्नो राज्यको स्थापना गर्‍यो।

(८) वत्स—यो आधुनिक प्रयागको छेउछाउमा फैलिएको थियो। यसको राजधानी यमुना नदीको किनारमा कोशाम्बी थियो। यो एउटा धनी नगरी थियो जहाँ कैयौं लखपति व्यापारी रहन्थे। बुद्धका समकालीन नृपति उदेन का पिता परन्तप यहांका शासक थिए।

(९) कुरु—यो राज्य वर्तमान दिल्ली र मेरठ जिल्लामा फैलिएको थियो। हस्तिनापुर र इन्द्रप्रस्थ यसका दुइ प्रधान नगर थिए। यसको महाभारत कालीन महत्व समाप्त भैसकेको थियो।

(१०) पंचाल—वर्तमान रुहेलखण्डनै त्यस बेलाको पंचाल थियो। पाण्डवहरू की पत्नी द्रौपदी त्यहींका राजा द्रुपदकी छोरी थिइन्। यो

CC-0. In Public Domain. Digitization by eGangotri

राज्य दुई भागमा बांडिएको थियो। त्यसकारणले यसको शक्ति क्षीण भएको थियो। संयुक्त रूपमा यसको राजधानी काम्पिल्य थियो।

(११) मत्स्य—यो राज्य यमुनाको पश्चिम तथा कुरुराज्यको दक्षिणमा स्थित थियो। यसको राजधानी विराटनगरी थियो। महाभारत कालमा यस राज्यमा राजतंत्र व्यवस्था थियो। पछि यो एउटा गणतंत्र को रूपमा परिवर्तित भयो। पाण्डवहरू ले आफ्नो वनवासका चौदहौंवर्ष अज्ञात रूपमा यहीं बसेर बिताएका थिए।

(१२) शूरसेन—यो राज्य मथुरा र त्यसको क्षेत्रमा स्थित थियो। यसको राजधानी मथुरा थियो। ज्ञान, बुद्धि र वैभवको क्षेत्रमा यसले धेरै प्रसिद्धि प्राप्त गरेको थियो। यादव वंशले यो राज्यमा ख्याति प्राप्त गरेको थियो।

(१३) अस्सक—यो राज्य गोदावरी नदीको किनारमा स्थित थियो। तर डा० त्रिपाठीले लेखेका छन्, "यस्तो पनि अनुमान छकि अवन्ति र मथुराको बीचमा यो राज्य अवस्थित थियो।" ❀ यसको राजधानी पाटेली अथवा पोतन थियो।

(१४) कम्बोज—यो राज्य गांधारको उत्तर पश्चिम सीमासित संबन्धित र त्यसको छिमेकी थियो। डा० त्रिपाठी को यस्तो पनि भनाइछ, "हामीहरूले थाहा पाएका छौं कि राजपुर र द्वारका यसको प्रमुख नगर थिए।" ❀❀

❀ '..."but when the list was drawn up their territory appears to have been between Avanti and Mathura.

❀❀ We hear of Rajpura and Dvaraka as the important towns.

CC-0. In Public Domain. Digitization by eGangotri

(१५) अवन्तिः—यो राज्य मालवामा अवस्थित थियो। यसको राजधानी उज्जैन थियो। बुद्धको कालमा कौशाम्बीका राजा उदयनको समकालीन अवन्ति का राजा प्रद्योत थिए। उनले उदयन माथि आक्रमण गरे र पराजित भएर आफ्नी छोरी को विवाह उदयन-सित गरे। अवन्ति बौद्ध धर्मको प्रमुख केन्द्र थियो। डेविड्स को भनाइ छ कि यद्यपि बौद्धधर्मको जन्म मगधमा भयो तर यथार्थमा यसले अवन्ति मा नै वस्त्र धारण गर्‍यो अर्थात त्यहांको पालीमा नै बौद्ध ग्रन्थहरूको रचना भयो।

(१६) गांधार—यो राज्यको फैलाव अफगानिस्तान तथा काश्मीर सम्म थियो। यसको राजधानी तक्षशिला थियो। ज्ञानको केन्द्रका रूपमा तक्षशिला बहुतै प्रसिद्ध थियो। टाढा-टाढाका विद्यार्थीहरू यहाँ आएर शिक्षा ग्रहण गर्दथे।

ई० पू० छैठौं शताब्दीको प्रारम्भ देखि नै उपरोक्त जनपदहरूको प्रभाव कम हुनथाल्यो। साम्राज्यवादी प्रवृत्तिको विकास शीघ्रतापूर्वक हुनथाल्यो र आपनो संघर्ष र मतभेदको कारणले मगध, कोशलवत्स तथा अवन्तिले साना-साना राज्यहरूलाई विजय गरेर प्रमुख राज्यको रूपमा प्रकट भए। मगध का राजा बिम्बिसार कोशलका राजा प्रसेनजित, वत्स का राजा उदयन र अवन्तिका राजा प्रद्योत थिए। छैठौं शताब्दी-को उत्तरार्द्धमा मगधले प्रमुख स्थान धारण गर्‍यो र त्यो बाहेक अरू सबै राज्यको अस्तित्व समाप्त भयो। डा० त्रिपाठीको भनाइ छ, "यसको परिणाम स्वभाविक नै पारस्परिक संघर्ष भयो, जसको अन्तमा मगध को एकमात्र साम्राज्य को उदय भयो।" ❀

❀ 1. It inevitably led to conflicts among these powers, and, as we shall presently see, they were ultimately wielded into one mighty empire

CC-0. In Public Domain. Digitization by eGangotri

छैठौं शताब्दी ई० पू० भारतमा राजतंत्र को अतिरिक्त गणराज्य-हरूको उल्लेख बौद्ध साहित्यमा छ। सम्पूर्ण देशमा राजतंत्र र गणतंत्र को जाल फैलिएको थियो। गणतन्त्रमा शासनको सूत्र जनताको हातमा थियो। उनीहरू आफ्नो शासनको लागि स्वयं उत्तरदायी थिए। बौद्धसाहित्य द्वारा हामी गणतन्त्र थाहा पाउछौं।

१. कपिलवस्तुको शाक्य— बौद्ध साहित्यानुसार कपिलवस्तुको शाक्यका गणराज्य बहुतै महत्वपूर्ण स्थान राखदथ्यो। यो हिमालयको तराईमा अवस्थित थियो। यसको राजधानी कपिलबस्तु मानै थियो। कपिलवस्तुको शाक्य परिवारमा नै गौतमबुद्धको जन्म भएको थियो। यिनी क्षत्रिय थिए। शासनको बागडोर जनताको हातमा थियो। गौतमबुद्धका पिता शुद्धोदन एउटा निर्वाचित राजा थिए। निर्वाचन पछि राजाले राष्ट्रपति जस्तै शासन गर्नु पर्दथ्यो। कपिलवस्तुमा संथागारको उल्लेख पाइन्छ। यो एउठा परिषद थियो, जहाँ युवा, बृद्ध, धनी र गरीब सबै साथ साथै बसेर मंत्रणा गर्दथे। विरोधको अवस्थामा सबै उत्तरदायित्व एउटा समितिलाई सुम्पिन्थे। मतैक्य भएन भने मतदानको क्रियाबाट निर्णय हुन्थ्यो। यस प्रकारले सबै निर्णय प्रजातान्त्रिक पद्धति द्वारा हुन्थ्यो। "ललितबिस्तर" मा यस्तो सदस्यको संख्या ५०० लेखेको छ।

शाक्यहरूको आर्थिक जीवनको आधार कृषि, पशुपालन तथा शिल्प थियो। शाक्यहरू शान्तिप्रिय थिए। चोरी नाम मात्रको हुन्थ्यो, अपराधीहरूलाई समातेर न्यायालयमा पुर्‍याइन्थ्यो र उनलाई उचित दण्ड दिइन्थ्यो।

२. वैशालीको लिच्छवी—वैशालीको गणराज्य बिहार राज्यको मुजफ्फरपुर जिल्लामा अवस्थित थियो। यसको राजधानी वैशाली नैथियो। यो प्राचीन भारतको एक महान् नगर थियो। यो लिच्छवी-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको राजधानी को अतिरिक्त वज्जि अथवा वृज्जिसंघ को पनि राजधानी थियो। कौटिल्य ले पनि आफ्नो अर्थशास्त्रमा यसको उल्लेख गरेका छन्। "ललितविस्तर" अनुसार राज्यको सम्प्रभुता प्रत्येक जनतामा निहित थियो र सबै जनता समान थिए। राज्यसभाको निमित्त प्रतिनिधिको निर्वाचन हुन्थ्यो। यो प्रतिनिधि हरूलाई राजा भनिन्थ्यो। प्रतिनिधि सभालाई संथागार भनिन्थ्यो। यो राज्यको व्यवस्थापिका थियो। यसको बैठकको लागि कोरमको व्यवस्था थियो। संथागार आधुनिक व्यवस्थापिका जस्तो राज्यको सर्वोच्च संस्था थियो। लिच्छवी राज्यमा न्याय व्यवस्था राम्रो थियो। अपराधीको सम्बन्धमा पूर्णतया जांच हुन्थ्यो। पूरा-पूरा अपराध सिद्ध भएमा मात्र दण्ड दिने व्यवस्था थियो। भगवान् बुद्धले पनि लिच्छवीहरूको शासन व्यवस्थाको प्रशंसा गरेका थिए।

वज्जि अथवा वृज्जिसंघ—यो आठ ठूला-ठूला राज्यको एउटा संघ थियो, जसमा लिच्छवी, विदेह, ज्ञात्रिक, वज्जि आदि थिए। यसै ज्ञात्रिक गणतन्त्रमा महावीर तीर्थङ्करको जन्म भएको थियो। वज्जि संघको राजधानी वैशाली नै थियो। वज्जि संघको शासन व्यवस्थाको मुख्य विशेषता यो थियो कि—

१. यो संघका अनेक सभाहरू थिए जसको कहिले कहिले अधिवेशन हुंथ्यो।

२. त्यहांका निवासी परस्पर प्रेम पूर्वक राजकीय कार्य गर्दथे र एकतापूर्वक संघको उन्नतिको लागि प्रयत्न गर्दथे।

३. उनीहरू आफ्नो परम्परागत नियमको पालन गर्दथे र संघ विरोधी कुराहरू गर्दैनथे।

४. उनीहरूको शासनको सूत्र वृद्धहरूको हातमा थियो जसलाई उनीहरू सम्मान गर्दथे। भगवान् बुद्धको भनाइ थियो कि जहिले सम्म वृज्जिहरूमा नियमितता, एकता, उद्यम, मुखियाहरू प्रति आदर कुलस्त्री-

CC-0. In Public Domain. Digitization by eGangotri

हरू प्रति सहिष्णुता, राष्ट्रिय मन्दिर प्रति आदर तथा अर्हतहरू (त्यागी विद्वान्‌हरू) प्रतिरक्षा र मर्यादाको समावेश छ, त्यो बेला सम्म वृज्जिहरू को अभ्युदय निश्चित छ । बुद्ध वृज्जि संघका ठूला प्रशंसक थिए । उनले एक पल्ट आफ्ना शिष्यहरूलाई भनेकाथिए "तिमीहरू मध्ये जसले देवताको परिषद देखेको छैन उसले यो परिषद देख्नु पर्छ ।" अजातशत्रु ले यो कुरालाई राम्रो बुझि सकेका थिए र उनले अनीति मार्ग द्वारा फूट पैदा गरेर वृज्जिसंघ लाई नष्ट गरे ।

यसको शासन व्यवस्थाको सम्बन्धमा डा० आर० सी० चौधरीको भनाइ छ "वृज्जिहरूका कुनै राज्य थिएन बरु राज्यको कार्य संचालनको लागि एउटा लोकप्रिय सभा र बुजुर्गहरू थिए । यस प्रकारको शासन तन्त्रलाई गण भनिन्थ्यो ।"❀

मल्लसंघ—कुशीनगर र पावाको मल्ल राज्य प्रसिद्ध थियो । यो ठाउँमानै भगवान् बुद्धको परिनिर्वाण भएको थियो । यिनीहरूमा आठ प्रमुख हुन्थे जसमा शासनको अधिकार निहित हुन्थ्यो । यिनीहरूको अर्को राज्य पावमा थियो । यो बाहेक मल्ल नगरको पनि उल्लेख भएको छ । यो वृज्जिसंघको एउटा इकाई (युनिट) थियो । डा० राय चौधरी को भनाइ अनुसार यसको संविधान लिच्छवीहरू जस्तै थियो ।

❀ The Vrijis had no monarch, but a popular assembly and elders who carried on the business of the state. This type of polity was known as a Gaha or republic.

CC-0. In Public Domain. Digitization by eGangotri

उपरोक्त गणराज्यहरू बाहेक सुन्सुमगिरी को भग्ग अल्लकप्पको बुली, केसपुतको कालाम, रामगामको कोलियो, पिप्पलिवन को मोरिय मिथिलाको विदेह आदि गणराज्य थिए ।

गणराज्यहरूको शासन व्यवस्था लोकतंत्रात्मक थियो। सम्पूर्ण सत्ता को अधिकारी गणलोक अथवा समूह थियो। यिनीहरूलाई पंचायती राज्य पनि भनिन्थ्यो। कैयौं गणराज्यको प्रवेश पछि संघको स्थापना हुन्थ्यो। राज्यको तीन प्रमुख अंग थिए—सेना, अर्थ र न्याय। गणराज्य हरूको विनाशको कारण तिनीहरूको आपसी फूट थियो। अजातशत्रुको मन्त्री वर्षकार तथा चाणक्यले गणतन्त्रलाई खत्म गर्नको लागि कूटनीति आवश्यक बुझेका थिए ।

०—०

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ६

Evaluation of Magadhan Empire.

(मगध साम्राज्यको मूल्यांकन)

ई० पू० छैठौं शताब्दीमा जनपदहरूको विनाश हुन थाल्यो र कोशल, मगध, अवन्ती तथा वत्स नामक चार जनपद बांकी रहे। यिनीहरू मध्ये पनि सत्ताको लागि संघर्ष भयो र अन्तमा मगध लैं सबैलाई जिते र एक साम्राज्यको निर्माण गरे। यो विशाल साम्राज्यको निर्माणमा बार्हद्रथ, हर्यङ्क, शिशुनाग, नन्द तथा मौर्यवंशले प्रमुख भाग लिए।

मगधलाई वैदिक साहित्यमा अपवित्र भनेको छ। सम्भव छ कि मगध माथि आर्य-संस्कृतिको प्रभाव परेको थिएन र मगधका निवासी हरूलाई व्रात्य (पतित) भनिन्थ्यो। तिनीहरू आर्य थिए अथवा अनार्य त्यसको निश्चित थाहा छैन तर यति मात्र सत्य छ कि तिनीहरू वेदसम्मत सभ्यतालाई मान्दैनथे। त्यो बेलामा मगधमा बार्हद्रथ वंशको शासन थियो र त्यसको राजधानी राजगृह अथवा गिरिव्रजमा थियो। बृहद्रथ का पुत्र जरासंध शक्तिशाली राजा भए।

ई० पू० छैठौं शताब्दीमा नै हर्यङ्ककुलको शासन भयो। बुद्धको समयमा यस कुलका शासक बिम्बिसार मगधमा राज्य गर्दथे। यिन को सम्बन्धमा डा० स्मिथको भनाइ छ, "प्रथमराजा बिम्बिसार अथवा

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेणिक थिए जसको सम्बन्धमा सर्वप्रथम निश्चित प्रमाण भेटिएको छ।"❀ पहिले उनको राजधानी गिरिव्रजमा थियो, तर पछि उनले राजगृहलाई राजधानी वनाए। उनी एउटा कुशल राजनीतिज्ञ थिए। उनले वैवाहिक सम्वन्ध द्वारा आफ्नो शक्ति वलियो पार्न खोजे। उनले तीन विवाह गरे। कोशल-राज प्रसेनजित की वहिनी कोशल देवी संग पहिलो विवाह गरे त्यसको उपलक्षमा उनले काशी राजको एक भू-भाग पाए जसको वार्षिक आय १ लाख थियो,उनले वैशालीको लिच्छवी वंशकी राजकुमारी चेतक संग पनि विवाह गरे र वैशालीसित मित्रताको सम्वन्ध स्थापित गरे। उनले पंजाबका मद्रराजाकी पुत्री क्षेमासित पनि विवाह गरेर आफ्नो प्रभाव टाढा-टाढा सम्म फैलाए।

उनी एउटा महत्वाकांक्षी र साम्राज्यवादी प्रवृतिका राजा हुनाले साम्राज्य-विस्तार पट्टि पनि धेरै ध्यान दिए। उनले छिमेकी राज्यहरू-माथि आक्रमण गरेर अनेकौं राज्य मगध साम्राज्यमा गाभे। सर्वप्रथम उनले अंग (वर्तमान भागलपुर) र मुंगेरलाई जितेर आफ्नो साम्राज्यमा गाभे। यो सम्वन्धमा डा० एच० सी० राय चौधरीको भनाई छ "उनको सवभन्दा महत्वपूर्ण सफलता छिमेकी राज्य अंग अथवा पूर्व बिहार लाई आफ्नो राज्यमा गाभ्नु थियो, जसको राजधानी भागलपुर नजिकै चम्पामा थियो।" ❀ उनले वत्स, गांधार कम्वोज तथा मद्र-राज्यसित कूटनीतिक सम्वन्ध स्थापित गरेका थिए।

❀ 1. The first monarch about whom anything substantial has been recorded is the fifth king, Bimbisara or Srenika.

❀❀ 1. The most notable achievement of Bimbisara was the annexation of the neighbouring kingdom of Anga or East Bihar, which had its capital at Champa near Bhagalpur.

CC-0. In Public Domain. Digitization by eGangotri

उनी वृद्धावस्थामा पुगेपछि उनका छोरा अजातशत्रु मगधका शासक भए। बौद्ध ग्रन्थहरू अनुसार अजातशत्रुले आफ्ना वृद्ध पितालाई मारेर राजसिंहासनमा बसे तथा मगध-सम्राट्को उपाधि धारण गरे। तत्पश्चात् बुद्धको सम्मुख उनले आफ्नु पाप-कर्म स्वीकार गरेर प्रायश्चित गरे तथा बौद्ध धर्म स्वीकार गरे। डा० स्मिथले पनि यो तथ्यलाई स्वीकार गरेका छन्। उनमा धेरै धार्मिक सहिष्णुता थियो। उनी बुद्ध र महावीर दुवैका समकालीन थिए। दुवै उनलाई आफ्ना अनुयायी मान्दथे। तर अधिकांश विद्वान् उनलाई बौद्ध मान्दछन्। उनले दुवै धर्मलाई प्रोत्साहन दिएर तिनीहरूको विकासमा पनि सहयोग दिए।

शासन प्रबन्ध (Administration)—

बिम्बिसार महान् राजनीतिज्ञ तथा कुशल प्रशासक थिए। उनले आफ्नो विशाल राज्यको शासन सुचारुरूपले गरे। उनी आफ्ना उत्तरदायी शासकहरूलाई पारितोषिक र ढीला-सुस्ती गर्ने अधिकारीलाई दंड दिन्थे। उनको सम्बन्धमा डा० त्रिपाठीको भनाइ छ "मगधको शासन व्यवस्थित थियो र त्यसको प्रबन्ध महामात्त (महामात्र) को हातमा थियो। महामात्रहरू माथि पनि उनी गम्भीर दृष्टि राख्दथे।"❀❀

अजातशत्रु—उनी महाराज बिम्बिसार की लिच्छवी रानी छलनाबाट उत्पन्न भएका थिए। उनको बाल्यकालको नाम कुणीक थियो। उनलाई पैले देखिनै शासनको पूर्ण ज्ञान थियो। किभनने उनले आफ्ना

❀❀ The government was well organised, and the activities of the high officers of the realm, called Mahamattas (Mahamatras), were strictly watched and controlled,

CC-0. In Public Domain. Digitization by eGangotri

पिताका प्रतिनिधिको रूपमा अंग देशका राज्यपालको काम गरेका थिए। उनी ४९१ ई० पू० मा मगधको गद्दीमा बसे। डा० त्रिपाठी को भनाइ छ "पैले उनले अंगको राजधानी चम्पामा आफ्ना पिताका प्रतिनिधि-शासक नियुक्त भएर त्यहीं नै उनले शासनकला सिके।" ❀

कोशल संग युद्ध (War with Kosala)—कोशलनरेश प्रसेनजित सम्भवतः अजातशत्रु द्वारा बिम्बिसारको हत्याको कारणले बहुतै रिसाएर दाइजोमा दिएको राज्यलाई फर्कांउने प्रयत्न गरे। अजातशत्रु त्यसो गर्नलाई तैयार थिएनन्। फलस्वरूप दुवै पक्षमा युद्ध आरम्भ भयो। यो युद्ध लामो समयसम्म भयो। पछि दुवै पक्षमा समझौता भयो र यो सन्धि अनुसार कोशल नरेशले आफ्नी छोरी वजिरा संग अजातशत्रुको विवाह गरि दिए। तत्पश्चात् कोशल पनि मगध राज्यमा सम्मिलित भयो।

अजातशत्रु साम्राज्यवादी प्रवृतिका व्यक्ति थिए। उनले यस्तो अनुमान गरेका थिए कि जबसम्म वृज्जि संघको अन्त हुंदैन तबसम्म उनको साम्राज्य-विस्तार संभव छैन। उनी एउटा कूटनीतिज्ञ पनि थिए। अजातशत्रुले वृज्जि संघलाई नष्ट गर्ने जिम्मेवारी वर्षकारलाई सुम्पिएको थियो। उनले भगवान् बुद्धबाट यो कुरा थाहा पाएका थिए कि जबसम्म वृज्जि संघमा फूट हुने छैन तबसम्म त्यसलाई जित्न असम्भव छ। अजातशत्रुले शस्त्रबल र वर्षकारले भेदनीति बाट वृज्जिसंघलाई जिते। यो सम्बन्धमा डा० एच० सी० राय चौधरी को भनाई छ, "आफ्ना

❀ 1. The latter was at first his father's viceroy at Champa, the capital of Anga, where he learnt the art of government.

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिद्वन्द्वीहरूलाई विजय गर्ने श्रेय अजातशत्रुको दृढ़ निश्चय र उनका मन्त्री (वर्षकार) को कुटिल नीतिलाई प्राप्त छ। वृज्जिसंघ मगध राज्यमा मिलाइयो।" ❀ यसै बेला पीड़ित लिच्छवीहरू भागेर नेपाल आए जहां उनीहरूले सातौं शताब्दी सम्म राज्य गरे। पछि अजातशत्रुले मल्ल संघलाई जितेर आफ्नु राज्यमा मिलाए। अंग, काशी वृज्जिसंघ (वैशाली आदिको संघ) आदि विजय पछि अवन्ति नै एउटा यस्तो राज्य थियो, जसले मगधको मुकाबला गर्न सक्दथ्यो। अवन्तिबाट आक्रमणको संभावनाले उनले आफ्नु राजधानीलाई किल्लाले घेरै। उनी बौद्ध र जैन दुवै धर्मलाई समान रूपमा आदर गर्दथे। आफ्नों शासनकालमा उनले बौद्ध धर्मको प्रथम संगीतिको आयोजना राजगृहमा गरेका थिए। उनले ४९१ ई० पू० देखि ४५९ ई० पू० सम्म शासन गरे।

उदायिन—पुराण तथा भास रचित स्वप्नवासवदत्तामा दर्शकको नाम अजातशत्रुको उत्तराधिकारीका रूपमा आएको छ। तर जैन र बौद्ध विद्वान्-हरू अनुसार उदायिन नै अजातशत्रुका उत्तराधिकारी थिए। उनको शासनकाल ४५९ ई०पू० देखि ५४३ ई० पू० सम्म मानिन्छ। उनको शासनकालमानै मगध र अवन्तिको बीचमा निर्णायक युद्ध भयो। अवन्तिका शासक विशाखयूपले पराजित भएर करीब १० वर्ष सम्म करद राज्यको रूपमा शासन गरे। पछि उनको मृत्यु भयो र उदायिनले अवन्तिलाई मगध साम्राज्यमा मिलाए। अवन्तिलाई मगध साम्राज्यमा मिलाउनु यो युगको सर्वप्रथम घटना हो। यस प्रकारले उनीहरू मगध र अवन्तिका विशाल साम्राज्यका शासक भएर उनले सोन तथा गंगाको

❀ 1, Thanks to his own tenacity and the Machiavellian policy of his minister, Ajatsatru succeeded in defeating all his adversaries. The Vriji territory was annexed to the kingdom of Magadha,

CC-0. In Public Domain. Digitization by eGangotri

संगम माथि कुसुमपुर नगरको निर्माण गरे जो पछि पाटलिपुत्र (आधुनिक पटना) का रूपमा विश्वविख्यात नगर भयो। यो नगरको निर्माण त्यो ठाउँमा भयो जहां अजातशत्रुले अवन्तिका राजा प्रद्योतको भयले सुदृढ दुर्गको निर्माण गरेका थिए। दीपवंश र महावंश अनुसार यो वंशका अन्तिम शासक अनिरुद्ध, मुन्ड र नागदसक भए। उनीहरू पितृहन्ता थिए। उनीहरूको दुर्वलता र उनीहरू प्रति घृणाले उनको अमात्य शिशुनागलाई राजा हुने मौका मिल्यो।

शिशुनाग—उपरोक्त धर्म ग्रन्थहरू अनुसार अमात्य, मंत्रीहरू आदिले तत्कालीन काशीका राज्यपाल (गवर्नर) लाई राजा बनाए। उनले वैशालीलाई आफ्नु राजधानी बनाए र युवराजलाई त्यहांको शासक नियुक्त गरे। उनले अवन्तिका राजा अवन्ति वर्द्धनलाई हराएर त्यसलाई आफ्नो साम्राज्यमा गाभे। उनले कोशल राज्य माथि आक्रमण गरे र त्यसमाथि पनि विजय प्राप्त गरे। उनले मध्यदेश, मालवा र उत्तरका कैयौं राज्यलाई जिते। उनका उत्तराधिकारी कालाशोक अथवा काकवर्ण भए।

कालाशोक—शिशुनागको मृत्यु पछि उनका पुत्र कालाशोक मगधसम्राट् भए। उनी आफ्ना पिता जस्तै पराक्रमी शासक थिए। उनले आफ्नो राज्यको विस्तार काश्मीर सम्म गरेर कलिंगलाई पनि आफ्नो साम्राज्यमा मिलाए। उनैको शासनकालमा महात्मा बुद्धको महापरिनिर्वाणको सय वर्ष पूरा भयो र बौद्धहरूको दोस्रो संगीति वैशालीमा भयो। यसै सम्मेलनमा बौद्धधर्म दुई सम्प्रदायमा बांडियो। उनले २८ वर्ष सम्म शासन गरे। बौद्ध साहित्य अनुसार उनका दस छोराहरूले संयुक्त रूपमा २२ वर्ष सम्म शासन गरे। त्यसपछि शिशुनाग वंशको अन्त र नन्दवंशको प्रारंभ भयो। यो घटना नेपालको इतिहासमा वर्णित आनन्द मल्ल पछि संप्रभुताको विभाजन जस्तै छ।

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दवंश—नन्दवंशका संस्थापक महापद्मनन्द थिए। उनी बहुतै शक्तिशाली र समृद्ध सम्राट् थिए। पुराणहरूमा उनलाई "सर्व क्षत्रान्तक" अर्थात् सबै क्षत्रियहरूलाई अन्त गर्ने सम्राट् लेखेको छ। अतः यस्तो अनुमान हुन्छ कि उनी परम्परागत मर्यादित उच्च जातिमा उत्पन्न हिन्दूहरूका विरोधी थिए होलान्। यो कारणलेनै हिन्दूहरू पनि उनका विरोधी थिए होलान्। करीब करीब जम्मै इतिहासकारहरूले उनलाई शूद्र मानेका छन। उनी भारतका इतिहासमा सर्वप्रथम शूद्र शासकको रूपमा देखा पर्छन्। उनले इक्ष्वाकु, कुरु, पंचाल र कलिंग आदि क्षत्रिय राज्य माथि विजय प्राप्त गरेका थिए। कलिंग विजय गरेर उनले एक जैन मूर्ति ल्याएका थिए। अतः यस्तो अनुमान छ कि उनी जैन धर्मावलम्बी थिए। यस प्रकार मगधले एउटा सर्वशक्तिमान (Sovereign) राज्य को स्थान प्राप्त गर्‌यो र धेरै काल सम्म त्यसको इतिहासले सम्पूर्ण भारतको नै इतिहासको रूप धारण गर्‌यो।

महापद्मनन्दका उतराधिकारीहरू—उनको मृत्यु पछि उनका छोराहरूले शासन गरे। जसमा अन्तिम राजा सिकन्दर महान्का समकालीन थिए। बौद्ध साहित्यमा उनलाई घनानन्द लेखेको छ। कर्टियसले लेखेका छन् कि उनी संग अपार सेना थिए—जसमा २००,००० पैदल २०,००० घोड़ा, २००० रथ, ४००० हात्ती थिए। उनी बहुतै लोभी, अत्याचारी, अधार्मिक र प्रजा पीड़क शासक थिए। तसर्थ उनका प्रजा उनलाई घृणा गर्दथे। चन्द्रगुप्त र चाणक्यले सम्मिलित रूपमा यो राज्यलाई समाप्त गरे। सिंहली इतिहासकारहरूको भनाइ अनुसार नन्दहरूको राज्यकाल सम्भवतः ३२१—३२२ ई० पू० मा नष्ट भयो।

सामाजिक, राजनीतिक र आर्थिक जीवन

(Social, Political and Economic life—)

मगध साम्राज्यको विस्तारले भारतको सामाजिक, राजनैतिक तथा आर्थिक जीवनको निर्माणमा महत्त्वपूर्ण स्थान राख्दछ। मगध साम्राज्य

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण भन्दा अगाडि भारतमा यता उति छरिए साना-साना राज्यहरू थिए जसका बेग्लाबेग्लै रीति, परम्परा तथा जीवन-पद्धति थिए। उदाहरणार्थ महिलाहरू दक्षिणमा केही सुविधाहरूको उपयोग गर्दथे तर उत्तर भारतमा उनीहरूले त्यसको सुविधा प्राप्त गरेका थिएनन्। दक्षिणमा सती प्रथाको चिन्ह भेटेको छैन तर उत्तरमा यस्तो प्रथाको उल्लेख पाइन्छ।

स्त्रीहरूको दशा त्यत्ति राम्रो थिएन। उनीहरू आफ्नो पति माथि निर्भर गर्दथे। पति बिना उनीहरूको जीवन बेकार थियो। तिनीहरू मध्ये कुनै-कुनै स्त्रीले शिक्षा पनि प्राप्त गरेका थिए। उनीहरूको रचना बौद्ध साहित्यको थेरी-गाथा मा सुरक्षित छ। महाकाव्यमा स्वयंवरको पनि उल्लेख छ र पछिको जीवनमा पनि त्यसको प्रभाव देखा परेको छ जसको अनुसार तिनीहरू आफ्नो जीवनसाथी ठानेर काम गर्दथे। यस्तो प्रथा मुख्यतः धनी वर्गमा थियो। कहीं कहीं बहुपतिक विवाहको उल्लेख पनि पाइन्छ तर यो अपवाद स्वरूप हो। वेश्याहरूको पनि समाजमा स्थान थियो। यस्तै एउटा वेश्या अम्बपालीले भगवान् बुद्धलाई वैशालीमा भोजगरायकी थिई। डा० राधाकुमुद मुखर्जीको भनाइ छ, "आइमाई हरूको जीवन सम्बन्धी पूर्ण विवरणको लागि वेश्याहरूको उल्लेख पनि आवश्यक छ जसले समाजमा महत्वपूर्ण स्थान प्राप्त गरेका थिए। 'मूलसर्वास्तिवादनविनयपिटक'मा उल्लिखित आम्रपालीको कथाबाट त्यो वर्गलाईप्रदत्त महत्वपूर्ण प्रतिष्ठाको स्पष्ट चित्र पाइन्छ।" ❀

❀. No discussion of the position of women would be complete without reference to a class of courtesans who enjoyed social standing, The great prestige attached to this class of women appears vividly from the story of Amrapalı in the Vinayatexts of Mulasarvastivadinas.

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो बेलाका जनता मुख्यतः गाउँमा बसेका थिए। उनीहरूको जीवन सादा थियो। उनीहरूको जीविकाको आधार प्रधानतः खेती थियो। खेती बाहेक शिल्प पनि गाउँको आर्थिक जीवनको आधार थियो। पशुहरूको लागि सामूहिक गौचर हुंथ्यो। विभिन्न शिल्पहरूका श्रेणी हुन्थ्यो। केही पेशाहरूको उल्लेख बौद्ध साहित्यमा छ जसलाई समाज मा निम्न दृष्टिले हेरिन्थ्या उदाहरणार्थ—छालाको काम, माछा मार्ने काम, शिकार, नृत्य, अभिनय, सर्पमार्ने काम आदि। साधारणतः समाजमा वर्ण व्यवस्था को आधार वंशपरम्परागत थियो, तर अर्को पेशा ग्रहण गर्नमा कुनै असुविधा थिएन र यो कुराको धेरै प्रमाण पाइन्छन् कि तत्कालीन धेरै मानिसहरूले आफ्नो वृति बदलेका थिए।

यताउति छरिएका नगरहरूको पनि उल्लेख पाइन्छ। यसबाट थाहा हुन आउँदछ कि नगरहरूको संख्या धेरै थिएन। वाराणसी (बनारस), राजगृह, कोशाम्बी, श्रावस्ती, वैशाली, चम्पा, तक्षशिला, अयोध्या, उज्जैन र मथुरा आदि नगरहरूको उल्लेख बौद्ध साहित्यमा पाइन्छ। त्यो वेलासम्म पाटलिपुत्रको आविर्भाव भएको थिएन। नगर मा मुख्यतः व्यापारीहरू र सुखी-सम्पन्न व्यक्तिहरू बस्तथे।

त्यो बेला शिक्षाको मुख्य केन्द्र बौद्ध विहारहरू थिए। वाराणसी र तक्षशिला प्रसिद्ध शिक्षण संस्था थिए। शुल्क दिएर पढ्ने विद्यार्थीहरूलाई आगदायका र निःशुल्क पढ्ने विद्यार्थीहरूलाई धम्मन्तवासिका भनिन्थ्यो। छात्रहरूको जीवन सरल रअनुशासनपूर्ण थियो। शिक्षण संस्थाहरू जनसहयोग र दान माथि निर्भर गर्दथे तापनि उनीहरूलाई सरकारी कोषवाट सहायता दिने व्यवस्था थियो। बौद्ध विहारहरूमा भिक्षु आफ्नो धर्मको अध्ययन मनन र पठन कार्य आदि गर्दथे। डा० आर० के० मुखर्जीको कथन छ, "बौद्ध-पद्धति अनुसार बौद्ध विहारमा समान अनुशासन र शिक्षा द्वारा बांधिएका मठाधीशहरूला

CC-0. In Public Domain. Digitization by eGangotri

सामूहिक जीवन, भ्रातृत्वको भावना तथा प्रजातंत्रलाई उद्देश्य बनाएर शिक्षा दिने व्यवस्था थियो ।" ❋

वाणिज्य र व्यवसाय (Trade and Commerce)—

त्यो बेलामा देशी र विदेशी व्यापारमा बहुतै प्रगति थियो । पाली ग्रन्थहरू द्वारा थाहा पाइन्छ कि सामुद्रिक मार्ग द्वारा पनि व्यापार हुन्थ्यो । यस्तो व्यापार वर्मा र मलाया (सुवर्ण भूमि), लंका—(ताम्र-लिपि) र बैबिलोन संग हुन्थ्यो । व्यापार मुख्यतः सिल्क, मलमल (भुना), हात्तीदांत, जवाहरात र सुनको हुन्थ्यो । यो बेला सम्म वस्तुको विनिमयको साथ-साथ सिक्काको पनि व्यवहार हुन्थ्यो । यस सम्बंधमा डा० एच० सी० राय चौधरीको भनाइ छ, "विनिमय प्रथा (मालको सट्टामा मालमा लेनदेन) को पूर्णतः अन्त भएको थिएन । तर वस्तुको आदान प्रदानको माध्यमको रूपमा सामान्यतः मुद्राको व्यवहार हुन्थ्यो ।" ❋❋ ताम्बा र चाँदीका सिक्काहरूको व्यवहार हुन्थ्यो । तर विभिन्न क्षेत्रमा सिक्काहरूको नाप तौल भिन्न भिन्न थियो ।

व्यापारको सुविधाको लागि देश भित्र धेरै मार्गहरूको व्यवस्था थियो । तर यदाकदा बाटोमा खतरा पनि हुन्थ्यो । यो सम्बन्धमा डा० त्रिपाठीको भनाइ छ, "यो राजमार्गहरूमा डकैती पनि काफी हुन्थ्यो । र विशेष रूपमा निर्जन मार्गमा व्यापारी माल ताल लिए र

❋ In the Budhist system, education was imparted in Vihar, giving scope to a collective life and spirit of brotherhood and democracy among the many resident monks who came under a common discipline and instruction.

❋❋ The system of barter had not died out altogether, but the use of coins as the medium of exchange was becoming general.

CC-0. In Public Domain. Digitization by eGangotri

हिड्न बहुतै खतरनाक थियो। डाकूहरूको भय तथा प्रत्येक राज्यको सीमामा टैक्स तथा घाटहरूको तिरोको कारणले गर्दा व्यापारिक वस्तुको मूल्य धेरै बढ़ेको थियो होला।" ❀

राजनैतिक अवस्था (Political Condition)—त्यो बेला मुख्यतः राजतन्त्रात्मकशासन थियो। तर अराजक व्यवस्था अथवा गणतन्त्रको पनि उल्लेख पाइन्छ। राजतंत्र साधारणतः वंशपरम्परामा आधारित (Hereditory) थियो। तर निर्वाचन क्षत्रियहरू सम्म मात्र सीमित थिएन। शूद्र राजाहरूको पनि उल्लेख भएको छ। यस्तै शक्तिशाली शूद्र राजा मगधमा पनि थिए। त्यो बेला सम्म धेरै राज्याधिकारी हरूको सृजना भएको थियो त्यसमा महामात्र सर्वप्रमुख थिए। उनी न्यायको क्षेत्रमा पनि सर्वप्रमुख थिए तर व्यावहारिक नामक न्यायाधिकारी पनि न्यायको क्षेत्रमा नियुक्त गरिएका थिए, जसको निकै प्रभाव भएको थियो।

धार्मिक अवस्था (Religious Condition)—धर्मको क्षेत्रमा त्यो बेला सम्म बौद्ध र जैन धर्मले धेरै प्रभाव पारेको थियो। हिन्दू धर्म त्यो बेलामा अवनतिको मार्गमा थियो। ब्राह्मण धर्मका साथ-साथ ब्राह्मणहरूको प्रभाव कम हुदै थियो र त्यसको सट्टामो क्षत्रियहरूको प्रभाव बढी रहेको थियो।

❀ Brigands infested these routes, especially the less frequented ones, and looted merchandise when they could safely do so. Such dangers coupled with the taxes and octroi duties paid in each state that was crossed, must have raised the prices of commodities very high.

CC-0. In Public Domain. Digitization by eGangotri

नन्द वंशको शासनको महत्व— बिम्बिसारले जुन वंशको जग बसाए त्यसको यथार्थ उत्कर्ष नन्दहरूको तत्वावधानमा भयो। उनले छिन्न भिन्न भारतलाई सुव्यवस्थित गरेर सुसंगठित शासनको स्थापना गरे। नन्दवंशको शासनमानै पाटलिपुत्र सम्पूर्ण भारतको राजधानी र विशाल नगर बन्यो। पाटलिपुत्र राजनैतिक र सांस्कृतिक दुवै प्रकार को केन्द्र थियो। पाणिनीं, कात्यायन तथा वररुचि आदि जस्ता ठूला-ठूला विद्वान उत्पन्न गर्ने श्रेय पाटलिपुत्रलाइ नै प्राप्त छ। त्यो बेला देखि करीब एक हजार वर्ष सम्म पाटलिपुत्र सम्पूर्ण भारतको केन्द्र स्थलको रूपमा कायम रह्यो।

०—०

१२९Hps

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ७

Life and Teachings of Mahavir

(महावीरको जीवन र शिक्षा)

धार्मिक क्रान्ति (Religious Movements)

छैठौं शताब्दी ई० पू० महान् धार्मिक क्रान्तिको युग थियो। यस युगमा ठूलो धार्मिक क्रान्ति भयो। यस बेला ब्राह्मणहरूको स्थान समाजमा सर्वश्रेष्ठ थियो। तर यिनीहरूमा बहुतै पाखण्ड र खराबीको समावेश भएको थियो। यिनीहरूको भनाइ अनुसार "वैदिक हिंसा, हिंसा न भवति" अर्थात् वेदको नाममा गरेको हिंसा लाई, हिंसा भन्नु हुँदैन। यिनीहरूको विरुद्ध समाजमा अन्य वर्ग हरूको बीच धेरै असन्तोष थियो जसका नेता क्षत्रियहरू थिए। क्षत्रियहरूको सम्बन्धमा डा० स्मिथको भनाइ छ कि समाजमा यिनीहरूको स्थान ब्राह्मणभन्दा निम्न र अरूवर्ग भन्दा श्रेष्ठ थियो। यिनीहरूलाई एउटा सुविधा यो प्राप्त थियो कि यिनीहरू राजसत्ताका अधिकारी थिए। सत्ताको सहायता-बाट यिनीहरूले धर्मको क्षेत्रमा प्रमुखता प्राप्त गर्ने प्रयत्न गरेका थिए। डा० स्मिथको भनाइ छ, "तिनीहरू मंगोलियन जरता थिए। ब्राह्मण द्वारा क्षत्रिय सम्बोधित उच्चवर्गका शिक्षित व्यक्ति हरूले आगन्तुक बाट उच्च ज्ञान र मुक्तिको

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारको पूर्ण आधिपत्यको दावाको विरुद्ध विद्रोह गरे ।" *डा० स्मिथको यो विचार कि महावीर र बुद्ध मंगोलियन थिए, ठूलो विवादको प्रश्न छ र यो एउटा अनुसन्धानको विषय हो ।

वर्द्धमान महावीरको जन्म मितिको सम्बन्धमा ठूलो विवाद छन् । डा० स्मिथकोभनाइ छ, "उनको जन्म र मृत्युको मितिको सम्बन्धमा धेरै मतभेद छन् । फलस्वरूप कुनै मिति लाई निश्चित रूपले मान्नु असंभव छ ।" ** तर जैन परम्परा अनुसार उनको जन्म ई० पू० ६०० मा भएको थियो । यस्तो पनि भनाइ छ कि उनको साक्षात्कार मगध सम्राट् अजातशत्रु संग भएको थियो, जसको राज्यकाल करीब ५९१ ई० पू० देखि ४५६ ई०पू० सम्म थियो । प्रोफेसर जैकोबीले उनको निधन मिति लाई करीब ४६७ ई० पू० मानेका छन् ।

जीवन (Life)— यिनको जन्म वैशालीको समीप कुण्डग्राममा भएको थियो । यिनका पिताको नाम सिद्धार्थ र माताका नाम त्रिशला थियो । यिनका पिता (सिद्धार्थ) वृज्जिगणका ज्ञात्रिक राजा थिए । यिनको विवाह यशोधरा नामकी राजकुमारी संग भयो । महावीरले करीब ३० वर्षको अवस्था सम्म राजकुमार र साधारण गृहस्थ जस्तो जीवन यापन गरे । त्यसपछि यिनका पिताको मृत्युभयो र त्यसै बेला

---

* They (Shishunagas, Lichchavies) were, I think, hill-men of the Mangolian type. The educated men of upper classes, called Kshatriyas by the Brahmanas, rebelled against the claim of the strangers to the exclusive possession of supperior knowledge and the key of the door to salvation.

** The traditional dates for his birth and death vary so much that it is impossible to obtain certainty in the matter.

CC-0. In Public Domain. Digitization by eGangotri

यिनले आफ्ना दाजु नन्दिनवर्द्धनको आज्ञा लिएर संन्यास धारण गरे। आफ्नो परिवारको परम्परा अनुसार यिनी पार्श्वनाथका शिष्य भए। यिनले १३ महीना सम्म कठोर तपस्या गरे र यिनका वस्त्रहरू च्याति-एर शरीर बाट अलग भए। त्यस पछि यिनले फेरि कुनै वस्त्र धारण गरेनन्। यस प्रकार उनले करीब १२ वर्ष सम्म यस्तो तपस्या गरे कि अस्थि-चर्म मात्र बांकी रह्यो। १३हौं वर्षमा जब उनी पूर्वी भारतको रिजुपालिका नदी-तटमा शाल वृक्ष मनिबसेर तपस्या गर्दै थिए त्यसै बेला महावीरलाई कैवल्य (निर्मल ज्ञान) प्राप्त भयो। त्यो दिन देखिनै उना अर्हत (पूज्य), जिन (विजेता), निर्ग्रन्थ (बन्धनहीन), महावीर आदि नामले प्रसिद्ध भए। उनको नाउं 'जिन' हुनाले उनका अनुयायी हरूलाई जैन औ उनको धर्मलाई जैनधर्म भनिन्छ। निर्ग्रन्थ ज्ञात्रिक पुत्र अथवा महावीर अर्हत भएपछि ३० वर्ष सम्म आफ्नो ज्ञानको प्रचार उत्तरी भारतमा गर्दै रहे। त्यस क्रममा उनले वृज्जि, अंग, मगध, मिथिला, कोशल, काशी आदि स्थानहरूमा भ्रमण गरे। अन्तमा उनको मृत्यु राजगृह नजिकै पटना जिल्लाको पावापुरीमा भयो जहाँ अहिले पनि जैनहरूको एक विशाल मन्दिर छ र त्यो प्रसिद्ध जैन तीर्थ स्थान हो। तर कुनै-कुनै इतिहासकारहरूको यस्तो भनाइ छ कि उनको मृत्यु मल्लहरूको देशमा अवस्थित पावापुरी (गोरखपुर जिल्लामा) मा भयो। तर यो विचार पूर्णतः गलत छ। डा० स्मिथ ले पनि लेखेका छन् –"जब उनको मृत्यु पटना जिल्ला अवस्थित पावामा भयो" ❀ डा० त्रिपाठी ले पनि लेखेका छन्, "महावीरको निधन पावापुरी (पटना जिल्ला मा भयो।" ⊠ जयचन्द विद्यालंकारको भनाइ अनुसार चौथो

❀ When he (Mahavir) died at Pava in Patna district ... .

⊠ Mahavir passed away at Pavapuri (in Patna district).

CC-0. In Public Domain. Digitization by eGangotri

शताव्दी देखि आधुनिक जैनहरू यो पावापुरीलाई राजगृहको नजीकै मान्दै आएका छन्।

महावीरका निम्नलिखित शिक्षाहरू छन्—

(१) अहिंसा (२) सत्य (३) अस्तेय (चोरी नगर्नु) (४) अपरिग्रह (५) ब्रह्मचर्य।

यिनमा उपरोक्त (४) उपदेशहरू उनका पारिवारिक गुरु पार्श्व-नाथका थिए, जसमा उनले पांचौं अर्थात् ब्रह्मचर्यको समावेश गरे। तर यो एउटा विवाद पूर्ण विषय छ कि जैन धर्मका आदिप्रवर्तक महा-वीर थिएनन्। यस्तो भनाइ छ कि उनीभन्दा पूर्व २३ अरू मानिस थिए, जसलाई तीर्थङ्कर भनिन्थे तिनीहरू मध्ये पार्श्वनाथ एक ऐतिहा-सिक व्यक्ति थिए, जो महावीर भन्दा करीब २५० वर्ष पहिले भएका थिए। जेहोस तर महावीरले जैन धर्मलाई मजबूत धरातलमा राखेर त्यसलाई स्थायित्व प्रदान गरे।

जैन धर्मका सिद्धान्तहरूमा कहां सम्म महावीर र अर्को तीर्थङ्करको योगदान छ र जैनहरू श्वेताम्बर र दिगम्बर को रूपमा कहिले विभक्त भए, यो थाहा पाउन मुश्किल छ, किनभने उनको मृत्युको धेरै दिन पछि जैनधर्मका सिद्धान्तको संकलन भयो। जैनधर्म वेदको सत्यता, प्रभुत्व, पूर्णता तथा याज्ञिक बलि मा विश्वास गर्दैन। जैनधर्मको मान्यता छ कि विश्वको अणु-अणुमा जीवको अस्तित्व छ तर यसलाई मानिसको कर्त्तव्यमा पूर्ण विश्वास छ र कर्त्तव्य पालनको बेलामा दोषी व्यक्तिलाई मृत्यु दण्ड पनि दिनु पर्छ। डा० राधाकृष्णनको भनाइ अनुसार "ईश्वर मानिसको आत्माभित्र अज्ञात शक्तिको सर्वोच्च, भद्रतम र पूर्णतम् प्रतीक (चिन्ह) हो" यो धर्मानुसार कुनै सर्वसत्ता सम्पन्न

❀ God is only the highest, noblest and fullest

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वरको अस्तित्व छैन वरु यो मानिसको आत्माको वाहिरी रूप हो। तिनीहरू ईश्वरको स्थानमा तीर्थङ्करहरूको पूजा गर्दछन् किनभने तीर्थ-ङ्करको आत्मा बन्धनमुक्त भएको छ। उनीहरूको विश्वास छ कि प्रत्येक प्राणी बन्धनमा आवद्ध छ र त्यो प्राणीलाई आफ्ना तीर्थङ्कर जस्तो बन्धनमुक्त बनाउनु पर्छ। उनीहरू आत्माको अस्तित्व तथा अमरत्वमा पूर्ण विश्वास गर्दथे। उनीहरूलाई विश्वास छ कि आत्माशरीर देखि अलग छ र ऊ आत्मालाई प्रकाश दिन्छ। उनीहरूलाई कर्म र पूर्व जन्मको संस्कारमा पूर्ण विश्वास छ। उनीहरूको यस्तो पनि विश्वास छ कि इन्द्रियहरू द्वारा आत्मामा विषयको प्रवेश हुन्छ र त्यसको प्रवाह सधैं हुन्छ। त्यसलाई रोक्नु पर्छ। आत्मामा प्रविष्ट विषयको विनाश (निर्जरा) पनि आवश्यक छ। विषयको प्रवाह लाई रोक्नको लागि त्रिरत्न (सम्यक् ज्ञान, सम्यक् दर्शन, सम्यक् चारित्र) को विधान छ। जैन धर्ममा व्रत, उपवास तथा तपस्यालाई विशेष महत्व प्रदान गरिएको छ। आमरण उपवास द्वारा प्राणत्याग लाई यो धर्ममा विशेष स्थान प्राप्त छ। जैनहरूको विश्वास छ कि तपस्या तथा संयम द्वारा आत्मालाई शक्ति प्राप्त हुन्छ र आसुरी शक्ति को विनाश हुन्छ। यस प्रकार ले आत्मा कर्मको बन्धन बाट मुक्त हुन्छ।

बौद्धधर्म र जैनधर्ममा समता तथा विषमता

(Comparison and contrast between Buddhism and Jainism):—

दुवैधर्म हिन्दू धर्मरूपी विशाल वृक्ष का दुइटा नयां हांगाहरू

---

manifestation of the powers which lie latent in the soul of man.

CC-0. In Public Domain. Digitization by eGangotri

छन्। डा० स्मिथ को भनाइ छ, "मूलतः हिन्दू सुधारकको रूपमा दुवैले * वेदको अधिकारको विरोधगरेर पशु बलिको पनि विरोध गरे।" * दुवै धर्मको उत्पत्ति र विकास भारतको एउटा प्रान्त बिहारमा भयो। दुवै धर्मको उत्पत्ति ब्राह्मणहरूको यज्ञ सम्बन्धी कर्मकाण्ड र जाति प्रथाको विरोधमा भयो जसका जन्मदाता त्यहांका क्षत्रिय राजकुमारहरू थिए। यिनको सम्बन्धमा स्मिथ ले लेखेका छन् "जैनधर्मको प्रवर्तक महावीर र बुद्ध समकालीन थिए तथा दुवै को जन्म क्षत्रिय योद्धा जातिमा भयो।"⋲ डा० त्रिपाठीको भनाइ छ, "दुवैले अहिंसाको सिद्धान्त र व्यक्तिको भविष्यको जीवनमा कर्मको प्रभाव माथि जोरदिएका छन्।" ❀ दुवैले जीवनको पवित्रता तथा पुनर्जन्ममा विश्वास गरेका छन्। दुवै धर्मका सुधारक-हरू ले संस्कृत भाषाको विरोध गरे र त्यहांका स्थानीय भाषाहरूमा आफ्ना उपदेश दिए। दुवैले संघ व्यवस्थाको स्थापना माथि जोर दिए। दुवैले मोक्षप्राप्तिलाई महत्व प्रदान गरे। दुवै धर्म आशावादी

---

* Originally Hindu reformers, both rejected the authority of Vedas and opposed the practice of animal sacrifice.

⋲ Mahavir, the founder of Jainism, and Buddha were contemporaries and both came from the Kshatriya warrior class.

❀ Both emphasised the principle of Ahimsa and the effect of Karma upon an individual's future.

CC-0. In Public Domain. Digitization by eGangotri

र मानवतावादी छन्। दुवै धर्ममा आचार तत्त्वको प्रतिष्ठा छ।

यद्यपि यी दुवै धर्ममा धेरै समानता छ तापनि विषमता को मात्रा कम छन। यस सम्बन्धमा डा० त्रिपाठी को भनाइ छ, "निसन्देह ध्यान आकर्षित गर्ने समानताहरू छन् तर केही मौलिक समस्याहरूको समाधानको निमित्त उनको दृष्टिकोणमा धेरै अन्तर छ।"*

जेनीहरूले सबै वस्तुहरूमा अहिंसाको दर्शन गरेका छन्। जीव हत्याको भयले सूर्यास्त भन्दा पहिले भोजन गर्ने र बाटो हिड्दाखेरी मुख र नाकलाई छोप्ने व्यवस्था गरिएका थिए। डा० एच० सी० राय चौधरी को भनाइ छ, "यसको विपरीत महावीरका शिष्यहरूले वनस्पति, धातु, पानी र हावामा पनि आत्माको दर्शन गरेका छन् तथा अहिंसाको सिद्धान्तलाई व्यापकरूप प्रदान गरेका छन्।" ⋲

दुवै धर्ममा मोक्षको विषयमा पनि बेग्लाबेग्लै विचार छ। जैनहरूको विचार अनुसार मोक्षको अर्थ छ आत्मालाई दुःखबाट मुक्त गर्नु तर बौद्धहरूको विचारानुसार निर्वाणको अर्थ छ आफ्नो व्यक्तित्वलाई पूर्णरूपले विसर्जन गर्नु। डा० त्रिपाठी को विचार छ,

---

* These are no doubt striking resemblances but their approach towards certain fundamental problems is widely different.

⋲ The disciples of Mahavira on the other hand, endowed even plants, metals water and air with souls and gave a wide extension to the doctrine of non-violence.

CC-0. In Public Domain. Digitization by eGangotri

" वन्धनमुक्ति र निर्वाणको सम्बन्धमा उनको विचार सर्वथा समान छैन ।"*

शारीरिक यातनालाई जैनहरूले धेरै महत्व दिएका छन् । तर बौद्धहरूले मध्यम मार्गको अवलम्बन गरेर शरीरलाई अत्यन्त विलास र अत्यन्त दुःख बाट बचाउन खोजेका छन् । बौद्धहरूले अहिंसा; सत्य, अस्तेय, अपरिग्रह तथा ब्रह्मचर्य आदि कुराहरू माथि जोर दिए, जसलाई " आर्य अष्टांगिक मार्ग " भनिन्छ तर जैनहरूले मात्र सम्यक् दर्शन, सम्यक् ज्ञान, र सम्यक् चरित्र माथि जोर दिए जसलाई 'त्रिरत्न' भनिन्छ । बौद्ध धर्मले आफ्नो विकासको लागि अशोक, कनिष्क र हर्षवर्द्धन जस्ता महान सम्राट् हरूको आश्रय प्राप्त गर्‍यो तर जैनधर्मले यस्तो सुविधा प्राप्त गर्ने मौका पाएन । जैनहरूले गार्हस्थलाई महत्व प्रदान गरे तर बौद्धहरूले संघलाई । जैनधर्मले कहिल्यैपनि हिन्दूधर्मसित पूर्णतः सम्बन्ध विच्छेद गरेन त्यस कारण ले जैनधर्म भारत देखि बाहिर महत्व प्राप्त गर्न सकेन । डा० स्मिथ को भनाइ छ, "ब्राह्मण प्रधान हिन्दूधर्म र जैनधर्मको अनवरत घनिष्ठ सम्बन्धको फलस्वरूप जैन धर्मले भारतबाहिर कुनै प्रभाव जमाउन सकेन ।"卐

---

* Their conception about deliverance and salvation are not quite similar.

卐 That continuous close connection between Brahmanical Hindu and Jainism probably is the principal reason why the latter faith made no conquosts outside of India.

CC-0. In Public Domain. Digitization by eGangotri

तर यस्तो हुंदा उसले आफ्नो अस्तित्वलाई सधैं सुरक्षित राख्न सक्यो किनभने हिन्दूधर्म ले कहिल्यै पनि उसको विरोध नगरे र उसलाई समाप्त पार्न सकेन। यस सम्बन्धमा जवाहरलाल नेहरूजीको भनाइ छ, "जैनधर्म आफ्नो जन्मदाता धर्म (हिन्दू धर्म) को विरोधमा विद्रोहीको रूपमा थियो र धेरै अर्थमा पूर्णरूपले यो भन्दा भिन्न थियो तथा आफूलाई यसको अनुरूप बनायो त्यसकारणले यो बांचेको छ र भारतमा करीब-करीब हिन्दूधर्मको एक हांगाको रूपमा आफ्नो अस्तित्वलाई कायम राखेको छ।"❋

❋ Jainism a rebel against the parent religion and in many ways utterly different from it, was yet tolerant to caste and adapted itself to, and so it survives and continues in India, almost as an off shoot of Hinduism.

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ८

Life and Teachings of The Buddha

(बुद्ध को जीवन र शिक्षा)

जीवन (Life):—भगवान् बुद्धको जन्म ई० पू० ५६२ मा नेपाल तराई स्थित कपिलवस्तुमा भएको थियो। यिनको बाल्यकाल को नाम सिद्धार्थ थियो। यिनका बाबुको नाम शुद्धोदन थियो। उनी कपिलवस्तु गणराज्यका प्रधान थिए। सिद्धार्थकी आमाको नाम मायादेवी थियो, जो गोरखपुर जिल्लामा स्थित देवदह गणराज्यका अञ्जनकी छोरी थिइन्। छोरो जन्मिने वेलामा माया देवी आफ्नो माइत जाँदै थिइन्। बाटोमा लुम्बिनी वनमा मायादेवीले त्यो पुत्र जन्माइन् जसलाई आजको संसारमा आधा भन्दा बढ़ी मानिसले प्रतिदिन श्रद्धा साथ याद गर्दछ। पुत्र जन्मेको केही दिन पछि मायादेवीको मृत्यु भयो। सिद्धार्थको पालन-पोषण उनकी विमाता प्रजापतिले गरिन्।

सिद्धार्थको सम्बन्धमा शुद्धोदन बहुत भयभीत थिए, यसकारण सिद्धार्थको मन सांसारिक कार्यमा लगाउने उनले धेरै प्रयत्न गरे औ यशोधरा संग विवाह गरिदिए। डा० त्रिपाठी को भनाइ अनुसार, "उनको मननशील अवस्था देखि भयभीत भएर उनले (शुद्धोधनले) अल्पायुमा उनको विवाह गोपा अथवा यशोधरा

CC-0. In Public Domain. Digitization by eGangotri

संग गरिदिए र उनलाई सबै प्रकारका मनोरंजन र विलासको घेरामा आबद्ध गरे।" ❀ तर बुद्धको मन सांसारिक कार्यमा लाग्न सकेन। यस्तो भनिन्छ कि उनी जब एक दिन घुम्न निकले तब उनले क्रमशः एक बूढो, एक बीमारी, एक मुर्दा तथा एक सन्यासी देखे। यो दृश्य देखरे उनी बहुतै चिंतित भए औ आफ्नो सारथी छन्दकलाई उनले यो प्रश्न गरेकि यो सर्वव्यापक हो कि व्यक्तिगत। छन्दकले भनेकि सबै व्यक्ति वृद्ध हुन्छन्, बीमारी हुन्छन् तथा मर्दछन् औ यस दुःखबाट छुटकारा पाउनका लागिनै मानिस संन्यासी हुन्छन्। यस्तो घटना प्रतिदिन सबै मानिस देख्छन् तर बुद्धको भावुक जीवनमा जुन प्रभाव त्यस घटना बाट पर्‍यो त्यो अरू मानिस माथि पर्दैन। आफ्नो जीवनको २९सौं वर्षमा जुन दिन उनको पुत्र राहुलको जन्मोत्सव मनाइदै थियो, उनी चुपचाप घरबाट निस्के औ आफ्ना सबै वस्त्र-आभूषण कुनै गरीबलाई दिए र त्यस गरीबका फाटेका वस्त्र लगाएर बुढ्यालाई बीमारी औ मृत्युमाथि विजय प्राप्त गर्न र त्यसको समाधान को खोजी गर्न निस्किए। उनको यस पलायनलाई 'महाभिनिष्क्रमण' भनिन्छ। उनी सर्वप्रथम मगध गए औ राजगृहमा तत्कालीन दुई मुख्य उपदेशक अलार तथा उद्रकबाट उपदेश लिए। तर बुद्धलाई त्यसबाट संतोष भएन। उनी त्यहां बाट बोधगया नजिकै एक जंगल उरुवेलामा गए औ निरंजना नदीको किनारमा पाँच अरू साथीसंग भयंकर तप गर्न शुरू

❀ Fearing his son's reflective cast of mind, he married him to Copa or Yasodhara at an early age, and surrounded him with all kinds of enjoyments and luxuries.

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। लगभग ६ वर्षको तपबाट उनको शरीर निर्जीव जस्तो भयो औ अस्थि-चर्म मात्र बांकी रह्यो। किंवदन्ती छ कि नाच्ने आइमाईको एक झुण्ड गीत गांउदै गइरहेका थिए जसको अर्थ थियो "आफ्नो वीणाको तारलाई त्यत्ति सारो लुलो नपार जसले कि त्यो नबजोस् र त्यत्ति सारो नकस जसले त्यो छिनियोस। त्यस गीतले सिद्धार्थको हृदयमा ठूलो प्रभाव पार्‍यो। उनले यो अनुभव गरे कि म आफ्नो जीवनको तार बहुत कसदै गइरहेको छु। अतएव, उनले तपस्याको मार्ग छोड़े औ अन्न ग्रहण गर्न लागे। सुजाता नामकी एक युवतीले एकदिन उनलाई खिर खुवाई। बुद्धलाई तपस्याबाट भयभीत देखेर उनका साथीहरूले उनलाई छोडिदिए औ उनीहरू बनारस तर्फ गए। सिद्धार्थ भिक्षाटनबाट स्वस्थ भए।

एकदिन सिद्धार्थ गया नजिकै एक पीपलको फेदमा बसी विचार मग्न भए। त्यसै वेला उनलाई कामदेवले आक्रमण गर्‍यो तर उनले कामदेवलाई पराजित गरे।

उनलाई ज्ञान प्राप्त भयो र त्यसदिन देखि उनको नाम 'बुद्ध' भयो। त्यस गाउंको नाम बोधगया र त्यस वृक्षको नाम बोधिवृक्ष पर्‍यो। बुद्धले अनुभव गरे कि संयम सहित सरल तथा सच्चा आचरण नै असल धर्म हो।

उनी आफ्नो मुक्ति मात्र चाहंदैन थिए तर जीव मात्रको पनि मुक्ति चाहन्थे। अतएव उनी आफ्नो धर्म प्रचारको लागि निस्के। उनी सर्वप्रथम ऋषिपत्तन (सारनाथ) पुगे। त्यहाँ पुगेर उनले आफ्नो धर्मको उपदेश दिए जसलाई 'धर्मचक्रप्रवर्तन' भनिन्छ। प्राचीन समयमा राजाहरू दिग्विजय गर्नको लागि रथको चक्र चलाउँथे, बुद्धले मानिसको हृदय विजय गर्नको लागि धर्मको चक्र चलाए। त्यहां उनका ती पांच साथीसंग भेट भयो, जो उनलाई पथभ्रष्ट संझेर गयाको जंगलमा छोड़ी भागेर गएका थिए। पहिले त तिनीहरूले बुद्धलाई

CC-0. In Public Domain. Digitization by eGangotri

देखेर उपेक्षाको भाव देखाए तर पछि बुद्धको मुखमण्डलमा ज्ञानको प्रकाश देखेर तिनीहरू प्रभावित भए। बुद्धले आफ्ना ती साथीहरू-लाई सम्झाए कि भिक्खुहरू, सन्यासी ले दुइ अन्तहरूको सेवन गर्नु हुँदैन। यी दुईअन्तहरू कुन-कुन हुन् ? एक हो काम औ विषयसुखमा फस्नु जुन गँवार औ अनर्थ हो र दोस्रो शरीरलाई व्यर्थको कष्ट दिनु, जुन अनार्य औ अनर्थक हो। यी दुइ अन्तहरूलाई त्यागेर तथागत (ठीक सम्झने) ले मध्यम प्रतिपदा (मध्यममार्ग) लाई लिएको छ जुन आंखा देखाउने औ ज्ञान दिने छ। यीनै मभिझमनिकाय वा मध्यमार्ग बौद्ध धर्मको सारांश हो।

सर्वप्रथम बुद्धले सारनाथमा आफ्ना अनुयायी तैयार गर्न शुरू गरे। बिस्तार-बिस्तारै उनका शिष्यहरूको संख्या ६० भयो। बुद्धले ती शिष्यहरूको संघ अर्थात् प्रजातन्त्रको संगठन गरे। वर्षाऋतुमा कुटी बनाएर त्यहीं नै आफ्ना शिष्यलाई शिक्षा दिन्थे 'चरहे भिक्खवे' बहुजन हिताय बहुजन सुखाय', अर्थात्, 'हे भिक्षुहरू हो, अब तिमीहरू जाऊ, जनकल्याणको लागि विचरण गर।' उनले यों पनि भने "कुनै पनि दुई भिक्षु एक साथ एक तर्फ नजाऊ।" वर्षा-ऋतु पछि बुद्ध त्यहांबाट उरुवेला गए औ त्यहां गएर आफ्नो धर्मको प्रचार प्रारम्भ गरे। त्यस समयमा उरुवेला कर्मकांडीहरूको केन्द्र थियो जहां सधैं यज्ञ हुन्थ्यो। काश्यप तिनीहरूका नेता थिए। भगवान् बुद्धको उपदेशले प्रभावित भएर काश्यपले आफ्ना शिष्यहरू साथै बौद्धधर्म ग्रहण गरे औ यज्ञका सबै सामग्री निरंजना नदीमा बगाइ दिए। काश्यप जस्ता विद्वान् बौद्ध धर्ममा सम्मिलित हुनाले यसको धेरै ठूलो प्रभाव पर्‍यो औ बुद्धको यश टाढा-टाढा सम्म फैलियो। त्यहांबाट उनी आफ्ना शिष्यहरूसंग मगधको राजधानी राजगृहमा गए। बिम्बिसार त्यस समयमा मगध का शासक थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

उनीपनि भगवान् बुद्धको उपदेशबाट बहुत प्रभावित भए। राजगृह मा नै बुद्धलाई दुइ महान् शिष्य प्राप्त भए जसको नाम सारिपुत्त औ मोद्गलान थियो । पछि गएर ती दुबै बौद्धधर्मका बहुत ठूला स्तम्भ साबित भए। बौद्ध संघमा ती 'अग्रश्रावक' अर्थात् प्रमुख शिष्य कहलाए।

बुद्धको यश कपिलवस्तुसम्म पुग्यो औ त्यहाँबाट पनि उनलाई निमन्त्रण प्राप्त भयो। उनी भिक्षुहरू संग भिक्षापात्र लिएर त्यस स्थानमा पुगे जहाँका उनी राजकुमार थिए। त्यहाँ गएर बुद्धले उपदेश दिए औ आफ्नो छोरो राहुललाई पनि भिक्षु बनाए र पछि गएर आनन्द तथा उपालि हजाम पनि यिनका शिष्य भए। आनन्द उनको उपस्थाक (प्राइवेट सेक्रेटरी) भए र उपालि बुद्धको मृत्युपछि संघको प्रमुख चुनिए। लगभग तीन वर्ष पछि राजा शुद्धोदन को मृत्यु भयो तब विमाता प्रजापति तथा राहुलकी आमाले अनेक स्त्रीहरू संगै वैशालीमा गएर भिक्षुणी हुन आग्रह गरे। भगवान् बुद्धधर्म-संकटमा परे। उनी स्त्रीहरूलाई आफ्नो संघमा सम्मिलित गर्न चाहँदैनथे। आनन्दको विचारानुसार बुद्धले पनि स्वीकृति दिए औ त्यसबेला देखि बौद्ध धर्मा भिक्खुनी संघको अलगै स्थापना भयो।

उनी वैशाली गएर त्यहाँको आम्रवनमा बसे। अम्बपाली गणिकाले उनलाई भोजन गर्ने निमंत्रण गरिन्। त्यहाँका लिच्छवी शासकले पनि निमन्त्रण गरे। बुद्धले अम्बपालीको निमन्त्रणलाई नै स्वीकार गरे किनभने अम्बपालीका निमन्त्रण पहिला आएको थियो। त्यहाँ उनले अम्बपाली सहित बहुत मानिसलाई प्रव्रज्या दिए (शिष्य बनाए)।

CC-0. In Public Domain. Digitization by eGangotri

वैशालीबाट अगाडि जांदा उनलाई बहुत दर्दका अनुभव भयो औ मृत्यु नजिक देखिन थाल्यो। आनन्दले आग्रह गरे "भगवान् जहिले सम्म तपाइ भिक्षु संघलाई ठीक ठाउँमा ल्याउनु हुन्न तब सम्म आशा छ कि शरीर त्याग गर्नु हुन्न।" बुद्धले स्पष्ट उत्तर दिए "तथागत को धर्ममा कुनै गांठो वा समस्या छैन। अब तिमि आफ्नो प्रकाशमा हिड, आफ्नै शरणमा जाऊ, धर्मको ज्योति, धर्मका शरणमा चल।" त्यहांबाट उनी मल्लभूमिको अनेक ठाउँ हुंदै पावा पुगे जहां, चुन्द (लोहार अथवा सुनार) ले जुन भोजन गराए त्यसमा सुंगुरको मासु पनि थियो। बुद्धमा कसैको आग्रहलाई अस्वीकार गर्ने आदत थिएन, यसकारण उनले सहर्ष खाना खाए। त्यसबाट दर्द अधिक बढ्यो औ रक्तातिसार (रगतमासी) भयो। उनी त्यहीं बाट हिडे औ आनन्दलाई भने, "चुन्द का मनमा केही कुनै शंका नउठाउनु कि चन्दको भोजनले नै बुद्धलाई निर्वाण प्राप्त भयो। आयुष्मान् चुन्द लाई भनु कि मेरा लागि तिम्रो भोजन औ सुजाताको भोजन एक समान छ।" ८० वर्षको अवस्थामा कुशीनगरमा बुद्धको निर्वाण भयो जसलाई 'महापरिनिर्वाण' (ठूलो निभाई) भनिन्छ। उनको अन्तिम उपदेश थियो "भिक्खुहरू हो म तिमीहरूलाई अन्तिमवार सम्बोधन गर्दैछु। संसारका सबै सत्ताहरूको आफ्नो आयु हुन्छ। अप्रमाद (बिना रुकावट) काम गर्दै जाऊ। यही नै तथागतको अन्तिम वाणी हो।"

भगवान् बुद्धको महापरिनिर्वाणको तिथि तथा स्थानका सम्बन्धमा मतैक्य छैन। भारतीय इतिहासका अधिकारी विद्वान् डा० त्रिपाठीले Hiotory of Ancient India मा लेखेका छन्, "बुद्धको महापरिनिर्वाण ८० वर्षको अवस्थामा गोरखपुर जिल्ला को कुशीनगर, आधुनिक कसियामा भयो जहां केही वर्ष पूर्व

CC-0. In Public Domain. Digitization by eGangotri

उनको एउटा विशाल मूर्ति समाधिस्थ मुद्रामा भेटिएको छ"❀

जयचन्द्र विद्यालंकारले पनि लेखेका छन्, "देवरिया जिल्लामा कसिया गाउँ त्यसको याद दिलाउँछ ।" तर डा० स्मिथको विचार भिन्दै छ । उनले The oxford History of India मा लेखेका छन्, "गौतम (बुद्ध) ले ४५ वर्ष सम्म उपदेश दिए र ८० वर्षको अवस्थामा शायद नेपाल अन्तर्गत भवेसर घाट नजिकै सानो राप्ति र गँडक नदीको दोभान मा स्थित कुशीनगर मा उनको महापरिनिर्वाण, भयो । यस्तो लाग्छ कि यो गोरखपुर जिल्ला अवस्थित कसिया नजिकको स्मारक् वेठाडीपा (Vethadipa) को एउटा संस्था छ जुन कुशीनगर को प्रधान मठको अधीनतामा थियो । दुवैलाई बुद्धको महापरिनिर्वाणसित सम्बन्धित हुनाले परिनिर्वाण मठ भनिन्छ ।"☚

जहां सम्म बुद्धको मृत्युको तिथिको प्रश्न छ त्योपनि एक विवादको प्रश्न छ । डा० त्रिपाठी जी ले लेखेका छन्, "विंसेंट स्मिथले

❀ The Buddha passed away at the age of eighty at Kusinagara, modern Kasia in the Gorakhpur district, where some years ago a colossal statue of the master was discovered in a reclining posture.

☚ Gautam continued his preaching for fortyfive years and died aged eighty at Kusinagara which probably was situated in Nepalese territory at the junction of the Little Rapti with the

CC-0. In Public Domain. Digitization by eGangotri

यसलाई (महापरिनिर्वाण) ई० पू० ४८६-८७ निर्धारित गरेका छन तर प्राप्त तथ्य द्वारा पूर्णतः परीक्षा गरे पछि फ्लीट र जीजर द्वारा प्रस्तावित ई० पू० ४८३ लाई सत्यको वहुतै समीप मान्न सकिन्छ" ।* पं० जवाहरलालजीको अनुमान छ, "बुद्धको महापरिनिर्वाण ई० पू० ५४४ मा ८० वर्षको अवस्थामा भयो ।"**

बुद्धले लगभग ४५ वर्ष सम्म आफ्नो धर्मको प्रचार गरे । सारनाथ मगध, वैशाली तथा कपिलवस्तुको अतिरिक्त उनी कोशल औ वज्जि जनपदमा गए । सम्भवतः अवन्ति उनीआफै नगएर उनले आफ्ना

Gandak near Bhavesar Ghat. The well-known remains near Kasia in the Gorakhpur District appear to be those of the monastic establishment of Vethadipa, subordinate to the head monastery at Kusinagara. Both were called Parinirvana monasteries as being connected with the death of Buddha.

* Vincent smith has placed it in 486-87 B. C. but the year 483 B. C., as proposed by Fleet and Geiger on a thorough examination of the available data, may be accepted as very near the truth.

** Buddha died at the age of eighty, in 544 B.C.

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्यलाई पठाए। बुद्ध आफ्ना शिष्यहरू संग भ्रमण गर्न गर्दथे। उनको मण्डलीमा एक साथ कैयौं भिक्खु रहन्थे। ती कुनै शहर बाहिर बगैंचामा गएर निवास गर्थे। त्यहां बहुत व्यक्ति आएर उनको दर्शन गर्दथे। श्रद्धालु व्यक्ति उनलाई भोजनका लागि आमन्त्रित गर्दथे। बुद्ध भोजन पछि तिनीहरूलाई उपदेश दिन्थे। उनी त्यस समयको लोकप्रिय भाषा पालीभाषामा उपदेश दिन्थे।

शिक्षा (Teachings):—भगवान् बुद्धको उपदेश अनिवार्यतः सरल तथा व्यावहारिक थियो। उनी ईश्वर अथवा आत्माको सम्बन्धमा कुनै विवाद गर्न चाहँदैनथे, किनभने उनलाई विश्वास थियो कि त्यस विवादबाट नैतिकताको प्रगति हुन सक्तैन। उनलाई यो पनि विश्वास थियो कि सबै वस्तु अनित्य छन्। उनी जीवको अस्तित्वलाई दुःखको कारण सम्झन्थे। उनलाई पुनर्जन्ममा विश्वास थियो। मृत्युपछि पनि जीवलाई शान्ति प्राप्त हुंदैन। जीव त्यस वेलासम्म जन्म लीरहन्छ औ दुःख उठाउंछ जबसम्म तृष्णाको अन्त्य गर्ने उपाय खोजदैन। बुद्धको विश्लेषण अनुसार चार आर्य सत्य छन् जसलाई "चत्वारि आर्य सत्यानि" भनिन्छ। ती निम्नलिखित छन्:—(१) दुःख (२) दुःख समुदय (हेतु, कारण) (३) दुःख निरोध (४) दुःख निरोध गामिनी प्रतिपद (दुःख दूरगर्ने बाटो)। बुद्धको विचार अनुसार मानिसको जन्म, बुढोपन मरण आदि सबै दुःख हुन्। अप्रियसंग संयोग औ प्रियसंग वियोग सबै दुःख हुन्। दुःखको समुदय वा कारण तृष्णा हो। तृष्णा मारेपछि दुःखको निरोध हुन्छ। यो दुःख निरोध अर्थात् तृष्णालाई समाप्त गर्ने उपाय आर्य अष्टांगिक मार्ग (Eight-fold Path) हुन्। यी निम्नलिखित छन्:—

१. सम्यक् दृष्टि, (Right belief)

CC-0. In Public Domain. Digitization by eGangotri

२. सम्यक् संकल्प, (Right thought)

३. सम्यक् वाक् (Right speech)

४. सम्यक् कर्मान्त (Right action)

५. सम्यक् आजीव (Right means of livelihood)

६. सम्यक् व्यायाम (Right endeavour)

७. सम्यक् स्मृति (Right recollection)

८. सम्यक् समाधि (Right meditation)

बुद्धले त्यसलाई मज्झिम मग्ग, मध्यम प्रतिपद अथवा मध्यम मार्गको संज्ञा दिए। यो मार्ग दुई अंत्यका, अत्यन्त विलास तथा अत्यन्त तप, वा कष्टका बीचको मार्ग छ। भिक्षुनै के भनौं साधारण गृहस्थ पनि यसमार्ग द्वारा निर्वाण प्राप्त गरेर जीवन मरणको बन्धन वाट मुक्त हुन् सक्छन्। यसका लागि बुद्धले दशशील अथवा आचरणको प्रधानताका उल्लेख गरेका छन्।

१. अहिंसा	२. अस्तेय (चोरी न गर्नु)
३. सत्य	४. अपरिग्रह (संग्रह नगर्नु)
५. ब्रह्मचर्य	६. नृत्य र गाना त्याग
७. सुगंध त्याग	८. असमयमा भोजन को त्याग
९. कोमल शय्या त्याग	१० कामिनी कन्चन (रूपैया-पैसा र स्त्री) त्याग।

यी मध्ये प्रथम पाँचशीलको अनुकरण गृहस्थका लागि पनि आवश्यक छ औ अन्तिम पाँच शील भिक्षुहरूका लागि हुन्।

बुद्ध द्वारा प्रतिपादित धर्म मानवता वादी धर्म हो। यस सम्बन्ध मा Rhys Davids को भनाइ छ, "गौतम को धर्म को उत्पत्ति

CC-0. In Public Domain. Digitization by eGangotri

अर्कां को पीड़ाको करणले गर्दा भयो तर आफ्नो दुःखले होइन।" ❀

इ० वी० हैवेल को भनाइ छ, "यो धर्मले विशाल र खर्चीलो आडम्वर देखि मुक्त भएर निम्न स्तर का मानिसहरूको सामाजिक उत्थान तथा आत्मा सम्बंधी स्वतंत्रता प्रदान गर्दा गर्दै सम्पूर्ण समुदाय को जीवनलाई स्वस्थ्य र सुखी वनाउन प्रयत्न गर्‍यो।" ⪢

❀ .... in case of Gautama, it arises from sympathy with the sorrows of others than fromany personal sorrow of one's own.........;

⪢free from elaborate and costly ceremonial raising the social status of the lower orders, giving them their spiritual freedom and making the life of the whole community healthier and happier.

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ९

The invasion of Alexander and its effects.

(सिकन्दरको आक्रमण र त्यसको प्रभाव)

सिकन्दर मेसेडनका शासक फिलिपका छोरा थिए। उनको जन्म ई० पू० ३५५ मा भएको थियो। उनले यूनानी पद्धति अनुसार शिक्षा प्राप्त गरेका थिए। प्रसिद्ध यूनानी दार्शनिक अरस्तु फिलिपका मित्र र सिकन्दर का शिक्षक थिए। जुनवेला यूनानका नगर राज्यको पतन भैरहेको थियो त्यसै वेला फिलिपले एउटा शक्तिशाली राज्यको स्थापना गरे। उनले एक ठूलो सेना खडा गरेर यूनानका नगर राज्यहरूलाई ई० पू० ३३८ मा हराएका थिए। उनले यूनान माथि आक्रमण गर्ने योजना वनाए र त्यसै वेला ई० पू० ३३६ मा कसैले उनलाई मारे।

सिकन्दर आफ्ना पिता को मृत्यु पछि ३३६ ई० पू० मा मेसेडन साम्राज्यका शासक भए। उनले आफ्ना पिता द्वारा शुरू गरेको साम्राज्य-विस्तारको कार्य जारी राखे। ३३४ ई० पू० उनले विश्व-विजय को लागि प्रस्थान गरेर ११ वर्ष भित्र उनले यस कार्यमा धेरै सफलता प्राप्त गरे। सर्व प्रथम उनले ईरानी साम्राज्य माथि आक्रमण गरेर त्यहाँ को सम्राट डेरियस (Darius) तृतीयलाई पराजित

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। उनले फोनिसिया को बन्दरगाहहरूलाई जिते। ३३२ ई० पू० मा मिश्र माथि आक्रमण गरेर त्यसलाई आफ्नो सम्राज्य भित्र गाभे। ३३१ ई० पू० उनले मेसोपोटामिया माथि आक्रमण गरेर बेबिलन र निनेवा आदि प्राचीन नगरहरूलाई जिते।

उनले सेस्टन लाई जिते। उनी त्यस पछि अफगानिस्तान पुगेर एउटा शहरको निर्माण गरे जसको नाम सिकन्दरिया राखे जसलाई हिजोआज कन्दहार भनिन्छ। अर्को साल उनी काबुल पुगेर बैक्ट्रिया जिते। उनले अस्पस माथि आक्रमण गरे जहाँ, उनले ४०,००० व्यक्तिहरूलाई कैद गराए। प्रसिद्ध इतिहासकार एरियन को भनाइ छ, "त्यहाँको युद्ध त्यस ठाउंको भौगोलिक स्थितिको कारणले गर्दा मात्र होइन भारतीयहरूको वीरताको कारणले पनि कठिन भयो।" ❀ तर विश्वविजयी सिकन्दरको सम्मुख यो सानु गणतंत्र पराजित भयो। त्यस पछि उनी अस्सकन नामक राज्यमा पुगे। त्यहाँका निवासीहरूले २०,००० घोड़ सवार ३०,००० पैदल फौज लिएर सिकन्दर संग मुकाबिला गरे। त्यहाँ भयङ्कर युद्ध भयो तर सिकन्दर ले उनीहरूलाई पराजित गरे। प्रसिद्ध इतिहासकार प्लुटार्क को भनाइ छ, "यो घटना सिकन्दरको सैनिक प्रतिष्ठामा एउटा कपटपूर्ण कलंक हो।" ☞

❀ The conflict was sharp, not only from the difficult nature of the ground, but also because the Indians were by far the stoutest worriors in that neighbourhood.

☞ 'Its rests as a foul blot on his martial fame.

CC-0. In Public Domain. Digitization by eGangotri

ई० पू० ३२६ को वर्षा ऋतुमा सिकन्दरले ओहिन्द समीपमा सिन्ध नदी पार गरे। तक्षशिलाको शासक आम्भीले आत्म समर्पण गरेर धेरै उपहार दिए। सिकन्दरले प्रसन्न भएर सबै उपहारलाई फर्काए। आम्भीले सहयोगको लागि ५००० सेना समर्पित गरे। त्यस पछि सिकन्दर अगाडि वढेर झेलम तथा चनाव नदीका भूभागका शासक पोरस (पुरु) संग युद्ध गर्नको लागि तयारी गर्न लागे। आम्भीले यस कार्यमा सिकन्दरलाई धेरै सहायता गरे किनभने उनी पहिले देखिनै पोरस संग रिसाएका थिए। त्यसै वर्ष जूनको अन्त अथवा जुलाईको प्रारम्भमा सिकन्दर झेलम नदीको किनारमा एक विशाल सेना लिएर आई पुगे। तर सिकन्दरलाई त्यो नदी पार गर्न वहुत गाह्रो पर्‍यो किनभने नदीको पारि पोरस पनि एक विशाल फौज संग उनको मुकाविला को निमित्त प्रस्तुत थिए। कैयौं हप्ता सम्म उनको फौजलाई नदी पार गर्न वहुत गाह्रो पर्‍यो। फौजलाई नदी पार गर्न साहस गरेनन्। प्रसिद्ध इतिहासकार एरियन ले लेखेका छन् कि एक भयङ्कर आंधी र बादलले घेरिएको रातमा उनले धोका दिएर आफ्नो ११०० छानिएको साथी संग नदी पार गरे। डा० स्मिथले पनि उल्लेख गरेको छ, "कतिपय हप्ताको विलम्ब पछि सिकन्दर आफ्नो शिविर देखि करीव १६ मिल माथि गएर झुकाव को ठाउंमा एउटा बाटो बनाउन सफल भये जहाँ उनले एउटा सजिलो द्वीप पाए र त्यस को मदद द्वारा उनले नदी पार गरे। विपक्षी सेनाको सामना कारि नामक समतल भूभागमा भयो जहाँ सिरवल र पोकराल अवस्थित छन्।"❀ पोरसको फौजमा ५०,००० पैदल, ३०००

❀ After a delay of several weeks he succeeded in stealing a passage at a sharp bend in the

CC-0. In Public Domain. Digitization by eGangotri

घोड़ा ३०००, १००० रथ र १३० हात्ती थिए। भारतीय फौजको विशालता र विस्तारलाई देखेर सिकन्दरले भन्नु पर्‍यो, "अन्ततोगत्वा मेरो साहसलाई प्रतियोगी खतरा दृष्टिगोचर हुन्छ। अब मेरो युद्ध जंगली जनावरहरू तथा असाधारण उत्साहपूर्ण व्यक्तिहरू संग हुन थाल्यो।" ❀ करीब ८ घंटा सम्ममा सिकन्दर को फौजले विजय गर्‍यो र विपरीत परिस्थितिले गर्दा पोरस को हार भयो।

पोरसको हारका कारणहरू (Causes of defeat):—

पोरसको पराजयका निम्नलिखित कारण छन् :—

१. भयङ्कर वर्षा र आँधीको कारण युद्धभूमि बहुतै चिप्लो भई हाल्यो र पोरसको प्रमुख शक्ति रथ पनि बेकार भयो।

२. पोरसको सेनामा पुरानो ढंगको लामो धनुष थियो जसलाई भूमिमा खुट्टाले समातेर चलाउनु पर्दथ्यो तर हिलोमा त्यसले पनि काम दिन सकेन।

---

river some sixteen miles above his camp and getting across with the help of a convenient island. The hostile armies met in the karri plain marked by the villages sirwal and pakral".

❀ "I see atlast a danger that matches my courage. It is at once with wild beasts and men of uncommon mettle that the contest now lies."

CC-0. In Public Domain. Digitization by eGangotri

३. पोरसको सेना को एउटा प्रमुख अंग हात्ती पनि थिए तर त्यस युद्धमा तिनीहरूले पनि राम्रो काम दिएनन्। सिकन्दरका कुशल सैनिकले हात्तीको सुंड र खुट्टा काट्न थाले र तिनीहरू आत्तिएर भाग्न थाले तथा आफ्नो सवारलाई यताउता लडाए। इतिहासकार कर्टियस ले लेखेको छ, "हात्तीहरूले आफ्नों सेनामा उत्पात मचाएर आफ्नो सवारलाई भूईमा लड़ाए फलतः कतिले त्यहीं प्राण त्याग गरे।" ❀

डा० स्मिथले पनि लेखेको छ, "ती हात्तीहरू, जसमाथि पोरसले धैरै विश्वास गरेका थिए, युद्ध भूमिमा अव्यवस्थित साबित भएर आफ्नो मित्र लाई आफ्नो शत्रु भन्दा धेरै हानि पुर्‍याए।"☙

४. पोरसको सेना बहुत विशाल तथा पुरानों ढंगको थियो जसमा युद्ध कौशलको अभाव थियो। तर सिकन्दरको फौज बहुतै निपुण थियो। उनका घोड़सवार बहुत स्फूर्तिवान् र अनुशासित थिए।

सिकन्दर त्यस वेलाका महान् योद्धा थिए। उनी युद्ध भूमिमा सबै खतरा उठाउनको लागि प्रस्तुत रहन्थे। पोरस पनि एउटा

❀ (They) spread havoc among their own ranks and threw their drivers to the ground who were then trampled to death.

☙ The elephants on which Porus had relied proved unmanageable in the battle and did more harm to their friends than to their foes.

CC-0. In Public Domain. Digitization by eGangotri

महान् योद्धा थिए। उनले घाइते भए पछि पनि साहस पूर्वक युद्ध गरे। उनी डेरीयस जस्तो युद्धभूमिबाट भागेनन्। बन्दी भएपछि सिकन्दर ले उनलाई सोधे कि उनी सित कस्तो व्यवहार गर्नु पर्‍यो। पोरसले भने, "जस्तो एक राजाले अर्को राजा संग गर्दछ, म संग राजा जस्तो व्यवहार गर" ⋑ सिकन्दरले प्रभावित भएर पोरस को राज्य उनलाई फिर्ता दिए र आफ्नो मित्र बनाए। सिकन्दर को यो महान् कूटनीतिज्ञता थियो किनभने आफ्नो भारत विजयको लागि पोरसको सहयोग सिकन्दर लाई अनिवार्य थियो। डा० त्रिपाठी ले सिकन्दरको यस कार्यलाई प्रशंसा गरेका छन्। उनले लेखेका छन्, "यस्तो गरेर सिकन्दरले मात्र कूटनीति र राजनीति का अनुकूल कार्य गरेनन्, तर यो ज्यादै आश्चर्यजनक लाग्दो कुरा छ कि उनले मनु र कौटिल्य द्वारा प्रतिपादित हिन्दू विजेता को परम्परागत नीतिको अनुसरण पनि गरे।" ❀ नागपुर विश्वविद्यालयका डा० एच० सी० सेठ ले द्वितीय भारतीय इतिहास कांग्रेस को अभिवेशनमा यस्तो तथ्य उपस्थित गरेका थिए कि त्यो युद्धमा सिकन्दरको हार र पोरस को जीत भयो तर यूनानी इतिहासकारहरू द्वारा प्रस्तुत

⋑Trat me, O Alexander ! as befits a king.

❀ And in doing so, Alexander was not only acting in consonance with the dictates of diplomacy and statecraft, but, strangely enough, he was also following the traditional policy of Hindu conquerers, advocated by Manu and Kautilya.

CC-0. In Public Domain. Digitization by eGangotri

तथ्य को खण्डनको लागि अहिले सम्म त्यस्तो प्रामाणिक तथ्य भेटिएको छैन।

कैकेय जनपदको समीप चनाव नदी माथि ग्लुचुकाएन् जनपद थियो। सिकन्दर ले यसलाई विजय गरेर पोरसलाई सुम्पिए। उनले चनाव नदी पार गरेर मद्र जनपदलाई हराए। सिकन्दरले कठहरूको राज्य माथि आक्रमण गरे। त्यहाँका निवासीहरू बहुतै बहादुर थिए। उनको सम्बन्धमा एरियन (Arrian) ले लेखेको छ, "तिनीहरूले युद्ध कलामा बहुतै महत्व प्राप्त गरेका थिए।"⋑यो युद्धमा कठहरूले वीरता पूर्वक सिकन्दर को मुकाविला गरे तर अन्तमा सिकन्दर त्यहां पनि विजयी भए।

यवन सेना द्वारा विद्रोह (Revolt of the Greek Army):—

कठहरूलाई पराजित गरेर सिकन्दरका सेना व्यास नदी सम्म पुगे। तर त्यहां एउटा अपूर्व घटना यो भयो कि सिकन्दर का फौज अगाडि बढ्न सकेनन्, किनभने लगातार युद्ध गर्नु पर्दा उनीहरू थाकेका थिए र उनीहरूलाई यस्तोसमाचार प्राप्त भयो कि पूर्वमा धेरै शक्तिशाली राज्यहरू छन् र उनीहरू संग लड़ाई गर्नु पर्दा बहुत कठिन पर्दछ। यस सम्बन्धमा प्लुटार्क (Plutarch) ले लेखेको छ, "पोरस संग को युद्धले यवनहरूलाई धेरै भयभीत बनायो र उनीहरूलाई घर फर्कनको लागि वाध्य गर्‍यो।" ❀ अन्तोगत्वा सिकन्दर ले उनीहरूलाई उत्साहित पार्नको लागि बहुतै प्रयास गरे। तर सिकन्दरको भाषण को कुनै प्रभाव उनको सेना

⋑They enjoyed the highest reputation for courage and skill in the art of war.

❀ The battle with Porus depressed the spir-

CC-0. In Public Domain. Digitization by eGangotri

माथि परेन। अन्त्यमा सिकन्दर ले विश्व विजयको सपनालाई समाप्त गरेर आफ्नो देश फर्के।

ई० पू० ३२६ मा उनले आफ्नो सेनालाई फर्काए। जब उनीहरू रावीनदी को प्रदेशमा पुगे उनीहरूको मालव संग भयङ्कर युद्ध भयो। यस सम्बन्धमा डा० स्मिथ ले लेखेका छन्, "यूनानी आक्रणइरूलाई सबभन्दा भयङ्कर विरोध रावी र व्यास नदी को किनारमा स्थित मालव र क्षुद्रक को एक संघ द्वारा भयो।" ⋲ यो युद्धमा सिकन्दर का सेना आत्तिएर सिकन्दर को विरोध गर्न लागे। उनले भने कि अब युद्ध गर्नु बाहेक अरू कुनै विकल्प छैन। कर्टियस को भनाइ छकि सिकन्दरले यस्तो भने, "सम्मान पूर्वक भारत बाट आफ्नो घर फर्कनु पर्छ, भगोरा जस्तो होइन।" * यो युद्ध मा सिकन्दर घाइते भए। उनका सिपाही हरूले उनको रक्षा कुनै प्रकार ले गरे। यो घटना पछि सिकन्दरका फौजले रिसाएर धेरै

---

its 'of the Macedonians and made them very unwilling to advance further into India.

⋲ The most fromidable opposition to the Greek invaders was offered by a confederacy of the Malwas, Kshudraks, and other tribes dwelling along with Ravi and Bias.

* To permit him to return from India with honour and not to escape from it like a fugitive.

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस मारे। स्त्री-पुरुष र बाल-बच्चा कसैलाई छोडेनन यस अन्यायपूर्ण कार्य को विरोध डा० त्रिपाठी ले गरेका छन्। उनले लेखेका छन्, "निस्सन्देह यस प्रकार समान रूपमा स्त्री र बच्चा-हरूको हत्या भीषण नृशंसता हो जसले यूनानीहरूलाई भारतमा युद्ध-कानून उल्लंघन को कलंक आरोपित गर्दछ।" ❀ अन्त्यमा मालव र क्षुद्रकसंग सिकन्दर को सम्झौता भयो। जयचन्द्र विद्या-लंकारले लेखेका छन् कि सिकन्दर डुंगा द्वारा रावी-चनाव संगम माथि आफ्नो शिविरमा गए। मालव-क्षुद्रक संग उनले संधि वार्त्ता चलाए। त्यस पछि सिकन्दर अम्बष्ठमा पुगे। त्यहांका मानिस-हरू बहुतै वीर थिए। यिनको सम्बन्धमा डायडोरस ले लेखेका छन "यिनीहरू संख्या अथवा बहादुरीमा अद्वितीय छन्।" ☙

ई० पू० ३२५ को सेप्टेम्बर महीनामा सिकन्दरले भारत देखि स्वदेशको लागि प्रस्थान गरे। उनले आफ्ना सेनालाई २ भागमा विभाजित गरेका थिए —एउटा नियार्कको नेतृत्वमा जलमार्ग द्वारा र अर्को स्वयम् उनको नेतृत्वमा स्थल मार्ग द्वारा। उनको मार्ग बहुतै दुर्गम थियो। बहुतै कठिनाई संग जब ६२३ ई० पू० मा उनी बेबिलोन पुगे उनको मृत्यु करीब ३३ वर्षका उमेरमा भयो।

❀ The indiscriminate slaughter of women and children was undoubtedly an act of wanton cruelty, which casts a slur on the war-code of the Greeks in India.

☙ Inferior to none in India either for number or for bravery.

CC-0. In Public Domain. Digitization by eGangotri

उनको आक्रमण को परिणाम (Effects of his invasion):—

धेरैजसो विद्वान्हरूले सिकन्दर को हमलालाई प्रभावहीन बताएका छन्। उनीहरूको भनाइ छ कि उनी एउटा आंधी जस्तो गए, जसको कुनै प्रत्यक्ष र स्थायी प्रभाव परेन। तर अन्य विद्वानहरू को यस्तो भनाइ छ कि उनको आक्रमण को प्रभाव धेरै पर्यो। केही विद्वान्हरू को भनाइ छ कि उनको आक्रमण एक घटना मात्रै हो जो रक्तपूर्ण हुनाले भयावह छ। उनको समयमा लगातारै युद्ध भयो। उनको राज्य को विस्तार गान्धार तथा सिन्धु घाटी सम्म २ वर्ष को अल्पकाल को लागि भयो। उनको रण-कौशल बाट भारतीयहरू कहिले पनि प्रभावित भएनन्। फलस्वरूप भारतीयहरू ले कहिले पनि उनको आक्रमण को उल्लेख गरेनन्। उनको अकाल मृत्युको कारणले कुनै प्रभाव यहां रहेन। डा० स्मिथ ले पनि लेखेका छन् "जब चन्द्रगुप्तमौर्यले यूनानी दुर्गरक्षकहरूलाई पंजाब बाट भगाए तब भारतीय भमिबाट यूनानी सभ्यता समाप्त भयो।" ⋑

केही विद्वानहरूको भनाइ छ कि उनको आक्रमण को कुनै न कुनै प्रभाव अवश्य पर्यो। डा० स्मिथ ले उल्लेख गरेका छन्, "यद्यपि सिकन्दर को भारत-आक्रमण को प्रभाव तुच्छ लाग्छ तर उनको साहसिक यात्राको बहुतै प्रभाव भारतको इतिहास माथि पर्यो।" *

⋑ When Chandra Gupta Maurya swept the Macedonian garrisons out of the *Panjab*, that was the end of Hellenism on Indian soil for the time.

* Although the direct effect of Alendander's

CC-0. In Public Domain. Digitization by eGangotri

डा० स्मिथले पुनः यो स्वीकार गरेका छन, "यूनानी प्रभाव को कहिले पनि गम्भीर प्रवेश भएन। जातीय आधारमा परम्परागत भारतीय शासन तंत्र र समाज-संगठन तत्वरूपमा अपरिवर्तनशील रह्यो र यहाँ सम्म कि सैनिक शास्त्रमा भारतीयहरूले कुनै अभि-रूचि प्रकट गरेनन् किनभने सिकन्दरले तिनीहरूलाई यो पाठ तीखो तरवारको बलभाथि सिकाएका थिए।"⋲

सिकन्दरको आक्रमण को केही प्रभाव अवश्यनै पर्‍यो। उनको भारत विजय को परिणामस्वरूप पूर्व र पश्चिम को बीच आवागमन प्रारम्भ भया। एक जलमार्ग र तीन स्थल मार्गको अन्वेषण भयो जस बाट वाणिज्य र व्यवसाय को मात्र प्रगति भएन, वरु विचार को आदान-प्रदान तथा कला र साहित्य को पनि विकास भयो। भारतीय मुद्राहरूमा पनि यूनानी प्रभाव पर्‍यो। भारत को मुद्राहरूमा धेरै सुधार भयो। भारतीयहरूले आफ्नो सैनिक प्रणालीको दुर्बलता अनुभव गरेर यो पाठ सिके कि सानु भए तापनि एउटा प्रशिक्षित सेना

---

expedition on India appear to have been small, his proceedings had an appreciable influence on the history of the country.

⋲ The Greek influence never penetrated deeply. Indian polity and the structure of society resting on the caste basis remained substantially unchanged, and even in military science Indian showed no disposition to learn the lessons taught by sharp sword of Alexander.

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकला द्वारा धेरै सफलता प्राप्त गर्न सक्छ। उनले यो पनि अनुभव गरे कि साना-साना छरिएका राज्यहरू राष्ट्रियता को विकास र स्वतंत्रता को रक्षा को निमित्त उपयुक्त हुन सक्दैनन्। चन्द्रगुप्त मौर्यले यस परिस्थितिबाट लाभ उठाए र एउटा एकछत्र राज्यको स्थापना गरे। यूनानी सभ्यताको प्रभाव को कारण ले गर्दा भारतमा एउटा नयाँ कला को जन्म र विकास भयो जसलाई गान्धार कला भनिन्छ। यो शैली को विशेषता यो हो कि यसका वस्तुहरू भारतीय हुन् तर यसको बनावट, सजावट तथा विधि यूनानी हो। सर्वप्रथम भगवान् बुद्ध को मूर्ति-निर्माण गान्धारको यूनानी कला द्वारा नै भएको छ। यसैको प्रभाव को कारण बौद्ध धर्ममा पनि फरक आयो। यस कलाको प्रभावमा आएर भारतीय चिकित्सा पद्धति र ज्योतिष-शास्त्रमाथि पनि प्रभाव पर्‍यो। सिकन्दर को आक्रमणको एउटा ठूलो प्रभाव यो पर्‍यो कि उनका निश्चित आमक्रण काल ई० पू० ३२७ देखिनै ऐतिहासिक ज्ञानको स्रोत सम्मुख आयो। यस देखि पहिलेको कुनै निश्चित मिति थाहा थिएन। फलस्वरूप उनको आक्रमण काल भारतीय इतिहासमा मार्ग-दर्शक छ। यूनानी सभ्यता बाट भारत माथि धेरै प्रभाव पर्‍यो तर भारत मात्र यसबाट लाभान्वित भएन बरु भारतीय उत्कृष्ट सभ्यताको प्रभाव यूनान माथि पनि पर्‍यो। प्रोफेसर एच० जी० रौविलसन ले लेखेका छन्, "पाइथागोरस ले सिकाएको धार्मिक, दार्शनिक र गणित सम्बन्धी सबै सिद्धान्त भारतीयहरूलाई ई० पू० छैठौं शताब्दीमा थाहा थियो" ❀ अर्को यूरोपियन विद्वान् उरविक ले लेखेका छन् कि

❀ Almost all the theories, religious, philo-

CC-0. In Public Domain. Digitization by eGangotri

प्लेटो को ग्रन्थ रिपब्लिक का सबै व्याख्याहरू भारतीय विचार धाराबाट प्रभावित छन्। जिमरण ले पनि आफ्नो पुस्तक 'दी ग्रीन कामन वेल्थ' मा यस तथ्यलाई स्वकार गरेका छन्।

---

sophical and mathematical taught by Pythagorians were known in India in the 6th Centry B. C.

—:o:—

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १०

Chandragupta Maurya.

(चन्द्रगुप्त मौर्य)

मौर्य वंश को उत्पत्ति (Origin of Maurya dynasty):— मौर्यवंशका संस्थापक चन्द्रगुप्त मौर्य थिए। उनको सम्बन्धमा धेरै विवादहरू छन्। डा० स्मिथ को भनाइ छ, "केही विवरण अनुसार उनी अन्तिम नन्द राजाका पुत्र थिए, जसको उत्पत्ति कुनै शूद्र स्त्रीबाट भएको थियो। अर्को तर्फ बौद्ध परम्परा द्वारा ज्ञात हुन्छ कि उनी पिप्पलिवनको मौर्य जातिका क्षत्रिय थिए जसले सर्व प्रथम बुद्धको खरानी प्राप्त गरेका थिए।"❋

❋ According to some accounts he was a son of the last Nanda king by a low-born woman. Budhist tradition, on the other hand, states that he was a member of the clan of the Moriyas (the pali form of Maurya) of pippalivana, who are first met as recipients of a share of the Buddha's ashes.

CC-0. In Public Domain. Digitization by eGangotri

डा० त्रिपाठीको भनाइ छ, "चन्द्रगुप्त को वंश को सम्बन्धमा धेरै विवाद छ।"⋺

डा० राय चौधरीले यसै विचार को समर्थन गरेका छन्। उनको कथन छ, " उनको सेल्युकस संग वैवाहिक सम्बन्ध र अफ्नो जीवन को अन्तिम कालमा जैन धर्म प्रति पक्षपातले यो कुरालाई प्रमाणित गर्दछ कि चन्द्रगुप्त ब्राह्मणहरूको कट्टरता देखि विमुख थिए।" ❀ यसै कारण बृहत्कथा तथा विशाखदत्त लिखित मुद्राराक्षस (राक्षसको औंठी) मा उनलाई व्रात्य (वैदिक धर्मबाट पतित) तथा 'वृषल' (शूद्रको सन्तान) शब्दको प्रयोग भएको छ। यो कुराबाट हामी यो निष्कर्षमा पुग्छौं कि उनी ब्राह्मण धर्मका विरोधी र सम्भवतः क्षत्रिय थिए।

पुराणका टीकाकारहरूले चन्द्रगुप्तलाई प्रयोग गरेको "मौर्य" शब्दको गलत अर्थ लगाएका छन् र उनलाई शूद्र बताएका छन्। उनीहरूको भनाइ छ कि चन्द्रगुप्तको जन्म मुरा नामक एउटी शूद्र स्त्रीबाट भएको थियो। तर व्याकरणको कुनै नियमअनुसार "मुरा" शब्द बाट "मौर्य" शब्द को उत्पत्ति हुन सक्दैन। "मौर्य" शब्द

⋺ Traditions differ regarding antecedents of Chandragupta.

❀ That Chandragupta did deviate from Brahmanical orthodoxy is proved by his matrimonial alliance with Selukos and the predilection shown for jainism in his later years.

CC-0. In Public Domain. Digitization by eGangotri

को उत्पत्ति "मुर" शब्द बाट भएको अनुमान हुन्छ, जसको उल्लेख पाणिनीले पनि एउटा जातिको रूपमा गरेका छन्।

बौद्ध रचनाहरूमा चन्द्रगुप्तलाई निर्विवाद रूपमा उच्च कुलका व्यक्ति लेखेको छ। यस्तो भनाइ छ कि उनी मोरिय नामक क्षत्रियका सन्तान थिए। "मोरिय" शब्दको उत्पत्ति 'मोर' बाट भएको छ जो संस्कृतको 'मयूर' शब्द को अपभ्रंश छ। चन्द्रगुप्त एक प्रधान की छोरी बाट उत्पन्न भएका थिए। त्यो गाउंमा मयूर पाल्ने मानिसहरू बस्तथे। अतः चन्द्रगुप्त र उनका वंशलाई मौर्य भनिन्छ। बृटिश शासनकालमा भारतको पुरातत्व विभाग का अध्यक्ष सरजान मार्सलले लेखेका थिए कि सांची को पूर्वी ढोका माथि एउटा सुन्दर मुजुर-चित्र बनेको छ तथा सम्राट् अशोक द्वारा निर्मित शिला लेखमा पनि मुजुर चराको चित्र बने को छ। जसबाट यो सिद्ध हुन्छ कि चन्द्रगुप्त मुजुर पालक गांउका मुखियाकी छोरी का पुत्र थिए र त्यसै कारण उनलाई मौर्य भनिन्छ। राजपूताना गजेटियरले मोर्यहरूलाई क्षत्रिय लेखेको छ। राजपूताना मा अहिले पनि मोरिय वंशका क्षत्रियहरू निवास गर्दछन्। महर्षि चाणक्यले पनि मौर्यहरूलाई उच्च वंशका क्षत्रिय लेखेका छन्। अतः यो कुरा प्रमाणित हुन्छ कि मौर्यहरू शूद्र थिएनन्। उनीहरू उच्च वंशका क्षत्रिय थिए।

मौर्य साम्राज्यको स्थापनाको ऐतिहासिक महत्व
(Historical importance)

भारत को इतिहासमा मौर्य साम्राज्यलाई एक विशिष्ट स्थान प्राप्त छ। यो कालका प्रारम्भ देखि एउटा नवीन युगको प्रारम्भ हुन्छ। यो कालका अध्ययनको निमित्त प्रशस्त ऐतिहासिक साधन

CC-0. In Public Domain. Digitization by eGangotri

हरू प्राप्त छन्। तसर्थ यसलाई प्रकाशमय युग मानिन्छ । डा० स्मिथ को भनाइ छ, "मौर्य साम्राज्यको आगमन इतिहासकारहरूलाई अन्धकारबाट प्रकाशको निमित्त मार्ग दर्शकको काम गर्दछ। काल-क्रम एक्कासि स्पष्ट र करीब करीब निश्चित भैहाल्छ। असंख्य छरिएका टुक्रारूलाई संगठित गरेर एउटा विशाल साम्राज्यको प्रादुर्भाव हुन्छ।"*

यो काल देखिनै भारतको विदेशहरू संग ऐतिहासिक सम्बन्ध स्थापित भयो र भारतीय सभ्यता तथा संस्कृतिको प्रसार छिमेकी देशहरूमा भयो। मौर्य शासन को स्थापना को फलस्वरूप भारतबाट विदेशी शासन को अन्त भयो।

सम्राट् अशोकको कालमा बौद्धधर्मं विश्वधर्मको रूपमा प्रकट भयो।

मौर्यकालीन इतिहासका साधनहरू
(Sources of Mauryan History

मौर्यकालीन इतिहासका निम्नलिखित साधनहरू छन्:—

१. चद्रगुप्तका समकालीन सिकन्दर थिए। उनको साथ धेरै विद्वानहरू भारतमा आएका थिए। उनीहरूले त्यसबेला को

---

* The advent of the Maurya dynasty marks the passage from darkness to light for the historian, chronologly suddenly becomes definite, almost precise, a huge empire springs into existence unifying the innumerable fragments of distracted India.

CC-0. In Public Domain. Digitization by eGangotri

भारतको विवरण उपस्थित गरे। यूनानी साधनहरू द्वारा तत्कालीन क्रमबद्ध अन्धकार युग माथि प्रकाश पर्दछ। भारतको राजधानी पाटलिपुत्र (पटना) मा यूनानी राजदूतको रूपमा मेगास्थनीज बसे र उनले पाटलिपुत्रको सम्बन्धमा धेरै विवरण उपस्थित गरे।

२. चन्द्रगुप्तका मित्र र राजनीतिशास्त्रका आचार्य कौटिल्य (चाणक्य) ले पनि आफ्नो सुप्रसिद्ध पुस्तक "अर्थशास्त्र" मा त्यसबेलाको राजनैतिक भारतका चित्र उपस्थित गरे।

३. ब्राह्मण, बौद्ध तथा जैन साहित्यले पनि चन्द्रगुप्त मौर्य र उनका समयको परिस्थिति माथि प्रकाश छर्दछ। विशाखदत्त ले "मुद्राराक्षस" नामक एक नाटक लेख, जसमा उनले चन्द्रगुप्त मौर्य को सम्बन्धमा धेरै वर्णन गरेका छन्।

४ अशोकका शिलालेखहरू मौर्य कालीन भारतको अध्ययन को निमित्त प्रमुख साधन मानिन्छन्। यिनीहरूलाई मौर्य इतिहासको आलोक स्तम्भ भनिन्छ। अशोकको शिलालेखबाट अशोक कालीन शासन एवं समाज-व्यवस्था, तत्कालीन जीवन, धर्म र विदेशसित भारतको सम्बन्ध माथि प्रकाश पर्दछ।

चन्द्रगुप्तको जीवन (Life of Chandragupta)

चन्द्रगुप्त मौर्य को जन्म र प्रारम्भिक जीवन को सम्बन्धमा हामीहरूलाई बहुतै कम ज्ञान छ। यूनानी इतिहासकार जस्टिन को भनाइ छ, "उनको जन्म साधारण कुलमा भएको थियो।" ❀ जस

❀ Chandra Gupta was born in humble life.

CC-0. In Public Domain. Digitization by eGangotri

बाट यो थाहा पाइन्छ कि उनी राजकुमार थिएनन् र तत्कालीन राज-परिवारसित उनको कुनै सम्बन्ध थिएन। डा० राय चौधरी को पनि यस्तै बिचार छ। उनले लेखेका छन्, "र परम्परा ले प्रमाणित गर्दछ कि चन्द्रगुप्त मुजुर पाल्ने, गोठाला र सिकारीहरूको बीचमा हुर्केका थिए।"❀ साधारण परिवारमा जन्म लिएर चन्द्रगुप्त ले भारतीय इतिहासमा आफ्नो अद्वितीय स्थान बनाए। यस्तो भनाइ छ कि चन्द्रगुप्तका पिता मोरिय जाति का मुखिया थिए। उनी सीमान्त संघर्षमा मारिए। त्यस पछि उनकी आमा पाटलिपुत्र गइन्। त्यहां चन्द्रगुप्त मौर्यको जन्म भयो। अनाथ आमाले उन-लाई त्यहीं एउटा गोशालामा छोडि दिइन्। एक भेडा गोठालाले उनलाई लगेर पालनपोषण गरे र पछि उसले उनलाई बेच्यो। चन्द्रगुप्त ले 'राजकीलम' नामक खेलको आविष्कार गरे र बालकहरूको नेतृत्व गर्नथाले। त्यसै खेलमा चाणक्यले उनलाई हेरे र उनको प्रतिभा बाट प्रभावित भएर रु १०००) मा खरीद गरे। चाणक्य महान् विद्वान थिए। उनले चन्द्रगुप्तलाई आफ्नो घरमा लगेर शिक्षा दिए। चाणक्य ले चन्द्रगुप्तको जीवन-धारालाई परिवर्तित गरे। चाणक्य कुनै कारण-वश पाटलिपुत्र गए र त्यहां नन्दशासकहरूको व्यवहारबाट बहुतै असन्तुष्ट भए। उनले यस्तो निर्णय गरे कि कुनै प्रकारले नन्द वंशको नाश गर्नु पर्दछ। यसै उद्देश्यले उनले चन्द्रगुप्तलाई प्रशिक्षित गरे। डा० त्रिपाठीको भनाइ छ, "उन (चन्द्रगुप्त) ले प्रसिद्ध कुटनीतिज्ञ ब्राह्मण विष्णुगुप्त अथवा चाणक्यको सक्रिय सहयोग र उनको नेतृत्वमा

❀ and tradition avers that Chandra Gupta grew up among peacock-tamers, herdsmen, and hunters.

CC-0. In Public Domain. Digitization by eGangotri

विद्रोह गरे। तर उनको विद्रोह असफल भयो र उनीहरूले प्राणरक्षाको निमित्त भाग्नुपर्‌यो।"❀

इतिहासकार जस्टिनको भनाइ छ कि सिकन्दर जुनबेला पंजाबमा थिए त्यसै बेला चन्द्रगुप्तले त्यहां गएर सिकन्दरलाई मगधको स्थितिबाट परिचय गराए। उनले सिकन्दरलाई भनेकि मगधका शासक स्वेच्छाचारी छन् र उनका प्रजाहरू उनका विरोधी छन्। जस्टिनको भनाइ अनुसार "उनलाई उनका प्रजाहरू घृणा गर्दछन्।" * कौटिल्यले उनलाई मगध माथि हमला गर्नको निमित्त सहमत गराउने प्रयत्न गरे तर स्वाभिमानी चन्द्रगुप्तले आफ्नो व्यवहार द्वारा सिकन्दरलाई रिस उठाए र चन्द्रगुप्त त्यहांबाट प्राण रक्षाको लागि हिंडिहाले।

चन्द्रगुप्तका कार्यहरू (Achievements of Chandragupta)—

उनले आफ्नो मातृभूमि माथि विदेशी आक्रमण स्वयम् देखेका थिए र आफ्नो देशलाई स्वतन्त्र बनाउने संकल्प गरे। यसकार्यमा उनले कौटिल्यका उपदेशहरूबाट धेरै प्रेरणालिए। कौटिल्यले विदेशी शासनलाई एक निश्चित अभिशाप माने। यसबाट मुक्तिको लागि उनले एउटा ठूलो फौज तयार गरे। जनताले पनि उनलाई सहृदयता पूर्वक

❀ He (Chandra Gupta) raised the standard of revolt with the active support and under the guidance of that "Michiavellian Brahman" named Vishnu Gupta or Chanakya. The attempt miscarried and both of them had to flee for their life.

* Detested and held cheap.

CC-0. In Public Domain. Digitization by eGangotri

सहायता गरे। विशाखदत्त लिखित 'मुद्राराक्षस' ग्रन्थबाट यस्तो ज्ञान हुन्छ कि चाणक्यले हिमालयको पार्वतीय प्रदेशका राजा पर्वतक बाट पनि यस कार्यको निम्ति धेरै सहायता प्राप्त गरेका थिए। यो निश्चत छैन कि पहिले उनले मगध माथि विजय प्राप्त गरे अथवा पंजाब विजय गरेर यूनानी हरूलाई धपाए। डा० स्मिथले लेखेका छन्, "यो प्रष्ट छैन कि मगध विजयको घटना यूनानी दुर्गरक्षक हरूमाथिको आक्रमण भन्दा पहिले अथवा पछिको हो।"❋ डा० के० पी० जायसवालको विचार छ कि उनले पहिले मगध र पछि पंजाब जिते। महावंश ग्रन्थमा एउटा कथा छ। आफ्नो अज्ञातवासमा जब चन्द्रगुप्त एउटी बूढ़ी आइमाईको झुप्रामा लुकेका थिए, त्यस बेलामा उनले त्यो बूढ़ीको उपदेश सुने। बूढ़ीको उपदेश एउटा बच्चाका लागि थियो। बूढ़ीले भनिन् कि रोटीलाई छेउ देखि खानु पर्छ न कि बीच देखि किनभने त्यसो गर्दा खेरी हात पोल्न सक्छ। चन्द्रगुप्तले यो कुराबाट यो उप-देश ग्रहण गरे कि भारत विजयको लागि भारतीय सीमा देखि आक्रमण गर्नु पर्दछ र उसको बीचको भूभागलाई पछि विजय गर्नु पर्दछ।

पं० जवाहरलालजीले Discovery of India मा यस्तो लेखेका छन् "चाँडै यो सूचना आयोकि ३२३ ई० पू० बेबिलोनमा सिकन्दरको मृत्यु भयो र चन्द्रगुप्त तथा चाणक्यले राष्ट्रियताको प्राचीन र नित नवीन (सधैंनया) नाराको प्रचार गरेर बाहिरी आक्रमणकारी

❋ It is not clear whether the Magadhan revolution preceded or followed the attack on the Macedonian garrisons.

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको विरोधमा जनतालाई उत्तेजित गरे।"❋ जस्टिनको भनाइ छ, "सिकन्दरको मृत्यु पछि भारतले आफ्नो घांटीबाट दासत्वको जुवा फ्यांके र यो मुक्तिका स्रष्टा चन्द्रगुप्त थिए।" * उनले सिकन्दरको राज्यका अधिकारी सल्यूकसलाई पराजित गरे। The Discovery of India मा यस्तो उल्लेख छ, "सेल्यूकसको हार भयो र उनले अफगानिस्तानको भूभाग कावुल र हेरात सम्मको प्रदेश चन्द्रगुप्तलाई सुम्पनु पर्‍यो जसले सेल्यूकसकी छोरी संग विवाह पनि गरे।"❋ उनले मगध विजय गरेर नन्दवंशको नाश गरे र यसलाई आफ्नो साम्राज्यमा गाभे। यसको सम्वन्धमा स्पष्ट विवरण अहिले सम्म भेटेवो छैन। ई० को पांचौं शताब्दीमा विशाखदत्तद्वारा लिखित मुद्राराक्षस नाटकमा यो घटनाको सम्वन्धमा उल्लेख भएको छ। तर साहित्यिक ग्रन्थ हुनाले यसमा तथ्यभन्दा वढ़ी कल्पनाको स्थान छ।

भारतको इतिहासमा पहिलो पल्ट एक विशाल केन्द्रित साम्राज्यको स्थापना भयो। जसको राजधानी पाटलिपुत्र (पटना) भयो। डा० स्मिथ

❋ Soon news came of Alexander's death at Babylon in 323 B.C. and immediately Chandra Gupta and Chanakya raised the old and ever new cry of nationalism and roused the people against the foreign invader.

* He shook the yoke of servitude from the neck of his motherland.

❋ Seleukos was defeated and had to cede a part of Afghanistan, upto Kabul and Herat,

CC-0. In Public Domain. Digitization by eGangotri

को भनाइ छ, "उनी निश्चित रूपमा प्रथम ऐतिहासिक व्यक्ति हुन जसलाई ठीक ठीक भारत सम्राट् भन्न सकिन्छ ।" ❀

दिग्विजय (Conquest)— चन्द्रगुप्त मौर्यले मगध, पंजाब र अफगानिस्तान बाहेक सौराष्ट्र माथि पनि विजय प्राप्त गरेका थिए। या कुराको प्रमाण रुद्रदमनको जूनागढ शिलालेखमा पाइन्छ । यो शिलालेखमा यस्तो उल्लेख छ कि यो प्रान्तको लागि पुष्पगुप्त वैश्यलाई राष्ट्रिय (Governor) को पदमा नियुक्त गरेका थिए। तामिल लेखक मामुलनार र परणारले उनको विजयको उल्लेख सुदूर दक्षिण सम्म गरेका छन् । जैन अनुश्रुति र केही उत्तरकालीन अभिलेख द्वारा यो कुराको प्रमाण पाइन्छ कि उनको राज्य-विस्तार उत्तरी मैसूर सम्म थियो । "An advanced history of India" नामक किताब मा यस्तो उल्लेख छ कि प्रथम मौर्य (चन्द्रगुप्त) को आधिपत्य मालवा र काठियावार माथि थियो ।⋲ डा० त्रिपाठीको भनाइ छ, "यूनानी लेखक प्लुटाक र जस्टिनले उनीबाट सम्पूर्ण भारतीय भूमिलाई कुल्चिएर त्यसमाथि उनको अधिकारको चर्चा गरेकाछन् ।"☙ चन्द्रगुप्तले

---

to Chandra Gupta who also married the daughter of Seleukos.

❀ He is the first strictly historical person who can be properly described as Emperor of India,

⋲ The first Maurya is known to have been in possession of Malwa and Kathiawar.

☙ The Greek writers, plutarch and Justin represent him as having over run and obt-

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो राज्यको सीमा भारतको अन्य प्रदेशहरूमाथि फैलाएका थिए। डा० स्मिथको भनाइ छ, "उनको राज्यको फैलावट निश्चितरूपमा आधुनिक अफगानिस्तान, प्राचीन अरियाना, हिन्दुकुश पहाड़, पंजाब, उत्तर प्रदेश, बिहार र सुदूर पश्चिम काठियावारको प्रायद्वीप सम्म थियो। शायद बंगाल पनि त्यसमा सम्मिलित थियो..........उनी नर्वदाको उत्तर र अफगानिस्तान सम्म सम्पूर्ण भारतका स्वामी थिए।" * दक्षिण भारतका सुप्रसिद्ध इतिहासकार के० ए० निलकण्ठ शास्त्रीको भनाइ छ, "चन्द्रगुप्त मौर्यको राजनैतिक र सैनिक रेकर्ड यद्यपि उज्ज्वल छ तापनि उनका सबै महान् कार्यहरूको उल्लेख त्यसमा भएको छैन। भारतको वृहत भागले बनेको राज्यका निर्माता युद्धकला जस्तै शान्तिकला-मा पनि उत्साही थिए।"

---

ained possession of the whole of India."; Chandra Gupta's jurisdiction extended to distant regions of India.

ⓐ His dominion certainly included the country now called Afghanistan, the ancient Ariana, as far as the Hindukush range, the Punjab, the territories now known as utter Pradesh, Bihar and Peninsula of Kathiawar in the far west. Probably they also comprised Bengal....was master of all India north of the Narbada, as well as of Afghanistan,

* The political and military records of Chandra Gupta, brilliant as it is does not sum up all his achievements....the architect of an empire embracing the greater part of India. was as strenuous in the art of peace as in the art of war.

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रगुप्तको शासन-व्यवस्था (His administration):—

चन्द्रगुप्त मौर्यको शासन-प्रवन्धको सम्बन्धमा मुख्यतः दुइ स्रोत छन्।

१. कौटिल्यको अर्थशास्त्र र

२. यूनानीराजदूत मेगास्थनीज को भारत विवरण।

मेगास्थनीजले इन्डिका [Indika] नामक ग्रन्थ लेखे जो आफ्नो मूल रूपमा भेटेको छैन, तर त्यसको उद्धरण पछिका इतिहासकारहरूको ग्रन्थमा पाइन्छ। जहां सम्म कौटिल्यको प्रश्न छ, उनको सम्बन्धमा पं० जवाहरलाल नेहरूको भनाइ छ, "चाणक्यलाई भारतीय मैकियावेली भनिन्छ र आंशिक रूपमा यो तुलना ठीक छ। तर बुद्धि र कार्यको दृष्टिले उनी प्रत्येक क्षेत्रमा मैकियावेली भन्दा पनि ठूला थिए। उनी राजाका अनुगामी, एउटा सर्व शक्तिमान् सम्राट्का विनम्र सल्लाहकार मात्र थिएनन्।" ❀ उनले अर्थशास्त्र नामक राजनीति-शास्त्र को एउटा महान ग्रन्थ लेखे जसमा राजनीतिको सिद्धान्त र त्यसको व्यावहारिक पक्षमाथि धेरै जोर दिइएको छ। यो ग्रन्थमा उनले लेखेका छन् कि नरेन्द्र (सम्राट्) को लागि उनले यो ग्रन्थको रचना गरे।

चन्द्रगुप्त एक महान विजेतामात्र थिएनन् वरु एक योग्य शासक पनि थिए। उनले विशाल साम्राज्य को स्थापना गरे। उनले उच्चकोटि को शासन-व्यवस्थाको पनि स्थापना गरे। डा० भी० ए० स्मिथको भनाइ छ कि उनी एउटा निरंकुश शासक थिए। उनले आफ्नो विचारको

❀ Chankya has been called the Indian Machiavelli, and to some extent the comparison is justified. But he was a much bigger person in every way, greater in intellect and action. He was no mere follower of a king, a humble adviser of an all-powerful emperor.

CC-0. In Public Domain. Digitization by eGangotri

समर्थनमा जस्टिनको यो उद्धरण पेश गरेका छन् , "जब उनले विजय प्राप्त गरेर गद्दीमा बसे, उनले नाममात्रको स्वतन्त्रतालाई दासत्वमा परिवर्तित गरे किनभने उनले दास मनोवृत्ति द्वारा ती जनताहरूलाई सताए जसलाई उनले विदेशी शासनबाट मुक्त गरेका थिए ।" ॥ उनले कठोर शासनको व्यवस्था गरे तर जनताको हितलाई सधैं महत्व दिए। राज्याभिषेक बेलामा राजाले जनता संग यो शपथ लिनु पर्दथ्यो कि उनले प्रजाको निमित्त कल्याणकारी कार्य गर्नेछन। प्रतिज्ञा उल्लंघन गरे पछि उनी स्वर्ग, जीवन र सन्तानबाट वंचित हुनेछन्। कौटिल्यको यस्तै आदेश थियो। उनले अर्थशास्त्रमा यस्तो लेखेका छन् "प्रजा सुखेम् सुखम् राज्ञः प्रजानाञ्च हिते हितम्। नात्मप्रियं सुखं राज्ञः प्रजानाञ्च सुखे सुखम् ।" अर्थात् राजाको आफ्नो हितप्रिय हुनु हुदैन बरु जनताको हित प्रिय हुनु पर्छ। जनताको हितमानै आफ्नो हित लुकेको हुन्छ। देशमा शान्ति र सुव्यवस्थाको लागि तत्कालीन परिस्थिति मा कठोर नियमको सृजना आवश्यक थियो। शासनको स्वरूप यद्यपि केन्द्रीय थियो तापनि स्थानीय संस्थाहरूलाई महत्वपूर्ण स्थान प्राप्त थियो। उनी सर्वप्रथम शासक थिए, जसले एक संगठित शासन-व्यवस्थाको स्थापना गरे। डा० स्मिथको भनाइ छ, "उनको शासन-व्यवस्थाको सम्बन्धमा ज्ञात तथ्यहरूबाट प्रमाणित हुन्छ कि उनी एउटा कठोर प्रजा पीडक शासक थिए।" ❀ तर स्मिथले यस्तो पनि स्वीकार गरेका छन, "चन्द्रगुप्तको शासन-प्रणाली मुगल सम्राट् अकबरको

॥ when he had gained the victory and ascended the throne; he transformed the nominal liberty into slavery, in as much as he oppressed with servitude, the people whom he had rescued from foreign rule.

❀ The known facts concerning his administration prove that he was a stern despot.

CC-0. In Public Domain. Digitization by eGangotri

शासन-प्रणाली भन्दा पनि उत्तम थियो। " * उनको शासन-व्यवस्था प्राचीन यूनान को कुनै पनि नगर राज्य भन्दा उन्नत थियो। मगध साम्राज्यको शासनका केन्द्रराजा अथवा सम्राट् थिए। तर कौटिल्यको भनाइ अनुसार राज्यको सात अंगहरू मध्ये राजाबाहेक देशको पनि प्रधानता थियो। उनले लेखेका छन्, "राजा-राज्य मिति प्रकृति संक्षेपः।" उनले पुनः लेखका छन् कि राजाले एउटा आदर्श व्यक्ति हुनु पर्दछ। राजालाई परामर्श (सल्लाह) दिनको लागि कौटिल्यले एउटा मन्त्रिपरिषद्को व्यवस्था गरेका थिए। किन भने राजकर्महरू धेरै ठाउंमा फैलिएका हुन्छन् जसलाई पुर्‍याउन आफै सकिंदैन। राज्यकार्य सहायताको बिना सिद्ध हुन सक्तैन। एउटा पांग्राबाट राज्यको गाडी चलन सक्तैन। तसर्थ राजाले सचिव अमात्य र मन्त्रीहरूलाई नियुक्त गर्नु पर्छ। राम्रो र ठूलो मंत्रि-परिषद को स्थापना राजाको लागि हितकर मनिन्थ्यो तर त्यसको संबन्धमा कुनै निश्चित संख्याको उल्लेख भएको छैन। कौटिल्यको अनुसार सामर्थ्य र आवश्यकता अनुसारनै मन्त्रीहरूलाई नियुक्त गर्नु पर्दछ। यस प्रकारले राजा निरंकुश थिएनन, यो सम्बन्धमा जवाहरलाल जाले Discovery of India मा लेखेका छन, "माथिल्लो तहमा अधिनायकवाद भएकोले यो एउटा निरंकुश शासन थियो, हिजो आज र अघिका धेरै जसो साम्राज्य जस्तो। यो व्यवस्थामा स्थानीय स्वायत्त शासनको धेरै आदर थियो र मुश्किलले कहिले काहीं मात्र कुनै राजा अथवा सर्वोच्च शासक यसको कार्यमा हस्तक्षेप गर्दथे।"

❀ The control of Maurya central government over distant provinces and subordinate officials appear to have been more stringent than that exercised by Akbar.

* It was an autocracy, a dictatorship at top as most empires were and still are ... . This

CC-0. In Public Domain. Digitization by eGangotri

मौर्य सम्राट् आफूलाइ राजा र आफ्नो साम्राज्यलाई 'विजित' भन्दथे। राजा 'विजित' को शासन मन्त्रिपरिषदको सहायता द्वारा गर्दथे। सम्पूर्ण विजित निम्नलिखित ५ मण्डलमा बांडिएको थियो, जसलाई 'चक्र' भनिन्थ्यो :–

१ मध्यदेश अथवा मध्यमण्डल,

२ प्राची [पूर्व]

३ दक्षिणापथ [दक्षिणतर्फ,]

४ अपर जनपद [पश्चिम-देश,]

५ उत्तरापथ [उत्तरतर्फको भूभाग]।

मौर्य युगमा मध्यदेशको शासन-व्यवस्था पनि पाटलिपुत्रबाट नै हुन्थ्यो, उत्तरापथको तक्षशिलाबाट, पश्चिम मण्डलको उज्जैनबाट र दक्षिणापथको सुवर्ण गिरिबाट। यी राजधानीहरूमा राजा तर्फबाट कुमार (राजकुमार) महामात्य (सचिव) अथवा 'राजुक' अनुशासनको निरीक्षण गर्दथे।

यूनानी राजदूत मेगास्थनीज ले आफ्नो पुस्तक "इन्डिका" मा धेरै कुराहरूको उल्लेख गरेका छन्। उनको भनाइ अनुसार भारत को आकार एक चतुर्भुज जस्ता छ, जसको उत्तरमा 'ह्मियोडस' [हिमालय] दक्षिणपूर्वमा समुद्र तथा पश्चिममा सिन्धु, गंगा, सोन, कोशी, गण्डक, राप्ती र गोमती आदिको उल्लेख छ। सब भन्दा ठूलो गंगा नदी छ जो पार्वतीय प्रदेशबाट निस्केर पूर्वतर्फ मैदानमा बग्छ, फेरि 'पालीबोथरा' [पाटलिपुत्र] बाट समुद्रमा विलीन हुन्छ।

मेगास्थनीजले फेरि उल्लेख गरेका छन कि भारतवासीहरू राम्रा

local autonomy was greatly prized and hardly any king or supreme ruler interferred with it.

CC-0. In Public Domain. Digitization by eGangotri

वस्त्रहरूका शौकीन थिए। धेरै मानिसहरूको पछि-पछि सेवकहरू छत्र (छाता) लिएर हिंडदथे। भोजनमा चामलको विशेष महत्व थियो। मादक द्रव्यको व्यवहार यज्ञको अवसरमा हुन्थ्यो। उनले बहुविवाह प्रथाको उल्लेख गरेका छन्। विवाहको उद्देश्य भोग, सहकारिता-प्राप्ति अथवा पुत्र-प्राप्ति थियो। सती प्रथाको उल्लेख भेटेको छैन। ब्राह्मण; संन्यासी र श्रमणहरू [भिक्षुहरू] को पनि चर्चा पाइन्छ। तिनीहरू भोगविलास देखि टाढा बसेर सरल जीवन व्यतीत गर्दथे।

उनले ब्राह्मणहरूको विद्वताको प्रशंसा गरेका छन्। मेगास्थनीजले भारतीय हरूलाई चरित्रवान् भनेका छन्। चोरी बहुतै कम हुन्थ्यो। तर समाजमा कठोर दण्ड दिने चलन थियो। साना-साना अपराधको लागि अंगच्छेदको दण्ड दिइन्थ्यो। कारीगरहरू; [शिल्पकार] का आँखा अथवा हात नष्ट गर्नको अपराधमा मृत्यु दण्ड दिइन्थ्यो।

राजा सर्वोच्च पदाधिकारी थिए। उनी दिनभरी राज्य सभामा बसेर न्यायगर्दथे। मेगास्थनीज को भनाइ छ कि राजा सधैं प्राणभयले आतंकित रहन्थे र कहिल्यैपनि लगातार दुइ रात एउटा कोठामा सुत्दैन्थे। जब उनी आखेट [शिकार] को निम्ति जान्थे त्यसवेला उनको मार्ग डोरोले घेरिए को हुन्थ्यो त्यसलाई उल्लंघन गर्ने व्यक्तिलाई प्राणदण्ड दिइन्थ्यो। राजाको रक्षाको भार स्त्रीहरूमाथि हुन्थ्यो।

पाटलिपुत्रः— पाटलिपुत्रलाई मेगास्थनीजले पालिबोथरा लेखेका छन्। पाटलिपुत्र गंगा र सोनको संगममा अवस्थित थियो र प्राचीन भारतको मात्र न भै त्यो युगमा सम्पूर्ण विश्वको सब भन्दा ठूलो शहर थियो। यो ९$\frac{1}{2}$ मिल लामो १$\frac{3}{4}$ मिल चाक्लो थियो। यसको चार तर्फ ६०० फूट चौडा र ३० हात गहिरो एउटा खाई थियो। एउटा पर्खालले यसलाई घेरिएको थियो। यो पर्खालमा ५७० बुर्जा र ६४ ढोका थिए। यो नगरको प्रवन्ध तीस सदस्यहरूको एउटा बोर्डको

CC-0. In Public Domain. Digitization by eGangotri

अधीन थियो। पाँच-पांच सदस्यहरूका ६ कमिटिमा बांधेर एक-एक विभाग एक कमिटीलाई सुम्पेको थियो। तीमध्ये एक विभाग विदेशीहरूको र एक शिल्पको हेरचाहा गर्दथे। यसरी नगर शासनको कार्य बडो सुचारु रूपमा हुन्थ्यो। अनुमान छ कि साम्राज्यका अरू नगरहरूको कार्य पाटलिपुत्रको जस्तो हुन्थ्यो।

मेगास्थनीजले लेखेका छन् कि त्यो वेलामा भारतीय सभ्यताको एक अरू विशेषता यो थियो कि त्यहां दासप्रथा थिएन र त्यसको विपरीत यूनानमा त्यो वेला खेती आदिको सबै काम दासमाथि निर्भर गर्दथ्यो। एक-एक स्वतन्त्र गृहस्थको घरमा ५०० सम्म दास हुन्थे। कौटिल्यले पनि लेखेको छन् कि मलेच्छहरूले आपनो सन्तान बिक्रीगरे भने अथवा धरौटी राखे भने दोष लाग्दैन तर आर्यहरू कहिल्यैपनि दास हुन सक्तैनन्। कौटिल्यले आज भन्दा करीब २३०० वर्ष पहिले दास-प्रथाको विरोध गरेका थिए। तर आजपनि दासत्वको अभिशापबाट संसार पूर्णतः मुक्त भएको छैन।

जैन अनुश्रुति अनुसार चन्द्रगुप्त जैन थिए र उनको राज्यको अन्त्यमा भयंकर अनिकाल पर्‍यो। उनी जैन आचार्य भद्रबाहुको साथ मैसुर गए र उनले उपवास गरेर प्राण त्याग गरे। यो अनुश्रुति कहां सम्म ठीक छ त्यसको सम्बन्धमा कुनै निश्चित प्रमाण भेटेको छैन। २४ वर्ष सम्म सक्रिय शासन गरे पछि २९७ ई० पू० मा उनको मृत्यु भयो।

—:o:—

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ११

ASHOKA

(अशोक)

जीवन (Life):—अशोक विन्दुसार का छोरा तथा चन्द्रगुप्त मौर्य का नाती थिए। उनी ई० पू० २७३ मा मगधको गद्दीमा बसे र चार वर्ष सम्म उनको राज्याभिषेक हुन सकेन, जसको सम्बन्धमा विद्वान्हरूका विभिन्न मत छन्। भी० ए० स्मिथ (V. A. Smith) को विचार छ कि राज्य सिंहासन को लागि अशोकले युद्ध गर्नु पर्‍यो। यस सम्बन्धमा उनको कथन यस प्रकार छ, "यो तथ्य कि उनको नियमानुकूल राज्याभिषेक ई०पू० २६९ सम्म करीब ४ वर्षको लागि भएन ले यसले या परम्परालाई पुष्ट गर्छ कि उनको उत्तराधिकार कलहपूर्ण थियो र यो सत्य हुन सक्छ कि उनका प्रतिद्वन्द्वी उनका दाज्यू सुसीम थिए।"* डा० के० पी० जायसवाल (K.P. Jayaswal) को तर्क छ कि राज्याभिषेक को समयमा युवराजको अवस्था २५ वर्षको थिएन, जुन त्यस समय राज्याभिषेकको लागि कम से कम निर्धारित अवस्था थियो। यस कारण चार वर्षसम्म राज्याभिषेक रोक्नु पर्‍यो। त्यो चार वर्ष

---

* The fact that his formal consecration or coronation (abhishek) was delayed for some four years until 269 B. C. confirms the tradition that his succession was contested, and it may be true that his rival was an elder brother named Susima.

CC-0. In Public Domain. Digitization by eGangotri

अन्धकारमय थियो। राज्य सिंहासनमा बसे पछि उनले 'देवानाम प्रिय'को उपाधि धारण गरे जसको अर्थ 'त्यो व्यक्ति देवताहरूका प्रिय' हो। उनलाई प्रायः प्रियदर्शी पनि भनिन्छ।

अशोकले लगभग बाह्र वर्ष सम्म राज्य-विस्तारको काम गरे औ विदेशको साथ पूर्ववत् मैत्री सम्बन्ध गांसे। कल्हणको राजतरंगिणी बाट यो थाहा पाईन्छ कि अशोकले काश्मीर पनि विजय गरेका थिए। शुरूमां अशोक सम्भवतः निर्दयी व्यक्ति थिए। उनी खूब मासु खान्थे र पशुहरूको शिकार गर्दथे औ नृत्य संगीत र मदिरापानमा व्यस्त रहन्थे। उनी शायद शैव धर्मावलम्बी थिए। आफ्नो शासनकालको बाह्रौं वर्षमा उनले कलिंग (जुन आधुनिक उड़ीसा तथा आन्ध्र प्रदेशको एक भाग हो) माथि आक्रमण गरे औ त्यसलाई आफ्नो राज्यमा मिलाए। त्यस युद्धमा डेढ़ लाख व्यक्ति बन्दी बनाइए औ साढ़े दुइ लाख व्यक्ति मारिए। या हत्या देखेर अशोकलाई साह्रै दुःख तथा पश्चाताप भयो औ उनले संकल्प गरे कि भविष्यमा अब कहिले पनि युद्ध गर्नें छैन। पं० जवाहरलाल नेहरूले आफ्नो प्रसिद्ध पुस्तक The Discovery of India मा लेखेका छन् "इतिहासका विजेता र सेनापति मध्ये आश्चर्यजनक, उनले विजयको पराकाष्ठामा नै युद्धलाई त्यागने निर्णय गरे।' ⁂ त्या घटना को आज पनि अन्तर्राष्ट्रिय महत्व छ। भी० ए० स्मिथ (V. A. Smith) ले त्यस घटनाको सम्बन्धमा यस प्रकार उल्लेख गरे का छन, "अशोकको जीवनलाई परिवर्तित गर्नें कलिग युद्ध विश्वको इतिहासमा यस प्रकार निर्णायक घटना भयो—यसको परिणामले विजेताको आत्मामाथि जुन प्रभाव पार्‍यो त्यो बिसौं शताब्दाको

⁂ "Unique among the victorious manarchs and captains in history, he decided to abondon warfare in the full tide of victory".

CC-0. In Public Domain. Digitization by eGangotri

दुनियां को लागि अनुकरणीय छ।" ✻ उनको विचारानुसार आधुनिक युद्धलोलुप राष्ट्रहरूको लागि पनि अशोकको निर्णय अनुकरणीय छ तर कलिंग युद्ध पछि उनको जीवनमा ठूलो परिवर्तन आयो।

अशोकको धर्म (Ashoka's Religion):— उनले बौद्धधर्म-लाई स्वीकार गरे औ आजीवन अहिंसाको प्रचार गरे। उनले युद्धको बाजाको सट्टामा धर्म-बाजा बजाए। उनले शान्ति औ अहिंसा को प्रचार गरे। डा० त्रिपाठी (Dr. Tripathi) को मतानुसार उनको शिला-लेख न० १३ मा उनले आफैं लेखेका छन्, "कलिंग युद्धको ठीक पछि देवानाम प्रिय (अशोक) धम्मको अनुकरणलाई, धम्मलाई प्रेम गर्नको लागि र धम्मको शिक्षा दिनको लागि उत्साही भए।" ✻✻ यद्यपि उनले बौद्धधर्म स्वीकार गरे तथापि उनी कट्टर बौद्ध थिएनन्। उनी त्यस समय का सबै धर्महरू प्रति श्रद्धा राख्तथे। उनमा विश्वास थियो कि सबैधर्म को उद्देश्य लालसा माथि नियन्त्रण तथा आत्माको पवित्रता हो। उनी आफ्ना प्रजालाई धेरै ज्ञान प्राप्ति को लागि परामर्श दिन्थे। उनले धर्मको सारांश ग्रहण गरे। उनले पिता, गुरुजन र श्रेष्ठ व्यक्ति हरूको आज्ञापालन तथा सम्मानको लागि बहुतै जोर दिए।

✻ "The Kalinga War, which was the turning point in Ashoka's career, thus became one of the decisive events in the history of the world, the effect which they produced upon the conscience of the victor is still traceable in the world of the 20th Century".

✻✻ "directly after the conquest of the Kalingas, the Beloved of the gods became zealous in the pursuit of Dhamma, love for Dhamma and teaching of Dhamma.

CC-0. In Public Domain. Digitization by eGangotri

उनले आदेश गरे कि ब्राह्मण, भिक्षु, सम्बन्धी, मान्यजन तथा दुःखी व्यक्ति हरूलाई दान दिनु, तथा उचित व्यवहार गर्नु। वहिले कहीं अशोकले धर्मको व्याख्या यस प्रकार गर्थे, जसको अनुसार धर्मका निम्नलिखित तत्व छन —१ दान, २ दया, ३ सत्यम्, ४ पवित्रता, ५ साधुता, ६ संयम, ७ कृतज्ञता, ८ दृढ़ भक्ति आदि। अशोकको विरुद्ध यो आक्षेप एकदमै गलत छ कि उनले धर्म-विशेषको प्रचार का लागि धनको दुरुपयोग गरे। उनले सर्वप्रथम सर्वव्यापी धर्मको कल्पना गरे। त्यस सम्बन्धमा डा० आर० के० मुकर्जीको विचार यस प्रकार छ, "यस प्रकार अशोक आपनो युग देखि बहुतै आगडि थिए र उनको धम्मलाई आधुनिक सुधारवादी क्रान्तिको अग्रदूत मान्न सकिन्छ।" ❀ उनले कुनै पनि शिलालेखमा बौद्धधर्मको अष्टांगिक अथवा "चत्वारि आर्य सत्यानि" को उल्लेख गरेका छैनन्। अशोकको शिलालेखमा धम्मलाई यस प्रकार बताइए को छ— माता औ पिताको सेवा गर्नु पर्छ। प्राणीहरूको रक्षा दृढ़ताको साथ गर्नु पर्छ, अर्थात् जीव हिंसा गर्नु हुंदैन, सांचो बोल्नु पर्छ। धर्मका यो गुण हरूको प्रचार गर्नु पर्दछ। विद्यार्थी ले गुरुको सेवा गर्नु पर्दछ और सबै लाई जाति-भाइ जस्तै उचित व्यवहार गर्नु पर्दछ यो प्राचीन धर्मको रीति हो। यसबाट आयु मा वृद्धि हुन्छ औ यसै अनुसार मानिसले चल्नु आवश्यक छ।

यस्तै नै एक दुइ ठाउंमा उनले लेखेका छन्, "आमा बाबुको सेवा गर्नु तथा मित्र, परिचित, स्वजातीय ब्राह्मण औ श्रमणलाई दान दिनु उत्तम छ। थोरै व्यय औ थोरै सञ्चय राम्रो छ।"

उपर्युक्त कुराहरूबाट स्पष्ट छ कि अशोकको धर्म आचारको सर्व-

❀ "Ashoka was thus much ahead of his times and the Dhamma may be regarded as the precursor of modern reformist movement."

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मत सिद्धान्त हो–दया, दान, सत्य, गुरुजन, तथा आमाबाबुको सेवा र अहिंसा आदि गुण नै अशोकको धर्म हो। उनले जनताको साधारण व्यवहार औ धर्म व्यवहार को तुलना यस प्रकार गरे–"मानिस विपत्ति कालमा छोरा छोरी को विवाहमा, सन्तान उत्पत्तिमा, परदेश जाने-बेलामा औ यस्तै अरू अवसर मा आइमाईले अनेक प्रकार का क्षुद्र र निरर्थक मंगलाचार गर्दछन्। तर राम्रो मंगलाचार धर्मको छ। यसमा दास तथा नोकर प्रति उचित व्यवहार, गुरु हरूलाई आदर, प्राणीहरूमाथि अहिंसा वा ब्राह्मण र श्रमणलाई दान–यो सबै गर्नु पर्दछ। यस कारण बाबु, छोरा, भाइ स्वामो, मित्र, साथी, औ के भनौं छिमेकी लाई पनि भन्नु आवश्यक छ—"यो मंगलाचार राम्रो हो। यो त्यस बेला सम्म गर्नु पर्दछ जहिले सम्म अभिष्ट कार्य सिद्ध नहोस्। यदि यस संसारमा त्यो अभिष्ट फल प्राप्त नभए पनि परलोकमा अनन्त सुख प्राप्त हुन्छ। यदि यस संसारमा अभिष्ट कार्य सिद्ध भयो भने त दुवै लाभ अर्थात् यहां पनि कार्य सिद्ध हुन्छ औ परलोकमा पनि अनन्त पुण्य प्राप्त हुन्छ। जवाहरलालजीको विचारमा, "धर्म द्वारा मानव हृदयमाथि विजय नै सांचो विजय हो र अशोकद्वारा यस्तो विजय पहिले देखि भैसकेको थियो।"* अशोकको दृष्टिमा धर्मको दान सर्व श्रेष्ठ दान हो। धर्मको दानको अर्थ यो हो— "आमा बाबुको सेवा गर्नु, हिंसा न गर्नु तथा दास औ सेवकसित उचित व्यवहार गर्नु, सबैको हित अनि सुखको सम्पादन गर्नु, सन्मार्गमा प्रवृत्त हुनु औ सब प्राणीलाई निरापद' संयमी, शान्त औ निडर बनाउनु धर्म विजयका लागि आवश्यक छन्। यो विजय दया औ त्यागबाट प्राप्त हुन्छ।" अशोकको आदेश थियो कि कुनै

---

* "True conquest consists of the men's hearts by the law of duty or piety and such victories had already been won by Ashoka."

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणीको हत्या न गर्नु। प्राचीन काल देखि नै रथको दौड़ औ पशुहरू लडाउने प्रथा थियो तथा तिनीहरूमा बाजी लगाइन्थ्यो। पशुहरू माथि अकारण क्रूरता देखाइन्थ्यो। यसलाई 'समाज' भन्दथे। अशोकले यसको विरोध गरे औ त्यस प्राणाको हत्या अविलम्ब रोके जुन न खाइन्थे न अरू कुनै उपयोग मा आउंथे। यस प्रकारका प्राणीहरूमा सुगा, मैना, हांस, चकोर आदि थिए। तर त्यस सूचीमा सिंग भएका कुनै जनावर को उल्लेख छैन। यस कारण भी० ए० स्मिथले आश्चर्य प्रकट गरेका छन्। उनले The Oxford History of India मा लेखेका छन्, "यो एउटा अनौठो कुरो हो कि सिग भएका पशुहरूको उल्लेख अशोक द्वारा प्रतिबंधित पशुहरू मध्ये छैन।" ❀ धर्म विजयको लागि नै अशोकले धर्म यात्रा शुरू गरे। पहिलेका राजा बिहार यात्रा गर्दथे जसको व्यवहार मनोरंजन का लागि मात्र थियो। अशोकले त्यसलाई रोकि दिए र ब्राह्मण, भिक्षु ओ वृद्धहरू को दर्शन गर्न तथा उनीहरूलाई दान दिन औ जनतालाई उपदेश दिन शुरू गरे।

उनले आफ्ना कर्मचारीलाई आदेश दिए कि जन कल्याण को लागि निरन्तर प्रयत्नशील रहनु र कसैलाई अकारण दण्ड नदिनु औ कसैसंग कठोरता को व्यवहार नगर्नु। उनको आदेश थियो कि जुनकुनै समयमा जहाँ सुकै उनी हुन् तर राजकर्मचारीले उनलाई जनता का जरूरतले परिचित गराउन्। यसबाट उनी तुरुन्तउनीहरूका समस्या सुल्झाउन सकुन्। उनले कर्मचारी लाई आदेश दिएका थिए कि उनी अप्रमाद द्वारा, मध्यम मार्ग अवलम्वन गर्दै काम गर्दै जाउन्। कुनै पनि व्यक्ति लाई अकारण बन्धन अथवा दुख नहोस्। प्रति पांच

❀ It is a surprising fact that horned-cattle are not included in the list of animal the slaughter of which was forbidden.

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षमा उनी त्यस काम को हेरचाह को लागि घुम्दथे। डा० स्मिथ को अनुमान छ, "अशोक आफ्नो जीवन को अन्तिम समयमा राजगद्दी छोडेर धार्मिक काममा लागेका थिए। आफ्नो जीवन को अन्तिम कालमा अशोकले गद्दी त्याग गरेर आफ्नो जीवन को बांकी छोटो अंशलाई धार्मिक आचरणमा लगाए तर यसको कुनै प्रमाण भेटेको छैन" ❀ जनताका मेलजोल कोलागिउनले धर्म महामात्यको नियुक्ति गरेका थिए। उनी सबै सम्प्रदायमा मैत्रीभाव स्थापना गर्दथे तथा जनहित औ सुखका लागिसबै प्रकारका कठोरतालाई कम गर्नका लागि तथा हत्यारोक्न का लागि प्रयत्नशील रहन्थे। उनी पथिकलाई छाया दिनको लागि बाट्टा को छेउमा वृक्ष लगाउने, कुवा खनाउने, तथा पशुकालागि अस्पताल बनाउने काम गर्दथे। यस प्रकार का "धर्मको लागि विदेशमा पनि धर्म-महामात्य नियुक्त गरेका थिए जसलाई अन्त महामात्य भन्दथे। डा० त्रिपाठी को भनाइ अनुसार, "धर्म महामात्यको नियुक्ति एउटा महत्वपूर्ण कदम थियो, किनभने उनीहरू मानिसका भौतिक र आध्यात्मिक आवश्यकता को हेरचाह गर्न सक्दथे।" ⩙

अशोकले सबै प्रकारको हिंसालाई पूर्णतः रोक्न कालागि सक्रिय प्रयास गरे। उनी पशुहरूको हत्या दखि एकदमै विमुख थिए औ

❀ Ashoka may have descended from the throne towards the close of his life and devoted the short remainder of his days to religious exercises, but there is no good evidence that he actually did so.

⩙ The appointment of Dhamma-Mahamatras was an important step, for they were expected to look after both the material and spiritual needs of the people.

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा कुनै प्रकार को सम्झौता का लागि तयार थिएनन्। जस्तो कि डा० त्रिपाठीले लेखेका छन, "अशोक यस आधारभूत सिद्धान्त माथि कुनै सम्झौताको लागि प्रस्तुत थिएनन्।"❀

आफ्नो राज्याभिषेकको सत्रौं वर्षमा उनले विभिन्न बौद्ध सम्प्रदाय को मेलको लागि, पाटलिपुत्रमा तेस्रो बौद्ध सम्मेलन बोलाए। त्यस सम्मेलनको अध्यक्षता उपगुप्तले गरे। सम्मेलनको अन्त्यमा अध्यक्षले टाढा-टाढाका देशमा बौद्ध धर्म प्रचार का लागि दूत पठाए। मझ्यान्तिक काश्मीर औ गान्धारमा, मज्झिम हिमाली प्रदेशमा, महादेव महिषामण्डल (मैसूर) मा, सोना औ उत्तरा सुवर्ण भूमि (वर्मा) मा, महाधर्म रक्षिता महाराष्ट्र तथा यवनदेशमा र अशोकका छोरा महेन्द्र र छोरी संघमित्रा लंका पठाइए। यी दुवैले बोधि वृक्षको हाँगापनि साथमा लिएर गए।

अशोकको शासनकालमा शासन-पद्धति लगभग चन्द्रगुप्त मौर्य को समान थियो। त्यो शासन-पद्धति उदार तथा निरंकुश राजतन्त्रात्मक थियो औ अशोक पितृवत् शासन गर्दथे। उनलाई परामर्श तथा सहयोग दिनका लागि एक मंत्रि-परिषद थियो। उनले केन्द्रीय शासन-पद्धतिको अतिरिक्त प्रान्तीय शासन-पद्धति पनि अपनाएका थिए। प्रमुख प्रान्तहरूको शासन राजकुमारको अधीनमा थियो। कुनै-कुनै ठाउँमा सामन्तलाई पनि नियुक्त गरिएको थियो।

अशोकको मूल्यांकन (Estimate of Ashoka)

भारतीय इतिहासमा मात्र होइन बरु विश्व इतिहासमा नै अशोकको स्थान बहुतै महत्वपूर्ण छ। उनको तुलना कन्सटैन्टाइन

❀ Ashoka was not prepared to make any compromise on this cardinal doctrine.

CC-0. In Public Domain. Digitization by eGangotri

(Constantine), मारकस (Marcus), औरेलियस (Aurelius), अकबर (Akbar), उमर खलीफ (Umar Khalif)' आदि संग गरिए को छ । कोलेन (Koellen)ले लेखेका छन्, "यदि कुनै व्यक्तिको यसको मापदण्ड उनको प्रति सम्मान प्रकट गर्ने हृदयको संख्या, उनको स्तुति गर्ने अथवा गर्दै रहने ओठहरू को संख्या हो भने त अशोक सीजर (Caesar)अथवा चारलामे (Charlamagne) भन्दा महान् छन् ।"* अशोक को हृदय मानवताले भरिएको थियो। उनको प्रेम तथा सहानुभूति सम्पूर्ण जीवजगत (animate creation) मा व्याप्त थियो। उनमा उच्च प्रकारको धर्म अथवा कर्त्तव्यको ज्ञान थियो औ त्यसको प्राप्ति का लागि उनी अथक प्रयत्न गर्दथे। उनी राज्यकार्यका लागि जुनसुकै स्थानमा तथा हरेक समयमा तत्पर रहन्थे औ उनले आफ्ना कर्मचारीलाई आदेश पनि दिएका थिए कि उनीहरूले सबै जरूरी कार्यको सूचना उनलाई दिउन । उनले मानवताको उत्थान अनि धर्म प्रचारको लागि सबै साधन तथा क्षमता प्रदान गरेका थिए। उनको शासन-कालमा कला तथा पाली भाषाको प्रशस्त उन्नति भयो। उनका यिनै गुण देखि मुग्ध भएर एच० जी० वेल्स (H. G. Wells) ले आफ्नो प्रसिद्ध पुस्तक Out line of History मा यस्तो लेखेका छन्, "इतिहासका पृष्ठमा हजारौं राजाहरू मध्ये अशोकको नाउं एकमात्र नक्षत्र जस्तो प्रकाशित हुन्छ । वोल्गा देखि जापान सम्म उनको नाउं अहिले पनि सम्मान पूर्वक लिइन्छ । चीन-तिब्बत र यहा

---

* If a man's fame to be measured by the number of hearts that honour his memory, by the number of lips which have mentioned and still mention him with reverence, then Ashoka is greater than either Caesar or Charlemagne.

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म कि भारतले पनि, जसले उनको सिद्धान्तलाई त्यागि दिएको छ, उनको महानताको परम्परालाई अक्षुण राखे का छन्, चारलामा अथवा कन्सटैन्टाइन को नाम लिने भन्दा धेरै मानिस आज पनि उनलाई याद गर्दछन्।"ψ

अशोकले अहिंसा नीतिको अवलम्बन गरे, त्यस कारण यज्ञमा विश्वास राख्ने व्यक्ति मुख्यतः ब्राह्मण नै उनी देखि नाराज भए औ उनको विरोध को कारण मौर्य साम्राज्य को विनाश भयो। V.A. Smith ले आफ्नो पुस्तक The Oxford History of India मा यस प्रकार लेखेका छन्, "आफ्नो जीवनको अन्तिम समयमा अशोक ले पशुहत्या अथवा उसको अंगभंग बन्द गर्न को लागि जुन नियम बनाए निस्सन्देह उसको कठोरताले कतिपय वर्गलाई निष्ठुरता पूर्वक सताये। शाही विधिले प्रत्यक्षरूपमा ब्राह्मणहरूको रक्तपातपूर्ण बलि-प्रथा माथि प्रभाव डाल्यो। तर यसले शिकारीहरू माझी र अन्य गरीबहरूको

ψ Amidst the tens of thousands of names of monarchs that crowd the columns of history, their Majesties and graciousness and serenities and royal highness and the like, the name of Ashoka shines, and shines almost alone, a star. From the volga to Japan his name is still honoured. China, Tibet and even India, though it has left his doctrine, preserve the tradition of his greatness. More liking men cherish his memory today than have ever heard the names of Constantine and Charlemagne."

CC-0. In Public Domain. Digitization by eGangotri

जीविकामा पनि विघ्न उपस्थित भयो। यो संभव छ कि जबर्जस्ती कार्यान्वयन को कारणले गर्दा असन्तोषको उत्पत्ति भयो र फलस्वरूप साम्राज्य छिन्न-भिन्न भयो।"❀यस तथ्यलाई डा० त्रिपाठीले पनि यस प्रकार स्वीकार गरेका छन् ; "यसको राजनैतिक महानतालाई कठोर धक्का लाग्यो। कलिंग विजय पछि उनले अकस्मात् मौर्य आक्रमणको इन्जिन लाई रोकेर धम्म विजयको नीति द्वारा मगध विस्तारको कार्य बन्द गरे। जनताको सैनिक उत्सुकता चीसो भए पछि देश इन्डो बैक्ट्रिया (Indo-Bactria) आक्रमणको शिकार सरलता पूर्व भयो। ☸

❀ The stringency of the regulations prohibiting the slaughter or mutilation of animals, inreasing with Ashoka's years, no doubt pressed hardly on many classes. The imperial legislation which directly affected the Brahmanical custom of bloody sacrifice, hampered the activities of hunters, fishermen, and many other poor people. It is likely that the discontent which must have been caused by the strict enforcement may have had much to do with break-up of the empire.

☸ But its political greatness suffered a severe set back. After the conquest of Kalinga, he suddenly brought the steam-roller of Mauryan aggression to a halt, and thus arrested the expansion of Magadha by his policy of "Dhammavijaya"

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १२

The SUNGAS

(शुँगवंश)

अन्तिम मौर्य सम्राट् बृहद्रथलाई मारेर पुष्प मित्र ले शुंगवंशको स्थापना गरे। पुराणहरूमा पनि यो कुराको उल्लेख छ कि उनका सेनापति पुष्यमित्रले बृहद्रथलाई मारे ⓔ यो घटना ई॰ पू॰ १८४ को मानिन्छ। यसको सम्बन्धमा बाणभट्टले हर्षचरितममा लेखेका छन् कि आफ्नो सेनाको निरीक्षणको बेलामा नै पुष्यमित्रले बृहद्रथलाई मारे। उनको यो कुराबाट हामी यो थाहा पाउँछौं कि बृहद्रथ देखि उनका सेना पनि रिसाएका थिए र पुष्यमित्रले यो मौकाबाट लाभ उठाएर धेरै लोकप्रियता प्राप्त गरेका थिए।

शुंगवंशको उत्पत्ति (Origin of the Sungas)—

कालिदास लिखित नाटक "मालविकाग्नि-मित्र" मा पुष्यमित्रका छोरा अग्निमित्रलाई कश्यप गोत्रिय ब्राह्मण शब्दको उल्लेख छ। तर बाणभट्ट नामक ब्राह्मण विद्वानले उनलाई शूद्र भनेका छन्। महर्षि पाणिनीले शुंगहरूलाई भारद्वाज वंशीय ब्राह्मण बताएका छन्। लामा तारानाथले पनि पुष्यमित्रलाई ब्राह्मण राजा बताएका छन। डा॰ के॰ पी॰ जायसवालको पनि भनाइ छ कि शुंगहरू ब्राह्मण थिए। ब्राह्मण

ⓔ पुष्यमित्रस्तु सेनानीः समुद्धृत्य बृहद्रथम्।

CC-0. In Public Domain. Digitization by eGangotri

भए तापनि उनले विदेशीहरूलाई धपाउनको लागि शस्त्र उठाएका थिए र उनले क्षत्रियहरू जस्तै देशको राजाको उत्तरदायित्व लिएर सम्पूर्ण राज्यको विश्वास प्राप्त गरेका थिए।

उनको सम्बन्धमा जयचन्द्र विद्यालंकारले 'भारतीय इतिहासको उन्मीलन' मा लेखेका छन्, "सेनापति पुष्यमित्र शुंगले मगधको राज्य आफ्नो हातमा ल्याएर त्यहां फेरि दृढ़ शासन स्थापित गरे र साम्राज्य को जतिपनि अंशलाई उनले बचाए त्यसलाई पुनः एकच्छत्र शासन मनि ल्याए। बंगालको समुद्रतट देखि शाकल [स्यालकोट] तक र दक्षिण तर्फ नर्मदा सम्म उनले नया शुंग साम्राज्य स्थापित गरे।

घटनाहरू (Events)—

सिंहासनमा बसे पछि उनले मौर्य शासकहरू जस्तै साम्राज्य निर्माणको नीतिलाई प्रश्रय दिए। उनले मगधका छिमेकी राज्यहरू माथि पुनः आधिपत्य जमाए र देशमा शान्ति तथा सुव्यस्थाको स्थापना गरे। उनले आफ्नो शक्तिलाई सुदृढ़ गरे र अधिका राजाहरू जस्तै अश्वमेध यज्ञ गरे जसको प्रमाण हामी अयोध्या-अभिलेख, महाभाष्य र मालविकाग्निमित्रबाट पाउंछौं।

विदर्भसित युद्ध [War with Vidarbha]— उनको शासन कालको प्रथम महत्वपूर्ण घटना विदर्भसितको युद्ध हो। विदिशाको दक्षिणी सीमामा विदर्भ [वराड] को राज्य थियो। कालिदासको "मालविकाग्निमित्र" नाटक अनुसार यो नवनिर्मित राज्य थियो र त्यहा का शासक यज्ञसेन थिए। यो राजा बृहद्रथका सम्बन्धी थिए र मौर्य शासनको अन्तिम समयमा उनी पूर्णतः स्वतन्त्र भइसकेका थिए। पुष्यमित्रलाई यो कुरा असह्य थियो र उनले विदिशाका शासक आफ्ना छोरा अग्निमित्रलाई युद्ध गर्नको लागि पठाए। अग्निमित्रले यज्ञसेनका

CC-0. In Public Domain. Digitization by eGangotri

काकाका छोरा माधवसेनलाई आफ्नो पक्षमा मिलाए र विदर्भलाई विजय गरे। त्यसपछि ती दुवै भाइहरू मध्ये राज्य विभाजित गरेर आफ्नो अधिकार प्रमाणित गरे। यस सम्बन्धमा डा० त्रिपाठी को भनाइ छ, यो युद्ध को गतिविधि अस्पष्ट छ तर यस्तो ज्ञात हुन्छ कि पुष्यमित्रका छोरा र विदिशाका वायसराय (Viceroy) अग्निमित्रले महान् साहस र बड़ो कूटनीतिज्ञता पूर्वक युद्ध गरे।"❀

यवनहरूको आक्रमण (The Yavana incursion):—

पुष्यमित्रको शासनकालको दोस्रो महत्वपूर्ण घटना यवनहरूको आक्रमण हो। ई० पू० दोस्रो शताब्दीमा यवनहरूको राज्य भारतको उत्तरी पश्चिमी सीमामा थियो। यूनानीहरूले मौर्यवंशको पतन पछि मथुरालाई जितेर साकेत (अयोध्या) सम्म आइपुगे। पुष्यमित्रका समकालीन पतंजलिले लेखेका छन कि यवनहरूले अयोध्या माथि आक्रमण गरे। केही विद्वान्हरूको भनाइ छ कि यवनहरूले कुसुमध्वज (पाटलिपुत्र) माथि पनि आक्रमण गरे। कालिदास लिखित मालविकाग्निमित्रबाट यो थाहा पाइन्छ कि यवन आक्रमणकारीहरूलाई पुष्यमित्रका नाती वसुमित्रले राजपुतानाको काली वा सिन्ध नामक नदीको किनारमा पराजित गरेर वरदा (वर्धा) नदी सम्म आफ्नो राज्यको सीमा फैलाए। जयचन्द विद्यालंकार को भनाइ अनुसार " पुष्यमित्रले आफ्ना नाती वसुमित्रसंग अश्वमेध यज्ञको निम्मित घोडा छोड़े। सिन्ध नदीको किनारमा यवनहरूले त्यसलाई समाते, तब वसुमित्र तिनीहरूसंग लडाई गरेर विजयी भए। यो निश्चित थाहा छैन कि त्यो बेला यवन-आक्रमणका नेता

❀ The course of tussle is obscure, but it seems Agnimitra, who was pusyamitra's son and Viceroy at vidisa, carried on hostilities with great vigour and consummate diplomacy.

CC-0. In Public Domain. Digitization by eGangotri

कुन व्यक्ति थिए। कुनै-कुनै इतिहासज्ञबाट मिनाण्डर र कुनै-कुनै बाट डेमिट्रियस यस आक्रमण का नेता थिए भन्ने बुझिन्छ। बृहद्रथ लाई मारेर मगध राज्यको प्राप्ति तथा यूनानी आक्रमणहरूलाई पछि धकेले र आफ्नो विजयको उपलक्षमा पुष्यमित्रले अश्वमेध यज्ञ गरे। केही विद्वान्‌हरूको भनाइ छ कि उनले दुवै उपलक्षमा दुइ अश्वमेध यज्ञ गरेका थिए।१ प्रथम अश्वमेधमा सम्भवतः पतंजलिले पुरोहितको काम गरेका थिए, किनभने 'महाभाष्य' मा यस्तो उल्लेख छ कि उनले दुइ अश्वमेध यज्ञ गरेका थिए। डा० के० पी० जायसवालको विचार छ कि पुष्यमित्रले दोस्रो अश्वमेध यज्ञ कलिंग-राजलाई पराजित गरेर गरेका थिए। तर आधुनिक अनुसंधानकर्त्ताहरूले यसको खण्डन गरेका छन्। पुष्यमित्र द्वारा गरिएको अश्वमेध यज्ञको दोहोरो महत्व थियो। प्रथमतः उनले साम्राज्य प्राप्तिको घोषणा गरे,दोस्रो उनले ब्राह्मण धर्मको पुनरोहन गरे। पुराणहरू अनुसार उनले नै जनमेजय पछि सर्वप्रथम अश्वमेध यज्ञ गरेका थिए।

साम्राज्य विस्तार र प्रशासन (Extent of Empire and Administration):—

तिब्बती इतिहासकार तारानाथलामाको भनाइ अनुसार पुष्यमित्रको राज्य विस्तार पंजाबमा जालन्धर र साकल (सियालकोट) सम्म थियो। दक्षिणमा उनको साम्राज्यको सीमा नर्मदा नदी सम्म थियो। पाटलिपुत्र त्यो बेला पनि साम्राज्यको राजधानी थियो तर पश्चिम प्रदेशको लागि विदिशा अर्को थियो। वायुपुराण अनुसार उनका आठ छोराहरू सम्मिलित रूपमा शासन गर्थे, जसको अर्थ हो कि उनले आफ्नु साम्राज्यको विभाजन गरिदिएका थिए। उनी

---

१. द्विरश्वमेधयाजिनः सेनापतेः पुष्यमित्रस्य।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण केन्द्रीय राज्यको शासन संचालन स्वयं गर्दथे र प्रांतहरूको शासन उनका राजकुमार र राजपरिवारका अन्य व्यक्तिहरू बाट गर्दथे। राज्यको कार्यमा सहयोग दिनको लागि मंत्रिपरिषद् थियो।

पुष्यमित्र र बौध धर्म (Pusyamitra and Buddhism):—

बौद्ध ग्रन्थ दिव्यावदान र तिब्बती लेखक तारानाथलामा अनुसार पुष्यमित्रले बौद्धहरू माथि भीषण अत्याचार गरेका थिए। 'दिव्यावदानमा' यस्तो उल्लेख छ कि उनले एक बौद्ध मठाधीशको टाउको काट्नेलाई एकसौ स्वर्ण मुद्रा दिने व्यवस्था गरेका थिए तर Cunningham अनुसार भारहूतको स्तूप (बौध भवन) पुष्यमित्रको नै कृति हो। अतएव डा० त्रिपाठी तथा डा० राय चौधरी ले यो अभियोगको खण्डन गरेका छन्। उनीहरूको भनाइ छ कि पुष्यमित्र ब्राह्मणहरूका उत्साही प्रचारक थिए तापनि उनीमा धार्मिक सहिष्णुता थियो। यस्तो भनाइ छ कि केही बौद्ध मठाधीशहरूले यवनहरूको भारतमाथिको आक्रमणमा सहायता गरेका थिए अथवा बौद्ध विहारलाई षडयन्त्र र राजनैतिक कार्यहरूको केन्द्र बनाएका थिए। उनी त्यस्ता बौद्धहरूसित रिसाएका थिए र प्रतिशोधको भावनाले काम गर्दथे।

पुष्यमित्रका उत्तराधिकारीहरू (Pusyamitra's successors):—

उनी ३६ वर्ष शासन गरे पछि करीब १४८ ई०पू० मा मरे। उनको मृत्यु पछि उनका पुत्र अग्निमित्र सिंहासनमा बसे। उनले आठवर्ष मात्र राज्य गरे। उनको मृत्यु पछि उनका पुत्र वसुमित्र मगधका शासक भए। उनी एउटा योग्य शासक थिए। उनले आफ्नो जीवनको प्रारम्भिक कालमा ती यवनहरूलाई पराजित गरेका थिए जसले अश्वमेध यज्ञको घोडालाई रोकेका थिए। पुराण अनुसार

CC-0. In Public Domain. Digitization by eGangotri

शुंगवंशका जम्मा दश राजा भएका थिए। तर इतिहासमा बांकी राजाको सम्बन्धमा कुनै उल्लेख भएको छैन। उनीहरूले जम्मा ११२ वर्ष सम्म राज्य गरे। अन्तिम राजा देवभूति बहुतै विलासी र अयोग्य थिए, जसलाई वासुदेव कण्व नामक मन्त्रीले मारेर शासनको बागडोर आफ्नो हातमा लिए। यो प्रकारले शुंग वंशको अन्त्य र कण्व वंशको प्रारम्भ भयो।

संस्कृति, कला र साहित्य (Culture, Art and Literature)

संस्कृति—यो कालमा ब्राह्मण धर्मको धेरै उन्नति भयो तर त्यो धर्ममा हिजो आजको जस्तो कट्टरता र संकीर्णता थिएन। विदेशी-हरू पनि हिन्दू धर्मलाई स्वीकार गर्दथे। यूनानी हरू हिन्दू धर्मका अनुयायी भइसकेका थिए। ब्राह्मण धर्मलाई भागवत धर्म भनिनथ्यो र त्यसमा यज्ञ, कर्मकाण्ड आदि माथि विरोध गरिदैनथ्यो। ईश्वर भक्ति-लाई धेरै महत्व प्राप्त थियो।

कला :—शुंग कालमा कलाको पनि बहुतै उन्नति भयो। भारहूत तथा सांचीका स्तूपहरूको निर्माण यसै कालमा भएको थियो। स्तूपहरू को भित्तामा जातक कथाका चित्रहरू बनाइएका थिए। ढोकाहरूमा भगवान बुद्धको जन्म महाभिनिष्क्रमण, ज्ञान-प्राप्ति, धर्मोपदेश र महापरिनिर्वाण आदिका चित्र उपस्थित गरेका छन् तर ती सबै मूर्तिहरू हीनयान सम्प्रदायसित सम्बन्धित छ, किनभने त्यसमा भगवान बुद्धको मूर्ति बनाएको छैन। पूनाको समीप विशाल विहार, बेसनगरको गरूडध्वज स्तम्भ आदि त्यो कालको कृति हो।

साहित्य :—डा० त्रिपाठी को भनाइ छ, "शुंग युगमा साहित्य अवश्य विकासोन्मुख थियो नै होला। गोडाका निवासी पतंजलिले आफ्नो महाभाष्य लेखे।"—१ उनी यों कालका विभूति थिए। यसैकालमा

---

१ Literature must have flourished during the

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तिम रूपमा रामायण र महाभारत पूरा भयो। मनुस्मृति पनि यसै कालको रचना हो। धेरै पुराणको रचना पनि यसै कालमा भयो। धेरै नाटक, काव्य, कथा, आदिको पनि रचना यो कालमा भयो। यस प्रकारले भारतीय इतिहासमा शुंग-युगको महत्वपूर्ण स्थान छ।

---

time of sungas, Patanjali a native of Gonarda wrote his Mahabhasya.

o—o

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय—१३

The SATAVAHANAS

(सातवाहन)

उत्पत्ति (Origin) :—

भारतीय इतिहासमा सातवाहनको उत्पत्ति, वंश तथा मूल आदिको सम्बन्धमा धेरै विवाद छन्। केही विद्वानहरूको भनाइ छ कि उनी महाराष्ट्रका ब्राह्मण थिए। विभिन्न शिलालेखहरूबाट पनि उनी ब्राह्मण थिए भन्ने कुरा थाहा पाउन सकिन्छ। नासिक अभिलेखमा गौतमीपुत्र शातकर्णीलाई 'क्षत्रियहरूको गर्व र अहंकार मर्दन गर्ने ब्राह्मण' लेखेको छ। सेनोट र बुहलारले सातवाहनलाई ब्राह्मण लेखेका छन्। डी० आर० भण्डारकरले सातवाहनहरूलाई ब्राह्मणेतर मानेका छन्। डा० त्रिपाठीको भनाइ छ, "शातकर्णी अथवा सातवाहन शब्दहरूको जेपनि अर्थ होस यो कुलको अभिलेखले यसलाई ब्राह्मण घोषित गर्दछ।"❀ डा० जायसवालले पनि सातवाहनलाई ब्राह्मण नै मानेका छन्। पुराणमा पनि उनलाई ब्राह्मण नै मानेको छ। अतः हामी भन्न सक्छौं कि उनी ब्राह्मण नै थिए। शुंगवंशको समाप्ति पछि सातवाहनहरूले सत्ता प्राप्त गरे। वायुपुराणले पनि यसै विचारको समर्थन गरेको छ। डा० रामकृष्ण भण्डारकरको मत छ कि कण्व

❀ Whatever the exact significance of terms Satkarni or Satavahana, the inscriptions of the dynasty suggest a Brahminical ancestry.

CC-0. In Public Domain. Digitization by eGangotri

वंशको शासन कालमा पनि शुंगहरूको केही अधिकार बांकी थियो, तर आधुनिक अनुसंधानबाट यो कुरा थाहा पाइन्छ कि कण्व शासक पूर्ण रूपेण स्वतन्त्र थिए र त्यसमा शुंगहरूको सत्ता थिएन।

हिजो आजका धेरै जसो इतिहासज्ञले सातवाहनलाई आंध्रवंशीय मानेका छन्। उनीहरूले आफ्नो मतको पुष्टि पुराणबाट गरेका छन्, जसमा आंध्रवंश र सातवाहनहरूका शासकको नाम एउटै मानिएको छ। वैदिक युगमा पनि आंध्रहरू कृष्णा र गोदावरी नदीका बीचको प्रदेशमा रहन्थे। ऐतरेय ब्राह्मणमा उनीहरूलाई आर्येतर मानेको छ र मेगास्थनीजले पनि उनको समृद्धिको चर्चा गरेका छन्। यस्तो भनाइ छ कि आंध्रहरू अशोकको राजनीतिक प्रभावमा थिए। पछि उनीहरू स्वतन्त्र भएका थिए होलान। डा० राय चौधरीको अनुमान छ कि उनीहरू मध्यदेशको नजिकै दक्षिणको भूमिमा बस्तथे। सम्भवतः उनीहरू महाराष्ट्रमा बस्तथे र कालान्तरमा शकहरूले उनीहरूलाई पराजित गरेर धपाए। त्यस पछि यिनीहरू आंध्रमा गएर बसे। यसै कारणले यो वंशलाई आंध्र-सातवाहन वंश भनिन्छ। डा० राय चौधरी, जयचन्द्र विद्यालंकार तथा प्रोफेसर रैप्सनको यस्तै विचार छ।

आंध्र-सातवाहन बहुतै वीर र शक्तिशाली शासक थिए। यो सम्वंधमा आचार्य कौटिल्य र मेगास्थनीजले पनि उल्लेख गरेका छन्। उनको शासनकालको सम्बन्धमा मतभेद छ। डा० स्मिथ र डा० गोपालाचारी जस्ता इतिहासकारले उनको शासनकाल २३५ ई० पू० देखि २२५ ई० पू० सम्म मानेका छन्। डा० राधाकुमुद मुखर्जीको भनाइ छ कि सातवाहनहरूले ई० पू० ३० देखि २५० ई० पू० सम्म राज्य गरे। यो वंशका संस्थापक सिमुक थिए। उनको शासनकाल विवादास्पद छ। तर डा० आर० सी० मजुमदारको भनाइ छ, "सिमुकको राज्यकालको सम्बन्धमा विद्वानहरू को बेग्ला बेग्लै विचार छ। कसैले

CC-0. In Public Domain. Digitization by eGangotri

उनको राज्यकाल २२० ई० पू० मानेका छन्। अरू विद्वान्‌हरूको भनाइ अनुसार ई० पू० अन्तिम शताब्दीको अन्त्यतिर कण्वहरूको शासनलाई समाप्त गरेर उनी गद्दीमा बसेका थिए। तर सबैले यो कुराको समर्थन गरेका छन् कि उनको परिवारको शासन तेस्रो शताब्दीको मध्यमा समाप्त भयो।"❀ डा० भण्डारकारले सातवाहनहरूको प्रारम्भ ई० पू० ७२-७३ मानेका छन् तर हिजो आज यो मतले मान्यता प्राप्त गरेको छ कि कण्व वंशको अन्त्य ई० पू० २७ मा भयो र त्यो समय देखि सातवाहनहरूको राज्यको प्रारम्भ भयो।

सिमुक—उनी सातवाहन वंशका संस्थापक थिए। उनले ई० पू० २७ मा सातवाहनवंशको स्थापना गरे। उनी बहुतै पराक्रमी थिए। उनले कण्व वंशका अन्तिम शासक सुशर्मालाई वध गरेर आफ्नो राज्यको स्थापना गरेका थिए। उनको राजधानी गोदावरी नदीको उत्तरी तट माथि अवस्थित प्रतिष्ठान अथवा पैठन नगर थियो। डा० गोपालाचारीको मत छ कि प्रारम्भमा उनी मौर्य शासकहरूका नोकरको रूपमा थिए र यसै कारणले उनको नाउंको साथ भृत्य शब्दको पनि व्यवहार भएको छ। उनी पछि कान्ह अथवा कृष्ण शासक भए। केही विद्वान् उनलाई सिमुकका छोरा मान्दछन् तर अधिकांश विद्वान्‌हरूको मत अनुसार उनी सिमुकका भाइ थिए। उनको शासन कालमा उनको

❀ Scholars are thus divided in their views about the date of Simuka. Some place him about 220 B. C................others towards the end of the last century. B. C. and regard him as having ended the supremacy of the Kanvas. Both, however, agree that the rule of his family ended about the middle of the third century A. D.

CC-0. In Public Domain. Digitization by eGangotri

राज्यको सीमा नासिक सम्म पुग्यो। सिमुकले २३ वर्ष सम्म र कृष्ण ले १८ वर्ष सम्म शासन गरे।

शातकर्णी—यो वंशका तेस्रा शासक सिमुकका पुत्र अथवा भतीजा शातकर्णी थिए। उनको सम्बन्धमा डा० एच० सी० राय चौधरी को भनाइ छ, "यो वंशका जन्मदाता सिमुक थिए तर उनका छोरा अथवा भतीजा शातकर्णी प्रथमले यसलाई महान् गौरव प्रदान गरे।"☫

उनले आफ्नु साम्राज्यको विस्तार गरेर त्यसको उपलक्षमा एक राजसूय यज्ञ र दुइ अश्वमेध यज्ञ गराए। उनी दक्षिण भारतका सर्वाधिक शक्तिशाली सम्राट् थिए। डा० त्रिपाठीको पनि भनाइ छ, 'तेस्रो शासक सिमुकका छोरा शातकर्णी महत्वपूर्ण व्यक्ति थिए। नानाघाट अभिलेख अनुसार उनले प्रशस्त विजय गरेर दुइ अश्वमेध यज्ञ गरे।", ❀ सांची अभिलेख अनुसार यो तथ्य ज्ञात हुन्छ कि उनले पूर्वी मालवा माथि विजय प्राप्त गरेका थिए। उनको साम्राज्य विस्तारको सम्बन्धमा डा० एच० सी० राय चौधरीको भनाइ छ, "यसप्रकारले शातकर्णीको अधीन गोदावरी-घाटीको प्रथम साम्राज्यको प्रादुर्भाव भयो जो विस्तार र शक्तिको दृष्टिले गंगा-घाटीको शुंग साम्राज्य र पांच

☫ The founder of the family was Simuk, but the man who raised it to eminence was his son or nephew Satakarni.

❀ The third king, Satakarni, son of Simuka, appears to have been a considerable figure. According to the Nanaghat inscription, he made extensive conqests and performed two Aswamedha Sacrifices.

CC-0. In Public Domain. Digitization by eGangotri

नदीको प्रदेश को यूनानी साम्राज्य को समकक्ष थियो।"❀

उनले मात्र ९ वर्ष सम्म शासन गरे तापनि उनको शासनकालमा नै सातवाहन-सत्ताको यथार्थ उत्कर्ष भयो। मालवा, नर्वदाको दक्षिण को क्षेत्र, विदर्भ र मध्य भारत आदि प्रदेशहरुलाई जितेर उनले आफ्नो साम्राज्यमा मिलाए।

साम्राज्य विस्तार [Extent of his empire] :— मालवा, नर्वदाको दक्षिणको क्षेत्र, विदर्भ र मध्य भारत आदि उनको क्षेत्रको अन्तर्गगत आए। कलिंग उनको राज्यको सीमामा थियो। उत्तरी कोंकण, कठियावाड, डेक्कानको प्लेटो उनको राज्य भित्र थिए। डी० सी० सरकार को भनाइ छ, "उनको आधिपत्य डेक्कानको विस्तृत प्लेटो र पश्चिम तथा मध्य भारत को एक भागमा थियो। उत्तरी कोंकण र काठियावाड उनको प्रभाव क्षेत्र भित्र थिए।"☞

शातकर्णीको मृत्यु पश्चात् उनकी स्वास्नी नायनिका वा नागनिकाले शासनको सम्पूर्ण सत्ता आफ्नो अधिकारमा परिणत गरिन् र,

---

❀ Thus arose under Satakarni I the first great empire of the Godavari valley which rivalled in extent and power the Sunga empire of the land of five rivers.

☞ He exercised his sway over the wide regions of the upper Deccan and a portion of western and central India. The Northern Konkan and also Kathiawad might have been within his sphere of influence.

CC-0. In Public Domain. Digitization by eGangotri

उनले आफ्ना पतिको कीर्तिलाई अमरत्व प्रदान गर्नको लागि निकै प्रयत्न गरिन्। नानाघाटको अभिलेखबाट यो कुरा थाहा पाइन्छ। यस्तो अनुमान छ कि शातकर्णी ले आफ्नो राजत्व-काल को प्रारम्भ मा नै मध्य भारतलाई विजय गरेका थिए। त्यसपछि सातवाहन कालको इतिहास पूर्णतः अंधकारपूर्ण भइ हाल्छ र गौतमीपुत्र शातकर्णी आउनु भन्दा अगाडिको कुनै तथ्य पूर्ण उल्लेख पाइंदैन। पुराणमा सत्रह राजाहरूको एउटा नामावली लेखेको छ तर त्यसलाई कुनै ऐतिहासिक साधनले पुष्टि गरेको छैन। यो वंशको सातौं राजा हालको सम्बन्धमा यस्तो भनाइ छ कि उनी उच्चकोटिका कवि र साहित्यिक थिए। उनले आफ्नो राज्यमा साहित्य-प्रचारको लागि धेरै जसो काम गरे। उनको एक महत्वपूर्ण रचना सतसई (सप्तशती) प्राकृत भाष मा भेटिएको छ।

गौतमीपुत्र शातकर्णीः—पुराणहरू अनुसार उनी यो वंशका तेइसौं राजा थिए र दोस्रो शताब्दीको प्रारम्भमा उनले फेरि एक पल्ट सातवाहन वंशलाई उन्नतिको शिखरमा पुर्याए। उनले १०६ ई० देखि १३० ई० सम्म राज्य गरे। उनी सातवाहन वंशका सब भन्दा महान शासक थिए। नासिक अभिलेख द्वारा उनको सुविस्तृत विजयको उल्लेख पाइन्छ। त्यसमा यस्तो पनि उल्लेख छ कि उनले क्षत्रियहरूलाई परास्त गरेर वर्णाश्रम धर्मलाई प्रतिष्ठित गरेका थिए। उनले शक, यवन, पल्लव र क्षहरातहरूलाई नाश गरेर सातवाहन कुलको गौरवलाई पुनः स्थापित गरे। उनले गुजरात, सौराष्ट्र, मालवा, बरार उत्तरी. कोंकण, पूना र नासिक आदि माथि आफ्नों अधिकार कायम गरे। उनी एउटा महान् विजेता, कुशल र न्यायप्रिय शासक थिए। उनको न्याय-व्यवस्था बहुतै उदार थियो। उनको सम्बन्धमा डा० एच० सी० राय चौधरी को भनाइ छ, "तर यो वंश-

CC-0. In Public Domain. Digitization by eGangotri

को श्रीवृद्धिको श्रेय गौतमीपुत्र शातकर्णीलाई छ जसले आफूलाई गर्व पूर्वक शक (सिथियन), यवन (ग्रीक) तथा पह्लवा (पार्थियन) हरूको संहारक भने ।" ❀

वाशिष्ठपुत्र पुलुमावी—गौतमीपुत्र शातकर्णी को मृत्यु पछि वाशिष्ठपुत्र पुलुमावी राजा भए। उनले १३० ई० पू० देखि १५४ ई० सम्म शासन गरे। उनले सातवाहन साम्राज्यको विस्तार गरे। उनका मुद्राहरूबाट यो थाहा पाइन्छ कि उनले नाविक शक्तिलाई काफी विकसित गरेका थिए। शक क्षत्रप रुद्रदामन को जूनागढ़ अभिलेखबाट थाहा पाइन्छ कि उनलाई रुद्रदामनले पराजित गरे तर उनी रुद्रदामनका ज्वाईं हुनाले रुद्रदामनले उनलाई मारेनन्। तर डा० त्रिपाठीको कथन छ, " यद्यपि रुद्रदामनले आफ्ना ज्वाईं पुलुमावी-लाई मारेनन् तापनि उनले उनको राज्यको एक विस्तृत भू-भाग आफ्ना राज्यमा मिलाए ।"*

यज्ञश्री शातकर्णी—उनी सातवाहन वंशका सबभन्दा महत्वपूर्ण अन्तिम शासक थिए। उनले १६५ ई० देखि १९५ ई० सम्म शासन गरे। उनले आफ्नो नामका सिक्का चलाए। कृष्णा र नासिक

❀ But the fortunes of the dynasty were restored by Gautamiputra Satakarni, who took pride in calling himself the destroyer of the Sakas (Scythians), yavanas (Greeks) and pahlavas (Perthians).

* But though the latter spared the Satavahana ruler, he annexed a good deal of his territories.

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लाहरूमा उनका शिलालेख पाइएका छन् जसबाट थाहा पाइन्छ कि महाराष्ट्र, आंध्र र उत्तरी कोंकण उनको साम्राज्य भित्र थिए। उनको साम्राज्य विस्तार पूर्वमा बंगालको खाड़ी देखि पश्चिममा अरब सागर सम्म थियो। समुद्र माथि पनि उनको अधिकार थियो। बौद्ध दार्शनिक नागार्जुन उनका मित्र थिए, उनको सम्बन्धमा डा० एच० सी० राय चौधरी को भनाइ छ। "यज्ञश्री शातकर्णीको शासन कालमा सातवाहन शक्तिको पुनरागमन भयो तापनि उनको मृत्यु पछि साम्राज्य बहमनी राज्य जस्तो छिन्न-भिन्न भयो।"❀

करीब २२५ ई० मा यो वंशको नाश भयो। यज्ञश्री शातकर्णी को मृत्युपछि अरू शासक यो वंशमा भए तर ती सबै अयोग्य थिए। दक्षिण पल्लवहरूले आफ्नो शक्तिको विकास गरेर सातवाहन साम्राज्य का कतिपय अंश जिते। टाढा-टाढाका प्रदेशहरूले आफूलाई स्वतंत्र घोषित गरे। यस प्रकार सातवाहन वंशको शासन तेस्रो शताब्दीको प्रारम्भमा समाप्त भयो।

राजनीतिक संगठन (Political organisation):—

सातवाहन युगको शासन प्रणाली एकतांत्रिक थियो। राजतंत्र नै प्रमुख शासनतंत्र थियो। राजा राज्यको केन्द्र मानिन्थे। उनको व्यक्तित्व माथि शासन कुशलता निर्भर गर्दथ्यो। तर राजा निरंकुश थिएनन्। उनीहरू बुद्धिमान् र कुशल मंत्रीको परामर्श लिएर काम

❀ The power of the Satavahanas revived under Sri Yajna Satakarni, but he was the last great prince of the line, and after him the empire began to fall to pieces like the Bahmani kingdon of a later age.

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दथे। मंत्रीहरू मध्ये सचिव र आमात्य प्रमुख थिए। राजाको मुख्य कार्य प्रजारंजन, प्रजापालन र प्रजारक्षण थियो।

यो युगको एउटा प्रमुख विशेषता स्थानीय स्वशासनको व्यवस्था थियो, जसमा पौर (नगर सभा), ग्राम सभा, निगम (श्रेष्ठीहरूको सभा) श्रेणी (व्यापारीहरूको सभा) थिए। जाति र गण द्वारा स्थानीय शासन हुन्थ्यो। तिनीहरूलाई नियम निर्माण र आन्तरिक शासनको अधिकार थियो। सम्पूर्ण राज्यमा धेरै नगर र ग्राम हुन्थे तथा तिनीहरूका आफ्ना संस्थाहरू हुन्थे। जयचन्द्र विद्यालंकारको भनाइ छ कि राजाले पनि आफ्नो दस्तावेज [deeds] नगर परिषद्को कार्यालयमा परिषद्को कानून बमोजिम राजिस्ट्री गराउनु पर्दथ्यो।

लगभग सम्पूर्ण दक्षिणापथमा राजतंत्र-प्रणालीको फैलाव थियो तापनि सुराष्ट्र, मध्य भारत आदि क्षेत्रमा गणराज्यको पनि पचलन थियो। -

सामाजिक अवस्था (Social Condition):--

समाजमा वर्णाश्रम र वर्णव्यवस्थाको प्रभाव थियो। समाजमा कमसे कम चार जाति अथवा वर्णको उल्लेख पाइन्छ जसको आधार वर्णव्यवस्था थियो। स्त्रीहरूको स्थान पूर्ववत थियो। पुत्रको साथ माताको नामको प्रथा प्रचलित भयो। आमाको नाम र गोत्र अनुसार वंश आरंभ भयो। पति संग स्त्रीहरू पनि शासनमा भाग लिन्थे। उनीहरू धार्मिक कार्यक्रम पनि गर्दथे। यस्तो उल्लेख छ कि नगनिकाले आफ्ना पति संग अश्वमेध यज्ञ गरिन्। पर्दाप्रथाको उल्लेख पाइन्छ। अन्तर्जातीय विवाह र वर्णान्तर विवाह हुन्थ्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

सातवाहन, शासकहरू ब्राह्मण थिए। समाजमा उनीहरूको स्थान सर्वोच्च थियो। वैवाहिक सम्बन्धको शिथिलतालाई हटाउनको लागि मोक्ष (त्यागनु) र पुनर्विवाहलाई रोक्नको लागि मनुस्मृति र याज्ञवल्क स्मृति ले चेष्टा गरे तापनि यो काममा सफलता प्राप्त भएन। बौद्ध विरोधी भए तापनि मनुस्मृतिकारले व्यर्थ हत्यालाई घृणा गरे।

उद्यान—क्रीडा, गोष्ठी र नाटक आदि मनोरंजनका साधनको उप· योग हुन्थ्यो।

आर्थिक जीवन (Economic condition):—

सिक्काहरू र ढुंगाहरूमा खनेका लेख आदि बाट यो युगको आर्थिक, राजनीतिक र सामाजिक जीवनका चित्र पाइन्छन्। यो युगमा शिल्प र व्यापारको बहुतै उन्नति भयो। कारीगरहरूका श्रेणी हिजो आजको बैंक जस्तो कार्य गर्दथे। सेनापति उषवदात ले नासिकका बौद्ध भिक्षुहरूलाई कैयौं हजार रूपैया दान दिए र त्यो धनराशि उनले "कोलियो" (जुलाहा) का दुइ श्रेणी-हरूलाई दानका रूपमा दिए जसको ब्याजबाट भिक्षुहरू आफ्नो चीवर [कपड़ा] पाउन्थे।

०—०

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १४

The Kushans and Kanishka.

(कुषाण र कनिष्क)

कुषाणहरू को उत्पत्ति (Origin of the Kushan):—

प्रायः ई० पू० १६५ मा हूंग-नू नामक जातिले चीनको कानसू प्रान्त का निवासी यू-ची० जाति माथि आक्रमण गरेर यू-चीहरूलाई त्यहांबाट धपाए। उनीहरूले यत्र-तत्र भ्रमण गरे र अन्ततोगत्वा आक्सस नदी पार गरेर ताड्या-प्रदेशमा बसे। त्यहांका निवासीहरू ले यू-चीको अधीनता स्वीकार गरे। तत्पश्चात् यू-चीहरू ले सम्पूर्ण वैक्ट्रिया र साक्डियाना माथि आफ्नो आधिपत्य जमाएर त्यहीं बसे। उनीहरू ५ शाखामा विभक्त भए जसका नाम निम्न-लिखित छन्:—

(१) हियू-मी, (२) चुआँग-मो, (३) कुयई-चु-आँग, (४) हि-थुन र (५) काओ-फू। यस विभाजन को प्रायः एक सताब्दी पछि कुएई-शुआंग को यवुग भन्ने एक उप-शाखाले शेष चारौंलाई पराजित गरे र एक सम्मिलित राज्यको निर्माण गरे। डा० राधाकुमुद मुखर्जी को मतानुसार यस राज्यका स्वामी यवगू अथवा यबौग नामक

CC-0. In Public Domain. Digitization by eGangotri

एक नेता थिए। तर डा० त्रिपाठी ले लेखेका- छन्, "यस राज्यका स्वामी क्यू-त्सोओ-किओ थिए।" ❀

कुजूल कडफाइसिस—आफ्नो जातिको महत्ताको यथार्थ निर्माता कुजूल कडफाइसिस थिए। उनले कावुल-घाटीको राज्य माथि आधिपत्य जमाए। तत्पश्चात् उनले पार्थिया माथि आक्रमण गरेर आफगानिस्तान, किपिन आदि पनि विजय गरे। उनको इतिहासका प्रमुख साधन मुद्राहरू छन्। तिनीहरूवाट यस्तो आभास पाइन्छ कि उनी एउटा सम्राट् थिए। उनको राज्यकाल संभवतः १५ ई०–६५ई० सम्म थियो। चीनियां लेखकहरूको मतानुसार काडफाइसिस ८० वर्षको अवस्था सम्म जीवित थिए र तसर्थ उनको अन्त प्रथम शताब्दी ई० को तृतीय चरणको मध्यमा भयो। उनी कुषाण-साम्राज्य का संस्थापक थिए। उनले वैक्ट्रिया देखि तक्षशिला सम्म आफ्नो साम्राज्यको विस्तार गरे।

वीम कडफाइसिस — उनको मृत्यु पछि उनकै छोरा वीम कडफाइसिस गद्दीमा वसे। तत्कालीन मुद्रामा जुन चित्र प्राप्त भएको छ त्यसलाई सरजान मार्शल [Sir John marshall] ले हिचकिचाहट संग कडफाइसिस[Kadphises] मानेका छन्। केही इतिहासकारहरूको यस्तो भनाइ छ कि उनले भारत विजय गरेका थिए तर त्यस संबन्धमा कुनै निश्चित प्रमाण छैन। यस्तो अनुमान छ कि उनको राज्य सिन्धु नदी अथवा उत्तर प्रदेश सम्म फैलिएको थियो। उनको गुणगानमा यस्तो उल्लेख गरेको छ, "महानराजा,राजाहरूका राजा तथा सबै व्यक्तिकार वामी,", जसले यस कुराको पुष्टि गर्दछ कि उनको साम्राज्य बहुतै ठूलो थियो। उनको भारतीय भू-भागको शासन कुनै वायसराय [क्षत्रप]

❀ ....thus all were united in one kingdom under the former, named Kieou-tsieouk'io.

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारा हुन्थ्यो । उनका मुद्राहरूमा "माहेश्वर" उपाधि तथा शिव औ नन्दीका चित्र अंकित छन् । त्यस.बाट थाहा हुन्छ कि कडफाइसिस हिन्दू देवता शिवका उपासक थिए । उनको संबन्धमा डा० राय चौधरी ले लेखेकाछन्, "उनी शैव धर्म का उपासक भए र आफ्ना मुद्राहरूमा आफूलाई "माहेश्वर" शब्दको उल्लेख गरे ।"Ⓦ

राज्यारोहणको मिति (Date of enthronement)–कडफाइसिस को मृत्यु पछि कनिष्क कुशान साम्राज्यका शासक भए । उनी यो वंशको सबै भन्दा प्रतापी राजा थिए । उनी कडफाइसिसका के थिए तथा उनले कसरी राज्य प्राप्त गरे त्यस सम्बन्धमा केही थाहा छैन । स्मिथले लेखेका छन्, "यो सम्बन्धमा कुनै अभिलेख पाइएको छैन कि कडफाइसिसको हातबाट कनिष्कको हातमा सत्ताको हस्तान्तरण कसरी भयो।"❀ डा० त्रिपाठी यस्तो मान्दछन्, "दुवै शासक (भीम कडफाइसिस औ कनिष्क) को सिहासनारोहणको बीचमा एक अल्पकालीन अन्तरको सम्भावनालाई पूर्णतः खारेज गर्न सकिदैन, उनको परम्परा प्रायः निश्चित भइसकेको छ ।"☙

बनारस तथा काबुल आदि ठाउंमा दुवैका सिक्का संगसगै पाइएका छन् जुन एकै प्रकारका तथा एकै ओजनका छन र एकै प्रकार

Ⓦ He became a convert to Saivism and proclaimed himself 'Mahisvara' on his coins.

❀ Nothing is on record to show how the sceptre was transferred from the hands of Kadphises to those of Kanishka.

☙ Though the possibility of a brief gap between the two sovereigns can not be entirely ruled out, their sequence may be regarded as almost certain.

CC-0. In Public Domain. Digitization by eGangotri

को बनावट छ जसबाट यस्तो अनुमान गरिन्छ कि दुवैको राजत्वकाल लगातारै थियो। उनको राजत्वकालको प्रारम्भको सम्बन्धमा विद्वान् हरूमा ठूलो मतभेद छ। तर पनि अब अधिकांश विद्वान् यो मान्न लागेका छन् कि उनी ७८ ई० मा राजगद्दीमा बसे। डा० त्रिपाठीको यस्तो भनाइ छ, "यो दुर्बोध र अनन्त विवाद भए तापनि हामीलाई कनिष्क द्वारा ७८ ई० को शक संवत्को संचालन उचित ज्ञात हुन्छ।"❋

दिग्विजय (Conquest)—

कनिष्क एक महान् विजेता थिए। उनले धेरै देशहरू जिते। उनले सबै भन्दा पहिले काश्मीर विजय गरे, त्यस पछि उनले उत्तर प्रदेश जिते। यस्तो अनुमान छ कि उनको राज्यको विस्तार बिहार तथा बंगाल सम्म थियो। साकेत (अयोध्या) जिते पछि उनले मगध जिते। पहिले उनले मगधका राजासंग जरिवानाको रूपमा सात लाख रुपिया मांगे पछिबाट त्यहां एक ठूला बौद्ध विद्वान अश्वघोषसित भेट भयो। जसलाई पाएर उनी बहुतै खुशी भए औ क्षतिपूर्तिका रूपमा अश्वघोष तथा भगवान् बुद्धको कमण्डलु आफूसंग लिएर पेशावर गए। कनिष्कले सम्पूर्ण मध्यदेश जिते। उनले भारत बाहिर पनि विजय गरेका थिए। उनले चीनी राजासंग पनि युद्ध गरेका थिए औ काशगर, खोतान तथा यारकन्द पनि जितेका थिए। चीनको प्रभाव पूर्व एशियामा बढिरहेको थियो। कनिष्कले त्यसलाई रोक्ने प्रयत्न गरे औ आफ्नो नाम देवपुत्र (The son of the

---

❋ Without entering here into the details of these intricate and interminable controversies, it appears to us a fairly plausible theory that Kaniska was the originator of the era of 78 A. D.

CC-0. In Public Domain. Digitization by eGangotri

Heaven) राखे। उनले पामीर पार गरेर भयंकर युद्ध पनि गरे जसमा कनिष्को हार भयो। उनले उपहार दिएर चीनसंग सन्धि गरे।

केही वर्ष पछि कनिष्कले पामीर वरिपरि फेरि भयंकर युद्ध गरे र चीनो सम्राट्लाई हराएर उनोसंग पहिलेका हारको बदला लिए। डा० त्रिपाठीको यस्तो भनाइ छ, "यो जमानीमा चीनियाँ सम्राट् का एक छोरा पनि थिए, तर यो कुरा असंगत लाग्दछ।', ❀

राज्य-विस्तार (Extent of Kanishka's dominion—)

कनिष्कको राज्य खालि भारतसम्म मात्र सीमित थिएन तर एशियाको ठूलो भूभाग सम्म फैलिएको थियो। भारतबाहिर यो अफगानिस्तान, वैक्ट्रिया, काशगर, खोतान, यारकन्द सम्म फैलिएको थियो। भारतमा उनको राज्य पंजाब, काश्मीर, सिन्ध तथा उत्तर प्रदेश सम्म फैलिएको थियो। यिनका मुद्राहरू बिहार तथा बंगालमा पनि पाइएका छन् जसबाट अनुमान गरिन्छ कि ती प्रान्तहरू उनका राज्य अन्तर्गत आउँथे। कनिष्का शासन-प्रणालीको सम्बन्धमा निश्चित रूपमा केही पनि थाहा छैन। सारनाथका एक अभिलेखबाट यस्तो अनुमान हुन्छ कि कनिष्कका प्रान्तहरूको शासन क्षत्रप तथा महाक्षत्रप द्वारा हुन्थ्यो। उनले आफ्नो राजधानी पुरुषपुर [पेशावर) मा बनाएका थिए जुन उनको साम्राज्यको बीचमा पर्दथ्यो। यो अफगानिस्तान देखि भारत सम्मको मुख्य बाटोमा पर्दथ्यो र त्यसको त्यस बेलामा महत्वपूर्ण स्थान थियो।

अशोक जस्तै कनिष्क पनि एक ठूला निर्माता थिए। उनले धेरै स्तूप, नगर तथा मठ बनाएका थिए। पेशावर तथा अरु ठाउँमा उनले

❀ The belief that they included a son of the emperor does not, however, appear to be well-founded.

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै स्तूप, विहार आदि बनाएका थिए। उनले पेशावरमा काठको एक ठूलो बुर्जा (Tower) बनाएका थिए। तक्षशिला नजिकै तथा कानिसपुर (कनिष्कपुर) मा पनि उनले बनाएका नगरको अवशेष प्राप्त भएको छ। कनिसपुरको पनि कल्हणको 'राजतरंगिणी' मा उल्लेख भएको छ।

साहित्य तथा कला—:(Literature & Art) कनिष्कको समयमा कलाको धेरै उन्नति भयो। प्रमुख बौद्ध विद्वान् नागार्जुन, अश्वघोष तथा वसुमित्र कनिष्कका समकालीन थिए। अश्वघोष ठूला कवि, संगीतज्ञ तथा बौद्ध भिक्षु थिए। उनले एक अनुपम ग्रन्थ संस्कृतमा लेखे जसको नाम बुद्धचरित हो। वसुमित्र तत्ववेत्ता मात्र नभएर ठूला संगीतज्ञ पनि थिए। नागार्जुन महायान सम्प्रदायका अद्वितीय पंडित थिए। उनी विदर्भवासी ब्राह्मण थिए। त्यस सम्बन्धमा जवाहरलाल नेहरूले आफ्नो प्रमुख पुस्तक The Discovery of India मा लेखेका छन्, "सुप्रसिद्ध विद्वान्हरू मध्ये नागार्जुन भारतका सपूतको रूपमा देखा परेका छन्।"❀

पहिले बौद्ध धर्मालम्बीहरू बुद्धको मूर्ति बनाउँदनथे किनकि बुद्ध आफै मूर्तिपूजाका विरोधी थिए। उनको संकेतको रूपमा पदचिन्ह, पीपलको रूख, रिक्तस्थान अथवा छाता बनाउँदथे। प्राचीन बौद्ध मूर्ति-निर्माण-कलाको नमूना सांची तथा भरोटमा पाइएका छन् जुनमा जातक तथा बुद्धसंग सम्बन्धित अनेक कथाहरूका चित्र बनाएका छन्। तर उनका मूर्तिका त्यस समय सम्ममा निर्माण भएको थिएन। कनि-

---

❀ Among a galaxy of men of remarkable intellect, Nagarjuna stands out as one of the greatest minds that India has produced.

CC-0. In Public Domain. Digitization by eGangotri

ष्कको समयमा बुद्धका मूर्तिको निर्माण कलाकारहरूको लागि लोकप्रिय विषय बनेको थियो। ती सबै नमूना गान्धारमा पाइएका छन् जसको केन्द्र पुरुषपुर थियो। यसकारण यसलाई गान्धार-कला भन्दछन्। त्यसकलालाई 'ग्रीको-बुद्धिस्ट' (Graeco-Buddhist) पनि भन्दछन किनभने ग्रीक कलालाई बुद्धको मूर्ति निर्माणमा प्रयोग गरेको थियो। स्मिथ को यस्तो विचार छ, "यो शैलीका धेरै रचनाको सृजना द्वितीय शताब्दीमा कनिष्क र हुविष्क को कालमा भयो।" ❀

गान्धार-कलाको अतिरिक्त सारनाथ, मथुरा, बनारस तथा अमरावती आदि ठाउंमा पनि सुन्दर मूर्तिहरू पाइएका छन्। स्मिथ को भनाई छ, "परम्परानुसार अमरावतीको कला नागार्जुनको नामसंग सम्बन्धित छ। त्यहां को निर्माण-कार्य धेरै काल सम्म जारी रह्यो, अधिकांश निर्माण-कार्य हुविष्क को शासन-कालमा भयो।" ⋲ मथुरामा पनि गान्धार कलाको नमूना पाइएको छ। डा० त्रिपाठीको अनुसार, "मथुरा र अमरावती को कलालाई गांधार शैली ले कति

❀ Much of the best work in that style was executed during the second century A. D. in the reign of Kanishka and Huvishka.

⋲ Tradition connects the buildings at Amaravati with Nagarjuna. The work there extended over many years, but most of it probably was executed in Huvishka's reign.

CC-0. In Public Domain. Digitization by eGangotri

अनुप्राणित गर्‍यो, यो विवादास्पद छ ।"❀

कनिष्कको धर्म (Religion):—

कनिष्कको धार्मिक विचार जान्नको लागि दुइ स्रोत छन्:— [१] तत्कालीन सिक्काहरू [२] बौद्ध विद्वान् द्वारा लेखिएका धर्म-ग्रन्थ। तत्कालीन सिक्काहरूमा धेरै देवताहरूको चित्र पाइएका छन जुनमा हिन्दूहरूका देवता शिव अतिरिक्त सूर्य, चन्द्रमा तथा यूनानी अक्षरमा लेखिएका पौराणिक कथाहरूको उल्लेख छ। कुनै-कुनै सिक्कामा भगवान बुद्धको पनि चित्र अंकित छ। भारतीय, यूनानी तथा पारसी देवताहरूको चित्र एकै साथ देख्ता निश्चित रूपले केही पनि थाहा हुंदैन। यिनीहरूलाई हामी दोधारमा छोडदछौं। यसकारण डा० त्रिपाठीले लेखेका छन्, "सिक्काहरूबाट कनिष्कको धार्मिक विश्वासको सम्बन्धमा स्पष्ट प्रमाण पाइंदैन। त्यसबाट उनको धर्म-चयनिकता मात्र सिद्ध हुन्छ। उनी अनेक यूनानी, इरानी र हिन्दू देवताहरूका उपासक थिए।"

❀ It is a moot point how far the art of *Mat*hura and Amaravati derived its inspiration from Gandhara.

❀ Coins do not afford clear testimony regarding the religious beliefs of Kanishka. If they prove anything, it is his electicism, the tendency to honour a strange medley of Greek, Mithraic, Zoroastrian and Hindu Gods.

CC-0. In Public Domain. Digitization by eGangotri

अतएव कनिष्कको धर्म जान्नको लागि कल्पनाको सहारा लिनु पर्दछ। केही विद्वान ले यस्तो अनुमान गरेका छन् कि पहिले उनी यूनानी धर्मानुयायी थिए। पछि उनले पारसी धर्म स्वीकार गरे औ अन्त्यमा बौद्ध धर्म स्वीकार गरे। कतिपय विद्वानको यस्तो तर्क छ कि उनी एकै साथ सबै धर्ममा विश्वास राख्दथे औ यसकारण उनले सबधर्मका देवताहरूको चित्र आफ्नो मुद्रामा अंकित गरे। बौद्ध विद्वान्हरू बाहेक केही अरू विद्वान ले पनि यस कुराको समर्थन गरेका छन कि आफ्ना प्रारम्भिक जीवनमा उनी पनि अशोक जस्तै क्रूर थिए। पछि उनलाई बहुत पश्चाताप पर्‍यो। आफ्नो जीवनको अन्तिम कालमा उनले बौद्ध धर्मलाई पूर्णतः ग्रहण गरे औ अशोकले जस्तै उनले आफ्नो जीवनलाई बौद्धधर्म प्रचारमा लगाए। यो तथ्य को उल्लेख डा० त्रिपाठी ले यसप्रकार गरेका छन्, "यसको विपरीत बौद्ध ग्रंथकार कनिष्कलाई कट्टर बौद्ध भएको कुराको घोषणा गर्दछन्। उनको मतानुसार कनिष्क आफ्नो प्रागबौद्ध जीवनमा अशोक जस्तै पापी र क्रूर थिए तथा आफ्नो पाप को प्रायश्चित स्वरूप नै उनले शाक्यमुनि को धर्म [बौद्धधर्म] ग्रहण गरे।"❀

❀ On the other hand Buddhist authors strongly affirm Kanishka's faith in the Buddha. They assert, affirm, and aver that in his unregenerate days Kanishka revelled, like Ashoka, in cruel and impious acts, and he embraced the religion of the Sakyamuni owing to feelings of profound remorse for his past misdeeds.

CC-0. In Public Domain. Digitization by eGangotri

कनिष्कले बौद्ध धर्म स्वीकार गरे त्यसै कारण उनले बहुत ठूलो ख्याति प्राप्त गरे। स्मिथको भनाइअनुसार, "तर उनको यश यो कुरा माथि आधारित छ कि आफ्नो जीवनको अन्तमा उनी बौद्धधर्मका सक्रिय र उदार संरक्षक भएका थिए" *

स्मिथको यस्तो पनि विचार छ, "बौद्ध धर्म स्वीकार गरे तापनि उनी आफ्ना पुराना देवताहरूको सम्मान गर्दै रहे।" € यसकारण उनका सिक्कामा वैदिक देवताहरूको चित्र पाइन्छ।

कनिष्कले अशोकको झैं बौद्ध धर्मका सूत्रलाई व्याख्या गरे तथा आपसी मतभेद हटाउनको लागि काश्मीरको कुण्डल वनमा बौद्ध संगीतिको आयोजना गरे यो बौद्ध धर्मको चौथो संगीति थियो। डा० त्रिपाठी को भनाई अनुसार, "यो अधिवेशन काश्मीरको रमणीक घाटी कुंडल वनमा भयो।" ❀

केही विद्वान् को यस्तो कथन छ कि त्यो सम्मेलन पुरुषपुर अथवा पेशावरमा बोलाएको थियो। त्यो सम्मेलनको आयोजना कनिष्कका गुरु पार्श्वको आज्ञानुसार गरिएका थियो। सम्मेलनको अध्यक्षता वसुमित्र तथा उनको अनुपस्थितिमा अश्वघोषले गरे। त्यस सम्मेलनका निर्णयलाई ताम्रपत्रमा लेखे र ढुंगाको बाकसमा राखेर त्यस माथि

---

* But his fame rests mainly on the fact that in the latter part of his career he became an active and liberal patron of the Buddhist Church.

€ Kanishka, even after his alleged conversion continued to honour his old Gods.

❀ The conference was held at Kundal vana in the delightful vale of Kashmir.

CC-0. In Public Domain. Digitization by eGangotri

स्तूप बनाए। सम्भवतः कुनै दिन खनाइबाट त्यसलाई पाउन सकिन्छ। त्यस सम्मेलनको विशेषता बौद्ध धर्म को महायान शाखालाई मान्यता दिनु थियो। लामा तारानाथको मतानुसार त्यस सम्मेलनले अठारह सम्प्रदायहरू मध्ये उत्पन्न संघर्ष को अन्त गरेर सबै को धर्म परायणतालाई स्वीकृत गर्‍यो। यसै सम्मेलनमा त्रिपिटकको प्रामाणिक भाष्य तैयार भयो।

—:o:—

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय—१५

Samudra Gupta

(समुद्रगुप्त)

राज्याभिषेकको मिति (Date of enthronement)

समुद्रगुप्तको राज्याभिषेकको सम्बन्धमा इतिहासकारहरूको छुट्टा-छुट्टै विचार छ। जयचन्द्र विद्यालंकारले 'भारतीय इतिहासका उन्मीलन' मा लेखेका छन्, "चन्द्रगुप्त औ कुमारदेवीका छोरा समुद्रगुप्तको राज्याभिषेक ३२० ई० मा भयो। त्यही देखि नया सम्वत् को आरम्भ मानेको छ, जसलाई हामी गुप्त सम्वत् भन्दछौं।" उनको विचार अनुसार ३२० ई० मा गुप्त सम्वत् आरम्भ भयो जुन समुद्रगुप्तको राज्याभिषेक देखि शुरू हुन्छ। समुद्रगुप्तले आफ्नो बाबु-आमाको सम्मान को रूपमा सुनका सिक्का चलाए। अंग्रेज विद्वान् एलेन (Allan) ले पनि यस विचारलाई ठीक मानेको छ, तर भी० ए० स्मिथ (V. A. Smith) भन्दछन्, "गुप्त संवत् ३२० ई० मा समुद्रगुप्त का बाबु चन्द्रगुप्त प्रथमले आफ्नो राज्यरोहण पछि चलाए। उनले त्यसै उपलक्षमा आफू र आफ्नो स्वास्नीका सिक्काहरू संगसंगै चलाए। चन्द्रगुप्तले लिच्छवीं वंशको सहयोगबाट आफ्नो साम्राज्यको निर्माण गरेथे। यस कारण आफ्नी लिच्छवी रानी कुमारदेवीं प्रति यादगारी प्रकट गरेर लिच्छवी प्रजालाई पनि सन्तुष्ट पारे। उनले लेखेका छन, "चन्द्रगुप्त

CC-0. In Public Domain. Digitization by eGangotri .

प्रथमले आफ्नो, आफ्नी रानी र लिच्छवी राष्ट्रको संयुक्त नाममा सुनका सिक्काहरू चलाए र आफ्नो स्वास्नीको जनता प्रति आभार स्वीकार गरे। उनको राज्याभिषेकको मिति १३ मार्च ३२१ ई० हो। चन्द्रगुप्तको शासनकाल छोटो थियो तर त्यसको अन्त्य ३३० ई० मा भयो होला।" ☙ अतएव उनको कथन अनुसार समुद्रगुप्त ३३० ई० पछि नै गद्दीमा बसे। डा० सत्यकेतु विद्यालंकारले उनको राज्याभिषेकको तिथि ३२८ ई० मानेका छन्। डा० त्रिपाठीले पनि Smith को विचारको समर्थन गरेका छन्। उनले लेखेका छन्, "एलेनको विश्वास छ कि यी सिक्काहरू तकमा जस्ता थिए, जसलाई समुद्रगुप्तले आफ्ना आमा-बाबुको स्मरणको लागि चलाए तर यो पनि संभव छ कि यी स्वयं चन्द्रगुप्त प्रथम द्वारा चलाइएका थिए।"❀

समुद्रगुप्त गुप्त वंशका दोस्रा राजा थिए। भी० ए० स्मिथ (V.A. Smith) लाई यस कुरामा सन्देह छ। उनको अनुमान छ कि चन्द्रगुप्त प्रथम औ समुद्रगुप्तको बीचमा पनि कुनै शासक थिए। उनले

☙ Chandra Gupta recognised his dependence on his wife's people by striking his gold coins in the joint name of himself, his qeen (Kumar Devi) & the Licchavi nation. ....the year ran from 26th Feb. 320 the date of enthronement or coronation, to 13 March 321. ....The reign of Chandra Gupta 1st was short and, may have ended about 330.

❀ Allan believes that these coins were of a medallic nature, struck by Samudra Gupta in commemoration of his parents, but it is likely they may be Issues of Chandra Gupta 1st himself.

CC-0. In Public Domain. Digitization by eGangotri

The Oxford History of India मा यस्तो उल्लेख गरेका छन्, "काछ. जसले सुनका सिक्का चलाए ले समुद्रगुप्त भन्दा पहिले अथवा पछि केही महीनाको लागि राज्याधिकार प्राप्त गरेका थिए।"ᗰ समुद्रगुप्त गुप्तवंशका सबै भन्दा ठूला राजा थिए। उनले लगभग ४५ वर्ष सम्म राज्य गरे। अशोक देखि लिएर समुद्रगुप्त सम्म कुनै पनि शासकले यत्रो बृहत राज्यमाथि शासन गरेका थिएनन्। आफ्नो जीवनकालमै चन्द्रगुप्तले उनलाई युवराज बनाएका थिए। यस कुरालाई लिएर कैयौं विवाद उठेका छन्। कुनै कुनै विद्वान्को यस्तो कथन छ कि उनी वास्तवमा उत्तराधिकारी थिएनन्। उनका केही गुणको कारणले नै उनलाई युवराज बनाइयो। डा० त्रिपाठीको यस्तो भनाइ छ, "चन्द्रगुप्त का उत्तराधिकारी उनका छोरा समुद्रगुप्त भए तर अनुमानतः उनी (समुद्रगुप्त) आफ्ना पिता द्वारा मनोनीत गरिएका थिए, तसर्थ उनी जेठा छोरा थिएनन् होला।" ❀ समुद्रगुप्तको संबन्धमा उनको शिलालेखबाट पत्तो चल्दछ। इलाहाबाद (प्रयाग) को एक शिलालेखमा कवि हरिसेनले उनका विजयको संबन्धमा उल्लेख गरेको छ जुन अशोकका नैतिक उपदेश नजिकै छ। फ्लीट (Fleet) ले त्यसलाई समुद्रगुप्त पछिका मानेका छन्। त्रिपाठीले त्यसको संबन्धमा यस प्रकार उल्लेख गरेका छन् "यो समुद्रगुप्तको दिग्विजय पछि र अश्वमेध देखि

ᗰ Kacha, who struck a few gold coins may have intervened for a few months either before or after Samudra Gupta.

❀ Chandra Gupta was followed by his son Samudra Gupta. As the latter seems to have been nominated by his father to succeed him, he may not have been his eldest son.

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले नै करीब ३६० ई० मा खोपेको छ, जसको उल्लेख यसमा छैन।" ❀

विजय—(Conquests)—समुद्रगुप्तका विजय तीन प्रकारका थिए। आर्यावर्त (उत्तर भारत) लाई उनले पूर्णतः विजय गरेर आफ्नो राज्यमा मिलाए। त्यस पछि उनले दक्षिणापथ (दक्षिण भारत) माथि आक्रमण गरेर त्यहांका राजाहरूलाई हराएर धेरै उपहार प्राप्त गरे तथा तिनीहरूका राज्य फर्काई दिए र ती राजोलाई सामन्तको रूपमा आफ्ना अधीनमा राखे। उनले यस्तो अनुभव गरे कि यातायातको असुविधा को कारण दक्षिणका राज्यलाई आफ्नो साम्राज्यमा मिलाउनु अहितकर हुन्छ। फेरि सुव्यस्था पनि हुन सक्तैन र विद्रोहको आशंका बनि रहन्छ। तेस्रो प्रकारको राज्य थियो प्रत्यान्त (सीमा राज्य) जुनबाट समुद्रगुप्त करमात्र लिन्थे औ तिनीहरू संग सद्व्यवहार गर्दथे। डा० त्रिपाठीको भनाइ छ, "समुद्रगुप्तका विजय विभिन्न श्रेणीका छन्। उनले बल-पूर्वक कतिपय राजाहरूलाई नाश गरे, र उनका राज्यहरू आफ्नो राज्यमा मिलाए। अर्कालाई विजय गरेर उनलाई बन्दी बनाए तथा अधीनता स्वीकार गरे पछि मुक्त गरे, अन्तमा सीमान्त राजा र जाति-हरू थिए जसले उनको विजयबाट प्रभावित भएर स्वेच्छापूर्वक उपहार चढ़ाए।" ☋

समुद्रगुप्तले सर्वप्रथम आर्यावर्त (उत्तरी भारत)विजय गरे। आर्यावर्त

❀ It must have been engraved-say about 360 A. D. after the completion of Samudra Gupta [Digvijaya] and before the performance of the Aswamedha, which is not mentioned in it.

☋ Samudra Gupta's conquests were of varying degrees. He forcibly extirpated certain Kings, and annexed their dominions others were

CC-0. In Public Domain. Digitization by eGangotri

प्रति उनको नीति अनुदारताको नीति थियो। त्यहांका आठ-नौ राजाहरूलाई उनले जबरजस्ती जिते। जयचन्द्र विद्यालंकारको यस्तो विचार छ कि समुद्रगुप्तले नै सब भन्दा पहिले मगध विजय गरेर पाटलिपुत्र राजधानी बनाए तर केही इतिहासकारको यस्तो विचार छ कि मगध चन्द्रगुप्त प्रथमका समय देखि नै गुप्तवंशको अभिन्न अंग थियो। यस्तो मानिन्छ कि जब उनी दक्षिण विजयका लागि गएथे, त्यस वखत उत्तरी भारतका विजित राज्यहरूले विद्रोह गरेर स्वतन्त्र हुने प्रयास गरेथे। संभवतः त्यस रिसको कारण उनले ती राज्यलाई संधैका लागि आफ्नो राज्यमा मिलाए। प्रयाग (इलाहाबाद) को शिलालेखबाट आर्यावर्तका ती राजाहरूको सूची मिलेको छ तर शिलालेखमा उनीहरूका राज्यको उल्लेख छैन। अतएव इतिहासकारहरूले कल्पनाका सहारा लिएका छन। ती इतिहासकारका भनाइ अनुसार समुद्रगुप्तले प्रवरसेनको मृत्यु पछि वाकटक राज्यमाथि आक्रमण गरे। प्रवरसेनको नाती रुद्रसेन अथवा रुद्रदेव त्यस समय त्यहांका राजा थिए। समुद्रगुप्तले उनलाई हराएर वाकटक राज्यलाई आफ्नो साम्राज्यमा मिलाए, उनले (समुद्रगुप्त) आर्यावर्तका जुन अन्य राज्यहरूलाई जिते, डा० त्रिपाठीको अनुसार निम्नलिखित छन —१. रुद्रदेव (रुद्रसेन प्रथम वाकटक) २. मतिल (बुलन्द सहरमा जुन सिक्काहरू पाइएका छन् तीबाट पत्तो लगाउन सकिन्छ कि उनी त्यहींको शासक थिए। ३. नागदत्त (नागराजा) ५. चन्द्रवर्मा (कुनै कुनै इतिहासकारको विचारानुसार उनी पोखरणका शासक थिए। फ्लीटको विचारानुसार चन्द्रवर्मा मेहरौली

---

vanquished, taken prisoners and set free after an acknowledgment of suzerainty and, lastly, the frontier monarchs and the tribes, being impressed by his victories, paid him homage of their own accord,

CC-0. In Public Domain. Digitization by eGangotri

शिलालेखका चन्द्र थिए) ५. गणपतिनाग,

(ग्वालिएर राज्यका नागराजा)

६ नागसेन	नागराजा
७ नन्दिन	

८ अच्युत—अहिच्छत्र (रामनगरको सिक्कामा उल्लिखित 'अच्यु')

९ बलवर्मन्—अनिश्चित (तर डा० जयसवालको अनुसार कौमुदी महोत्सवमा उल्लिखित मगधका राजा कल्याण वर्मांको दोस्रो नाम थियो। के० एन० दीक्षितको अनुसार आसामका राजा भाष्कर वर्मांका पूर्वज)

आर्यावर्त विजय पछि समुद्रगुप्तले अटवी [जंगली] राजाहरूलाई विजय गरे औ तिनीहरूका साथ सहिष्णुताको व्यवहार गरे। समुद्रगुप्त कौटिल्यको त्यस नीतिबाट प्रेरणा ग्रहण गरेका थिए कि अटवी याने जंगली राज्यहरू [आधुनिक जबलपुर तथा झारखंड] लाई सहयोगी औ सहायक बनाएर तिनीहरूको शारीरिक बललाई सदुपयोग गर्नु आवश्यक थियो।

दक्षिणापथको विजय — जंगली राज्यको विजय देखि समुद्रगुप्तका लागि दक्षिण विजय सजिलो भयो। इलाहाबादको अभिलेखबाट यो पत्ता चल्दछ कि उनले दक्षिणका बाह्र राजामाथि विजय गरेथे तर उनले ती राज्यलाई आफ्नो साम्राज्यमा मिलाएनन्। उनले ती राज्यलाई फर्काइदिए। ती राज्यले अधीनता स्वीकार गरे औ त्यसको परिणाम राम्रो भयो। त्यस कालमा यातायातको असुविधा थियो जुन कारण त्यत्ति विस्तृत साम्राज्य शस्त्र बल द्वारा अधीनतामा राख्न मुश्किल थियो तर समुद्रगुप्तको दूरदर्शी नीतिको कारण ती राज्यका सहानुभूति औ सहयोग उनलाई मिल्यो और विप्लवको कुनै सम्भावना रहेन। दक्षिण

CC-0. In Public Domain. Digitization by eGangotri

पथका ती राजा निम्नलिखित हुन— १ कोशल [महाकोशल अथवा विलासपुर, रायपुर तथा सम्भलपुर का जिल्लाहरू] का महेन्द्र।

२ महाकान्तर [गोण्डवानाको जंगली प्रान्त] का व्याघ्रराज,
३ कोशल [दक्षिण भारतको कोण्ड अथवा सोनपुर] का मन्तराज।
४ पिस्टपुर [गोदावरी जिल्लाको पिठापुरम्] का महेन्द्र।
५ कोट्टूर [गञ्जाम जिल्लाको कोटूर] को स्वामीदत्त।
६ एरण्डपल्ल [गञ्जाम अथवा विजगामपट्टम जिल्ला] का दमन।
७ कांचो [मद्रासको कांजीवरम्] का विष्णुगोप।
८ अवमुक्त [गोदावरी नजिकै] का नीलराजा
९ वेंगी [एलोर] का हस्तिवर्मन्।
१०. पालक्क [नेलोरजिल्ला] का उग्रसेन।
११ देवराष्ट्र [विजगापट्टम अथवा सतारा जिल्ला] का कुवेर।
१२ कस्थलपुर [उत्तर आर्कोट] को धनञ्जय।

V. A. Smith को भनाइ अनुसार समुद्रगुप्त पेनेनसुला सम्म गए औ कांचीका पल्लव राजासंग मद्रास नजिकै लड़ाई गरेर उनो धेरै उपहार [homage] तथा सुन-चांदी लिएर आए। उनले आफ्नो विजयलाई स्थायित्व प्रदान गरेनन तर प्रो॰ Jouveau Dubreuil ले यस्तो विचार व्यक्त गरेको छ कि समुद्रगुप्तलाई कांचीका राजा विष्णुगोप को नेतृत्वमा दक्षिणी राजाहरूको एक संघ [Confederacy] ले हराइ दियो औ उनी पाछ हटनको लागि बाध्य भए तर जयचन्द्र विद्यालंकार तथा रमाशंकर त्रिपाठीले यस विचारको खण्डन गरेका छन। जयचन्द्र विद्यालंकार भन्दछन्, "कुराल [कोल्लेरू] भिलसा कलिंग औ आंध्रका सरदारहरू तथा कांचीका पल्लवराजा सिंह वर्मा का भाइ विष्णुगुप्तले उनको सामना गरे। युद्धमा सब राजा कैदी भए औ अधीनता स्वीकार गरे पछि छोडिए।" डा॰ त्रिपाठीले लेखेको छ, "Prof. Jouveau Dubreuil को प्रस्तावलाई समर्थन गर्नको लागि कुनै प्रमाण छैन कि

CC-0. In Public Domain. Digitization by eGangotri

आक्रमणकारी [समुद्रगुप्त] लाई दक्षिणका राजाहरूको एक संघले कांची का राजा विष्णुगोपको नेतृत्वमा हराए र समुद्रगुप्त हतार गरेर पछि हटनको लागि बाध्य भए।"※

प्रत्यान्त [Frontier State] निम्नलिखित छन्—

१ समतट वा दक्षिण पूर्व बंगाल।

२ कामरूप वा आसाम।

३ दबाक वा आसामको प्रदेश [Smith अनुसार दिनाजपुर अथवा राजशाही]।

४ कर्तृपुर वा कुमायु गढवालको पहाड़ी प्रदेश।

५ नेपाल, तेस्रो शताब्दोमा नै लिच्छवीहरूले यसलाई जिते।

भाष्कर वर्मा मरे पछि लिच्छवीहरू चन्द्रगुप्त प्रथमको समयमा नै नेपाल आएर बसेथे। Dr.K. P. Jayaswal को अनुसार, "राज्यको राजधानी वैशाली देखि नेपाल परिवर्तित भयोजहां उनका धर्मपुत्र भूमिवर्मा उत्तराधिकारी भए र तराईको भूभाग चन्द्रगुप्त प्रथम र उनकी लिच्छवी रानीको अधिकारमा आयो।" ☞ प्रयागको शिलास्तम्भमा उल्लेख छ, "सर्वकरदानाज्ञाकरणप्रणामागमनपारितोषितप्रचण्डशासनस्य" यिनको अतिरिक्त निम्नलिखित राज्यहरूले स्वेच्छापूर्वक आत्मसमर्पण

※ There is, however, nothing to support professor Jouveau-Dubreuil's suggestion that the invader was defeated by a confederacy of the southern kings under the leadership of Vishnugopa of Kanchi, and that Samudra Gupta was forced to retreat homeward post-haste.

☞ The seat of Government changed from Vaishali to Nepal where his adopted son Bhumi Verma succeeded and the plains passed on to

CC-0. In Public Domain. Digitization by eGangotri

गरे। १—मालवा २—आर्जुनायन ३- यौधेय ४—मद्रक ५—आभीर ६—सनकानिक ६—प्रार्जुन ७—काक औ खरपरिक। यो राज्यहरूलाई समुद्रगुप्तले आफ्नो साम्राज्यमा मिलाएनन। यीबाट अधीनता स्वीकार गराए औ कर लिंदै रहे।

विदेशसंग सम्बन्ध (Relations with Foreign powers):– समुद्रगुप्त को इतिहास मुख्यतः प्रयाग स्तम्भबाट जानिन्छ। त्यसमा लेखेको छ, "दैवपुत्रशाहिशाहानुशाहिशकमुरुण्डै सैंहलकादिभिश्चसर्वद्वीपवासिभिरात्मनिवेदनकन्योपायनदानगरुत्मदङ्कस्वविषयभुक्तिशासनयाचनाद्युपायसेवाकृतबाहुवीर्यप्रसरधरणिबन्धस्य"। जसको अर्थ यो हो कि देवपुत्र शाहिशाहानुशाहीशक मुरुण्ड तथा सिंहल आदि द्वीपका जनता आत्मसमर्पण [आत्मनिवेदन], कन्यादान, दान गरुड़ध्वज संग अंकित आज्ञापत्रहरूको ग्रहणादि उपायहरूद्वारा समुद्रगुप्तलाई संतुष्ट पारेर आफ्नो राज्यको रक्षा गर्दथे। जयचन्द्र विद्यालंकारले लेखेका छन कि देवपुत्र शाहिशाहानुशाही कुशान पेशावरका शासक किदार कुशानको विशेषण हो जसले शाहपुत्र द्वितीय संग युद्ध गरे र समुद्रगुप्त ले उनलाई सहायता दिएका थिए। युद्धमा किदार कुशाण विजयी भएथे औ उनले समुद्रगुप्तको अधीनता स्वीकार गरेथे औ उनको गरुड़ध्वज अंकित आज्ञापत्रलाई ग्रहण गरे। यो तथ्य युक्तिपूर्ण मानिन्छ, किनभने 'देवपुत्र शाहिशाहानुशाही' कुशान राजाहरूको उपाधि थियो। यो उपाधि उनीहरूले चीनियाँ राजाहरूबाट नक्कल गरेका थिए। डा० त्रिपाठीले यस्तो मानेका छन कि

Chandra Gupta 1st and his queen the Lichhavi lady.

CC-0. In Public Domain. Digitization by eGangotri

कुशान साम्राज्य छिन्न भिन्न भएपछि संभव छ कि देवपुत्र पंजाबमा रहे औ शाहि शाहानुशाही अफगानिस्तान मा। डा० त्रिपाठीको विचारानुसार, "यसप्रकार देवपुत्र पंजाबका र शाहि वा शाहानुशाही अफगानिस्तान तथा त्यसका नजिकका शासक थिए।"❀ शक मुरुण्ड शब्दको कुनै निश्चित थाहा छैन कि उनको आधिपत्यमा कुन देश थियो। उनी शकहरूका स्वामी थिए अथवा शकहरू देखि भिन्दै मुरुण्डको कुनै अलग वंश थियो अथवा समुद्रगुप्त को आधिपत्यमा नै थियो। उनका आधिपत्य सिंहलद्वीप आदिमा थियो। त्यहांका शासक मेघवर्ण (३५२ ई० देखि ७९ ई० सम्म) थिए। त्यस सम्बन्धमा चीनियाँ इतिहासबाट पत्ता चल्दछ कि उनले भगवान् बुद्धको ज्ञान-भूमि बोधगयामा दुइ बौध भिक्षुहरू [monks] लाई पठाएथे र त्यहां बाट फर्किएर तिनीहरूले आफ्ना राजाकहां शिकायत गरे कि उनी-हरूको बसोबासको उचित व्यवस्था सम्म पनि त्यहां गरिएन। मेघवर्णले आफ्ना दूतलाई समुद्रगुप्त को दरवारमा पठाए औ उनी-संग बोधगयामा संघाराम (विहार) बनाउने अनुमति मांगे। समुद्र-गुप्त ले अनुमति दिए औ तुरुन्त बोधिवृक्ष को उत्तरतर्फ एक बिहार को स्थापना भयो। हुएनसांग को भारत-भ्रमणको समयमा त्यो बौद्ध विहार मौजूद थियो जसको नाउँ 'महाबोधि संघाराम' थियो। यसबाट स्पष्ट छ कि समुद्रगुप्त को प्रभाव भारतमा मात्र थिएन तर भारत बाहिर पनि थियो।

❀ Thus Devaputra was perhaps located in the Punjab, and Shahi or Shahanusahi ruled Afganistan and the adjoining lands.

CC-0. In Public Domain. Digitization by eGangotri

साम्राज्य-विस्तार (Extent of Empire) :—

उनको साम्राज्य-विस्तार पूर्वमा हुग्ली पश्चिममा यमुना तथा चम्बल उत्तरमा हिमालय सम्म थियो। भी० ए० स्मिथ (V. A. Smith) को अनुसार काश्मीर उनको राज्यमा थिएन। दक्षिण-मा नर्वदा नदी र उत्तर-पूर्वमा पांच आश्रित राज्यहरू थिए जुन राज्य करमात्र दिन्थे औ उनको अधीनता स्वीकार गर्दथे। साम्राज्यको पश्चिममा नौ गणराज्य थिए जो समुद्रगुप्तको आज्ञा पाएर शासन गर्दथे र दक्षिणका बाह्र राज्यसंग अधीनता स्वीकार गराएर उनले ती राज्यलाई मुक्त गरि दिएका थिए। शक, कुशान तथा सिंहल द्वीप आदि उनको प्रधानतालाई अवश्य नै स्वीकार गर्दथे।

समुद्रगुप्तले आफ्नो विजयको उपलक्षमा अश्वमेध यज्ञ गरे जुन यज्ञ धेरै दिन पैल्हे देखि कुनै राजाले गरेका थिएनन्। प्रयागको शिलाले-खमा उल्लेख छ, "चिरोत्सन्नाश्वमेधाहर्तुः।" त्यो यज्ञमा दान-दक्षिणाका लागि उनले स्वर्ण-पदक ढलाउन लगाए। ती पदकमा घोड़ा को मूर्ति तथा चमर लगाएकी आइमाईको मूर्ति अंकित थियो औ तिनमा "अश्वमेध-यज्ञ पराक्रम" लेखेको थियो। कुनै कुनै सिक्कामा यस्तो पनि उल्लेख छ, "राजाधिराज पृथ्वीमव जित्य दिवम् जयति अप्रतिवार्य वीर्यः", अर्थात् राजाधिराज पृथ्वीलाई जितेर अहिले स्वर्गलाई जिति रहे छन्। उनले पृथ्वीलाई जितेको थिए। उनी गरीब, अनाथ, आतुरहरूलाई दान दिएर अब स्वर्ग-प्राप्तिको लागि यत्न गरि रहेका थिए। त्यस यज्ञमा उनले गरीबलाई धेरै दान दिएर तिनको उद्धार गरे।

समुद्रगुप्तकोधर्म (Samudra Gupta's Religion):—

भी० ए० स्मिथ (V. A. Smith) को विचारानुसार "उनी

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो परिवारका अरू सदस्यहरू जस्तै विष्णुमा धेरै आस्था राख्ने ब्राह्मण धर्मावलम्बी हिन्दू थिए।" ☙ प्रयाग को शिलालेखबाट यस्तो पत्तो लाग्दछ कि उत्तर पश्चिमका राजा उनी द्वारा गरुड़ध्वज अंकित आज्ञापत्र मांग्दथे। गरुड़ विष्णुको वाहन हो जसले यसकुरा-लाई स्पष्ट गर्दछ कि समुद्रगुप्त वैष्णव धर्मलाई मान्नेवाला व्यक्ति थिए। यद्यपि उनी वैष्णव थिए तापनि उनमा धार्मिक सहिष्णुता थियो। त्यो कुराको प्रमाण यो छ कि उनले लंका का राजा मेघवर्णलाई बोधगयामा बौध भिक्षुहरूका लागि मंदिर बनाउने अनुमति दिएका थिए।

उनको मृत्युको मिति (Date of His Death) :—

समुद्रगुप्तको मृत्युको निश्चित मिति पत्ता लागेको छैन। जयचन्द्र विद्यालंकार को भनाइ बमोजिम उनको प्रशासन लगभग ३७६-७८ सम्म चल्यो। सत्यकेतु विद्यालंकारको अनुसार लगभग ५० वर्ष शासन गरेर ३७८ ई० मा समुद्रगुप्तको निधन भयो। स्मिथ (Smith) को कथन छ कि समुद्रगुप्तका छोरा चन्द्रगुप्त द्वितीय ३८० ई० मा वा लगभग ५ वर्ष पैल्हे गद्दीमा बसे। यसबाट सिद्ध हुन्छ कि उनी ३८० ई० देखि पैल्हे नै मरे। मथुराको एक शिलालेखबाट यस्तो पत्ता लाग्दछ कि चन्द्रगुप्त द्वितीय ३८०ई० सम्ममा गद्दीमा अवश्य बसे। यो यस कुरा को प्रमाण छ कि समुद्रगुप्त ३८० ई० भन्दा पूर्वमा नै मरे। डा० त्रिपाठी ले लेखेका "हामी अनुमानतः कल्पना गर्न सक्छौं कि

☙ He was a Brahaminical Hindu with a special devotion to Vishnu, like the other members of his house.

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्रगुप्त ले ३७५ ई० देखि पूर्व नै शासन गरेका थिए।"❀

उनका व्यक्तिगत गुणहरू (His personal accomplishments):—

समुद्रगुप्त सर्वगुणसम्पन्न व्यक्ति थिए। उनी युद्ध-विद्यामा मात्र सिद्धहस्त थिएनन् तर संगीत, कविता तथा अन्य शास्त्रमा पनि पारंगत थिए। उनलाई कुनै-कुनै व्यक्ति कविराज पनि भन्दथे। उनको दरबारमा हरिषेण नामक एक विद्वान् रहन्थे। उनी विद्वान्हरूको संगतिलाई मन पराउंथे। कुनै-कुनै मुद्रामा समुद्रगुप्तलाई वीणा बजाउंदै गरेको देखिन्छ। प्रयाग को एक स्तम्भ प्रशस्तिमा उल्लेख छ कि उनी आफ्नो प्रखर बुद्धिले वृहस्पतिलाई औ सुमधुर संगीतले नारदलाई तथा तुम्बुरुलाई लज्जित गराउंथे, यद्यपि यो अतिशयोक्तिपूर्ण उद्गार हो।

समुद्रगुप्त एक कलाकार मात्र थिएनन तर एक महान् विजेता पनि थिए। उनले आफ्नो बाहुबलले पिता द्वारा प्राप्त सानो राज्यलाई, एक विशाल राज्यको रूपमा परिवर्तित गरे। उनी प्राचीन साम्राज्यवादको आदर्श माथि विश्वास राख्तथे। उनले भारत बाहिर पनि आफ्नो प्रभाव जमाए। उनले साना-साना राज्यलाई विजय गरेर अथवा वशमा ल्याएर एक संगठित तथा व्यापक भारतको निर्माण गरे। यस कारण भी० ए० स्मिथ(V.A. Smith) ले उनलाई भारतीय नेपोलियन (Indian Napolean) भनेका छन्। उनी विजेताको रूपमा Napolean भन्दा पनि महान थिए, किनभने कैल्हैपनि उनलाई ट्राफलगर अथवा वाटरलू पराजयको जस्तो अनुभव भएन। उनी एक महान्

❀ We may tentatively assume that Samudra Gupta ruled until about 375 A. D.

CC-0. In Public Domain. Digitization by eGangotri

सेनानायक पनि थिए। उनी स्वयं कुशलतापूर्वक युद्धको संचालन गर्दथे औ अवसर चिन्दथे। यस कारण उनलाई अजेय वीर पनि भनिन्छ। उनी भगवान् विष्णुका परम उपासक थिए औ भगवान् विष्णु जस्तै दुष्टलाई नाश गरेर प्रजाको पालन तथा मंगल चाहन्थे र आफ्नो राष्ट्रलाई सबै प्रकारले समृद्धिशाली बनाउन चाहन्थे। उनको प्रशस्तिमा हरिषेणले उल्लेख गरेका छन्, "उनको नीति थियो सज्जनको उदय र असज्जनको अन्त।"

*

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १५

CHANDRAGUPTA II

(चन्द्रगुप्त द्वितीय)

राज्यारोहणको मिति (Date of his accession):

चन्द्रगुप्त द्वितीय समुद्रगुप्त तथा दत्तादेवीका छोरा थिए। चन्द्र-गुप्तको राज्यारोहणको मितिको कुनै पत्ता छैन। उनको राज्यकालको सम्बन्धमा जुन सबै भन्दा पहिलो मिति ज्ञात भएको छ, त्यो हो मथुरा-को एक अभिलेखमा उल्लिखित ३८० ई०। सम्भव छ उनी त्यो भन्दा कुनै समय पहिले नै गद्दीमा बसे। डा० त्रिपाठीको अनुमान छ कि उनी ३७५ ई० को कुनै समय गद्दीमा बसे। भी० ए० स्मिथले पनि यसै मितिलाई ठीक मानेका छन्। डा० सत्यकेतु विद्यालंकारले उनका राजत्वकाललाई ३७८ ई० ४१४ ई० सम्म मानेका छन्।

शकहरूसित युद्ध (War with the Sakas)

जयचन्द्र विद्यालंकारको भनाइ बमोजिम समुद्रगुप्तले आफ्नो जीवनकालमा नै आफ्नो सानो छोरो चन्द्रगुप्त देखि प्रभावित भएर उनलाई राजगद्दीमा बसाउने निर्णय गरेका थिए। तर मंत्रि-परिषदले रामगुप्तलाई गद्दीमा बसाए। रामगुप्त बहुत निर्बल, विलासी तथा नपुंसक राजा थिए। उनी राजगद्दीमा बसे पछि ती शकहरू, जुन समुद्र-गुप्तलाई आत्म-निवेदन, भेट, उपहार, कन्योपायन उपायहरू द्वारा संतुष्ट पार्दथे, गुप्त साम्राज्यमाथि आक्रमण गरे। शकहरूका सरदार शकान शाहले आफ्नो फौज लिएर राम गुप्तलाई व्यास नदीको किनारमा

CC-0. In Public Domain. Digitization by eGangotri

शिवालकको विष्णुपद पहाडको किल्लामा घेरै। शकाधिपतिले सन्धिको जुन प्रस्ताव राखे त्यसमा एक शर्त यो पनि थियो कि रामगुप्त आफ्नो पत्नी ध्रुवस्वामिनीलाई शकाधिपतिलाई सुम्पि दिउन्। रामगुप्तले सन्धिको यस्तो कठोर शर्तलाई पनि माने तर स्वाभिमानी चन्द्रगुप्तका लागि त्यो शर्त असान्य थियो। ध्रुव स्वामिनीको वदलामा उनी (चन्द्र-गुप्त) स्वयं स्त्रीवेषमा शकको दरवारमा गए औ आफ्नो साथमा धेरै सैनिकहरू पनि परिचारिका बनाएर लिएर गए। शकराजका साथ केही समय लीला गरे पछि उनले शकराजमाथि प्रहार गरे औ मारे पनि। परिचारिका वेषधारी सैनिकहरूले पनि शक राजाका सैनिक माथि प्रहार गरे औ तिनीहरूलाई पनि मारे। पछि सम्भवतः चन्द्रगुप्तले नै समुद्रगुप्तलाई मारे औ ध्रुवस्वामिनी संग विवाह गरे। यस कथालाई आधार बनाएर विशाखदत्तले "देवी चन्द्रगुप्तम्" नामक एक नाटक संस्कृतमा लेखेका थिए। त्यो नाटक अहिले प्राप्त भएको छैन तर पनि त्यसको उद्धरण कहीं कहीं पाइन्छ। वाणभट्टले पनि आफ्नो सुप्रसिद्ध पुस्तक हर्षचरितम्मा पनि यस प्रकार लेखेका छन्, "अरि पुरे च परकलत्र कामुकं कमिनीवेष गुप्तश्चन्द्रगुप्तःशकपतिशमातयत्" अर्थात् "अर्काका पत्नीको कामुक शक-पति कामिनी वेषधारी चन्द्रगुप्त द्वारा मारिए।" त्यो कथा त्यस समयमा यस्तो लोकप्रिय थियो कि यसको उल्लेख त्यस वेलाको साहित्यमा मात्र छैन, तर त्यहां देखि धेरै पछिका साहित्य तथा शिलालेखमा पनि छ। भी० ए० स्मिथ आदिलाई त्यस संबन्धमा सन्देह छ तर पनि उनैका विचार अनुसार त्यसमा सत्यको अंश अवश्य नै छ। उनले The Oxford History of India मा यस प्रकार उल्लेख गरेका छन्, "यो कथालाई धेरै उपयुक्त अधिकारीहरूले अविश्वास गर्दछन् तर यसमा सत्यको अंश हुन सक्छ।" ⑂ डा॰

⑂ The story is disbelieved by most competent athorities, but may contain a germ of truth.

CC-0. In Public Domain. Digitization by eGangotri

त्रपाठीले पनि The History of Ancient India मा लेखेका छन्, "उनको मर्यादा, उनको पतिका भाइ चन्द्रगुप्तको हस्तक्षेपबाट बच्यो जसले स्त्री वेषमा शक शासकलाई वध गरे।" ❀

उनले यस कुराको सत्यताको सम्बन्धमा धेरै प्रमाणहरू उपस्थित गरेका छन्। यस प्रकार यो कथा त निराधार भन्न सकिँदैन। तर रामगुप्तको अस्तित्वका सम्बन्धमा गुप्त राजवंशका अभिलेख अथवा सरकारी कागज [record] मा कुनै उल्लेख छैन। यस सम्बन्धमा डा० त्रिपाठीको उक्ति पनि विचारणीय छ। उनले यस्तो उल्लेख गरेका छन्, "रामगुप्तका सिक्काहरूको अनुपस्थिति र गुप्त अभिलेखहरूमा उनको सम्बन्धमा निस्तब्धताले यो अविश्वास माथि निःसन्देह जोर दिन्छ।" ☬

सिंहासनमा बसे पछि उनका सामनेमा केही समस्या थिए। यद्यपि उनका बाबु समुद्रगुप्तले एक विशाल तथा सुव्यवस्थित साम्राज्यको स्थापना गरेका थिए तर पनि उनको निधन पछि शकहरूले देशको शक्ति तथा सुव्यवस्थालाई नष्ट गरि दिएका थिए। केही समयका लागि पश्चिमको क्षत्रप (strap) वाकटक द्वारा प्रभावहीन बनाइएका थिए तर फेरि उनले उनको प्रभाव र आफ्नो स्थान धेरै महत्वपूर्ण बनाएका

❀ But her honour was saved owing to the intervention of her husband's brother Chandra Gupta, who, in the guise of a woman, killed the Shaka ruler.

☬ And the absence of Ramgupta's coins as well as the complete silence of the Gupta records about him, no doubt, lend further weight to this scepticism.

CC-0. In Public Domain. Digitization by eGangotri

थिए। चन्द्रगुप्तले सर्वप्रथम म्लेच्छ शकहरू माथि विजय प्राप्त गर्ने प्रयत्न गरेका थिए।

वैवाहिक सम्बन्ध (Matrimonial Alliance)

चन्द्रगुप्तले शकहरूलाई परास्त गर्नको लागि वाकटकहरूलाई आफ्नो पक्षमा मिलाए। उनले कुवेर नागाबाट उत्पन्न आफ्नी छोरी प्रभावती को विवाह वाकटकका राजा रुद्रसेन द्वितीय संग गरि दिए। त्यो वैवाहिक सम्बन्ध द्वारा चन्द्रगुप्तले आफ्नो शक्तिलाई सबल बनाए, किनभने युद्ध-कलाको दृष्टिले वाकटक राज्यको भौगोलिक महत्व थियो। यसलाई डा० त्रिपाठीले उनको कुटनीतिको एक महान उदाहरण मानेका छन्। उनको विचार अनुसार, "यो वैवाहिक सम्बन्ध कुटनीतिको क्षेत्रमा उनको दक्षता हो।"❀ लगभग ३० वर्षको अवस्थामा रुद्रसेन द्वितीयको मृत्यु भयो। त्यस समयमा उनका जेठा छोरा दिवाकरसेन ५ वर्षका र कान्छा दामोदरसेन २ वर्षका थिए। १२ वर्षको अल्प अवस्थामा दिवाकरको पनि निधन भयो। त्यस समय पछि उनको कान्छा भाइ दामोदर गद्दीमा बसे। प्रभावती आफै राजकाज गर्न थालिन्। त्यस अवसरमा चन्द्रगुप्त उनका ठूला सहायक तथा सहयोगी बने। उनले कवि कालिदासलाई पनि आफ्नो नातीलाई शिक्षा दिनको लागि पठाए। यस प्रकार वाकटक साम्राज्य पनि उनको प्रभावमा पूर्णतः भयो। यस कारण जब उनले महाक्षत्रप शक स्वामी सिंहसेन माथि आक्रमण गरे तब वाकटक राज्यको शक्ति र सहयोग उनलाई प्राप्त भयो। चन्द्रगुप्तले आफ्नो छोराको विवाह बम्बई प्रान्तमा रहेको कुन्तलका शक्तिशाली राजा काकुत्वर्मनकी छोरी संग गरेका थिए। त्यस विवाहको पनि राजनैतिक महत्व छ।

❀ This matrimonial alliance was a master-stroke of diplomacy.

CC-0. In Public Domain. Digitization by eGangotri

समुद्रगुप्तले एक विशाल साम्राज्यको स्थापना गरेका थिए, तर उनको साम्राज्य सुदृढ़ तथा व्यवस्थित थिएन। त्यसमा विभिन्न प्रकारका सामंतवादी शक्तिहरूको असमान मेल पैदा गर्ने कोशिश गरिएका थिए। समुद्रगुप्त जस्ता विजयी राजाका जीवन-कालमा त्यस प्रकारको मेल सम्भव थियो। तर उनी पश्चात् इतिहासकारहरूको यस्तो अनुमान छ कि रामगुप्त जस्ता अयोग्य तथा विलासी शासकको समयमा शकहरूले ज्यादै मुश्किलका प्रश्न उपस्थित गरे। चन्द्रगुप्तले वाकटकहरूको सहयोग द्वारा त्यस राज्यलाई विजय गर्ने संकल्प गरे। त्यस कार्यको लागि उनले कैयौं युद्ध गर्नु पर्‍यो। उनको सम्बन्धमा जान्नको लागि यी साधनहरू छन्—उदयगिरी [भिलसा नजिकै] को अभिलेख, सिक्का, साहित्यिक रचना तथा मेहरौली (दिल्ली नजिकै) को फलाम स्तम्भको अभिलेख [inscription on the iron pillar] छन्। तिनीहरूमा मेहरौलीको स्तम्भ जुन अनंगपाल तोमरका समयमा विष्णुपद पहाड़बाट ल्याएको थियो, अहिले सम्म ज्यादै विवादको विषय छ। त्यस अभिलेखमा जुन "चन्द्र" को उल्लेख छ, त्यसको सम्बन्धमा डा० स्मिथ को विचार छ कि उनी चन्द्रगुप्त द्वितीय नै हो जबकि आर० एस० बासक, फ्लीट, आर० डी० बनर्जी, डा० राय चौधरी आदि यस विचारमा सहमत छैनन्। भारतका आधुनिक इतिहासकार जयचन्द्र विद्यालंकारको दृढ़ विचार छ कि उनी चन्द्रगुप्त द्वितीय देखि बाहेक अर्को कुनै व्यक्ति होइनन्। त्रिपाठीको पनि यस्तै विचार छ।

दिग्विजय (Conquests):— यदि यो विचार ठीक छ कि मेहरौली अभिलेखको "चन्द्र" चन्द्रगुप्त नै भए त त्यस अभिलेखबाट प्रशस्त कुराहरू थाहा पाइन्छ। त्यस अनुसार चन्द्रगुप्तले बंग (बंगाल)र दक्षिण समुद्रको भूभाग बाहेक सप्त-सिन्धु [पंजाब] आदिलाई विजय गरेका थिए। त्यो अभिलेख संस्कृत श्लोकका रूपमा छ जसको अर्थ "बंग देश [पूर्वी बंगालमा] मा एकत्रित भएर आएका शत्रुहरूलाई

CC-0. In Public Domain. Digitization by eGangotri

छाती द्वारा पछाडि धकेल्दै लडाइमा जान्थे जसको पाखुरामा तलवारले कृति खनेको थियो, जसले सिन्धुको सात मुखहरू [सतलज, व्यास; रावी, चनाव, झेलम, सिन्ध र काबुल नदीहरू] लाई तरेर वाह्लीक-हरूलाई विजय गरे र जसको वीर्य-वायु द्वारा दक्षिण समुद्र आज पनि सुवासित छ ती चन्द्र नामक राजाले भगवान् विष्णुको यो उच्च ध्वजाको स्थापना गरे ।' त्यस अभिलेखानुसार चन्द्रगुप्तले वंगाल, अफगानिस्तान तथा दक्षिणको समुद्र सम्मका सबै राज्यलाई जितेर आफ्नो साम्राज्यमा मिलाए ।

जहां सम्म उदयगिरीको अभिलेखको प्रश्न छ, त्यसमा चन्द्रगुप्तको युद्ध औ शान्ति मन्त्री [Minister for War and Peacc] वीर सेनले विश्व विजयको लागि उत्सुक चन्द्रगुप्तको पश्चिम भारतको युद्ध-यात्रा-मार्गको उल्लेख गरेको छ । त्यसको विवरण महत्वपूर्ण छ किनकि उनी आफै चन्द्रगुप्तसंग गएको थियो । अभाग्यवश त्यो अभिलेखमा कुनै मितिको उल्लेख भएको छैन । यस कारण शकसंग चन्द्रगुप्तको युद्धको निश्चित समय ज्ञात हुंदैन । तर सिक्काका अध्ययनबाट यो अनुमान गर्न सकिन्छ कि त्यो विजय ३९५-४०० ई० को बीच चन्द्र-गुप्तले पश्चिमी शक राजा रुद्रसिंहमाथि गरेका थिए । त्यस विजयबाट मालवा, गुजरात तथा सौराष्ट्र गुप्त साम्राज्यका अभिन्न अंग भए । त्यस विजयको परिणामस्वरूप चन्द्रगुप्तको साम्राज्य पश्चिम समुद्र तट सम्म पुगेको थियो ।

मेहरौली अभिलेखसित यदि ती चन्द्रगुप्तको सम्बन्ध भए त चन्द्र-गुप्तले पंजाबका सात नदीको प्रदेशलाई जितेर पश्चिमोत्तर प्रान्त पनि विजय गरेका थिए । उनले कुशान शासकहरूलाई पराजित गरेर आफ्नो साम्राज्यको विस्तार वाह्लीकहरूको राज्य माथि लगभग अफगानिस्तान सम्म गरेका थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

मेहरौली अभिलेख अनुसार चन्द्रगुप्तले बंगालमा समतट, दवाक तथा कामरूपका राजाहरू मध्ये एक संग (Confederacy)लाई हराएका थिए। यस विजय द्वारा चन्द्रगुप्तको राज्य आसाम सम्म फैलिएको थियो। त्यस अभिलेखको क्रम-संख्यालाई यदि ठीक माने त उनले सर्वप्रथम त्रंग (बंगाल) लाई नै विजय गरेका थिए।

दक्षिण भारतको जुन राजाहरूलाई समुद्रगुप्तले जितेका थिए उनीहरू चन्द्रगुप्तका समयमा पनि उनको अधीनता स्वीकार गर्दथे। वाकटक राज्यसंग मैत्री स्थापना हुंदा उनले भारतको दक्षिणी अन्तिम भागसम्म आफ्नो आधिपत्य फैलाए।

चन्द्रगुप्तको समयमा गुप्त साम्राज्य चरम सीमा सम्म पुगेको थियो। दक्षिण भारतका राजाहरू पूर्ववत् उनको अधीनता स्वीकार गर्दै रहे र त्यसमा पनि वृद्धि भयो। शक महाक्षत्रपहरू तथा गान्धार र कम्बोजका कुशान विजय द्वारा उनको साम्राज्यको विस्तार अरब समुद्र तथा हिन्दुकुश पारी बंक्षु नदी सम्म भएको थियो।

युद्धको परिणाम (Result of the War)–रुद्रसिंह(तृतीय)को हार तथा मालवा, गुजरात र सौराष्ट्रको विजयबाट गुप्त साम्राज्यको फैलाव पश्चिमी समुद्रतट सम्म भयो। यस कारणले विदेशसंग सामुद्रिक व्यापार तथा विचार विनिमयको लागि प्रशस्त अवसर प्राप्त भयो। देशको आन्तरिक व्यापारको लागि उज्जैन नगरको केन्द्रीय स्थान थियो। त्यहां विभिन्न नगरबाट व्यापारका लागि बाटाहरू आएर केन्द्रित भएका थिए। यो नगर प्राचीन काल देखि नै धार्मिक महत्वको थियो। यो भारतको प्राचीन सात प्रमुख तीर्थ स्थान मध्ये एउटा थियो। बनारस पछि यसको दर्जा दोस्रो थियो। यो एउटा राजनैतिक स्थान पनि थियो। अतएव, पश्चिम भारतको विजय पछि यो गुप्त साम्राज्यको दोस्रो राजधानी बन्यो। अन्य साना-साना राज्य र विशेषतः

CC-0. In Public Domain. Digitization by eGangotri

बंग (बंगाल) विजयबाट सम्पूर्ण देशको एकता र राजनैतिक संगठन दृढ़ भयो। देशमा व्यापारको सुविधा अझ बढ्यो। अहिले सम्म प्रत्येक राज्यको सीमान्त स्थानमा अलग-अलग टैक्स (Custom duty) लिनाले गर्दा अन्तर प्रान्तीय व्यापार धेरै व्यय साध्य थियो। अब एकतन्त्रीय र संगठित-शासन हुनाले र भिन्न-भिन्न राज्यबाट टैक्स नलिने व्यवस्था पनि गरिएको हुनाले उपयोगी सामग्रीको मूल्य धेरै कम भयो, र व्यापारीहरूलाई लाभ अधिक भयो। अतएव व्यापारको बहुत उन्नति भयो। सुन्दर सूती कपड़ाहरू तथा रेशम बंगालबाट, कपूर र मसलाहरू दक्षिणबाट र नीर बिहारबाट पश्चिम तटको बन्दरगाहमा ल्याइन्थ्यो र रोम पठाइन्थ्यो जहाँबाट अपार सुन भारतमा आउन्थ्यो। यस व्यापार वृद्धिको कारण देश धनधान्यपूर्ण र जनजीवन सुखमय तथा शान्तिपूर्ण भयो।

प्रशासन (Administration)—

चन्द्रगुप्त (द्वितीय) को प्रशासन सम्बन्धमा मुख्यतः त्यसको समकालीन चीनियाँ यात्री फाहियानको भारत विवरण, उदयगिरिको अभिलेख तथा बसाढ़का मुद्राहरूबाट थाहा पाइन्छ।

फाहियानले लेखेका छन् कि चन्द्रगुप्तको साम्राज्य गंगाको मैदान (Gangetic plain) मा थियो। यसलाई मध्यदेश भनिन्थ्यो जसमा आधुनिक बिहार, उत्तर प्रदेश, मालवा र राज्यस्थानको एक खंड पनि थियो। फाहियानको भनाइ अनुसार जनताको जीवन सुखमय र शान्तिपूर्ण थियो। चोर र डाकूहरूको कहीं पनि भय थिएन। आफ्नो लामो यात्रामा कहीं पनि उनलाई कुनै उपद्रवको सामना गर्नु परेन जबकि लगभग २०० वर्ष पछि भारतमा आउने वित्तिकै हुएनत्साङ्गले डाकूहरूको मुकाबला गर्नु परेको थियो। फाहियानको अनुसार भारतको दण्ड-व्यवस्था चीनियांहरूको तत्कालीन दण्ड-व्यवस्था भन्दा

CC-0. In Public Domain. Digitization by eGangotri

धेरै उदार थियो। भारतमा कुनं मानिसलाई मृत्यु दण्डको व्यवस्था थिएन। शायद राजद्रोह जस्तो भयंकर अपराधको लागि दाहिने हात मात्र काटिन्थ्यो। अरू-अरू अपराधको लागि साधारण जरिवाना गरिन्थ्यो। फाहियानको यो वर्णन यस कुरालाई स्पष्ट गर्दछ कि समाजमा शान्ति तथा सुव्यवस्था थियो। त्यस कारण समाजमा कुनै भयंकर अपराध हुंदैनथ्यो र कुनै कठोर दण्डको आवश्यकता पर्दैन्थ्यो। सबै मानिस एक ठाउं देखि अर्को ठाउं सम्म स्वेच्छापूर्वक घुम्थे र बस्थे, त्यसमा सरकारबाट कुनै हस्तक्षेप हुंदैनथ्यो। व्यक्तिको जीवन सुखमय थियो र धर्म कर आदि देखि जनता मुक्त थिए। आयको मुख्य स्रोत राजस्व थियो र राज्य कर्मचारीहरूलाई नगद वेतन दिने व्यवस्था थियो। डा० त्रिपाठीको भनाइ छ, "फाहियानको यो तस्वीर यथार्थवादी हुनु भन्दा धेरै आदर्शवादी छ।" ☋ उनको अनुसार यो वर्णन सत्य देखि टाढा छ। तर भी० ए० स्मिथले फाहियानको भारत विवरण लाई उचित मानेको छ। उनले लेखेका छन्, "फाहियानको घटना-विवरण सामान्यतः यस कुरालाई प्रमाणित गर्दछ कि पांचौं शताब्दीको प्रारम्भमा गुप्तकालीन भारत पूर्णतः प्रशासित थियो। सरकार जन-जीवनमा कुनै प्रकारको व्यर्थ हस्तक्षेप गर्दैनथ्यो र अपराधको अवरोध गर्नका लागि सरकार परिमित थियो। विदेशी यात्रीले कुनै पनि ठाउंमा शान्तिपूर्ण अध्ययन गर्नको लागि मौका पाउन्थे र संपूर्ण भारतमा बिना दुःख यात्रा गर्न सक्तथे।" ❀

☋ The picture, however, appears to be more idealistic than realistic.

❀ Fahien's incidental observations taken as a whole indicate that the Gupta Empire at the beginning of the 5th century was well govern

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखको अध्ययनबाट यो प्रमाणित हुन्छ कि राजा आफ्ना मन्त्रीहरूको सल्लाह र सहयोग लिएर कार्य गर्दथे। ती मन्त्रीहरू आनुवंशिक हुन्थे। केही मन्त्रींहरूको कार्य नागरिक (civil) र सैनिक (military) दुवै थियो तथा उनी राजासंग युद्ध भूमिमा पनि जान्थे। प्रशासनिक द्रष्टिकोणबाट साम्राज्य कतिपय खंडहरूमा विभाजित थियो। सम्पूर्ण गुप्त साम्राज्य धेरै "देशहरू" र "भुक्तिहरू" मा विभाजित थियो। देश अथवा भुक्तिको शासक "गोप्ता" या "उपरिक महाराज" हुन्थे। देश र भुक्ति साना-साना "विषयहरू" मा विभाजित हुन्थे। आफ्नो साम्राज्य विस्तार पछि चन्द्रगुप्त द्वितीयले आफ्नो पिताले जस्तो अश्वमेध यज्ञ गरे। यो कुरा स्वाभाविक पनि थियो कि सम्पूर्ण भारतमा साम्राज्य विस्तार गरे पछि उनले अश्वमेध यज्ञ गरे।

चरित्र (Character)— चन्द्रगुप्त द्वितीय महान् विजेता, वीर, साहसी तथा महत्वाकांक्षी सेनानायक थिए। आफ्नो उद्देश्य-पूर्तिको लागि उनी सबै प्रकारको साधनलाई प्रयोग गर्दथे। शकराजलाई मार्नको लागि उनले स्त्रीवेष धारण गर्नमा कुनै प्रकारको संकोच मानेनन्। पुनः उनी आफ्नो दाज्यू रामगुप्तलाई मार्नको लागि तथा आफ्नी भाउज्यूलाई विवाह गर्नमा हिचकिचाएनथे। उनको दृष्टिमा नैतिकताको राजनीतिसंग कुनै सम्बन्ध थिएन। उनले आफ्नो साम्राज्य विस्तारलाई दृष्टिमा राखेर वैवाहिक संबन्ध जोडे। डा० त्रिपाठीले यस

---

ed...........The government let that people live their own lives without needless interference, was temperate in the repression of crime. The foreign pilgrim was able to pursue his studies in peace where ever he chose to reside, & could travel all over India without molestation.

CC-0. In Public Domain. Digitization by eGangotri

नीतिलाई, "कूटनीतिको क्षेत्रमा दक्षता" ☫ मानेका छन् अर्थात् कूटनीतिका क्षेत्रमा उनी पूर्णतः प्रवीण थिए। उनले आफ्नो साम्राज्य लाई पूर्ण सुव्यवस्थित तथा सुसंगठित गरेर शान्ति स्थापना गरे, जुन कारणले व्यापारको ठूलो प्रगति भयो र देश धेरै सुखी र संपन्न भयो।

उनी धेरै नै उदार, नीतिज्ञ तथा कुशल प्रशासक थिए। फाहियानले उनको नीति र प्रशासन-कलालाई बहुतै प्रशंसा गरेका छन्। उनले लेखेका छन् कि चन्द्रगुप्तको राज्यमा सर्वत्र शान्ति तथा सुव्यवस्था थियो। भी० ए० स्मिथले पनि लेखेका छन, "उनको चरित्रको निर्विवाद तथ्यबाट यो साबित हुन्छ कि उनी सुविस्तृत साम्राज्यको प्रशासन र त्यसलाई बढाउनको लागि पूर्णतः दक्ष थिए।"❀ उनी दण्ड बहुत कम दिन्थे। उनले आफ्नो राज्यमा मृत्यु दण्ड बन्द गरेका थिए। धेरै ठूला अपराध गरे भने दाहिने हात काटिन्थ्यो। साधारण अपराधको लागि जरिवाना गरिन्थ्यो।

उनी विद्वानहरूका आश्रय-दाता थिए। उनको दरबारमा महाकवि कालिदास रहन्थे। यस्तो भनाइ छ कि कालिदास बाहेक आठ अरू-अरू विद्वानहरू चन्द्रगुप्त द्वितीयको दरबारमा रहन्थे। सबैलाई मिलाएर 'नवरत्न', भनिन्थ्यो। उनको पालामा संस्कृत साहित्यको ठूलो प्रगति भयो।

चन्द्रगुप्तलाई उपाधि बहुतै मन पर्दथ्यो। उनले भागवत, महाराजाधिराजा श्री भट्टारक, विक्रमांक, नरेन्द्र चन्द्र, सिंह चन्द्र, देवराज, देव

☫ Master-stroke of diplomacy.

❀ The ascertained facts of his career prove that he was a strong and vigorous ruler well qualified to govern and argument an extensive empire.

CC-0. In Public Domain. Digitization by eGangotri

गुप्त तथा विक्रमादित्यको उपाधि ग्रहण गरेका थिए। उनका सिक्का-हरूमा उनलाई सिंहसित लड़ाई गर्दै रहेको प्रदर्शित गरेको छ र तिनीहरूमा यस्तो लेखेको छ "छितिमवजित्य सुचरितै दिवं जयति विक्रमादित्यः" अर्थात् पृथ्वीलाई जितेर अब विक्रमादित्य आफ्नो सुकार्यद्वारा स्वर्गलाई जितिरहे छन्। कुनै-कुनै इतिहासकारको यस्तो भनाइ छ कि उनी ती विक्रमादित्य हुन् जसले विक्रम सम्वत् चलाए। तर यो घेरै ठूलो विवादको विषय हो। वि० स० सधैं ई० सन् भन्दा ५७-५८ वर्ष पछि रहन्छ। किन्तु चन्द्रगुप्त द्वितीय ईसा भन्दा प्रायः ३७५ वर्ष पछि गद्दीमा बसे। अतएव, वि० स० संग चन्द्रगुप्त द्वितीयको कुनै मेल छैन। भी० ए० स्मिथको पनि यस्तै अनुमान छ। उनले लेखेका छन्, "यो कुराको सम्भावना छ कि यस्ता कुनै राजा यथार्थमा बस्थे। तर यो परम्परालाई अहिले सम्म अभिलेख, सिक्काहरू र स्मारकहरूले प्रमाणित गरेका छैनन्।" ☫

☫ It is possible that such a Raja may really have existed, although the tradition has not yet been verified by the discovery of inscriptions, coins, or monuments.

o—o

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १६

FA-HIEN

(फाहियान)

जीवन (Life):—

चीनियां यात्री फाहियान चीनको प्रदेश शेन-से को राजधानी चांङ गान [छैंगयेन] का निवासी थिए। उनको बाल्यकालको नाम कुङ्ग थियो। १० वर्षको अल्पायुमा उनका पिताको मृत्यु भयो। केही समय पछि उनको आमाको पनि मृत्यु भयो। उनले बौद्ध भिक्षु हुने संकल्प गरे। केही काल सम्म भिक्षु जीवन व्यतीत गरे पछि उनले सन्यास लिए। त्यसै वेला कुङ्गको नाम फाहियान भयो। चीनियां भाषामा 'फा' को अर्थ हो धर्म र 'हियान' को अर्थ हो 'आचार्य', अथात् फाहियानको अर्थ हो 'धर्माचार्य'। उनले बौद्ध ग्रन्थ त्रिपिटक तथा विनय पिटकको अध्ययन गरे। तत्पश्चात् उनले यस्तो निश्चय गरे कि ती ग्रन्थहरू अपूर्ण तथा त्रुटिपूर्ण थिए। अतएव, उनले निर्णय गरे कि भगवान् बुद्धको ज्ञान-भूमि र कर्म-भूमि भारतमा पुगेर त्यहां ती ग्रन्थहरूको ठीक-ठीक अध्ययन गरूं एवं त्यहांबाट ती ग्रन्थहरूको शुद्ध प्रति आफ्नो देशमा ल्याऊं। यो भावनाबाट प्रेरित भएर उनी भारत जानको लागि उत्सुक र प्रत्यनशील भए। जुन वेला फाहियान त्यहांबाट प्रस्थान गर्दै थिए, उनका गुरु कुमारजीव, एउटा प्रवासी भारतीयले,

CC-0. In Public Domain. Digitization by eGangotri

यो शिक्षा दिए कि उनले भारतमा गएर त्यहाँको धर्मको मात्रै अध्ययन नगरेर त्यहांको निवासीहरूको जीवन र आचरण (habit) को पनि विस्तार पूर्वक अध्ययन गर्नु पर्छ ।

फाहियानले लगभग ३९९ ई० मा चीनबाट भारतको लागि प्रस्थान गरेका थिए। उनी गोवीको भयंकर मरुभूमिलाई पार गरेर खोतान र पामीरको दुर्गम पहाड़ी भूभागलाई पार गरी स्वात तथा गान्धार पुगे। त्यहाँबाट पेशावर हुंदै उनी पंजाब पुगे र मथुरा, कन्नौज, श्रावस्ती, कपिलवस्तु, कुशी नगर, वैशालीबाट पाटलिपुत्र हुंदै बनारस गए। उनी ताम्रलिप्ति बन्दरगाह (आधुनिक मिदिनापुर जिल्ला) बाट लंका र जावाको मार्गहुंदै करीब ४१५ ई० मा धेरै ग्रन्थहरू साथमा लिई स्वदेश फर्के। त्यहां पुगेर उनले आफ्नो यात्रा-विवरण एउटा मित्रलाई सुनाए जसले त्यसलाई लिपिबद्ध गर्‍यो। उनले बुद्धभद्र नामक एउटा भारतीय पण्डितबाट भारतीय ग्रन्थहरूको अनुवाद गराए। उनको मुख्य उद्देश्य भारतको धार्मिक जीवनको अध्ययन गर्नु थियो। त्यस कारणले उनी त्यो अध्ययनको लागि यस्तो व्यस्त भए कि उनले त्यो राजाको पनि उल्लेख गरेनन् जसको राज्यमा उनले धेरै वर्ष व्यतीत गरे। यसको सम्बन्धमा भी० ए० स्मिथ को यस्तो भनाइ छ, " ती उत्साही यात्री आफ्नो धार्मिक कर्त्तव्यमा यस्तो व्यस्त थिए कि उनले तत्कालीन शासकको नाउँको उल्लेख पनि गरेनन् ।" ⁅

⁅ The enthusiastic pilgrim was so absorbed in the religious task to which his life was devoted that he never even mentioned the reigning sovereign.

CC-0. In Public Domain. Digitization by eGangotri

यात्रा-विवरण [Travelling accounts]:—

फाहियान ६ वर्ष [४०५-११ ई०] सम्म भारतमा बसे। त्यो चन्द्रगुप्त [द्वितीय] को राज्यकाल थियो। उनी लगभग तीन वर्ष सम्म पाटलिपुत्र [पटना] मा बसे र संस्कृतको अध्ययन गरे। त्यस बेलामा पनि पाटलिपुत्र बौद्ध धर्मको प्रमुख केन्द्र थियो। फाहियानले पाटलिपुत्रमा दुइ प्रभावशाली र सुन्दर बौद्ध विहार देखे, जसमा एउटा विहार हीनयान धर्मवालाहरूको र अर्को महायान धर्मवालाहरूको थियो। तिनीहरूमा ६००-७०० बौद्ध भिक्षुहरू रहन्थे। भारतको विभिन्न स्थानबाट धेरै ज्ञान-पिपासुहरू त्यहां आएर अध्ययन गर्दथे। उनले अशोक द्वारा निर्मित एउटा विशाल भवन हेरेर आश्चर्यचकित भए र भने कि यो मानवकृत हुन सक्तैन बरु देवता द्वारा बनाएको थियो होला। उनलाई पाटलिपुत्रको धन र वैभवले बहुतै प्रभावित गर्‍यो। उनले लेखेका छन कि त्यहां का निवासीहरू उदारता र सच्चाईमा प्रतिस्पर्धी थिए। त्यहांका साहू र दानीहरू द्वारा एउटा विशाल औषधालयको व्यवस्था भएको थियो, जसमा गरीबहरूलाई निःशुल्क भोजन र दवाई दिने व्यवस्था थियो। प्रति वर्ष दोस्रो मासको आठौं मितिमा रथ-यात्रा हुन्थ्यो। चार पांग्राहरूको रथ बनिन्थ्यो। देउताहरूको भव्य मूर्ति सुन चांदी र स्फटिक द्वारा बनाइनथ्यो। रेशमको ध्वजा र चांदनी हुन्थ्यो। बुद्ध-देवको मूर्तिको छेउमा बोधिसत्वलाई खडा गरिन्थ्यो। संगीत र बाजाको व्यवस्था थियो र पूजा हुन्थ्यो। प्रत्येक जनपदमा यस्तों हुन्थ्यो।

व्यक्तिको जीवन तथा आचरण (Life and habits of the people):—

फाहियानको मुख्य उद्देश्य तत्कालीन भारतको धार्मिक जीवनको अध्ययन गर्नु थियो। तर उनी आफ्ना गुरु कुमारजीवको आज्ञा

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार भारतको जन-जीवनको अध्ययनको लागि पनि बाध्य भए।

उनले आफ्नु यात्रा-विवरणमा यो पहलुहरूमाथि पनि विस्तृत वर्णन गरेका छन्। उनले लेखेका छन्, "प्रजा समृद्ध र सुखी छन्। व्यवहारमा लेखापढी र पंचायत केही पनि छैन।..........सम्पूर्ण देशमा चांडालहरू बाहेक कुनै मानिस नत जीव हिंसा गर्छन् न मद्यपान गर्छन् नत लसुन नै खान्छन्। डाकूलाई चण्डाल भनिन्छ। यिनीहरू नगर बाहिर बस्दछन् र जहिले पनि नगरभित्र पस्दछन् त सूचनाको लागि लकड़ी बजाउँदै आउँछन् किनभने त्यसबाट मानिसहरूले थाहा पाउन सक्छन र न छोइई जोगिएर हिडन सक्छन्। जनपद भित्र सुंगुर र कुखुराहरू पालिदैन नत जीवित पशु बेचिन्छन न कुनि ठाउंमा गोसखान र मद्यको दोकान छ। केवल चाण्डालहरू माछा मार्छन, पशु हत्या गर्छन् र मासु बेच्छन्।"

फाहियानको उपरोक्त यात्रा-विवरण बहुत रोचक छ। संभव छ उनले जुन समाजसित सम्पर्क स्थापित गरे त्यो समाजको जन-जीवन पूर्णतः त्यस्तो थियो होला। तर जहां सम्म छुताछुतको प्रश्न छ, त्यो अहिले सम्म भारतको समाजबाट पूर्णतः समाप्त भएको छैन, यसको जरो अतीत कालमा अवश्य नै थियो। तर फाहियानको त्यो वर्णन कि गुप्तकालीन भारतको समाज पूर्णतः अहिंसक थियो, विवादको विषय छ किनभने मौर्य कालीन भारतको बौद्ध धर्म प्रभावित समाज पनि पूर्णतः अहिंसक हुन सकेन। अशोक जस्तो अहिंसक राजाले पनि यस कार्यमा आंशिक सफलता प्राप्त गरे। उनले पनि स्वीकार गरेका छन कि उनले मात्र ती पशुहरूको हत्या बन्द गर्न सके जुन न खाइन्थ्यो र न अन्य कुनै उपयोगमा आउंथे। गुप्तकालीन भारत त वैदिक धर्मको पुनर्जागरणको समय थियो, जसमा याज्ञिक हत्याहरू (यज्ञमा गौहत्या) वर्जित थिएन तत्कालीन राजाहरू पनि कट्टर हिन्दू थिए। तब

CC-0. In Public Domain. Digitization by eGangotri

यो कसरो स्वीकार गर्न सकिन्छ कि ब्राह्मण आदि पनि पूर्णतः अहिंसक थिए। डा० स्मिथले पनि फाहियानको कथनलाई खण्डन गरेका छन्। उनले लेखेका छन्, "उदाहरणार्थं धेरै ब्राह्मण धर्मावलम्बी हिन्दूहरू द्वारा जीवहिंसाको कार्य अवश्य पनि हुंदैथ्यो। यो विश्वास गर्नु मुश्किल छ कि ४०० ई० मा सम्पूर्ण भारतमा जातिवहिष्कृत निम्नतम जाति बाहेक कुनै मानिस नत कुनै जीवको हिंसा गर्दथ्यो न मदिरा पान गर्दथ्यो र नत प्याज अथवा लसुन नै खान्थ्यो।"☫

धार्मिक अवस्था (Religious condition)—

फाहियानको विचार बौद्ध धर्म सम्वन्धी हस्तलिखित पुस्तकहरू (manuscripts) लाई एकत्रित गर्नु र बुद्धको जीवनसित सम्बन्धित स्थानहरूको दर्शन गर्नु थियो। मथुरा आदि ठाउंहरूको दर्शन गरे पछि उनी कपिलवस्तु पुगे। कपिलवस्तुको सम्वन्धमा उनले यस्तो लेखेका छन, "कपिलवस्तु नगरमा नत कुनै राजा छन् नत कुनै प्रजा। केवल स्मारकहरू छन्। केही श्रमण (भिक्षुहरू) बस्तछन्। बाटाहरूका किनारमा धर्मशाला छन्। यहाँ आउने मानिसहरूलाई आवास (बस्ने-ठाउं), खाट, ओछ्यायन र भोजन दिने व्यवस्था छ। साधुहरू पनि त्यहां जान्छन् र बस्छन्। राजगृह नगर सुनसान (isolated) छ। कान्यकुब्ज [कनौज] नगर गंगाको किनारमा छ। दुईवटा संघाराम [बौद्धमठ] छन्, दुवै हीनयानका अनुयायीहरूका हुन्। नगरदेखि

☫ Sacrifice, for instance must have been practised by many Brahminical Hindus. It is hardly credible that in A. D. 400, throughout the whole country no body except the lowest outcasts would kill any living thing, drink strong liquor, or eat onions or (garlic.,

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिम सात ली [चीनियां नाप] टाढा गंगाको किनारमा वुद्धले आफ्ना शिष्यहरूलाई उपदेश दिएका थिए। फेरि उनी दक्षिण दिशा तर्फ लागे। आठ योजन पर कोशल जनपदको श्रावस्ती नगरमा पुगे। नगरमा बहुत कम मनिसहरू बस्दछन्. जति पनि छन् सबै यताउता छरिएका छन्। सबै मिलाएर लगभग दुई सौ घरहरू छन् होला।"

फाहियानको अनुसार कपिलवस्तु, वैशाली, श्रावस्ती सदृश पुराना शहरहरू बहुतै अवनति को अवस्थामा थिए। तर यसको कारण बौद्ध धर्मको ह्रास थिएन। भारतको राजनैतिक जीवनमा पुराना पुराना गणराज्यहरूको स्थान अब शक्तिशाली मगध साम्राज्यले प्राप्त गरेको थियो। मगधको राजधानी पाटलिपुत्रलाई देखेर उनी बहुतै प्रभावित भए। उनी जति पनि ग्रन्थहरूको अध्ययन गर्न चाहन्थे, ती सबै ग्रन्थहरू उनले त्यहीं नै प्राप्त गरे। त्यहां पनि बौद्धधर्मको प्रभाव राम्रो थियो। त्यस वेला बौद्धधर्मको प्रभाव मथुरामा विस्तार वढि रहेका थियो, जहां उनले २० मठहरू हेरेका थिए। पंजाव र वंगालमा यो धर्म प्रगतिको पथमा थियो। मध्यदेशमा बौद्ध धर्मको विशेष प्रभाव थिएन। पाटलिपुत्र जस्तो नगरमा मात्र दुई बौद्ध विहार थिए। त्यहांको कुनै कुनै नगरमा एउटा पनि बौद्ध विहार थिएन। त्यहां ब्राह्मण धर्मको धेरै प्रभाव थियो। राजा स्वयं बहुतै ठूला वैष्णव धर्मावलम्बी[परम भागवत्] थिए। पाखंडी ब्राह्मण र बौद्धहरूको बीच धार्मिक सम्बन्ध मैत्रीपूर्ण थियो। धार्मिक झगड़ा नाम मात्रको थियो र धार्मिक सहिष्णुताको अभाव थिएन।

राजनैतिक वा प्रशासनिक अवस्था [Political or Administrative Condition]—

फाहियानको भनाइ अनुसार देशमा शान्ति र सुव्यवस्था थियो। समाज यस्तो उन्नत थियो कि साधारण दण्डको व्यवस्था थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणतः जरिवाना मात्र लिन्थे। यहां सम्म कि मृत्युदण्डलाई पूर्णतः वन्द गरेको थियो। फाहियानले स्वयं यस तथ्यलाई स्वीकार गरेका थिए कि चीनको तुलनामा भारतमा दण्ड व्यवस्था कोमल थियो। कठोर अपराधको लागि मात्र दाहिने हात काट्ने व्यवस्था थियो। अर्थको स्रोत मालपोत थियो। सरकारी अधिकारीहरूले नगद वेतन पाउंथे। फाहियानको यस्तो भनाइ छ, "प्रजा समृद्ध तथा सुखी छन्। व्यवहारमा लेखापढ़ी तथा पंचायतको व्यवस्था छैन। यिनीहरू राजाको जमीन जोत्छन् र उपजको केही अंश दिन्छन्। जुन सुकै ठाउंमा बसो-बासोका लागि स्वतंत्रता छ। राजा नत प्राणदंड दिन्छन् नत शारीरिक। अपराधीको अवस्था अनुसार 'उत्तमसाहस' वा 'मध्यम साहस' को अर्थ दण्ड दिने व्यवस्था छ। धेरै पल्ट डाका गर्नेलाई दहिने हात काटिन्छन्। राजाको प्रहरी र सहचर वेतन भोगी छ। क्रय विक्रयमा कौडीहरूको व्यवहार छ।" राज्य शासनको उत्कृष्टता [महानता] को बिषयमा फाहियानको विचार महत्वपूर्ण छ। हजारौं मिलको आफ्नो लामो यात्रामा उनलाई कहीं पनि चोर, डाकूको खतरा भएन। त्यस वेलामा गुप्तवंशको शासन थियो र चन्द्रगुप्त विक्रमादित्य गद्दीमा बसे-का थिए। उनको पालामा सर्वत्र शान्ति र सुव्यवस्था थियो। भी० ए० स्मिथले त्यस संबन्धमा आफ्नो पुस्तक The Oxford History of India मा यस्तो लेखेका छन्, "फाहियानको घटना-विवरण सामान्यतः यस कुरालाई प्रमाणित गर्छ कि पांचौं शताब्दीको प्रारम्भमा गुप्त कालीन भारत पूर्णतः प्रशासित थियो। सरकार जनजीवनमा कुनै प्रकारको व्यर्थ हस्तक्षेप गर्दैन्थ्यो र अपराधको अवरोध [रोक-थाम] गर्नको लागि परिमित र धर्मको क्षेत्रमा सहिष्णु थियो।ꣳ

ꣳ Fahiens incidental observation taken as a whole indicate that the Gupta empire at the

CC-0. In Public Domain. Digitization by eGangotri

तत्कालीन शान्ति र सुव्यवस्था तथा दण्डको कोमलता र सरकारबाट जनजीवनमा हस्तक्षेप न गर्नाको नीति तथा आवागमनमा सरकारबाट कुनै प्रकारको बाधा न दिने आदि कुराको कल्पना गरेर डा० त्रिपाठीलाई आश्चर्य र सन्देह हुन्छ। उनले यस प्रकार उल्लेख गरेका छन्, "फाहियानको यो तस्वीर यथार्थवादी हुनु भन्दा ज्यादा आदर्शवादी छ।" ❀

---

beginning of the 5th. Century was well governed. The government let the people live their own lives without needless interference, was temperate in the repression of crime, and tolerant in matters of religion.

❀ The picture, however, appears to be more idealistic than realistic.

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय १७

Other Gupta Kings

[गुप्त वंशका अन्यान्य राजाहरू]

कुमारगुप्त महेन्द्रादित्य— राज्यारोहणको मिति [Date of enthronement] चन्द्रगुप्त द्वितीयको मृत्यु पछि कुमारगुप्त महेन्द्रादित्य ४१४ ई० मा राजा भए तर कुनै-कुनै विद्वान्‌को यस्तो पनि भनाइ छ कि चन्द्रगुप्त द्वितीय र कुमारगुप्तको बीचमा करीब ३ वर्षका लागि उनका दाज्यू गोविन्दगुप्तले शासन गरे ।

साम्राज्य-विस्तार [Extent of empire]—

कुमारगुप्तका बहुसंख्यक मुद्रा र अभिलेखहरू पाइका छन् जसबाट अनुमान गरिन्छ कि उनी एक विस्तृत साम्राज्यका शासक थिए । उनको साम्राज्य अन्तर्गत पूर्व बंगाल र पश्चिम सौराष्ट्र पनि सम्मिलित थिए । उनको साम्राज्य उत्तरमा हिमालय र दक्षिणमा नर्मदा नदी सम्म फलिएको थियो ।

धर्म परायणता र सहिष्णुता [His Religion and tolerance]—

उनको शासनकालमा निर्माण-कार्य बहुतै भयो । दशपुरमा सूर्यको एक विशाल मन्दिर उनैको पालामा निर्मित भयो । कुमारगुप्त वैष्णव धर्मका अनुयायी थिए । उनका मुद्राहरूमा 'परम भागवत' को उल्लेख भएको छ । मनुकुवारको लेखबाट ज्ञात हुन्छ कि बुद्धमित्रले उनको पालोमा भगवान् बुद्धको मूर्ति स्थापित गरेका थिए ।

CC-0. In Public Domain. Digitization by eGangotri

उनको चरित्र [His character]:—

उनी विद्वान्हरूका आश्रयदाता थिए। उनी प्रतापी र पराक्रमी शासक थिए। उनले आफ्नो साम्राज्यलाई सुरक्षित राखे। उनको साम्राज्य चरम सीमामा पुगेको थियो। तसर्थ उनका सिक्का र अभिलेखहरूमा उनका उपाधि यसप्रकारले उल्लिखित छन्-महेन्द्रादित्य, अजित महेन्द्र, श्री महेन्द्र, सिंह महेन्द्र, महेन्द्र कुमार र गुप्तकुल व्योम शशि। उनी प्रभावशाली शासक, दानवीर, प्रजापालक र साम्राज्यका संरक्षक थिए।

उनको शासन कालमा पुष्यमित्र आदि जाति तथा हूणहरूले पनि साम्राज्य माथि आक्रमण गरेका थिए। उनीहरूलाई परास्त गरेर उनले साम्राज्यमा शान्ति र सुरक्षाको स्थापना गरे।

स्कन्द गुप्त

कुमार गुप्तको मृत्यु पश्चात् स्कन्दगुप्त यो वंशका शासक भए। उनी राज्यारोहणको पूर्व देखि नै राज्या-कार्यमा सक्रिय भाग लिंदै थिए। यस्तो अनुमान गरिन्छ कि गद्दीको लागि उनले ठूलो युद्ध गर्नु पर्‍यो। जूनागढ़ अभिलेखमा यो कुराको उल्लेख पाइन्छ कि राज्यलक्ष्मीले उनलाई अनेक राजाहरूको बीचबाट वरण गरिन्। उपलब्ध साधहरूको आधारमा उनी ज्येष्ठ छोरा न भए तापनि गद्दीका उत्तराधिकारी बने।

हूण माथि विजय [Conquest of The Huna]:—

भितरी तथा जूनागढ़को अभिलेखबाट ज्ञात हुन्छ कि उनले विधर्मी हूणहरूलाई पराजित गरे। पश्चिम पट्टि [सौराष्ट्र] मा पर्णदत्तलाई सिंहासन दिनु भन्दा अगाड़ि त्यहां सुव्यवस्था स्थापित न

CC-0. In Public Domain. Digitization by eGangotri

हुने तथ्यबाट ज्ञात हुन्छ कि त्यहां हूण आक्रमणको भय विद्यमान थियो।

राज्य-विस्तार [Extent of empire]:—

सौराष्ट्र देखि बंगाल सम्म तथा उत्तर भारत देखि मध्य प्रदेश सम्म सबै प्रान्त अक्षुण्ण रूपमा उनको साम्राज्य अन्तर्गत थिए औ सम्पूर्ण भारत माथि गुप्तहरूको साम्राज्य स्थापित भएको थियो। कथासरित् सागरमा यो कुराको उल्लेख पाइन्छ। विभिन्न प्रान्तहरूमा प्राप्त उनका सिक्काहरूबाट उनको राज्यको अखंडता प्रमाणित हुन्छ। तर विदेशी आक्रमणकारीहरूले साम्राज्यलाई जर्जर बनाउन थाले। यस सम्बन्धमा स्मिथको भनाइ छ, "आक्रमणकारीका नयाँ लहराहरूले आएर गुप्त साम्राज्यको राज्य-संगठनलाई ध्वस्त पारे।"☞

उनका व्यक्तिगत गुणहरू [His personal accomplishments]:—

उनी एक महान् विजेता, राष्ट्रका रक्षक, उदार एवं महान शासक थिए। आफ्नो यौवन-कालमा नै उनले प्रबल वीरताको परिचय दिए। उनलाई विक्रमादित्य अर्थात् शक्तिका सूर्य पनि भनिन्छ। स्कन्द गुप्त स्वयं वैष्णव भए तापनि उनी धर्म-सहिष्णु थिए। काहौम अभिलेखबाट ज्ञात हुन्छ कि मद्र नामक एक व्यक्तिले जैन-तीथङ्करहरूका पांच मूर्ति स्थापित गराए। उनका प्रजा धर्मको दृष्टिले पूर्णतः स्वतंत्र थिए। यसबाट उनको धार्मिक सहिष्णुता र विशाल-हृदयताको परिचय पाइन्छ।

☞But fresh waves of invaders arrived and shatterd the fabric of the Gupta empire.

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चात्कालीन सम्राट्हरु (Later emperors)

स्कन्दगुप्तको मृत्यु पछि गुप्तवंशको अवनति प्रारम्भ भयो। यो अवनति कालका सर्वप्रथम शासक पुरुगुप्त थिए। उनी स्कन्दगुप्तका भाइ थिए। उनको साम्राज्य-विस्तार तथा कृतिको सम्बन्धमा कुनै उल्लेख पाइन्दैन। उनी सम्भवतः ४६८ ई० सम्म गद्दीमा बसे। उनका मुद्राहरूबाट अवगत हुन्छ कि उनको साम्राज्य संकुचित भएको थियो।

नरसिंह गुप्त

पुरुगुप्तको मृत्यु पछि नरसिंह गुप्त राजा भए। उनी ४ वर्षको अल्पकालका लागि शासक भए।

कुमारगुप्त द्वितीय

नरसिंह गुप्त पछि कुमार गुप्त राजा भए। मन्दसोरको एक लेखबाट ज्ञात हुन्छ कि पूर्व मालवा उनको आधिपत्यमा थियो। उनी वैष्णव धर्मावलम्बी थिए। उनको मुद्रामा गरुड़ अङ्कित छ।

बुद्धगुप्त

ह्यूनत्सांगले उनलाई शक्रादित्यका पुत्र लेखेका छन्। उनले ४७७ ई० देखि ४९५ ई० सम्म शासन गरे। उनी एक प्रतापी राजा थिए, जसको राज्य बंगाल देखि मध्यप्रान्त सम्म फैलिएको थियो।

भानुगुप्त

भानुगुप्तको सम्बन्धमा पर्याप्त साधन प्राप्त भएको छैन। उनले सम्भवतः ५१० ई० देखि ५४४ ई० सम्म शासन गरे। एरण अभि-

CC-0. In Public Domain. Digitization by eGangotri

लेखानुसार भानुगुप्तका सेनानी गोपराजको मृत्यु एक ठूलो युद्धमा भयो। यसबाट अनुमान गरिन्छ कि हूणहरूले भयंकर आक्रमण गरेका थिए। तत्पश्चात् गुप्त शासनको पतन आरम्भ भयो। केही प्रभावहीन गुप्त शासकहरूले बिहार र बंगालले निर्मित सानो राज्य माथि शासन गरे। अन्ततोगत्वा यो राज्यको अन्त करीब ५५० ई० मा भयो।

०—०

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय—१८

Estimate of the Guptas

[गुप्तहरूको मूल्यांकन]

कुशाणहरू पछि भारतमा अन्धकार युगको प्रारम्भ भएको थियो। गुप्तहरूको आविर्भाव देखि नवीन युगको श्रीगणेश भयो।

गुप्तहरूको मूल [Origin of the Guptas]—

गुप्तहरूको मूलको सम्बन्धा कुनै निश्चित प्रमाण उपलब्ध भएको छैन। डा० के० पी० जायसवालको मतानुसार गुप्तहरू कारस्कर गोत्र का जाट अथवा शूद्र थिए। प्रसिद्ध इतिहासकार गौरीशंकर ओझाको भनाइ अनुसार उनीहरू क्षत्रिय थिए। 'मंजुश्री मूलकल्प' अनुसार उनी सोम वंशीय क्षत्रिय थिए। लिच्छवीहरूसित उनीहरूको वैवाहिक सम्बन्धले पनि उनलाई क्षत्रिय नै प्रमाणित गर्दछ। नेपालवंशावली मा लिच्छवीहरूलाई सूर्यवंशीय क्षत्रिय लेखिएको छ। प्रस्तुत तर्कहरूको आधारमा उनलाई क्षत्रिय नै भन्नु युक्ति संगत लाग्दछ।

गुप्तहरूको उत्पत्ति-स्थान [Original home]—

गुप्तहरूको आदि देशको सम्बन्धमा निश्चित प्रमाण छैन। विद्वान-हरूले यस सम्बन्धमा कल्पनाको सहारा लिएका छन् र सामान्यतः दुइ प्रकारेका मतको प्रतिपादन गरेका छन। पहिलो मतानुसार उनको उत्पत्ति मगध अथवा प्रयागको समीपमा भयो र अर्को मतानुसार उनको उत्पत्ति

CC-0. In Public Domain. Digitization by eGangotri

बंगालमा भयो । डा० एस० चट्टोपाध्यायको भनाइ छ, "हामीहरूलाई प्राप्य तथ्यले यसलाई लेशमात्र प्रमाणित गर्दैन कि उनको प्रारम्भिक निवास स्थान मगधमा थिएन ।" ₩ 'ब्रह्माण्ड पुराण' अनुसार अनुगंगा, प्रयाग, साकेत र मगध गुप्तवंशको अधीन थिए । चिनियाँ यात्री इत्सिङ्गको भनाइ बमोजिम श्री गुप्त नामक एक राजाले चिनियाँ बौद्ध भिक्षुहरूको निमित्त मृगशिखावनको समीप एक विहार बनाउन लगाएका थिए । अलोनको मतानुसार यो विहार मगधमा थियो । डा० डी० सी० गांगुलीको विचारानुसार गुप्तहरूको उत्पत्ति वरेन्द्र (पूर्व बंगाल) नामक स्थानमा भएको थियो । तर पुराणहरूमा बंगालको उल्लेख भएको छैन । अतः मगध अथवा प्रयाग नै गुप्तहरूको आदि देश थियो ।

₩ The evidences at our disposal hardly prove absolutely that Magadha was not original home of the Guptas.

(THE GUPTA PERIOD
Golden Age of the Indian History)
गुप्तकाल भारतीय इतिहास को स्वर्णयुग

भारतवर्षको इतिहासमा गुप्तकाललाई 'स्वर्णयुग' मानिन्छ । डा० स्मिथले ३२०-४८० ई० सम्मको काललाई स्वर्णयुग भनेका छन जो चन्द्रगुप्त प्रथम, समुद्रगुप्त, चन्द्रगुप्त द्वितीय, कुमार गुप्त तथा स्कन्दगुप्तको शासन काल थियो । यस युगमा महान सम्राट्हरूको उत्पत्ति भयो। यिनीहरूले मौर्य युग पछि फेरि एक पल्ट देशलाई संगठित गरेर साम्राज्य-विस्तार पनि गरे । यस कालमा देशको शान्ति, सुव्यवस्था तथा सर्वतोन्मुखी

CC-0. In Public Domain. Digitization by eGangotri

विकासको कारणले गर्दा साहित्य, धर्म, कला, विज्ञान तथा वाणिज्यको महान् प्रगति भयो। यस्तो प्रगति भारतको इतिहासमा कहिले पनि भएको थिएन। यूरोपका एक विद्वान बारनेट (Barnett) ले लेखेका छन्, "गुप्तकाल भारतको साहित्यिक इतिहासमा यस्तो महत्वपूर्ण छ जस्तो कि यूनानको इतिहासमा पेरिक्लीजको युग हो।" डा० स्मिथले पनि यस्तो उल्लेख गरेका छन्, "महान् गुप्त शासकहरूको काल हिन्दू भारतको इतिहासमा सब भन्दा धेरै सन्तोषजनक थियो। फाहियानको उपरोक्त प्रमाण यस कुराको साक्षी छ कि सरकार क्रूरता देखि मुक्त थियो र कौटिल्य द्वारा प्रतिपादित तथा मौर्य शासकहरू द्वारा व्यवहार मा ल्याएको गुप्तचर व्यवस्थाले भ्रष्ट थिएन। साहित्य, कला र विज्ञान को ठूलो प्रगति भयो र धार्मिक परिवर्तन कुनै अत्याचार बिना भई रहेको थियो।"

The Gupta period is in the annals of classical India almost what the Periclean age is in the history of Greece.

The age of the great Gupta Kings presents a more agreeable and satisfactory picture than any other period in the history of Hindu India. Fahien's testimony above quoted proves that the government was free from cruelty and was not debased by the system of espionage advocated by Kautilya and actually practised by the Mauryas. Literature, art and science flourished in a degree beyond the ordinary, and gradual changes in religion were effected without persecution.

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिशाली शासकहरूको युग[Age of mighty monarchs]—

गुप्तकाल महान् शासकहरूको काल थियो। मौर्यकाल पछि भारतको विघटन हुन थाल्यो। केही कालको लागि सुंगवंशले भारत को संकुचित भूभाग माथि शासन गर्‍यो। गुप्तवंशले छिन्न-भिन्न भारतलाई एकीकरणको ऐतिहासिक कार्य गर्‍यो, त्यसले महान् र शक्तिशाली राजाहरूलाई पैदा गर्‍यो। ती राजाहरू युद्धमा दक्ष भए तापनि शान्तिको स्थापनामा पनि सिद्धहस्त थिए। जवाहरलालजीले The Discovery of India मा यस्तो उल्लेख गरेका छन्, "यस प्रकार साम्राज्यवादी गुप्तहरूको शासन-काल ३२० ई० देखि प्रारम्भ भयो जसले महान् राजाहरूलाई उत्पन्न गर्‍या। ती राजाहरू युद्ध र शान्ति कलामा प्रवीण थिए।"❀ फाहियानको यात्रा-विवरणबाट स्पष्ट पत्ता पाइन्छ कि देश धन-धान्यले परिपूर्ण थियो र सर्वत्र शान्ति र सुव्यवस्था थियो। ती राजाहरूको सम्मुख सब भन्दा प्रमुख समस्या विदेशी आक्रमणबाट देशको रक्षा गर्नु थियो। ब्राह्मण र क्षत्रियहरूले संगठित भएर आफ्नो मातृभूमि र संस्कृतिको रक्षाको लागि प्रयत्न गरे। भारतीयहरूले ती विदेशीहरूलाई मिलाए जसले भारतीयता स्वीकार गरेका थिए। तर नयां आक्रमणकार-हरूलाई तीव्र विरोध गरेर फर्काए। चन्द्रगुप्त प्रथमले यस साम्राज्यका जग बसाए र त्यसलाई मजबूत गर्नका लागि प्रयत्न गरे। उनले लिच्छवि राजकुमारी कुमार देवी संग विवाह गरेर आफ्नो साम्राज्यको विस्तार गरे। त्यस उपलक्षमा एक मुद्रा (सिक्का) चलाए जसमा लिच्छवि राजकुमारीका पनि चित्र छ।

❀ Thus began the age of the imperial Guptas in 320 A. C. which produced a remarkable succession of great ruler successful in war and in the arts of peace.

CC-0. In Public Domain. Digitization by eGangotri

उनको मृत्यु पछि उनको पुत्र समुद्रगुप्त गद्दीमा बस। उनी एउटा महान् विजेता र पराक्रमी शासक थिए। उनले आफ्नो राज्यको बहुतै विस्तार गरेर त्यहां देखि पश्चिमोत्तर प्रान्तलाई पनि आफ्नो प्रभाव क्षेत्रमा ल्याए र प्रत्यान्तबाट कर लिने व्यवस्था गरे तथा आफ्नो अधीनता स्वीकार गराए। यस प्रकार उनले भारतको बाहिर पनि आफ्नो प्रभाव बढ़ाए। यस कारणले उनलाई 'भारतीय नेपोलियन' भनिन्छ।

चन्द्रगुप्त द्वितीयले अव्यवस्थित साम्राज्यलाई संगठित गरेर शकहरूलाई आफ्नो देशको सीमा देखि बाहिर भगाए र आफ्नो नाम 'विक्रमादित्य' तथा 'शकारि' राखे। मेहरौलीको अभिलेखबाट थाहा पाइन्छ कि उनले बाह्लीकहरूलाई पनि जितेका थिए। वंग विजय गरेर आफ्नो साम्राज्य कामरुप सम्म फैलाएका थिए। स्कन्दगुप्तले हूणहरू संग युद्ध गरेर उनीहरूलाई देशको सीमा देखि बाहिर भगाए।

गुप्तकालीन भारत राजनैतिक एकताको युग थियो। साना-साना छरिएका राज्यहरूलाई एकत्रित गरेर गुप्त सम्राट्हरूले एउटा अखंड भारतको निर्माण गरे र त्यसलाई एकछत्र शासन मनि ल्याए। डा० त्रिपाठीले ठीकै लेखेका छन्, "(गुप्तराजाहरूले) उत्तरी भारतको विशाल भूभागलाई संगठित गरेर एकछत्र राजनैतिक संगठनको निर्माण गरे र सुव्यवस्थित सरकार तथा प्रगतिको युगको श्री गणेश गरे।" ☋ प्रयाग स्तुति लेखमा हरिषेण द्वारा उल्लिखित श्लोक यस कुराको साक्षी छ कि समुद्रगुप्तले यथार्थमा एउटा विशाल तथा संगठित भारतको निर्माण गरे र विदेशहरूमा पनि उनले भारतको सम्मान बढ़ाए।

☋ ......brought about the consolidation of a large part of Northern India under one political umbrella and ushered in an era of orderly government and progress.

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापार र वाणिज्य (Trade and Commerce):—

चन्द्रगुप्त द्वितीय द्वारा मालवा, गुजरात तथा सौराष्ट्र विजयको फलस्वरूप एउटा उर्वरा तथा सम्पतिशाली क्षेत्र गुप्त साम्राज्य अन्तर्गत आयो। यसकारणले गर्दा आन्तरिक व्यापारमा बहुतै वृद्धि भयो। अहिले सम्म व्यापारीहरूले प्रत्येक राज्यको सीमामा टैक्स दिनु पर्दथ्यो। त्यसकारण लाभ कम हुनाले व्यापारको प्रगति हुंदैन्थ्यो। अब यस्तो टैक्स नलिनाले गर्दा व्यापार बहुत बढ्यो। उज्जैनको केन्द्रीय स्थान हुनाले, यस नगरको धेरै विकास भयो। डा० स्मिथको अनुसार "व्यापारको लागि सुविधाजनक स्थान भएकोले त्यस नगरको भौतिक र धार्मिक उत्थान भयो।" ❀

साम्राज्यको सीमा अरब समुद्र सम्म पुग्नाले गर्दा सामुद्रिक मार्ग द्वारा भारतको सम्बन्ध विदेशसित स्थापित भयो। त्यसै बेलामा भारतले पश्चिमको देश रोम आदि संग व्यापारिक सम्बन्ध स्थापित गर्‍यो। पश्चिम तटको भंड़ौच बन्दरगाह त्यस बेला एउटा समृद्ध नगर तथा विदेशहरूसित व्यापारको लागि बहुत प्रसिद्ध बन्दरगाह थियो। पाटलिपुत्र देखि कौशांबी र उजैन हुंदै एउटा सड़क यस बन्दरगाह सम्म गएको थियो। यसबाट धेरै मालताल बन्दरगाहमा ल्याइन्थ्यो र विदेश पठाइन्थ्यो जहांबाट अपार सुन भारतमा आउन्थ्यो। बंगालको

❀ The favourable position of the city for trade evidently was the foundation both of its material prosperity and of the sanctity.

CC-0. In Public Domain. Digitization by eGangotri

खाड़ीका तटमा ताम्रलिप्ति बहुत ठूलो बन्दरगाह थियो। यहांबाट भारतीय व्यापारीहरू बर्मा, जावा, सुमात्रा, चीन आदि सुदूरपूर्वदेश संग व्यापारको लागि आवत-जावत गर्दथे। यसै युगमा हिन्द महासागरका विविध द्वीपहरू र सुदूर पूर्वका बहुतै प्रदेशहरूमा वृहत् भारतको उत्पति भै सकेको थियो। ताम्रलिप्ति बन्दरगाह द्वारा नै या उपनिवेशसित भारतका घनिष्ट सम्बन्ध थियो।

यस युगको विकासमा सामाजिक स्वतंत्रताको महत्वपूर्ण स्थान छ। पंडित जवाहरलाल नेहरूले The Discovery of India मा उल्लेख गरेका छन् "यस (भारत) लाई एउटा अर्को पनि सुविधा थियो–दास-प्रथाको अभाव, जसले यूनान र अर्को प्राचीन सभ्यताको प्रगतिमा बाधा पुर्‍याएको थियो।"※ तर डा० सत्यकेतु विद्यालंकारले दास-प्रथालाई गुप्तकालीन आर्थिक जीवनका आधारको रूपमा स्वीकार गरेका छन्। उनले नारद-स्मृति आदिबाट प्रमाण उपस्थित गरेका छन् कि ती दासहरू आफ्नो कमाईका रुपियाँ बचाएर स्वतंत्रता खरीद गर्दथे।

आर्थिक जीवन (Economic Life):—

गुप्तकालीन व्यापारीहरू श्रेणी [guild] र निगम [corporation] मा संगठित थिए। ती श्रेणी र निगमहरू धेरै समृद्धि थिए।

※ Possibly she had one other advantage also the absence of slave-labour, which handicapped Greek and other early civilizations and came in the way of their progress.

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरू संग धरौटीको रूपमा बहुतै रुपियाँ राखिन्थ्यो र काफी व्याज पाउन्थ्यो। यी श्रेणी र निगमहरू त्यस वेलाको बैंक थिए। यी तत्कालीन आर्थिक जीवनलाई नियंत्रित गर्दथे।

गुप्तकालमा वस्तुहरूको मूल्य बहुत कम थियो। चन्द्रगुप्त द्वितीयको एक शिलालेख अनुसार एक भिक्षुको भोजनलाई १½ दीनार अर्थात् २½ रु० (हिजो आजको १० रु०) प्रतिमाह पर्याप्त थियो।

समाज र संस्कृति [Society & Culture]:—

गुप्तकालको समाज पंचायत [ग्राम एवं नगर], निगम र श्रेणीहरू को एउटा अविछिन्न संघ थियो। यो संगठनहरू आफ्ना कार्य स्वतंत्रता पूर्वक गर्दथे। यिनीहरू द्वारा व्यक्ति आफ्नो विकास निर्विघ्न गर्न सक्दथे। फलस्वरूप व्यक्तिको जीवनमा राज्य हस्तक्षेप गर्दैनथ्यो। फाहियानको वर्णन यस तथ्यलाई प्रमाणित गर्दछ। वैशाली र नालंदामा पाइएका सिक्काहरूबाट यो कुरा स्पष्ट हुन्छ कि यी पंचायतहरू आफ्नो प्रबन्ध स्वतंत्र रूपमा गर्दथे। नालन्दामा एउटा जनपदको संघको पनि सिक्का प्राप्त भएको छ, जसबाट प्रमाणित हुन्छ कि त्यस युगमा जनपदहरूको पनि राष्ट्रिय सभा थियो।

जवाहरलाल ले The Discovery of India मा लेखेका छन्, "गुप्तकालमा अनिवार्यतः राष्ट्रियताको लागि प्रतिक्रिया हुन थाल्या जसमा राष्ट्रवादको शक्ति एवं संकीर्णता विद्यमान थियो।" ☙

बौद्धधर्म, जसले अन्तरराष्ट्रियताको रूप धारण गरेको थियो, अब राष्ट्रियताले प्रभावित भारतको धर्म हुन सकेन तर हिन्दू धर्मले यसका

☙ The reaction was essentially a nationalist one, with the strength as well as the narrowness of nationalism.

CC-0. In Public Domain. Digitization by eGangotri

महायान सम्प्रदायलाई आलिंगन गरेर बुद्धलाई ईश्वरको रूपमा ग्रहण गर्‍यो।

धर्म [Religion]— भी० ए० स्मिथ अनुसार गुप्तकाल हिन्दू धर्मको पुनर्जागरणको काल थियो। यस कालमा देशको भित्र र बाहिर हिन्दू धर्मको धेरै प्रचार भयो। यी राजाहरू मुख्यतः भगवान् विष्णुका उपासक थिए। यिनीहरूले हिन्दू धर्म प्रचारको लागि बहुतै सहयोग गरे। फलस्वरूप यो धर्मले प्रगति गर्न थाल्यो र यस्ले बौद्ध धर्मको स्थान ग्रहण गर्‍यो। यसले बुद्धलाई आफ्नो एउटा अवतारको रूपमा सम्मिलित गर्‍यो तथा बौद्ध धर्मका केही महत्वपूर्ण शिक्षाहरूलाई आफ्नो धर्ममा मिलायो। यस युगमा यज्ञ, बलि, अश्वमेध आदिको महत्व बढ्यो। यो युग बौद्ध धर्मको ह्रासका युग थियो। चिनियां यात्री फाहियानले बौद्धधर्मको पतनको अनुभव गरेनन् तर यो निर्विवाद सत्य हो कि हिन्दू धर्मको उत्थान र बौद्धधर्मको पतन तीव्र गतिले हुन थाल्यो। स्मिथले The Oxford History of India मा लेखेका छन्, "पांचौं शताब्दी देखि वा यसको पूर्व नै हिन्दू (धर्म)को पुनर्जागरण अथवा प्रतिक्रियाले बौद्धधर्म माथि विजय गर्न थाल्यो तर फाहियानलाई यसको ज्ञान थिएन।" ☫

जैले देखि बौद्धधर्म भित्र हीनयान र महायानको भेद उत्पन्न भयो, बौद्ध धर्मको ह्रास हुंदै गयो र महायानको मूर्ति पूजाले हिन्दू धर्म तथा बौद्ध धर्मको फरकलाई समाप्त गर्‍यो। यस प्रकार बौद्ध धर्म हिन्दू धर्मको एउटा शाखा जस्तो भयो। डा० त्रिपाठीको यस्तो भनाइ छ,

---

☫ That the Hindu renaissance or reaction had begun the conquest of Buddhism in the 5th Century, or even from an earlier date, Fahien was not conscious of the movement.

CC-0. In Public Domain. Digitization by eGangotri

"आधुनिक युगमा पनि नेपाल यस कुराको ज्वलन्त उदाहरण छ, जहां हिन्दूधर्म बौद्धधर्मलाई पचाइ रहेको छ । डा० विंसेंट स्मिथ-को कथनानुसार हिन्दुत्वको दानव [Octopus] 'बिस्तार-बिस्तार बौद्ध बलिलाई गलो थिचेर मारि रहेछ' ।" ☫ उनले History of Ancient India मा यस्तो उल्लेख गरेका छन, "बौद्धधर्म जस्तो जैन-धर्मको त्यस वेलामा पनि अस्तित्व थियो तर ऊ आफ्नो कठोर अनुशासन र राजाहरूको आश्रयको अभावले गर्दा महत्वपूर्ण स्थान प्राप्त गरेको थिएन।" ☬ डा० त्रिपाठीको विचारानुसार, यस युगमा यद्यपि हिन्दू राजाहरूको आश्रय पाएर हिन्दूधर्मले प्रगति गर्न थाल्यो तर पनि अन्य धर्मसित हिंदूधर्म अथवा हिन्दूराजाको कुनै संघर्ष थिएन। राजाहरूमा धार्मिक सहिष्णुता थियो। उनीहरू सबै धर्मलाई फैल्याउनको लागि अवसर दिन थाले। डा० त्रिपाठीको भनाइ छ, "यस [हिन्दूधर्म] धर्म र अरू धर्मको बीच प्रशंसनीय एकता थियो।",❀ सबै धर्मावलम्बीहरू ब्राह्मणहरूलाई दान, दक्षिणा दिंदै देवताहरूको प्रतिमा र मन्दिरहरूको निर्माण गरि रहेका थिए। बौद्ध धर्मावलम्बीहरू बुद्धको प्रतिमा र बिहार आदिको निर्माण गरि रहेका थिए। यसै

☫ Even in modern times we see a striking illustration of this process of assimilation in Nepal, where, as Dr. Vincent Smith points out 'the octopus of Hinduism is slowly strangling its Buddhism victim'.

☬ The inscription testifies also to the prevalence of Jainism, though it did not rise into prominence on account of its severe discipline and lack of royal patronage.

❀ There appears to have been a commendable concord between it and other religions.

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकार जैन धर्मावलम्बीहरू पनि महावीर तीर्थङ्करको प्रतिमाको निर्माण गरि रहेका थिए। यसै वेलामा लंकाको राजा मेघवर्णले समुद्रगुप्तबाट अनुमति लिएर भगवान् बुद्धको ज्ञान-भूमि बोधगयामा एउटा विहार बनाए। गुप्त राजाहरू हिन्दू धर्मावलम्बी थिए तर उनमा धार्मिक कट्टरता थिएन। डा० स्मिथले यस्तो लेखेका छन्; "गुप्त राजाहरू आफ्नो पारिवारिक देवता विष्णु अथवा भागवत प्रति आस्था राख्दथे तर बौद्ध र जैनहरूलाई पूजाको पूर्ण स्वतंत्रता र उनको धार्मिक स्थानहरूलाई निर्माण र सजाउनको लागि पूरा मौका दिन्थे।"*

साहित्य [Literature]— हिन्दू धर्मको प्रगतिको साथ-साथ संस्कृतको पनि महत्व बढ्यो। गुप्तकाल भन्दा अगाड़ि पाली भाषाको महत्व थियो। भगवान् बुद्धले त्यस वेलाको लोकप्रिय भाषा पालीमा नै आफ्ना सबै उपदेश दिएका थिए किनभने जनता त्यो भाषालाई ठीक-ठीक समझन्थे। अशोकले पनि आफ्ना सबै उपदेशहरूलाई पाली भाषामा नै खनाएका थिए। सर्व प्रथम संस्कृत भाषामा रुद्रदामनको जूनगढ़को शिलालेख १५० ई० मा पाइएको छ। त्यस पछि गुप्तकालमा नैं सिक्काहरूमा त्यसको प्रयोग पौराणिक कथाको रूपमा भएको छ। तर संस्कृतको व्यवहार मात्र विद्वान मंडलोमा हुंथ्यो। यसले गुप्तकालमा पनि आफ्नो स्वाभाविक क्लिष्टताको कारण जनभाषाको स्थान प्राप्त गरेन। तर यसको धेरै प्रचार भयो र त्यस बेलाको साहित्यको

---

* The Gupta Kings, while showing as a family preference for devotion to the deity under the name of Vishnu or Bhagvat, allowed Buddhists and Jains perfect freedom of worship and full liberty to endow their sacred places.

CC-0. In Public Domain. Digitization by eGangotri

सृजना संस्कृतमा नै भयो। गुप्तकालमा संस्कृतले राजाहरूको संरक्षण र राज्यभाषाको स्थान प्राप्त गरेर यो न केवल भारतको बल्कि त्यसको विशाल उपनिवेश–दक्षिण-पूर्व तथा उत्तर-पश्चिम वृहत्तर भारतको भाषा पनि भयो। यसले जो ज्ञानको प्रचार गर्‍यो त्यो चिरस्थायी भैं हाल्यो। जयचन्द्र विद्यालंकारको कथन छ, "कालिदासको युगमा भारतमा ज्ञान र जीवनको जो ज्योति प्रकट भयो, त्यो प्रायः एक हजार वर्ष सम्म संसारलाई प्रकाश दिंदै रह्‍यो। भारतको यो जागृतिको प्रभाव एक तर्फ चीन माथि पर्‍यो र त्यहां देखि कोरिया र जापान सम्म पुग्यो, दोस्रो तर्फ यो अरबको बाटो पश्चिमी यूरोप तक गयो।"

कालिदास—गुप्तकालमा ठूला-ठूला साहित्यिकहरूको प्रादुर्भाव भयो। तिनीहरूमा कालिदास सब भन्दा महान् थिए। उनको महानता र गौरव कुनै युग अथवा देश विशेषमा नै सीमित रहेन, उनी विश्व-विख्यात हुन्। जति जति काल व्यतीत हुंदैछ, कालिदासको महत्व बढदैछ। उनको प्रसिद्धि पूर्व र पश्चिमका देशहरूमा समान रूपमा छ। जब उनको नाटक शकुन्तलाको प्रवेश पश्चिमी देशहरूमा भयो, पाश्चात्य विद्वानहरूले बहुतै उत्साह र आदर पूर्वक त्यसको स्वागत गरे।

भी० ए० स्मिथले The Oxford History of India मा यसको उल्लेख यस प्रकार गरेका छन्, "उनी (कालिदास) को सब भन्दा प्रसिद्ध नाटक शकुन्तला यूरोपको विद्वानहरूको दृष्टिमा आउने बित्तिकै उनीहरूको उत्साहपूर्ण प्रशंसा प्राप्त गर्‍यो। यी कविको महत्व पूर्व र पश्चिममा निर्विवाद छ।"ⓔ अमेरिकन विद्वान रायडर

ⓔ "Sakuntala, the most famous of his (Kalidas)

CC-0. In Public Domain. Digitization by eGangotri

ले लेखेका छन्, "कालिदास न केवल अनाकरिन र होरास तथा शेलीको समकक्ष स्थान ग्रहण गर्न सक्छन् तर सोफिकिल्स, र्वाजल तथा मिल्टनको समकक्ष पनि।"⋚

कालिदासको जन्मकाल र जन्मस्थानको सम्बन्धमा बहुतै विवाद छ तापनि धेरै विद्वानहरू अब यो कुरालाई ठीक मान्दछन् कि उनी मालवाका निवासी थिए। भी० ए० स्मिथ को यस्तो विचार छ, "यस प्रस्तावलाई सामान्य स्वीकृति प्राप्त भै सकेको छ कि भारतका सर्वोत्तम कवि (कालिदास) को साहित्यिक रचना (ग्रन्थ) पाचौं शताब्दीमा गुप्त राजाहरूको आश्रयमा पूरा भएको थियो। यस्तो विश्वास गर्नको लागि युक्ति संगत तर्कहरू उपस्थित भएका छन् कि कालिदास मालवाको मंदसौर अथवा तत्कालीन प्रसिद्ध नगरको एकदमै नजिकका निवासी थिए।" *

---

plays secured enthusiastic admiration from European critics the moment it was brought to their notice, and the poet's pre-eminence has never been questioned in either East or west.

⋚ Kalidasa ranks not with Anacrean and Horace and shelly but with Sophocles, virgil, and Milton"

* Something like general assent has been won to the propostion that the literary work of the most renowned of Indian poets was accomplished in the 5th. century under the patrona-

CC-0. In Public Domain. Digitization by eGangotri

कालिदासले शकुन्तलाको अतिरिक्त 'मालविकाग्नि मित्र' तथा विक्रमोर्वशी नाटक र रघुवंश तथा कुमारसंभव महाकाव्य र ऋतुसंहार तथा मेघदूत गीतिकाव्य (lyric) लेखे। यिनीहरू मध्ये मेघदूत बहुतै प्रसिद्ध छ। मेघदूतमा एउटा प्रेमीको वर्णन छ जसलाई बन्दी बनाएर आफ्नो प्रियतमा देखि पृथक गरि दिइएको थियो। प्रेमीले वर्षा ऋतुको मेघलाई आफ्नो उत्सुक अभिलाषा अफ्नो प्रियतमा सम्म पुर्‌याउनको लागि आग्रह गर्दछ।

कालिदास बाहेक यस युगमा अरू पनि महान् साहित्यिकहरू पैदा भए जसमा विशाखदत्त बहुत प्रसिद्ध छन्। उनले मुद्राराक्षस नामक राजनैतिक नाटक लेखे। यस नाटकमा नन्दवंश माथि चन्द्रगुप्तमौर्य को विजयको वर्णन छ। उनले "देवीगचन्द्रगुप्तम्" नाटक पनि लेखे जसमा स्त्री वेशधारी चन्द्रगुप्त विक्रमादित्य द्वारा शकराजको हत्याको वर्णन गरिएको छ।

समुद्रगुप्तको समकालीन कवि हरिषेण थिए जसले प्रयागस्तंभ-मा समुद्रगुप्तको प्रशस्ति लेखेका छन्। यो ऐतिहासिक महत्वको छ। यस बाहेक उनको कुनै अन्य रचनाको पत्तो पाइएको छैन तर उनको गौरवको लागि यतिमात्र काफी छ। उनको शैली कालिदासको संग मिल्दो जुल्दो छ। यस्तो अनुमान छ कि उनले केही ग्रन्थहरूको रचना गरेका थिए तर त्यस सम्बन्धमा कुनै प्रमाण उपलब्ध भएको

---

ge of the Gupta Kings. Good reason has been shown for believing that Kalidas was a native of Mandsor in Malwa or of some place in the immediate neighbourhood of that once famous town".

CC-0. In Public Domain. Digitization by eGangotri

छैन । यसै बेलामा "अमर कोष" को रचना अमर सिंह ले गरेका थिए, जो आज पनि स्थायी महत्वको ग्रन्थ छ ।

पंचतंत्र, वायुपुराण तथा नारदस्मृति आदिको रचना पनि यसै कालमा भएको थियो। यस कालमा ज्योतिष र गणितको पनि धेरै उन्नति भयो। आर्यभट्ट र बराहमिहिर जस्ता प्रसिद्ध गणितज्ञ र ज्योतिषी यसै कालमा उत्पन्न भए। दसमलव सिद्धान्तको उत्पत्ति सर्व प्रथम गुप्तकालीन भारतैमा भएको थियो जसको गणित शास्त्रमा वहुतै महत्वपूर्ण स्थान छ। स्मिथ को भनाइ छ, "यस कुराको प्रमाण पाइन्छ कि त्यस बेलासम्म भारतीयहरूले संख्याको गणना र तिनीहरू द्वारा दस, सय आदिलाई त्यस क्रम अनुसार व्यक्त गर्न तथा शून्यलाई विशेष चिन्ह दिनको लागि दसमलव प्रणाली को आविष्कार गरिएको थियो। व्यावहारिक ज्ञानको क्षेत्रमा विश्वलाई भारतीयहरूको सर्वोत्तम देनको रूपमा प्रकट यस प्रणालीलाई अभिलेखको रूपमा प्रयोग आर्यभट्ट पछि करीव एक शताब्दी सम्म देखा परेको थिएन।"

By this time there is evidence that Indians had devised the decimal system for the notation of numerals expressing tens, hundreds, &c.,by position and employing a special sign for zero. This system, India's greatest legacy to the world in the sphere of practical knowledge was not used in inscriptions until about a century after Aryabhatta.

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय—१९

Harshavardhan & his times

[हर्षवर्धन र उनको काल]

गुप्तवंशको पतन पछि लगभग सय वर्ष सम्म भारतको राजनैतिक अवस्था अन्धकारपूर्ण थियो। त्यस कालमा कुनै संगठित केन्द्रीय शासन थिएन। सम्पूर्ण देशमा अव्यवस्था तथा अशान्तिको साम्राज्य थियो। यसलाई समाप्त गर्नको लागि सर्वप्रथम हर्षवर्धनले प्रयास गरे र सम्पूर्ण देशमा एउटा केन्द्रीय शासनको स्थापना गरे। सातौं शताब्दीको प्रारम्भमा हर्ष जस्ता महान् शासकको प्रादुर्भाव भयो। उनको सम्बन्धमा डा० त्रिपाठीले यस्तो उल्लेख गरेका छन्, "यद्यपि हर्षवर्धनमा अशोकको महान् आदर्शवाद र चन्द्रगुप्त मौर्यको सैनिक दक्षताको अभाव थियो तापनि उनले ती दुवै महान शासक जस्ता इतिहासकारलाई आकर्षित गर्नका लागि सफलता प्राप्त गरे।" ❀ त्यसको श्रेय मुख्यतः वाणभट्टको 'हर्षचरितम्' तथा चिनियां यात्री ह्यूनत्सांगको 'यात्रा विवरण' र तत्कालीन अभिलेखहरूलाई प्राप्त छ।

❀ ...... and although Harshavardhan had neither the lofty idealism of Ashoka nor the military skill of Chandra Gupta Maurya, yet he has succeeded in arresting the attention of the historian like both these great rulers.

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन [Life]— हर्षवर्धनको जन्म ५९० ई० मा उनका पिता प्रभाकरवर्धनको राज्य थानेश्वरमा भएको थियो। प्रभाकरवर्धनका दुइटा छोरा र एउटी छोरी थिए। जेठा छोराको नाम राज्यवर्धन, माहिला हर्षवर्धन र छोरीको नाम राज्यश्री थियो। युवावस्थामा राज्यश्रीको विवाह कन्नौजका मौखरी राजा अवन्ति वर्माका छोरा ग्रह वर्मासित भयो। केही काल पछि प्रभाकर वर्धनको मृत्यु भयो। मालव राजाले कन्नौज माथि आक्रमण गरे तथा ग्रहवर्मालाई मारेर राज्यश्रीलाई बन्दी बनाए। उनले बंगालको राजा शशांकसित मैत्री स्थापित गरेर थानेश्वर माथि पनि आक्रमण गर्ने योजना बनाए। यो खबर पाएर राज्यवर्धनले १० हजार फौजका साथ मालव सेना माथि आक्रमण गरेर तुरुन्त उनलाई हराए। त्यस पछि उनले शशांक माथि पनि हमला गरे। शशांकले छलपूर्वक राज्यवर्धनलाई मारि दिए। उनले बौद्धहरूलाई दमन गरेर बोधि वृक्षलाई पनि उखेलर त्यसमा आगो लगाई दिए। हर्ष शशांक संग बदला लिनको लागि तैयार भए तर यसै बेला उनले यो कुरा थाहा पाए कि उनकी बहिनी राज्यश्री बन्दी गृहबाट भागेर विन्ध्याचल पर्वतमा गइन्। कन्नौजका सेनापति भण्डिलाई उनले गौड़ [बंगाल] पठाए र आफू राज्यश्रीको खोजमा विन्ध्याचल पुगे। राज्यश्रीलाई त्यस बेलामा भेटे जुन बेला उनी आफ्नो पतिको शोकमा सती हुने तयार थिइन्। आफ्ना दाज्यूलाई भेटेर उनले सती हुने विचार त्यागिन् तर भिक्षुणीको जीवन बिताउने निर्णय गरिन्।

अब हर्षवर्धन थानेश्वरका शासक भए। कन्नौजका भारदारहरूले उनलाई त्यहांका शासन संचालनको निमित्त निमंत्रित गरे। तर उनले त्यो प्रस्तावलाई स्वीकार गरेनन्। मजुमदार राय चौधरी तथा दत्ताको कथन छ, "आफ्ना नेता सेनापति भण्डिको विचारानुसार उन-

CC-0. In Public Domain. Digitization by eGangotri

ले हर्षवर्धनलाई राजा बनाए। ❀ तर डा० त्रिपाठीको यस्तो भनाइ छ, "कन्नौजको मौखरी वंशमा कुनै उचित अधिकारी नहुनाले कन्नौजका मंत्रीहरू र राजनीतिज्ञहरूले पोनीको नेतृत्वमा हर्षवर्धनलाई त्यहांको शासनको भार सम्हालनको निमित्त बाध्य गरे तर उनले हिचकिचाएर यो प्रलोभनलाई अस्वीकार गरे किनभने शायद उनलाई जनताको अभिलाषा र सहयोगको विश्वास थिएन।" ❦ यस प्रकार अर्को विचारानुसार त्यहांका राजनीतिज्ञहरू र मन्त्रीहरूको नेतृत्व पोनीले गरे तथा उनलाई जनताको सहयोग र सद्भावनाको अनुमान थिएन। तर कुनै-कुनै इतिहासकारको भनाइ छ कि हर्षवर्धनले यस्ता विचार गरे कि उनी त्यहांका उचित शासक थिएनन् किनभने त्यस बेला-सम्म मौखरी वंशको कुनै अधिकारी जीवित थिए होला। तर पनि हर्षले बाध्य भएर अन्त्यमा थानेश्वरको अतिरिक्त आफ्नी बहिनी राज्य-श्रीका प्रतिनिधिको रूपमा कन्नौजको शासन-सूत्र पनि आफ्नो हातमा राखे र शिलादित्यको उपाधि धारण गरे। यस प्रकार अब हर्ष कुरु र पांचाल दुवै देशका शासक भए। पछि उनले आफ्नो राजधानी कन्नौज सारे।

❀ The statesmen of Kanauj on the advice of their leading noble Bani (Bhandi) seems to have offered the crown to Harsha.

❦ In the absence of any other rightful Maukhari claimant, the ministers and statesmen of Kanauj led by Poni, invited Harsha to accept the crown. He hesitated to agree to this tempting offer, presumably because he was not sure of the feelings and support of the people in the matter-

CC-0. In Public Domain. Digitization by eGangotri

विजय [Conquest]—हर्षवर्धनले आफ्नो शक्तिको उपयोग गरेर दिग्विजयको निमित्त प्रस्थान गरे। उनको सम्बन्धमा चिनियां यात्री ह्यूनत्सांगले लेखेका छन्, "६ वर्ष सम्म उनी पूर्व देखि पश्चिम सम्मका ती राज्यहरूलाई जित्दै रहे जुन आज्ञाकारी थिएनन्। उनका हातीहरू कहिल्यै पनि विना साज र सिपाहीहरू विना कवचका थिएनन।" उनले मालवका राजा देवगुप्तलाई हराएर सम्भवतः मारे त्यस पछि सम्भवतः शशांकलाई पनि हराए। ह्यूनत्सांगले फेरि लेखेका छन् कि प्राग्ज्योतिष [आसाम] को भाष्करवर्माको राज्याभिषेक उनले स्वयं गराए। सिन्धु राजालाई परास्त गरेर उनको राज्य आफ्नो साम्राज्यमा मिलाए र तुषार खण्डबाट कर असूल गरे। जयचन्द्र विद्यालंकारको यस्तो भनाइ छ कि गौड [बंगाल] का शासकले आत्मसमर्पण गरेर आफ्नो अस्तित्वको रक्षा गरे। तर डा० त्रिपाठीको यस्तो कथन छ, "यसमा शंका छैन कि शशांक हर्षवर्धनको आधिपत्यमा आएनन् र गञ्जाम शिलालेख अनुसार ६१९ ई० सम्म महत्त्वपूर्ण स्थान प्राप्त गरेका थिए।" हर्षवर्धनका विजय सम्बन्धमा कुनै निश्चित प्रमाण पाइन्दैन। ह्यूनत्सांगले यतिमात्र लेखेका छन् कि शिलादित्य महाराजले अहिले पूर्व देखि पश्चिम सम्मको विजय गरेका छन्। तर डा० त्रिपाठीलाई यो कुरा ठीक लाग्दैन उनले History of Ancient India मा यस्तो लेखेका छन्, "तर कहिले पनि यो धार्मिक यात्री [ह्यूनत्सांग] ले यो उल्लेख गरेका छैनन् कि कसरी, कहिले र कुन राजाहरूलाई हर्षले विजय गरे।Ψ उनले यस्तो पनि उल्लेख गरेकाछन्, "वाणभट्टको

❀ There is hardly any doubt that Sasanka evaded Harsha's grasp, and was flourishing in all glory as late as G E. 300=619 A. D. according to Ganjam inscription.

Ψ But nowhere does the worthy pilgrim ment-

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाणबाट पनि हर्षवर्धनको सैनिक विजय माथि कुनै स्पष्ट प्रकाश पर्दैन्।"ꚙ बाणभट्टले एक ठाउँमा यस्तो लेखेका छन् कि हर्षवर्धनले सिन्धका राजाहरूलाई परास्त गरेर उनको सबै धनलाई अपनाए जसबाट थाहा पाइन्छ कि दुवै—हर्ष र सिन्धका राजामा संघर्ष भयो र हर्ष विजयी भए। उनले सिन्धुका राजाबाट क्षतिपूर्ति पनि गराए। बाणभट्टको श्लोक यस प्रकार छ, "अत्र पुरुषोत्तमेन सिन्धुराजं प्रमथ्य लक्ष्मीः आत्मीकृता।" कुनै-कुनै ठाउँमा यस्तो पनि उद्धरण पाइन्छ, "अत्र परमेश्वरेण तुषारशैल भुवो दुर्गाया गृहीतः करः" जसको अर्थ हो कि हर्षवर्धन दुर्गम पहाड़ी हिमप्रान्तबाट कर लिन्थे। यस्तो अनुमान छ कि यो ठाउँ काश्मीर अथवा नेपाल थियो। डा० त्रिपाठीले यस सम्बन्धमा आफ्नो विचार यस प्रकार व्यक्त गरेका छन्, "यहाँ परमेश्वर [हर्षवर्धन] ले हिम आच्छादित पहाड़मा उत्पन्न दुर्गाको पाणि ग्रहण गरे।" ❀ जसबाट यो अनुमान गरिन्छ कि हर्षले कुनै शक्तिशाली पार्वतीय शासक को राजकुमारीसित विवाह गरेका थिए।

हर्षले आफ्नो ४० वर्षको राज्यकालमा आफ्नो राज्यलाई धेरै विस्तृत गरे। डा० स्मिथको भनाइ अनुसार उनको फौजमा ५ हजार हात्ती,

---

ion how, when and what kingdoms were conquered by Harsa.

ꚙ The evidence of Bana, too, does not throw any clear light on the military achievements of Harsa.

❀ It may, however, be interpreted as "here the over lord has obtained the hand of Durga born in the snowy mountains," which may refer to Harsa's marriage with some hill-princess of a powerful family.

CC-0. In Public Domain. Digitization by eGangotri

२० हजार घोड़ा, ५० हजार पैदल सेना थिए। यस्तो भनाइ छ कि पछि उनले आफ्नो घोड़ाको संख्या बढ़ाएर १ लाख र हात्तीका संख्या बढ़ाएर ६० हजार बनाए तर स्मिथलाई यो संख्या विश्वसनीय छैन। मालवका राजा देवगुप्त तथा बंगालका शशांकलाई पराजित गरे पछि सम्भवतः उनले बल्लभीका राजा ध्रुवसेन [ध्रुवभट्ट] द्वितीय माथि आक्रमण गरे। हर्षको विशाल सेनाको सम्मुख ध्रुवसेन हारेर भागे र भडौंचका गुर्जर राजाको शरण लागे तथा उनको सहायता द्वारा फेरि आफ्नों राज्य प्राप्त गर्न सके। पछि हर्षसित ध्रुवसेनको मैत्री भयो र हर्षले आफ्नी एकमात्र छोरीसित ध्रुवसेनको विवाह गरि दिए। त्यस बेला देखि शायद ध्रुवसेनले एउटा सामन्तको रूपमा शासन गरे। डा० स्मिथको भनाइ छ कि हर्षले यो विजय ६४३ ई० देखि केही वर्ष पूर्व गरे। किनभने ह्यूनत्सांगको भारत भ्रमणको समयमा उनी त्यहांको गद्दीमा बसेका थिए। हर्षको एउटा महत्वपूर्ण युद्ध दक्षिणमा चालुक्य वंशका शासक पुलकेशिन द्वितीयसंग भएको थियो। यो युद्धको सम्बन्धमा डा० स्मिथको भनाइ छ, "उत्तरी राजा [हर्ष] आफ्ना प्रतिद्वन्द्वीको लागि असहिष्णुताको कारणले गर्दा करीब ६२० ई० मा पुलकेशिन द्वितीय माथि आक्रमण गरे तर उनी पराजित भएर नर्बदा नदीलाई आफ्नो दक्षिणी सीमा स्वीकार गर्नका लागि बाध्य भए। जहांसम्म ज्ञात छ कि यो हर्षको जीवनको एकमात्र असफलता थियो।" डा० त्रिपाठीको कथन छ, "उनी आफ्नो दक्षिणी प्रतिद्वन्द्वीबाट धेरै क्षति

The northern monarch, (Harsa) impatient of a rival, attacked Pulakesin about A. D. 620, but was defeated, and obliged to accept the Narbada as his southern frontier. So far as is known that defeat was Harsa's only failure.

CC-0. In Public Domain. Digitization by eGangotri

उत्राएर फर्के। यो संघर्ष ६३४ ई० देखि पूर्व नै भएको थियो।"❀ हर्षको पूर्व विजय बहुतै महत्त्वपूर्ण छ। त्यहां उनले धेरै सफलता प्राप्त गरे। यस सम्बन्धमा डा० त्रिपाठीको यस्तो कथन छ, "पूर्वमा उनको नाम बहुतै डरलाग्दो थियो र सुदूर पूर्व आसामका राजा उनको शाही आज्ञापालन र उनको दरबारमा उपस्थित हुनको लागि बाध्य भए।"** डा० त्रिपाठीको अनुसार ह्यूनत्सांगको भनाइ यस्तो छ, "पूर्व तर्फ बढेर उनले विद्रोही राजाहरू माथि आक्रमण गरे। ६ वर्ष सम्म लगातार पांचौं भारतसंग युद्ध गरे। (अर्को ठाउंको उल्लेख अनुसार उनले पांचौं भारतलाई आफ्नो आधिपत्यमा ल्याए)।" ☫ तर यो निश्चित थाहा छैन कि उनले कहिले देखि लगातार युद्ध गरे। यो युद्ध र विजय हर्षको राज्याभिषेक ६०६ ई० देखि ६१२ ई० सम्म हुन सक्दैन किनभने गौड को शासक शशांक ६१९ ई० सम्म स्वतंत्र रूपमा शासन गर्दै थिए। यस्तो अनुमान छ कि हर्षको पूर्व-विजय ६२० ई० देखि ६२५ ई० सम्म संपन्न भयो। ह्यूनत्सांगको वर्णन अनुसार हर्षले ३० वर्षसम्म अनवरत युद्ध गरे पछि शान्ति, सुरक्षा र सुदृढ़ शासनको स्थापना भयो। उनको सम्बन्धमा डा० त्रिपाठीको यस्तो भनाइ छ, "आफ्नो वैदेशिक नीतिमा हर्षवर्धन साम्राज्यवादी थिए र ६४३ ई० को कंगोड (गंजाम जिल्ला)

❀ ....and he was repulsed with severe losses by his southern rival. The clash must have occurred prior to A. D. 634.

** In the east his name was so feared that even the king of distant Assam (Bhaskar Verma) was obliged to obey his imperious commands and to attend his court.

☫ Proceeding east ward, he invaded the states which had refused allegiance; and waged incessant warfare until in 6 years he fought the 'Five Indias' (according to another reading; had brought the Five Indias under allegiance).

CC-0. In Public Domain. Digitization by eGangotri

को युद्धले यो प्रमाणित गर्दछ कि उनले आफ्नो लामो शासन-कालको अन्तसम्म सैनिक कारवाई गर्नु पर्‍यो। X

साम्राज्य-विस्तार (Extent of Empire):—

हर्षको साम्राज्य-विस्तारको सम्बन्धमा जान्नको लागि निम्नलिखित साधनहरू उपलब्ध छन्:

१—बाणभट्ट लिखित हर्षचरितम्,

२—चिनियां यात्री ह्यूनत्सांगको यात्रा-वर्णन,

३—बांसखेरा र मधुबनको ताम्रलेख।

बाणभट्ट लिखित हर्षचरितम्मा हर्षको एउटा प्रामाणिक जीवनी लेखिएको छ। तर त्यसमा अतिशयोक्ति छ किनभने कविको रचना हुनाले त्यसमा तथ्य भन्दा भावनालाई धेरै महत्व दिइएको छ। यस ग्रन्थमा हर्षलाई 'सकलोत्तरा पथ नाथ' को उपाधि दिइएको छ जसबाट अनुमान हुन्छ कि हर्ष सम्पूर्ण उत्तर भारतका स्वामी थिए। तर अहिले सम्म प्राप्त ऐतिहासिक तथ्यबाट यो कुरा प्रमाणित भएको छैन। तत्कालीन चिनियां यात्री ह्यूनत्सांगले धेरै राज्यहरूको उल्लेख गरेका छन्। ती राज्यहरू त्यसबेला सम्भवतः स्वतन्त्र थिए। तिनीहरू मध्ये कपिसा,काश्मीर, जालन्धर, वैराट, मथुरा, मतीपुर, (मन्द-वार जिल्ला विजनोर), सुवर्ण गोत्रदेश, कपिलवस्तु, नेपाल, आसाम, (कामरूप), महाराष्ट्र, वरोच, वल्लभी, गुर्जर देश, बुन्देलखण्ड,

---

X But in his foreign policy Harsa remained an imperialist, and the Kongoda (Ganjam district) compaign of A D. 643 proves beyond doubt that he had to undertake military expeditions almost till the close of his momentous reign.

CC-0. In Public Domain. Digitization by eGangotri

महेश्वरपुर (ग्वालिएर) र सिन्ध छन्। यस सम्वन्धमा डा० त्रिपाठी ले लेखेका छन्, "यी राज्यहरू निश्चित रूपमा हर्षको राज्यक्षेत्रको सीमा देखि बाहिर थिए।"❀ केही राज्यको सम्बन्धमा ह्यूनत्सांग एकदम चुप लागेका थिए। संभव छ यी राज्यहरू हर्षको साम्राज्य भित्र थिए। तर धेरै राज्यहरूको सम्बन्धमा प्रमाण पाइन्छ, जुन हर्षको साम्राज्य भित्र थिए। हर्षले आफ्ना पूर्वजवाट थानेश्वरको राज्य प्राप्त गरे र ग्रहवर्माको मृत्यु पछि उनले कन्नौजको राज्य पनि प्राप्त गरे। यस प्रकार यो हर्षको राज्य भित्र थियो। ह्यूनत्सांगले उनलाई "पांचौं भारत का स्वामी" को उपाधि पनि दिएका थिए। जसको सम्वन्धमा इतिहासकारहरूको यस्तो भनाइ छ कि यी भारतहरू निम्नलिखित छन्:—

१—पूर्व पंजाब,

२—उत्तर प्रदेश,

३—मिथिला वा विहार.

४—वंगाल

५—उड़ीसा।

बांसखेरा र मधुवन ताम्रपत्र लेख द्वारा यो थाहा पाइन्छ कि अहिछत्र र श्रावस्ती पनि हर्षको साम्राज्य भित्र थिए। यो कुराको पनि प्रमाण पाइन्छ कि उनी आफ्नो दरवार राजमहलमा पनि गर्दथे। तर अहिले सम्म यो कुराको निश्चित प्रमाण प्राप्त भएको छैन कि हर्षको राज्य-विस्तार काश्मीर सिन्ध, सौराष्ट्र, सुदूर दक्षिण भारत, कामरूप (आसाम) तथा

❀ "These were evidently outside the pale of Harsha's jurisdiction."

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल सम्म पनि थियो, किनभने बाणभट्ट को हर्षचरितम् बाहेक अन्य कुनै साधन यसको पुष्टिको लागि भेटिएको छैन। चिनियां यात्री ह्यूनत्सांग को यात्रा विवरणले पनि यस विचारको समर्थन गरेको छैन। डा० त्रिपाठीले लेखेका छन्, "यस प्रकारको विचार ह्यूनत्सांग को समकालीन निर्दोष विवरणको स्पष्टतः विपरीत छ।"❀

प्रशासन (Administration):—

हर्षको प्रशासनको ढांचा न्यूनाधिक गुप्तराजाहरू जस्तो थियो। उनीहरू जस्तो हर्षवर्धनले आफ्ना सम्पूर्ण साम्राज्य, प्रान्त, जिल्ला, तहसील तथा गाउँमा विभाजित गरेका थिए। सब भन्दा माथिल्लो तहको शासन केन्द्रीय शासन थियो। हर्षवर्धन त्यसको केन्द्र थिए र उनको परामर्श र सहयोगको लागि संभवतः एक मंत्रिपरिषद थियो। तर अहिले सम्म त्यसको सम्बन्धमा कुनै प्रमाण प्राप्त भएको छैन। उनले आफ्नो साम्राज्यको सम्पूर्ण भू-भागमा सामन्तवादी व्यवस्था स्थापित गरेका थिए। कुनै-कुनै भू-भागका शासनको उत्तरदायित्व सामन्तहरू माथि थियो। तर यी बाहेक सम्पूर्ण भू-भागमा उनी आफै शासन गर्दथे। हर्षवर्धनको मृत्यु पछि ती सामन्तहरूले साम्राज्यलाई छिन्न भिन्न गर्नको लागि प्रयास गरे। उनी वर्षाऋतु बाहेक अरू ऋतुमा सम्पूर्ण साम्राज्यको निरीक्षण गर्नको लागि भ्रमण गर्दथे र झुप्रा बनाएर निवास गर्दथे। ह्यूनत्सांगले लेखेका छन् कि हर्षवर्धन अथक परिश्रम गर्दथे र उनका लागि दिन बहुतै छोटा हुन्थे। यस प्रकार उनी जनता सित घनिष्ठ संबन्ध राखेर उनको समस्यासित पूर्णतः परिचित रहन्थे, र त्यसको समाधानको लागि धेरै मौका प्रदान गरेका थिए।

❀ "Such a view is flagrantly opposed to the unimpeachable contemporary accounts of Yuanchwang.

CC-0. In Public Domain. Digitization by eGangotri

हर्षको शासन-पद्धति बहुतै उदार थियो। चिनियां यात्री ह्यू नत्सांग त्यसबाट प्रभावित भएका थिए। उनको भनाइ छ कि त्यस बेला व्यक्तिको जीवन स्वतंत्र तथा सुखमय थियो। त्रिपाठीले लेखेका छन्, "जनता सरकारको जंजीरबाट मुक्त थिए र विकासको निमित पूर्णतः स्वतन्त्र थिए।" ☫ कर साधारण लिइनथ्यो। राजस्वको मुख्य स्रोत परम्परागत उपजको छैठौं भाग र तिरो आदि थियो। विभिन्न धार्मिक समुदायका लागि दान र विद्वान्हरूको लागि पारितोषिकको व्यवस्था थियो।

सुसंगठित-शासन हुनाले न्याय र सुव्यवस्थाको प्रबन्ध थियो। तर पनि गुप्तकाल जस्तो शान्ति थिएन। कठोर दण्डको व्यवस्था तथा मानिसको नैतिक आदर्शको कारणले गर्दा अपराध धेरै हुदैनथ्यो। राजद्रोह तथा षडयन्त्रको अपराधमा न्यूनतम दण्ड आजन्म कारावास थियो। सामाजिक नैतिकता तथा देशभक्तिको विरोधमा नाक, कान, हात, खुट्टा आदि काटिनथ्यो। साधारण दण्डका लागि मात्र जरिवाना लिइन्थ्यो। डा० त्रिपाठीको भनाइ छ, "कुनै व्यक्तिलाई दोषी अथवा निर्दोष ठहराउनको लागि आगो, पानी, तौल अथवा विष द्वारा परीक्षा लिने व्यवस्था थियो।"! ❀ सड़क र जलमार्ग खतराबाट मुक्त थिएन। ह्यू नत्सांग पनि धेरै पटक लुटिए।

हर्षको शासनको आधार सैनिक-शक्ति, मैत्री सम्बन्ध र जनसह-

☫ "The people were thus left free to grow in their own surroundings unfettered by the shackles of government.

❀ Ordeals by fire, water, weighing or poison were also recognised instruments for determining the innocence or guilt of a person.

CC-0. In Public Domain. Digitization by eGangotri

योग थियो। आफ्नो सुविशाल राज्यको सुरक्षा, आन्तरिक शान्ति तथा सुव्यवस्थाका लागि यिनले एक ठूलो सेनाको संगठन गरेका थिए। ह्यूनत्सांगले लेखेका छन् कि हर्षले आफ्नो साम्राज्य-विस्तार पछि सेनाको संख्या यस प्रकार बढ़ाए जसमा हात्तीको संख्या ६०,००० र घोड़ाको संख्या १००००० भयो। मात्र सेनाको बल माथि शान्ति र सुव्यवस्था हुंदैन। डा० त्रिपाठीले लेखेका छन्, "यो ठूलो सेनाको आधारमा यिनको साम्राज्य संगठित थियो। तर सेना नीतिको एउटा अंग हो। हर्षले आफ्नो पद अरू-अरू साधनको आधारमा सुरक्षित गरेका थिए। उनले एउटा गुप्त समझौता गरेका थिए।" उनले भास्करवर्मा संग समझौता गरे तथा आफ्नी छोरीको विवाह ध्रुवसेन द्वितीय संग गरेर आफ्नो प्रभाव बढ़ाए। उनले पुलकेशिन द्वितीयलाई कुटनीतिक उतर दिनको लागि चिनियां सम्राट् ताई-सुंग [Tai-Tsung] को दरवारमा ६४१ ई० मा एउटा ब्राह्मण दूत पठाए।

उनको धर्म [His Religion]

हर्ष मुख्यतः बौद्ध धर्मावलम्बी थिए। तर उनले बुद्ध बाहेक सूर्य र शिवको उपासना गरे तथा शैव धर्मावलम्बीहरूलाई पनि उनले दान दिए। डा० त्रिपाठीले लेखेका छन् "उनी मुख्यतः शिवका उपासक थिए। तर पनि उनले बुद्ध र सूर्यको उपासना गरे। आफ्नो जीवनको उत्तरार्धमा उनले बौद्ध धर्मलाई स्वीकार गरेर अशोक जस्तै त्यसको प्रचार गरे।" ❀

Ѱ It was thus on this large force that the empire ultimately rested. But the army is merely an arm of policy. Harsa secured his position by other means as well. He concluded an 'underlying alliance'.

❀ Primarily a worshipper of Shiva, he permitted

CC-0. In Public Domain. Digitization by eGangotri

कन्नोजको सम्मेलन (Assembly at Kanauj)—

करीब ६४३ ई०मा हर्षले बौद्धधर्मको महायान सिद्धान्तको प्रचारको लागि कन्नौजमा एक विशाल सम्मेलन गरे। यो सम्मेलनको मुख्य अतिथि ह्यूनत्सांग थिए। अतिथिहरूको स्वागतको लागि खरले छाइएका ठूला-ठूला दलान (Hall) बनाइएका थिए। प्रत्येक दिन प्रातःकालमा नै बुद्धको प्रतिमाको जुलुस निकालिन्थ्यो। यस प्रकार १ मैना सम्म जुलुसको व्यवस्था भयो। यस्तो भनाइ छ कि त्यस पछि कसैले सभा भवनमा आगो लगाइ दियो। त्यसै बेला हर्ष माथि पनि आक्रमण भयो। तर हर्षलाई उनका रक्षकहरूले बचाए। पछि उनले यो कुरो थाहा पाए कि उनको बौद्धधर्म प्रति पक्षपातपूर्ण नीतिले गर्दा ब्राह्मणहरूले षडयन्त्र गरेका थिए। उनले ५०० ब्राह्मणलाई दण्ड दिए र अरूलाई क्षमा गरे। तर ह्यूनत्सांगको यात्रा-विवरणले यो कुराको समर्थन गरेको छैन, किनभने उनले लेखेका छन् कि यो सम्मेलन शान्तिपूर्वक संपन्न भयो।

प्रयागको पंचवर्षीय दान (Quinquennial distridution at Prayaga)

कन्नौजको सम्मेलन पछि हर्षले उनी संग प्रयाग आएर त्यहां पनि एउटा ठूलो सम्मेलन गरे। यो सम्मेलनलाई 'महामोक्ष परिषद' भनिन्छ। यो सम्मेलन हर्षको जीवनको छैठौं सम्मेलन थियो। यो सम्मेलन गंगा र यमुनाको संगममा भएको थियो। पहिलो दिन हर्षले भगवान् बुद्धको मूर्तिलाई स्थापित गरे र धेरै रत्न आदि दान गरे। दोस्रो दिन

himself also to honour the Sun and Buddha. In the latter part of his reign he became more & more Buddhist in sentiment, and apparently set himself to the task of emulating Ashoka.

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यको मूर्ति स्थापित गरेर फेरि दान गरे। तेस्रो दिन शिवको मूर्तिको स्थापना गरेर दान गरे। तर पहिलोदिनको दान दोस्रो र तेस्रो दिनको दान भन्दा दोवर थियो। चौथो दिन १० हजार बौद्ध भिक्षुहरूलाई दान दिए। त्यस पछि १० दिन सम्म जैन आदिलाई पनि दान दिए। यति नै दिन सम्म मगन्तेहरूलाइ पनि दान दिएर फेरि १ मैना सम्म दरिद्र अनाथहरूलाई दान दिए। यस प्रकार जब दान दिंदा दिंदै ढिकुटी खाली भयो तब हर्षले आफ्ना वस्त्रहरू पनि दान गरे। हर्षको यो दानवाट ह्यूनत्सांग वहुतै प्रभावित भए। यो तथ्यलाई डा० स्मिथले पनि स्वीकार गरेका छन। उनको भनाइ छ, "प्रत्येक ५ वर्ष पछि आफ्नो सबै संकलित धनलाई दान गर्ने हर्षको परम्परा थियो।" *

डा० त्रिपाठीको भनाइ छ, "हर्षले आफ्नो व्यक्तिगत जवाहिरात र मालताल दान गरे। यस्तो प्रकारले उनले व्यक्तिगत दानका क्षेत्रमा एउटा रेकर्ड स्थापित गरे जस्तो इतिहासमा पाउन गाह्रो पर्छ।" ☋ उनले यसै कारणे गर्दा फेरि लेखेका छन्, "हर्ष एउटा महान् शासक र विजेता थिए। तर उनी शान्तिको कलामा त्यो भन्दा महान् थिए। जसबाट विजय युद्ध भन्दा कम ख्यातिपूर्ण छैन।" ❀

---

* It being Harsa's custom to distribute his accumulated riches at intervals of five years.

☋ Harsa gave away even his personal 'gems and goods'. thus, he established a record in individual liberality hardly equalled in bistory.

❀ "Great as was Harsha as a ruler and conqueror, he was greater still in arts of peace that "hath her victories no less renowned than war."

CC-0. In Public Domain. Digitization by eGangotri

हर्षको महत्व [Importance of Harsa]

भारतीय इतिहासमा हर्षको बहुतै महत्वपूर्ण स्थान छ। उनी विद्वान्‌हरूका आश्रयदाता र स्वयं एक महान् विद्वान थिए। ह्यूनत्सांगले लेखेका छन् कि हर्षले मालपोतका ¼ भाग विद्वानहरूलाई पारितोषिकको रूपमा दिन्थे। उनले तत्कालीन बौद्ध शिक्षा केन्द्र नालन्दा विश्वविद्यालयको लागि उदारतापूर्वक दान दिए। उनले प्रसिद्ध बौद्ध विद्वान जयसेनलाई उड़ीसाका ८० नगरहरूको राजस्व दिने व्यवस्था गरेका थिए। तर जयसेनले त्यो दान स्वीकार गरेनन्। उनको दरवारमा सब भन्दा ठूला बिहारी कवि बाणभट्ट थिए, जसले हर्षचरितम् र कादम्बरीको रचना गरे। कवि मयूर, हरिदत्त, जयसेन, मार्तङ्ग दिवाकर आदि यिनको दरवारमा बसेका थिए। उनी स्वयं एक विद्वान् थिए। उनी द्वारा रचित ग्रन्थहरूमा प्रसिद्ध छन्— रत्नावली, प्रियदर्शिका एवं नागानन्द। तर कुनै-कुनै विद्वान्‌हरूलाई यसमा सन्देह छ। ११ औं शताब्दीका काश्मीरी विद्वान् मम्मटले विचार व्यक्त गरेका छन कि यी ग्रन्थहरू हर्षको कृति होइनन बरु धावक नामक अर्को विद्वान् द्वारा लेखिएका छन। यसकारणले यी ग्रन्थहरूका रचयिताको संबन्धमा विवाद छ तर यसमा कुनै विवाद छैन कि उनी एक ठूला विद्वान थिए। उनको संबन्धमा १२ औं शताब्दीका विद्वान् जयदेवले लेखेका छन कि हर्षको गणना कुनै पनि सम्राट्को समकक्ष हुन सक्छ र उनी कालिदास तथा भास आदि जस्ता प्रकांड विद्वान् थिए। डा० त्रिपाठीले लेखेका छन, "उनले स्वयं कलमको व्यवहार तरवार भन्दा कम दक्षतापूर्वक गरेका छैनन्।"❀ उनले फेरि लेखेका छन, "राजा

❀ He himself appears to have wielded the pen with no less dexterity than the sword."

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं प्रकाण्ड विद्वान् थिए।" ❀ उनको सम्बन्धमा डा० राधाकुमुद मुकर्जीको भनाइ छ कि उनको चरित्रमा समुद्रगुप्त र अशोक दुवैका गुणहरूको समन्वय थियो। उनी समुद्रगुप्त जस्ता विजयी र अशोक जस्ता शान्तिप्रिय राजा थिए।

हर्षको मृत्यु [Death of Harsa]

हामीहरूलाई निश्चित रूपमा थाहा छ कि उनी ६४३ सम्म जीवित थिए। धेरै विद्वान्हरूको भनाइ छ कि उनी ६४७ ई० मा मरे। स्मिथको भनाइ छ, "राजाको मृत्यु ६४६ इ० को अन्त अथवा ६४७ ई०को प्रारंभमा बिना कुनै उत्तराधिकारीको भयो।" ❀ डा० त्रिपाठीको यस्तो विचार छ, "हर्षको मृत्यु ६४६ ई० वा ६४७ ई० मा भयो।" ⚘

उनको मृत्यु पछि भारतमा पुनः एक पल्ट अराजकताको स्थिति उत्पन्न भयो। उनको एक मंत्री अर्जुन अथवा अरुणास्वले बलपूर्वक राज्य प्राप्त गरे। हर्षको मृत्यु पछि चिनियां दरबारबाट एउटा कूटनीतिक समुदाय [diplomatic mission] आएको थियो। अर्जुनले त्यस माथि आक्रमण गरे र उनीहरूलाई मारे तर त्यको नेता वांग ह्यूनत्से [Wang-hiun-tse] भाग्यवश बांचेर भागे र तिब्बतको राजा स्रंगत्सान गम्पो (Srang-Tsan Gampo) र नेपालको लिच्छवी राजा नरेन्द्र द्वारा दिइएको नेपाली सेना को टुक्रोको सहायताबाट अर्जुनसित बदला लिए। अर्जुनलाई पक्रेर

⚘ The king himself was an accomplished scholar."

❀ Either late in 646 or early in 647 the king died leaving no heir.

⚘ Harsha passed away in the year 647 or 648.

CC-0. In Public Domain. Digitization by eGangotri

चीन लगे जहां उनको मृत्यु भयो। यो घटना पछि हर्षवर्धनको पनि अन्त भयो। डा० स्मिथ को भनाइ छ, "यो कल्पना गर्नु मुश्किल छ कि उनको मृत्यु पछि धेरै काल सम्म धेरै राज्यहरूमा ठीक ठीक के के भयो।" ❀ तर उनले फेरि लेखेका छन् कि भारतीय इतिहासको एकता हर्षवर्धन पछि लुप्त भयो र धेरै काल सम्म फेरि स्थापित भएन।

❀ It is impossible to say exactly what happened in most of the provinces for a considerable time after his disappearance from the scene.

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय—२०

Medieval Hindu Dynasties of Northern India

(उत्तर भारत का मध्यकालीन हिन्दू राजवंश)

The Palas

(पाल वंश)

हर्षवर्धन र शंशाक को मृत्यु पछि प्रायः सय वर्ष सम्म सम्पूर्ण भारतमा अराजकता एवं अव्यवस्था थियो। बंगालको अवस्था बहुतै नराम्रो थियो। यस्तै परिस्थितिमा पालवंशी गोपालको प्रादुर्भाव भयो। यस्तो भनाइ छ कि जनताले आफै उनलाई रोजे। अल्टेकरको भनाइ छ, "यो वंशको संस्थापक गोपालले अराजकताको नाश गरेर बंगालमा शान्ति तथा व्यवस्था स्थापित गरे।"* उनी यो वंशको संस्थापक

---

* Gopala, the founder of the Pala dynasty, had put an end to the anarchy and restored law and order in Bengal; he was the founder of his dynasty and his claim to kingship is sought to be strengthened by the fiction of his being elected by his subjects.

CC-0. In Public Domain. Digitization by eGangotri

थिए र उनको राजगद्दीमा बस्ने अधिकारको सृजना उनका प्रजा द्वारा भयो।

डा० रायचौधरीको भनाइ छ, "बंगालमा त्यस समयमा अराजकता थियो र त्यस पछि जनताले गोपाल नामक एक सरदारलाई गद्दीमा राखे जसले उन्मत्त भूभागमा शान्ति स्थापना गरे।" ☫

यो वंशको उत्पत्तिको सम्बन्धमा निश्चित पत्तो छैन। यो वंशका राजाहरू कुनै वीरलाई आफ्नो पूर्वज मान्दैनथे। खलिम पुरको लेख अनुसार यो वंशको प्रारम्भ बप्पटका पिता दयितविष्णुले गरे। यो संभवतः निम्न अवस्था देखि बिस्तार-बिस्तारै बढ़्यो।

संध्याकर नन्दी रचित 'रामचरित' र तारानाथको आधारमा पालहरू क्षत्रिय थिए। व्यास पुराणमा तिनीहरूलाई क्षत्रिय भनिएको छ तर तिब्बती ग्रन्थकार बुस्टनले तिनीहरूलाई शूद्र लेखेका छन्।

राजाहरूको नामको अन्तमा 'पाल' शब्द हुनाले यस वंशको नाम 'पाल वंश' भयो।

गोपाल

गोपालको चरित्र-वृत्तान्तको सम्बन्धमा निश्चित थाहा छैन। तिब्बती लामा तारानाथको भनाइ छ कि गोपाल ले ओदन्तपुर (पटना जिल्ला

☫There was anarchy (Matsyanyaya) in the realm till at last the different sections of the people (Prakriti) raised to the throne a chief named Gopala who brought the blessings of peace to the distracted lands.

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्गत राजगिर र नालंदा नजिक) को विख्यात विहारको निर्माण गरे। एलेनको मत छ, " यो काल उनको पूर्ण प्रभुताको होइन। उनको समय करीब ७६५-७० ई० सम्म हो।"❀ उनले प्रायः २५ वर्ष सम्म शासन गरे। गोपालको मृत्युपछि उनको पुत्र धर्मपाल शासक भए।

धर्मपाल

धर्मपाल यो वंशका प्रमुख शासक भए। उनी विजयी र धार्मिक शासक थिए। लामा तारानाथको भनाइ अनुसार उनको राज्यको विस्तार पूर्वमा बंगालको खाड़ी, पश्चिममा जालन्धर, उत्तरमा हिमालय र दक्षिणमा विन्ध्य पर्वत सम्म थियो। स्वयंभू पुराण अनुसार नेपाल पनि धर्मपालको अधीन राज्य थियो। उनले कान्यकुब्जको इन्द्रराजलाई हराएर चक्रायुधलाई गद्दीमा वसाए। अभिलेखबाट विदित हुन्छ कि प्रतिहार तथा राष्ट्रकूटहरूले उनलाई पराजित गरे। राष्ट्रकूट अभिलेखमा यस्ता उल्लेख छ कि उनले आफै आत्मसमर्पण गरे। नागभट्ट प्रतिहारले चक्रायुद्धबाट कन्नौज खोसेर धर्मपालको साम्राज्य-स्थापनाको स्वप्न भग गरे।

धर्मपालको स्थान भारतका महान शासकहरू मध्येमा छ। उनले परम भट्टारक, महाराजाधिराज, परमेश्वर, उत्तरापथ स्वामिन् आदि उपाधि धारण गरे। उनले पाटलिपुत्रमा एक ठूलो दरबारको आयोजना गरे। उनले भागलपुर जिल्लामा विक्रमशिला नामक प्रसिद्ध

❀ This can hardly refer to the period of his full power. His dates are probably A. D. 765-70

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्ध विहारको स्थापना गरे जो बिस्तार बिस्तारै बौद्ध शिक्षा तथा संस्कृतिको केन्द्रको रूपमा परिवर्तित भयो। उनी स्वयं बौद्धधर्मावलंबी थिए। उनले करीब ३२ वर्ष राज्य गरे।

देवपाल

८१५ ई० मा देवपाल शासक भए। उनले ३५ वर्ष सम्म शासन गरे। उनले गुर्जर, राष्ट्रकूट, हूण तथा उत्कल आदिलाई पराजित गरे। कामरूप माथि पनि उनले विजय प्राप्त गरे। उनले पूर्वमा प्रतिहारहरूको गति रोके। उनको अभिलेखमा यस्तो उल्लेख छ कि उनले सेतुबन्ध रामेश्वर सम्म आफ्नो राज्य-सीमा फैलाए। तर यो त निर्विवाद छ कि उनको राज्य-विस्तार हिमालय देखि विन्ध्याचल सम्म थियो। नालंदाको एक ताम्रपत्रमा लेखिएको छ कि सुवर्णद्वीप र यवभूमि [सुमात्रा र जावा] का राजा बालपुत्रदेव द्वारा निर्मित बौद्ध विहारको व्यय, 'धर्मरत्नहरू' को लेखन र भिक्षुहरूको 'विभिन्न सुख' को लागि देवपालले चार गाउं राजगृह विषय [जिल्ला] मा र पांचौं गया विषय [जिल्ला] मा दान दिए। यसबाट यो प्रमाणित हुन्छ कि पाल राज्यको सम्बन्ध पूर्वी द्वीपहरूसित थियो। उनले ८८५ ई० सम्म करीब ४० वर्ष शासन गरे।

उनी एउटा महान विजेता र बौद्धधर्मका संरक्षक थिए। त्यतिञ्जेल सम्म साम्राज्यको राजधानी पाटलिपुत्रमा थियो तर यस्तो अनुमान हुन्छ कि उनले आफ्नो राजधानी पाटलिपुत्रबाट मुद्गगिरी [मुंगेर] मा सारे। देवपालको समयमा पाल साम्राज्यको उन्नति चरमोत्कर्षमा पुगेको थियो। डा० आर० सी० मजुमदारको भनाइ छ, "धर्मपाल तथा देवपालको शासनकाल बंगालको इतिहासमा सब भन्दा गौरवपूर्ण थियो। त्यो भन्दा अघि अथवा पछि कहिले पनि ब्रिटिशहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

आगमन सम्म बंगालले भारतीय राजनीतिमा त्यस्तो महत्वपूर्ण स्थान प्राप्त गरेको थिएन।"

विग्रहपाल

देवपाल पछि पाल साम्राज्यको पतन हुन थाल्यो। उनको मृत्यु पछि उनका छोरा अथवा भतिजा विग्रहपाल गद्दीमा बसे। उनी एक शक्तिहीन शासक थिए। उनले ३-४ वर्ष सम्म शासन गरे। त्यस पछि उनले आफ्नो पुत्र नारायणपाललाई गद्दी सुम्पि दिए र स्वयं साधुको जीवन व्यतीत गर्न थाले।

नारायणपाल

नारायणपाल पाल वंशका एक शक्तिशाली राजा थिए। उनले कम-से-कम ५४ वर्ष [८५८–९१२ ई०] सम्म शासन गरे। उनी एक गंभीर र धार्मिक व्यक्ति थिए। उनको शासन कालमा नै राष्ट्रकूट शासक अमोघवर्षले पाललाई पराजित गरे। प्रतिहारले त्यो मौकाबाट लाभ उठाएर आफ्नो राज्यको विस्तार पूर्व तर्फ गरे। राष्ट्रकूटहरूले प्रतिहार-हरूलाई मगधबाट धपाए। उड़ीसाको शुल्की राजा रणस्तंभले पनि बंगाल माथि आक्रमण गरेर राढ़ नामक पश्चिम बंगालको एक स्थान जिते। प्रतिहार, राष्ट्रकूट र शुल्की आक्रमणहरूबाट पाल साम्राज्यको शक्ति धेरै क्षीण भयो। यो बाहेक असम, गोरखपुर र कलचुरी राजा यशोवर्माको पनि बंगाल माथि आक्रमण भयो। यशोवर्मालाई 'बंगाल

The reigns of Dharmapala and Devapala constitute the most brilliant chapter in the history of Bengal. Never before, or since, till the advent of the British, did Bengal Play such an important role in Indian politics.

CC-0. In Public Domain. Digitization by eGangotri

भंग निपुण' भनिएको छ। मगध र उत्तर बंगाल माथि प्रतिहार तथा पूर्व बंगाल माथि चन्द्रवंश आदिको अधिकार भएकोले पालहरूको राज्य पश्चिमी र दक्षिणी बंगाल सम्म सीमित भयो तर आफ्नो शासनको अन्तमा भोज तृतीय र महिपालको गृहयुद्धबाट लाभ उठाएर उनले उद्दण्डपुर [राजगिर नजिक] माथि अधिकार जमाए। ५४ वर्ष सम्म शासन गरे पछि उनी पाल साम्राज्यलाई विभिन्न संकटहरूबाट बचाउन असमर्थ भए। उनकी माता चेदि-कुलकी राजकुमारी थिइन् र उनको नाउं लज्जा थियो। भागलपुरको लेखमा उल्लेख गरिएको छ, "आफ्नो शासनको सत्रौं वर्षमा उनले मुद्गगिरिबाट शिव मन्दिरको तिरभुक्ति (तिरहुत) को एक गाउं दान दिए र शिवको नाममा एक हजार मंदिर बनाए।"

राज्यपाल

नारायणपाल पछि राज्यपाल बंगालका शासक भए। उनले ६०८ ई० देखि ९३२ ई० सम्म शासन गरे। उनले राष्ट्रकुटको तुङ्गकी छोरी सित विवाह गरे। यो विवाहको राजनीतिक महत्व थियो। इन्द्र तृतीय राष्ट्रकूटले प्रतिहारको राज्य माथि आक्रमण गरे। यो युद्धबाट मौका पाएर उनले सोन नदीको पूर्वी किनारको आफ्नो पैतृक भूमि पुनः प्राप्त गरे। राष्ट्रकूटका शासकहरूको आक्रमण संभवतः ९१६-१७ ई० मा भयो।

गोपाल (द्वितीय)

गोपालले ९३२-९४९ ई० सम्म शासन गरे। यस समयमा कन्नौजको शक्ति अत्यन्त क्षीण भएको थियो। पाल राजाहरूले यो मौकाबाट लाभ उठाए। त्यसै बेला चोल वंशका प्रतापी राजा यशोवर्माले कन्नौज माथि हमला गरेर विष्णु भगवान्को एउटा पवित्र मूर्ति लगे र

CC-0. In Public Domain. Digitization by eGangotri

खजुराहेको एक विशाल मन्दिरमा प्रतिष्ठित गरे। पूर्व तर्फ उनले मगध, मिथिला र गौड देश (बंगाल) माथि आक्रमण गरे। यशोवर्मन् (यशोवर्मा) को हमलाका कारणले गर्दा गोपाल द्वितीय मगध छाडेर मुंगेरको पहाडी इलाकाका भागे। पालवंशकी राज्यलक्ष्मी पुनः एकपल्ट विचलित भइन्। नालन्दा र बोधगयामा त्यस समयको अभिलेख प्राप्त भएको छ। विक्रमशिला महाबिहारमा उनको शासनको १५ औं वर्षमा 'अष्ट साहसिका प्रज्ञापारमिता' को प्रतिलिपि तयार भएको थियो जो अहिले ब्रिटिश म्युजियममा सुरक्षित छ।

महीपाल (प्रथम)

विग्रहपाल द्वितीयका पुत्र महीपाल प्रथमले ९७८ई०-१०३० ई० सम्म शासन गरे। उनी पाल कुलका एक प्रख्यात र समर्थवान राजा थिए। उनको शासन कालमा दुइटा ठूला ठूला घटनाहरू घटे। पहिलो—उनले कम्बोज कुलीय नृपतिबाट बंगाल खोसे। दोस्रो घटना यो थियो कि चोल राजा राजेन्द्र प्रथमले दक्षिण भारतबाट उत्तर भारत र बंगाल माथि हमला गरे र महीपाललाई पराजित गरे। तर उनले राजेन्द्र चोललाई गंगा पारी बढ्न दिएनन्। भनाइ छ कि राजेन्द्र चोलको उद्देश्य आफ्नो देशलाई पवित्र बनाउनको निमित्त गंगाजल लिने थियो। चोल इतिहासमा यो घटना अति महत्वपूर्ण मानिएको छ। उनले बिहार माथि पुनः अधिकार प्राप्त गरे र बनारस सम्म राज्य-विस्तार गरे। कल्याणका चालुक्यले महीपालको राज्य माथि आक्रमण गरे तर उनले सफलतापूर्वक त्यसको विरोध गरे। अभिलेखहरूबाट सिद्ध हुन्छ कि उनको राज्य कालमा पाल शक्ति पुनः एक पटक जागेर उठ्यो र उनको राज्यमा परस्पर दूरस्थ प्रदेश— दिनाजपुर, मुजफ्फरपुर, पटना, गया र टिपरा शामेल थिए। सारनाथको प्रस्तर अभिलेखमा लेखिएको छ कि उनले 'गन्ध-कुटी' को निर्माण गराए र आफ्ना भाइ

CC-0. In Public Domain. Digitization by eGangotri

स्थिरपाल तथा वसन्तपाल द्वारा धर्मराजिक स्तूप र धर्मचक्रको जीर्णोद्धार गराए। यो कृत्य सर्वथा धार्मिक थियो र यसबाट कुनै प्रकारको राजनीतिक निष्कर्ष निकाल्ने चेष्टा युक्तिसंगत छैन।

विदेशीहरूबाट भारतको रक्षाको निमित्त निर्मित हिन्दू राजाहरूको संघमा उनको नाम उल्लिखित छैन। फलस्वरूप केही लेखकहरूले उनको देशभक्ति माथि शंका गरेका छन्। तर यस्तो भनाइ छ कि उनको कार्य न्यायोचित थियो किनकि उनी आफ्नो आन्तरिक समस्यामा यस प्रकार अल्झिएका थिए कि उनलाई यो कामको लागि मौका नै थिएन।

डो० सी० गांगुलीको भनाइ छ कि महीपालले पालवंशको रक्षा मात्र गरेका होईनन् वरु उनले धेरै जसो अतीत गौरव र शक्तिको पुनरुद्धार पनि गरे र यो कार्य उनले बिलकुलै विपरीत परिस्थितिमा गरेका थिए।" ❀

तसर्थ उनलाई "द्वितीय पालवंशी साम्राज्य का संस्थापक" र "देवपाल पछिका सर्वश्रेष्ठ सम्राट्" मानिन्छ। उनले बनारस, सारनाथ तथा नालंदामा धेरै जसा धार्मिक भवनको निर्माण र मरम्मत गरे। उनको नाम वंगालका धेरै पोखरी र शहरहरूसित सम्बद्ध छ।

नयपाल

करीब १०३८ई० मा नयपाल वंगालका शासक भए। कलचुरी राजा गांगयदेवका पुत्र लक्ष्मीकर्णले आफ्नो साम्राज्य-विस्तारको निमित्त पाल

❀ No body can dispute the fact that Mahipala not only saved the Pala kingdom from impending ruin, but also restored to a large extent the old glory and power of the Palas, and that this was achieved against tremendous odds.

CC-0. In Public Domain. Digitization by eGangotri

साम्राज्य माथि हमला गरे। उनको सेना अंग सम्म बढ्यो। यो युद्धको परिणाम के भयो यो कुरा विवादास्पद छ। अनुश्रुतिबाट थाहा पाइन्छ कि सुप्रसिद्ध बौद्ध दार्शनिक दीपंकर श्रीज्ञान अतिशले यो युद्धमा हस्तक्षेप गरेर दुवै राजाको बीचमा सन्धि गराए। चेदि लेखहरूमा यस्तो उल्लेख गरिएको छ कि गौड़ नरेश (नयपाल) ले कर्ण प्रति आत्मसमर्पण गरे। तर यो कुरा निराधार प्रतीत हुन्छ किनभने नयपालका पुत्र विग्रहपालको विवाह कलचुरी राजकुमारी यौवनश्रीसित सम्पन्न भयो। प्राचीन परम्परा अनुसार पराजित राजाले नै आफ्नी छोरी दिन बाध्य हुनु पर्थ्यो। त्यसैले यस्तो अनुमान गर्न सकिन्छ कि नयपालले नै युद्धमा विजय प्राप्त गरेका थिए। यस सम्बन्धमा डा० त्रिपाठीको भनाइ छ, "बरु संकेत यस कुराको छ कि कर्णले पराजित भएर आफ्नो छोरी यौवनश्रीको विवाह नयपालका पुत्र विग्रहपाल तृतीयका साथ युद्धान्तर मैत्री स्थापना भए पछि गरि दिएका थिए।" ६

विग्रहपाल तृतीय

नयपाल पछि उनका पुत्र विग्रहपाल तृतीय राजा भए। उनले १०४१–५४ ई० सम्म शासन गरे। उनका दुइटा अभिलेख उत्तर बिहारमा फेला परेका छन्—एक नौलागढ़ (मुंगेर) मा र अर्को बनगाँव

---

६ There are on the contrary, indications that latter even suffered a reverse at the hands of Nayapala's son, Vigrahapala III, Who married his adversary's daughter Yauvanshri probably after the cessation of hostilities and restoration of friendly relations.

CC-0. In Public Domain. Digitization by eGangotri

[सहरसा मा। यी दुवै अभिलेखहरूबाट थाहा पाइन्छ कि कलचुरी आक्रमणबाट सुरक्षाको लागि उनले उत्तर बिहारलाई आफ्नो कर्मस्थान बनाए। त्यसै बेला चालुक्य राजा विक्रमादित्यले पनि पाल-साम्राज्य माथि आक्रमण गरे। उनले बुनै प्रकार पाल-साम्राज्यलाई सुरक्षित राखे तर उनका छोराहरूको बीचमा गृहयुद्ध भयो।

महीपाल द्वितीय

विग्रहपाल तृतीयका तीन छोरा थिए—महीपाल द्वितीय, शूरपाल र रामपाल। विग्रहपालको मृत्यु पछि १०५४ ई० मा महीपाल द्वितीय राजा भए। उनी बड़ा अत्याचारी, क्रूर र अदूरदर्शी थिए। आफ्ना भाइहरूको षडयन्त्रको सूचनाबाट भयभीत भएर उनले आफ्ना दुवै भाइलाई कैदमा राखे। पूर्व बंगालमा वर्मनहरू शक्तिशाली भएका थिए। वारेन्द्रका आदिवासी कैवर्त जातिका दिव्य नामक राजाले विद्रोह गरे। यो युद्धमा महीपाल को मृत्यु भयो। दिव्य अथवा दिव्योकले गौड़ देशमा आफ्नो स्वतन्त्र राज्यको स्थापना गरे।

शूरपाल द्वितीय

रामपाल जेलबाट निस्केर बाहिर भागे। शूरपालले करीब दुइ वर्ष शासन गरे।

अव्यवस्थाको कारणले गर्दा पाल राजाहरूको अधीनका अनेक सामन्तहरू स्वतन्त्र भए। शूरपालले तिनीहरूलाई आफ्नो अधीन गर्न सकेनन्।

रामपाल

रामपाल गद्दीमा बसेको समयमा पाल-साम्राज्यको अवस्था अत्यन्त शोचनीय भएको थियो। कैवर्त-विरोधको साथै सामन्तहरूको आक्रम-

CC-0. In Public Domain. Digitization by eGangotri

णको सामना पनि उनले गर्नु पर्‍यो। संध्याकर नन्दी लिखित रामचरित अनुसार रामपालले आफ्नो व्यक्तिगत उदारताले ती सामन्तहरूलाई जिते। त्यसपछि उनले ती सामन्त र आफ्नो मामा राष्ट्रकूट मदनको सहायताबाट कैवर्त माथि आक्रमण गरे। उनका सेनापति शिवराजले दिव्योकका छोरा कैवर्तराज भीमलाई बन्दी बनाए। उनले कलिङ्ग [उड़ीसा] र कामरूप [आसाम] माथि विजय प्राप्त गरे। बंगालका यादव राजा यादववर्मनले पनि उनको संरक्षण स्वीकार गरे। अन्य धेरै सामन्तहरूले रामपालको अधीनता स्वीकार गरे। रामपालले पनि यिनीहरूलाई नयां नयां जमीन्दार बनाएर सन्तुष्ट पारे र सहयोगको वचन प्राप्त गरे। यस प्रकार रामपालले पालवंशको सत्ता पुनः स्थापना गरे। डा० एच० सी० राय चौधरीको भनाइ छ, "नयां राजाले पुनः एक पल्ट आफ्नो परिवार-लक्ष्मीलाई फर्काए" ☫

रामपालले धेरै दिन सम्म ती स्थानहरू माथि आफ्नो अधिकार कायम राख्न सकेनन्। पूर्वी बंगाल माथि सेन र मिथिला माथि कर्णाटहरूले आफ्नो अधिकार जमाए। रामपालले प्रायः ४५ वर्ष सम्म शासन गरे पछि गंगामा फाल हानेर प्राण त्याग गरे। त्यस पछि यो राजकुलको शक्ति पनि लुप्त भयो।

कुमारपाल

रामपाल पछि उनका छोरा कुमारपाल राजा भए। उनले केवल चार वर्ष सम्म शासन गरे। त्यसै समयमा कामरूपमा विद्रोह भयो। उनका योग्य मंत्री विद्यादेव अथवा वैद्यदेवले विद्रोही तत्वहरूको दमन केही कालको निमित्त गरे र पछि उनी आफै त्यहांका स्वतंत्र शासक बने।

☫ The new king once more restored the fortunes of his family.

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तराधिकारीहरू (Successors)—

कुमारपालका उत्तराधिकारीहरू वहुतै कमजोर सिद्ध भए। यिनीहरूको समयमा यिनीहरूका अधीनका सामन्तहरू विद्रोही भएर स्वतंत्र पनि भए। मदनपालले २४ वर्ष सम्म मगध र उत्तरी बंगाल माथि शासन गरे। विजयसेनले मदनपाललाई गौड़ [पश्चिमी वंगाल] बाट धपाएर स्वयं त्यहांका शासक भए। पूर्वमा विजयसेन आदि र पश्चिममा गढ़वालका राजा गोविन्द चन्द्र जस्ता सवल शक्तिको बीचमा पालको अत्यन्त संकुचित राज्य मिचियो। ११९९ ई० मा गोविन्दपाल शासक भए। उनी त्यो वंशका अन्तिम शासक मानिएका छन्। ११७५ ई० को शिलालेखमा उनको सम्वन्धमा उल्लेख छ। पालहरूले जम्मा ४०० वर्ष सम्म वंगालमा शासन गरे।

पालहरू का देन
(Achievements of the Palas)

पालहरूले बिहार र वंगाल माथि प्रायः ४०० वर्ष सम्म शासन गरे तापनि तिनीहरूको राजधानीको संवन्धमा निश्चित पत्तो छैन। यस्तो अनुमान गरिन्छ कि तिनीहरूको राजधानी मुदुर्गगिरी (मुंगेर] अथवा पाटलिपुत्र (पटना) मा थियो। त्यहींबाट तिनीहरूले धेरै दानपत्र प्रसारित गरेका थिए। यस वंशका सुप्रसिद्ध शासक धर्मपाल र देवपालले आफ्नो विजयवाट शशांकद्वारा स्थापित प्राचीन साम्राज्य-परम्परा पुनः स्थापित गरे। डा० त्रिपाठीको भनाइ छ, "तिनीहरूको प्रभाव र सक्रियताको क्षेत्र तिनीहरूको साम्राज्य-विस्तारको सीमा भन्दा व्यापक थियो।"* तिनीहरूको सम्बन्ध विदेशहरूसित पनि थियो।

---

* Their spheres of activity and influence were much wider than the limits of their direct jurisdiction.

CC-0. In Public Domain. Digitization by eGangotri

देवपालको संवन्ध जावा, सुमात्राका शासक बलपुत्रदेवसित थियो। त्यहांको एक दूत-मण्डल देवपालको दरबारमा आएको थियो। मुंगेर र पाटलिपुत्र पालहरूका दुइ प्रधान केन्द्र थिए। डा० एच० सी० राय चौधरीको भनाइ छ, "पालवंशले अन्तिम महान हिन्दू सम्राट्हरूको उत्पत्ति गर्‍यो जसको आदेश ऐतिहासिक नगर पाटलिपुत्रबाट प्रसारित हुन्थ्यो।" ❀ धर्मपालले कन्नौज र पाटलिपुत्रमा ठूला ठूला दरबारको आयोजना गरेका थिए।

साहित्य— (Literature)—

पालकालमा साहित्यको प्रगति प्रशस्त मात्रामा भयो। संध्याकर नन्दीले आफ्नो प्रसिद्ध ऐतिहासिक महाकाव्य 'रामचरित' को रचना गरे। यो एउटा श्लेषात्मक महाकाव्य हो। यसमा राजाराम [रामपाल] को जीवन-चरित र भगवान् रामचन्द्र दुवैको वोध एकै साथ गराइएको छ। चक्रपाणि दत्तले वैद्यक-ग्रन्थको रचना गरे। भवदेव जस्ता प्रकाण्ड विद्वान् र हरिभद्र जस्ता कवि त्यो कालमा उत्पन्न भए! हिन्दू कानूनको दाय-भाग-विभागको जन्मदाता जिमूतवाहनको उत्पत्ति पनि पालकालमा नै भयो। विक्रमशिला विद्वानहरूको भण्डार थियो। बंगला भाषा, साहित्य र संस्कृतिको पनि उत्पत्ति यस कालमा भयो।

पालहरू सोमपुर, उदन्तपुर र विक्रमशिला जस्ता शिक्षण संस्थाका संस्थापक थिए। विक्रमशिला-विश्वविद्यालय भागलपुरको समीपमा थियो। यसमा विदेशी छात्रहरू अध्ययनको निमित्त आउँथे। यसको महत्व नालंदा विश्वविद्यालयको जस्तै थियो। त्यहांका सर्वश्रेष्ठ

❀ The Pala dynasty produced the last great Hindu emperors whose commands were issued from the historic city of Pataliputra.

CC-0. In Public Domain. Digitization by eGangotri

विद्वान् अतीश दीपंकर श्रीज्ञान थिए, जसलाई तिब्बतले निमंत्रण गर्‍यो। त्यहां पुगेर उनले प्रायः ७० ग्रंथको रचना गरे। उनको मृत्यु त्यहीं भयो।

कला— (Arts)—

स्मिथ [Smith] ले धीमान र उनका छोरा वितपालको उल्लेख गरेका छन् जसले "चित्रकला, मूर्तिकला र धातुहरूको कार्यमा आफ्नो दक्षताको कारण सर्वोच्च ख्याति प्राप्त गरे।"☙ स्थापत्य र मूर्तिकलालाई पनि तिनीहरूले प्रश्रय दिए। गयाको कुर्किहार भन्ने ठाउं कांस (Bronze) को मूर्तिकलाको लागि प्रसिद्ध केन्द्र थियो। ढुंगाको मूर्ति पनि प्रचुर मात्रामा बनाइन्थ्यो। यस समयको कलालाई 'मध्यकालीन कलाको पूर्व-शैली' भनिन्छ। पाल-कलाले भारत बाहिर पनि प्रसिद्धि प्राप्त गर्‍यो। त्यस बेलाका भवनहरूको चिन्ह पाइएको छैन तर पोखरी र नहर आदि अहिले पनि पाइन्छन्। भनिन्छ कि तिब्बतको प्रथम बुद्ध बिहार उदण्डपुरको स्थापत्यकलाको आधारमा बनिएको थियो। कलामा आध्यात्म तथा भौतिक तत्वहरूको राम्रो सम्मिश्रण पाइन्छ। यस युगमा चित्रकलाको पनि प्रशस्त प्रगति भएको थियो। पालकालीन चित्रकलाको अवशेष बंगालको एशियाटिक सोसाइटी, कैम्ब्रिजको पुस्तकालय र ब्रिटिश म्युजियममा सुरक्षित छन्। चित्र-कला माथि तंत्र र वज्रायनको प्रभाव स्पष्ट छ। यहींबाट चित्रकलाको प्रसार तिब्बत र टाढ़ा-टाढ़ाका देशमा भयो।

धर्म (Religion) —

यस कालका प्रायः जम्मै राजाहरू बौद्ध धर्मावलम्बी थिए। बौद्धधर्म-

---

☙ ... ... acquired the highest fame for their skill as painters, sculptors and bronze-founders.

CC-0. In Public Domain. Digitization by eGangotri

को तांत्रिक रूप न्यूनाधिक यही कालमा प्रकट भयो। यस धर्मको प्रचारको लागि पाल शासकहरूले सक्रिय भाग लिए तापनि उनीहरूले धार्मिक सहिष्णुताको नीतिका अवलम्बन गरेका थिए। उनीहरू हिन्दू धर्मका विरोधी थिएनन् र उनले हिन्दू देवी-देवताको मन्दिर बनाउन लगाए औ ब्राह्मणहरूलाई धेरै दान दिए। उनीहरूले ब्राह्मणलाई मंत्रीमा पनि नियुक्त गरे।

सांस्कृतिक दृष्टिकोणले पनि पालवंशको स्थान महत्वपूर्ण छ। यिनीहरू नै अन्तिम हिन्दू सम्राट् थिए, जसले पाटलिपुत्रबाट आदेश-पत्र जारी गरे। यिनीहरूले विदेशमा पनि हिन्दू धर्म र संस्कृतिको प्रचार गरे। यिनीहरूले महादेव र नारायणका उपासकहरू प्रति धार्मिक सहिष्णुता प्रदर्शित गरे।

CC-0. In Public Domain. Digitization by eGangotri

The Senas

[सेनहरू]

उत्पत्ति (Origin)

सेनहरू संभवतः दक्षिणमा कर्णाट भन्ने ठाउंका निवासी थिए र त्यहांबाट बंगालमा आएर बसोबास गरेका थिए। सेनहरूको उत्कर्ष पालहरूको पतन पछि आरम्भ भयो र उनीहरूको राज्य पालहरूको केन्द्रीय भग्नावशेष माथि आधारित भयो। सेनहरू पहिले ब्राह्मण थिए पछि क्षत्रिय वृत्ति स्वीकार गरेर क्षत्रिय भएका थिए। यो वंशका संस्थापक सामन्तसेन वृद्धावस्थामा बंगालमा आएर गंगा नदीको किनारमा बसेका थिए। यस्तो अनुमान छ कि पहिले उनी राजा थिएनन् पछि उनका छोरा हेमन्तसेनले राढ़ (पश्चिमी बंगाल) मा एउटा सानो राज्यको स्थापना गरेका थिए।

विजयसेन (१०९५–११५८ ई०)

सामन्तसेनका नाति र हेमन्तसेनका छोरा विजयसेन यो वंशका बहुतै प्रतापी शासक भए। उनले करीब ६२ वर्ष सम्म राज्य गरे। आफ्नो लामो राज्यत्वकालमा उनले कैयौं प्रदेश जितेर आफ्नो राज्यमा गाभे। यस्तो भनाइ छ कि उनले पाल नरेश मदनपाललाई पराजित गरे। राजशाही जिल्लाको देवपाड़ा अभिलेखमा विजयसेनद्वारा पाल-हरूलाई उत्तर बंगालबाट धपाउने कुराको उल्लेख भएको छ। उनले गौड़का पाल शासक र उत्तर बिहार, आसाम तथा उड़ीसाका राजाहरूलाई पराजित गरे। उनले उत्तर बंगालमा विजयपुर नगरको स्थापना गरे। उनले यादव वर्मनबाट जितेर पूर्वी बंगालमा अर्को ठूलो नगर विक्रमपुरको स्थापना गरे जो द्वितीय राजधानीको रूपमा

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। यहां कहिलेकाहीं सेन राजाको पदार्पण हुन्थ्यो। विजयसेन अनन्य शैव थिए। उनले देवपाड़ामा प्रद्युम्नेश्वर शिवको एक विशाल मन्दिर बनाए। त्यहीं उनले एक ठूला तलाउको पनि निर्माण गरे।

बल्लालसेन (११५८–११७८ ई०)

विजयसेन पछि उनका छोरा बल्लालसेन लगभग ११५८ ई०मा सेन वंशको राजगद्दीमा बसे। उनकी आमा विलासदेवी पश्चिमी बंगाल की सूर परिवारकी थिइन्। यी राजाले पनि विजयको प्रक्रिया जारी राखे। उनको राज्यमा राढ़, वारेन्द्री, वागडी, वंग र मिथिलाका केही अंश सम्मिलित थिए। उनी त्यति ठूला विजेता थिएनन् जति विद्या-प्रेमी थिए। भनिन्छ कि उनले आफ्ना गुरुको सहायतावाट 'दानसागर' र 'अद्भुतसागर' नामक दुइटा ग्रन्थको रचना गरे र अनेक विद्वानलाई आश्रय प्रदान गरे। उनी पूर्णतः वंगाली भएका थिए। उनले वर्ण-व्यवस्थाको स्थापना गरे। किम्बदन्ती छ कि उनले वंगालमा एक प्रथा प्रचलित गरे जसलाई 'कुलीन प्रथा' भनिन्छ। यो प्रथाको उद्देश्य तत्कालीन हिन्दू समाजमा रक्त-पवित्रता र वंश-शुद्धतालाई सुरक्षित राख्नु थियो। तर कुनै अभिलेखले पनि यस कुरालाई प्रमाणित गरेको छैन। वल्लालसेन पनि आफ्ना पिता जस्तै शैव थिए।

लक्ष्मणसेन (११७८-१२०६ ई०)

बल्लालसेन पछि उनका छोरा लक्ष्मणसेन सुविस्तृत सेन राज्यका स्वामी भए। उनी दिल्लीका चौहान राजा पृथ्वीराज र कन्नौजका गढ़वाल राजा जयचन्दका समकालीन थिए। आफ्ना पिता बल्लालसेन जस्तै उनी प्रतापी र विजेता थिए। उनी सेन राजकुलका अन्तिम समर्थवान् शासक थिए। यस्तो अनुमान छ कि आफ्नो शासनको आरम्भमा उनले कामरूप र कलिङ्गका छिमेकी राज्यहरू माथि विजय

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गरेका थिए। यस्तो पनि भनाइ छ कि शाहाबुद्दीन गोरीसित जयचन्दको युद्धकालमा नै लक्ष्मणसेनले जयचन्दबाट काशी र प्रयाग जिते र आफ्नो विजय-स्तम्भ खड़ा गरे। तर डा० त्रिपाठीले लेखेका छन्, "तर उनको अर्को विजय र काशी तथा प्रयागमा 'विजयस्तम्भ' खड़ा गर्ने' कुरा सर्वथा निराधार हो।" *

मुसलमान इतिहासकारहरूको भनाइ छ कि लक्ष्मणसेन अत्यन्त कायर थिए। उनीहरूले लेखेका छन् कि मुहम्मद-इब्न-बख्त्यार खिलजीले जब ११९९ ई० मा बिहार जिते र बौद्ध भिक्षुहरूलाई बध गर्दै अल्प संख्यक सेनासित नदिया भन्ने ठाउँमा पुगे तब लक्ष्मण-सेनले उनीहरूलाई निर्विरोध बाटो दिए र स्वयं राजप्रासादको पछिको ढोकाबाट निस्केर भागे।

लक्ष्मणसेनको शासन-व्यवस्था अत्यन्त दुर्बल थियो तसर्थ बख्त्या-रले कथित १८ घोड़सवारसित राजधानी सम्म पुगेर उनलाई जिते। लक्ष्मणसेन भागेर गंगा पारी गए र त्यहां करीब १२०६ ई० सम्म शासन गरे। यति सानो सेना संग बख्त्यार को अत्याचार पूर्वक हमला निस्सन्देह भारतीय इतिहास को एक अपूर्व घटना हो।

यो घटना लक्ष्मणसेन माथि एउटा भयंकर कलंक पनि हो। मिनहाज उद्दीन नामक इतिहासकारले लेखेका छन् कि लक्ष्मणसेनले ८० वर्ष सम्म शासन गरे, तर अर्को इतिहासकारहरूले यसलाई ठीक मानेका

---

* But his other martial exploits and the alleged erection of "pillars of victory" at Benares and Allahabad are but empty vaunts & have no basis in fact.

CC-0. In Public Domain. Digitization by eGangotri

छैनन्। संभवतः उनी ११७८ ई० मा शासक भए। केही इतिहासकारले उनलाई लक्ष्मण-संवतका प्रवर्त्तक मानेका छन् तर यो कुरा पनि विवादास्पद नै छ। उनले स्वयं आफ्ना पिता द्वारा आरंभ गरिएको काव्य अद्भुत सागर लाई पूरा गरे। मुसलमान आक्रमण पछि उनी विक्रमपुरमा गएर बसे र त्यहां उनका दुइटा छोराले करीब १८ वर्षसम्म शासन गरे। त्यसपछि यो वंश को अन्त र मुसलमान शासन को आरंभ भयो।

लक्ष्मणसेन विद्या एवं विद्वान्हरूका संरक्षक थिए र उनको दरबारमा जयदेव, हलायुद्ध, धोयिक अथवा धोयी र श्रीधर दास जस्ता साहित्यकारहरू बस्दथे।

महत्व (Importance):—

सेन शासन-कालमा संस्कृत साहित्यको प्रशस्त विकास भयो। अनेक प्राचीन राजा जस्तै बल्लालसेन र लक्ष्मणसेन स्वयं साहित्यकार र साहित्यकारहरूका संरक्षक थिए। सुप्रसिद्ध कवि जयदेव लक्ष्मणसेनका दरबारी कवि थिए, जसले 'गीत-गोविन्द' को रचना गरे। 'पवनदूत' को रचयिता धोयिक पनि सेन शासनकालमा उत्पन्न भए। यस बाहेक उमापति, शरण र गोबर्द्धन लक्ष्मणसेनका दरबारी कवि थिए। बंगालमा कुलीन-प्रथा र वर्णाश्रम-धर्म सम्बन्धी समाज सुधारको आन्दोलन यस युगमा भयो। बौध धर्मको विकृतरूप पनि यहींबाट शुरू हुन्छ। सेनवंश पछि बंगाल कैयौं भागमा विभक्त भयो।

\+ \+
\+ \+

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय २१

The Southern Dynasties

(दक्षिणका राजवंश)

The Pallavas

(पल्लवहरू)

पल्लवहरूको मूलको सम्बन्धमा धेरै विवाद छ। दक्षिण भारतको परम्परागत शक्ति मध्ये चेर, चोल र पाण्ड्य मात्रको उल्लेख छ। फलस्वरूप केही इतिहासकारको भनाइ छ कि उनी विदेशी थिए तर यस सम्बन्धमा डा० काशीप्रसादको भनाइ छ, " उनी न त विदेशी थिए, न द्रविड बरु उत्तर का शुद्ध अभिजात्य कुलीन ब्राह्मण थिए।" ❀ उनी-हरू वाकटक को शाखा र युद्धजीवी ब्राह्मण थिए। केही विचारकहरू को भनाइ छ कि उनी सुदूर दक्षिणका आदि निवासी थिए र कुरुम्ब, कल्लर तथा अन्य जंगली जातिहरूसित उनको सम्बन्ध थियो। तिनीहरूलाई संगठित गरेर पल्लवले आफूलाई शक्तिशाली बनाए। तेस्रो मत यो हो कि पल्लव चोड़नाग-कुलका थिए र सुदूर दक्षिण एवं सिंहलका निवासी थिए। किल्लीवल्वन चोल र मणिपल्लव (सिंहल तटको एक द्वीप) का राजा वलैवणन्की छोरी नाग-राजकुमारीलाई पिलिवलय बाट एउटा छोरा जन्मे जसलाई उनका बाबुले तोड़मण्ड-लम्‌का राजा बनाए। संगम साहित्यमा पल्लवलाई तोण्डैयर भनिएको

❀ Were "neither foreigners nor Dravidians, but good Brahmin aristocrats from the North, military by profession."

CC-0. In Public Domain. Digitization by eGangotri

छ। कृष्णस्वामी आयन्गरको मतानुसार उनी नाग राजाहरूका वंशज थिए जो सातवाहन का सामन्त थिए। डा० त्रिपाठीको भनाइ छ, "तालगुण्ड अभिलेखमा कदम्ब मयूरशर्मन ले काञ्ची माथि "पल्लव क्षत्रियहरू', को प्रभावलाई भर्त्सना गर्दछन् जसबाट स्पष्ट हुन्छ कि पल्लव क्षत्रिय थिए।"✽ प्रो० रावको भनाइ छ, "पल्लवहरूको मूल अहिले सम्म रहस्य बनेको छ।" ⋐ तर डा० कृष्णस्वामी आयन्गार को भनाइ छ कि पल्लवहरू सतवाहनहरूका सामन्त थिए। सतवाहन-को पतन पछि उनीहरूले "पल्लव नामक नयां वंशको स्थापना गरे जो प्राचीन सरदारहरू भन्दा भिन्न थिए।" *

उत्पत्ति [Origin]

राजसिंहको वायालु-स्तंभलेख तथा प्राकृत भाषामा लेखिएको ताम्रपत्र लेखबाट ज्ञात हुन्छ कि अशोक भन्दा अगाडि पनि पल्लव थिए। आन्ध्र साम्राज्यको पतन पछि उनको यथार्थ इतिहासको प्रारंभ हुन्छ। तेस्रो-चौथो शताब्दीमा पल्लवको उदय भयो। रॉलिन्सन (*Rawlinson*) को कथन छ कि पल्लवको उदय ३२५ ई० मा पूर्व तटमा भयो। पल्लव शब्द डाकू अथवा बदमाशको पर्यायवाची हुन्छ।

✽ Indeed, in the Talagunda inscription the Kadamba Mayurasarman deplores the influence over Kanchi of the "Pallava Kshatriys" which expression doubtless indicates the Kshatriya stock of the Pallavas.

⋐ "The origin of the Pallavas has remained till now a mystery."

* Founded the new dynasty of the Pallavas, as distinct from older chieftains.

CC-0. In Public Domain. Digitization by eGangotri

करीब ३५० ई० मा उनले काञ्ची अथवा काञ्जीवरम् माथि अधिकार जमाए। यो वंशका संस्थापक वप्पदेव थिए। उनले तेलगू र तामिल प्रदेश माथि शासन गरे।

शिवस्कन्द वर्मन्

शिवस्कन्द वर्मन् वप्पदेवका छोरा थिए। उनले चौथो शताब्दीको प्रारंभमा शासन गरे। उनी शक्तिशाली शासक थिए। उनले आफ्ना पिताको राज्यलाई अझ विस्तृत बनाए। अश्वमेध, वाजपेय तथा अग्निष्टोम यज्ञको अनुष्ठान गरे। उनले 'धर्ममहाराज' को उपाधि धारण गरे। हीर हड़गल्ली (बिलारी जिल्ला) को ग्रामदान लेखबाट प्रमाणित हुन्छ कि दक्षिण डेक्कान (Deccan) र विशेषतः साताहनी-रट्ट उनको अधिकार मान्दथे। केही मानिसको भनाइ अनुसार उनी नै विजयस्कन्ध वर्मन पनि थिए।

विष्णुगोप

उनी महान् गुप्त शासक समुद्रगुप्तका समकालीन थिए जसलाई समुद्रगुप्तले पराजित गरे। यस प्रकार उनी चौथो शताब्दीको मध्य तिर शासक भएका थिए। उनको उल्लेख समुद्रगुप्तको प्रयाग शिलालेखमा कांचीका शासकको रूपमा छ। उनको शासन काल संभवतः ३५०—३७५ ई० थियो। डा० त्रिपाठी को भनाइ छ, "प्रारंभिक पल्लव राजाहरूमा उनी प्रमुख थिए। यी राजा बौद्धधर्मावलम्बी थिए।" ☙

☙ Another important figure in early Pallava annals is Vishnugopa.

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहविष्णु

छैठौं शताब्दी देखि पल्लव को प्रामाणिक इतिहास भेटिन्छ। त्यो बेला देखि उनको शक्तिको विकास बहुतै गतिलो भएको प्रतीत हुन्छ। उनी यो वंशका यथार्थ र ऐतिहासिक संस्थापक थिए। उनीलाई सिंह-विष्णु पोत्तरायन, अवनिसिंह र अवविष्णु पनि भनिन्छ। उनी बहुत प्रसिद्ध र शक्तिशाली शासक थिए। उनले आफ्नो राज्य-विस्तार समस्त कावेरीको प्रदेश सम्म गरे। उनले चोल, पाण्ड्य, कलभ्र, सिंहल र मलनाड् (मालव) लाई आफ्नो दक्षिणी आक्रमण को बेलामा पराजित गरे। उनी विष्णुका भक्त थिए। उनले ५७५ई० देखि ६०० ई० सम्म शासन गरे।

महेन्द्रवर्मन् प्रथम

सातौं शताब्दीको प्रारम्भमा सिंहविष्णुका छोरा महेन्द्रवर्मन् काञ्चीका शासक भए। उनलाई महेन्द्रविक्रम पनि भनिन्छ। डा० एच० सी० राय चौधरीको भनाइ अनुसार उनको शासन-कालमा पल्लव तथा उनका उत्तरी शत्रु वातापीका चालुक्य मध्ये दक्षिण भारतको आधिपत्य को निमित्त महान् संघर्ष भयो।"* ऐहोल-अभिलेखानुसार चालुक्य नरेश पुलकेशिन द्वितीयले पल्लवलाई पराजित गरे तर कसकुडी-ताम्र-पत्रमा महेन्द्रवर्मन् द्वारा चालुक्य नृपतिलाई पराजित गरेको उल्लेख पाइन्छ। संभव छ कि महेन्द्रवर्मन्ले कुनै अर्को सानो तिनो युद्धमा उनलाई हराए। यो युद्धको परिणामस्वरूप उनले वेंगीको राज्य पुलकेशिनलाई दिनु पर्‍यो जहाँ उनका भाइ कुब्ज-विष्णुवर्द्धनले शासन गरे। उनले ६००ई० देखि ६३० ई० सम्म शासन गरे।

* Whose reign saw the beginning of the great struggle between the Pallavas and their northern enemies the Chalukyas of Vatapi for the mastery of Southern India.

CC-0. In Public Domain. Digitization by eGangotri

उनी कवि र संगीतज्ञ थिए। उनको संगीत-रचनाको नमूना र आदर्श 'पड्डुकोइ' को शिलालेखमा पाइन्छ। उनले 'मत्तविलास-प्रहसन' नामक ग्रन्थ लेखे जसमा कापालिक, पाशुपत, बौद्ध-भिक्षुहरूको भ्रष्टाचारको उल्लेख पाइन्छ। उनी पहिले कट्टर जैन थिए तर पछि शैव भए। धर्म परिवर्तन गरे तापनि उनी उदार थिए। उनले शैव-मन्दिर बाहेक ब्राह्मण र वैष्णव मन्दिर पनि बनाउन लगाए।

उनले चैत्यकारि (मन्दिर बनाउने) चित्रकारपल्ली (चित्रकारमा सिंह) मत्तविलास (विलासमा मग्न) र विचित्र-चित्त (अनौठो मस्तिष्कका) आदि उपाधि धारण गरे।

नरसिंहवर्मन् प्रथम

महेन्द्रवर्मन् प्रथम पछि उनका छोरा नरसिंहवर्मन् प्रथम राजा भए। उनले ६३० ई० देखि ६६८ ई० सम्म शासन गरे। उनलाई नरसिंह-वर्मन प्रथम महामल्ल पनि भनिन्छ। उनी पल्लव कुलका सब भन्दा महान् राजा थिए। उनी सम्पूर्ण दक्षिण भारतका प्रभुसत्तासम्पन्न शासक थिए। उनले चालुक्य-राज माथि आक्रमण गरेर त्यसको राजधानी वातापी (वादामी) माथि आधिपत्य जमाए जहां पुलकेशिन द्वितीय मारिए। यो विजयको उपलक्षमा उनले वातापीकोराड (वातापी विजेत्ता) को उपाधि धारण गरे। त्यो बेला सिंहलमा गृहयुद्ध हुंदै थियो र राजगद्दीका एक अधिकारी मानवम्मले नरसिंहको राजधानीमा शरण लिए। उनले (नरसिंह) दुइ पल्ट मानवम्मको सहायताको लागि नौसेना पठाए। दोस्रो अभियानमा उनले पूर्ण सफलता प्राप्त गरेर मानवम्मलाई त्यहांको शासक बनाए। डा० त्रिपाठीको भनाइ छ, "यो आक्रमणको प्रभाव जन-मानस माथि त्यत्ति गहिरो पर्‍यो कि यसको संझना श्री राचन्द्रको लंका-विजय जस्तै धेरै काल सम्म हुंदै रह्यो र

CC-0. In Public Domain. Digitization by eGangotri

मानवम्मको शक्ति त्यहां प्रतिष्ठित भयो।"✻ उनी सफल विजेता मात्र थिएनन् अझ एक सफल निर्माता पनि थिए। उनले त्रिचनापल्ली जिल्ला र पुदुकोटाका कैयौं मन्दिर ढुंगा काटेर बनाउन लगाए। उनले आफ्नो उपनाम 'महामल्ल' अनुसार काञ्ची नजिकै महाबलिपुरम् अथवा महामल्लपुरम् नामक नगर बसाए र त्यहां धेरै मन्दिर बनाए।

सुप्रसिद्ध चिनियां यात्री ह्यूनत्सांग नरसिंहवर्मन प्रथमको शासन-कालमा कांची गए र त्यहां केही कालको लागि बसे। उनको भनाइ अनुसार त्यहांको—"भूमि उर्वर छ, नियमपूर्वक जोतिन्छ र धेरै अन्न उत्पन्न हुन्छ। विभिन्न प्रकारको फल-फूल हुन्छ। बहुमूल्य रत्न र अन्य वस्तुहरू उत्पन्न हुन्छन्। जलवायु उष्ण छ र प्रजा साहसी छन्। मानिस सत्यप्रिय र इमानदार छन्। उनीहरू विद्याको बड़ो आदर गर्दछन्। भाषा र लिपि मध्यदेश भन्दा धेरै भिन्न छैनन्। करीब १०० संघाराम र त्यसमा १०००८ जना भिक्षुहरू छन्। तिनीहरू जम्मैं महायान संप्रदायका स्थविर [चांग-त्सो-पु] शाखाका अनुयायी छन्। त्यहां प्रायः ८० देवमन्दिर र अनेक निर्गन्थ छन्।" ह्यूनत्सांग को भनाइ छ कि तथागत (बुद्ध) कैयौं पल्ट त्यहां धर्मोपदेशको निमित्त आफैं पुगेका थिए। अशोकले त्यहां धेरै स्तूपहरू को निर्माण गरे। उनको भनाइ अनुसार नालन्दा विश्वविद्यालयका प्रसिद्ध बौद्धाचार्य धर्मपाल काञ्चीका निवासी थिए।

✻ The invasion created such a profound impression on popular mind that it was long remembered like Sri Ramchandra's conquest of Lanka.

CC-0. In Public Domain. Digitization by eGangotri

महेन्द्रवर्मन् द्वितीय

नरसिंहवर्मनको शासन पछि उनका छोरा महेन्द्रवर्मन शासक भए। उनले ६६८ ई० देखि ६७० ई० सम्म शासन गरे। उनको अल्पकालीन शासन-कालमा कुनै उल्लेखनीय घटना घटेन।

परमेश्वरवर्मन् प्रथम

महेन्द्रवर्मन् पछि उनका छोरा परमेश्वरवर्मन् गद्दीमा बसे। उनले ६७० ई० देखि ६८० ई० सम्म शासन गरे। उनको पालामा चालुक्य, पाण्डेय र गंगहरूमा संझौता भएकोले परमेश्वरवर्मनको विरुद्ध संघर्ष बहुतै तीखो भयो, तर उनले वातापी माथि हमला गरेर त्यो संघर्षलाई विफल बनाए। गडवल पत्र लेख अनुसार चालुक्य राजा विक्रमादित्यले पल्लवहरूलाई पराजित गरेर कांची माथि अधिकार जमाए र कावेरी तटको उरगपुर सम्म आक्रमण गरे। परन्तु पल्लव-अभिलेखहरूमा यसको विपरीत कुराहरूको उल्लेख गरिएको छ। त्यसबाट यो अनुमान गरिन्छ कि कुनै पक्षले निश्चित र पूर्ण विजय प्राप्त गर्न सकेनन। परमेश्वरवर्मन् शिवका उपासक थिए। उनले अनेक मन्दिरको निर्माण गरे।

नरसिंहवर्मन् द्वितीय

परमेश्वरवर्मन का पुत्र नरसिंहवर्मन द्वितीय उनको मृत्यु पछि राजा भए। उनले ६८० ई० देखि ७२० ई० सम्म शासन गरे। उनले राजसिंह [राजाहरूमा सिंह] को उपाधि धारण गरे। उनको लामो शासन-कालमा शान्ति र समृद्धि थियो। त्यो बेलामा संस्कृतले धेरै प्रोत्साहन पायो। उनले कैलाशनाथका विख्यात मन्दिर बनाए। कांचीको ऐरावतेश्वर तथा महावलिपुरम्मा समुद्रतटको मन्दिर पनि उनीले बनाए। उनी विद्वानहरूका संरक्षक थिए र यस्तो भनाइ छ कि प्रसिद्ध

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचक काव्य-शास्त्रका आचार्य दण्डो उनको दरबारमा बस्दथे। चीनसम्म व्यापारको निमित्त दूत-मण्डल पठाइयो। ६८१–७३३ ई० सम्मको पल्लव-चालुक्य संघर्षको अन्त भएकाले यो सांस्कृतिक प्रगति संभव भयो।

परमेश्वरवर्मन् द्वितीय

नरसिंहवर्मन् द्वितीय पछि उनका छोरा परमेश्वरवर्मन गद्दीमा बसे। उनले ७२० ई० देखि ७३३ ई० सम्म शासन गरे। उनको शासन-कालमा चालुक्यहरूले युवराज विक्रमादित्य द्वितीयको नेतृत्वमा पल्लव माथि आक्रमण गरे। उनको राज्य-कालमा चालुक्य आक्रमण-कारीलाई कर दिनु पर्‍यो। उनका पालामा शान्ति र सुव्यवस्था थियो।

नन्दिवर्मन् द्वितीय

परमेश्वरवर्मन् द्वितीयका उत्तराधिकारी नन्दिवर्मन द्वितीय थिए। उनले ७३३ ई० देखि ७९८ ई० सम्म शासन गरे। उनी पल्लव वंशका महान् शासक थिए। उनको शासन-कालमा पल्लव र चालुक्य को बीचमा एक पल्ट फेरि युद्ध प्रारंभ भयो। चालुक्यले ७४० ई० मा विक्रमा-दित्य द्वितीयको नेतृत्वमा पल्लव माथि विजय प्राप्त गरे तर नन्दिवर्मनले युद्ध गरेर फेरि आफ्नो राज्य फर्काए र आफ्नो गद्दीमा बसे। नन्दिव-र्मनले पाण्ड्य तथा राष्ट्रकूटको विरुद्ध युद्ध गरे। उनले चालुक्य राज्यको पूर्वी भाग माथि विजय गरे। राष्ट्रकूट-राजा दन्तिदुर्गले ७५० ई० मा पल्लवको राजधानी कांची माथि आक्रमण गरे तर पछि उनले आफ्नी छोरी रेवाको विवाह नन्दिवर्मन्‌सित गर्नु पर्‍यो। नन्दिवर्मनले ७७५ ई० मा गंगराज श्रीपुरुषलाई पराजित गरे तर उनी पांड्यराज जटिल परान्तक प्रथमबाट

CC-0. In Public Domain. Digitization by eGangotri

हराइए। उनले अश्वमेध यज्ञ गरे। उनी वैष्णव मतालम्बी थिए औ बीर र पराक्रमी शासक पनि। उनले पल्लवमल्लको उपाधि धारण गरे।

नन्दिवर्मनले काञ्चीमा वैकुण्ठपेरुमाल को मन्दिर बनाउन लगाए। उनले अरू मन्दिरहरू पनि निर्माण गराए। महाबलिपुरम् को आदिवराह मन्दिरको अभिलेखबाट स्पष्ट हुन्छ कि उनले कम से कम ६५ वर्षसम्म राज्य गरे।

दन्तिवर्मन्

राष्ट्रकूट-रानी रेवाबाट उत्पन्न पुत्र दन्तिवर्मन् नन्दिवर्मनका उत्तराधिकारी भए। उनले ७९८ ई० देखि ८४५ ई० सम्म शासन गरे। दन्तिवर्मन्ले पाण्ड्य आक्रमणकारी वरगुण प्रथम-लाई तन्जौर, त्रिचनापल्ली आदि दक्षिणका धेरै प्रान्तहरू समर्पित गर्नु पर्‍यो। उनकी आमा रेवा यद्यपि राष्ट्रकूट वंशका दन्तिदुर्गकी छोरी थिइन तापनि यस्तो भनाइ छ कि राष्ट्रकूट वंशकै गोविन्द तृतीयले करीब ८०४ ई० मा काञ्ची माथि आक्रमण गरेर त्यसका राजा दन्तिवर्मनलाई पराजित गरे। उनको पालामा भक्ति-आन्दोलनको जोर थियो। त्यसै बेलामा महान् शंकराचार्यको आविर्भाव भयो।

नन्दिवर्मन् तृतीय

दन्तिवर्मन पछि उनका छोरा नन्दिवर्मन तृतीय गद्दीमा बसे। उनले ८४५ ई० देखि ८६६ ई० सम्म शासन गरे। उनले गंग, चोल, राष्ट्रकूट र लङ्काका राजासित सन्धि गरेर पाण्ड्य-राज श्रीमार श्रीवल्लभ को शक्तिलाई क्षीण गराए। उनले दक्षिणपट्टि आफ्नो सीमाको विस्तार गरे, तर अन्तमा कुम्भकोणको युद्धमा ८५९ ई० मा उनको हार

CC-0. In Public Domain. Digitization by eGangotri

भयो उनीसंग नौसेना पनि थियो जसको मदतबाट उनले मलाया प्रद्वीपसित सम्पर्क राखे

नृपतुङ्गवर्मन्

नन्दीवर्मन् तृतीय पछि उनका छोरा नृपतुङ्ग राजा भए। उनले ८६६ ई० देखि ८७६ ई० सम्म शासन गरे। उनले पाण्ड्यराज श्रीमार-लाई हराएर आफ्नो पिताको बदला लिए। लङ्काका राजा सेन द्वितीय-ले उनको राजधानी मदुरालाई ध्वस्त पारे।

अपराजित वर्मन्

यो वंशका अन्तिम राजा अपराजितवर्मन् ८७६ ई० देखि ८९५ ई० सम्म शासन गरे। उनले ८८० ई० मा नरेश पृथ्वीपति प्रथमसंग संघ बनाएर पाण्ड्य नृपति वरगुण द्वितीयलाई कुम्भकोनम्को छेउमा श्री पुरम्बीयको युद्धमा पूर्णतः परास्त गरे तर चोल राजा आदित्य प्रथमले अपराजितलाई पराजित गरेर उनको राज्य तोण्डमण्डलम् माथि आधि-पत्य जमाए। यस प्रकार पल्लववंशको राज्यको अन्त भयो। करीब सात शताब्दी सम्म शासन गरे पछि शक्तिशाली पल्लव-राज्य दक्षिण को राजनीति देखि लुप्त भयो र चोलहरू संप्रभुता सम्पन्न भए। निःसन्देह त्यसपछि पनि बाह्रौं शताब्दी सम्म पल्लव वंशका राजा हुंदै रहे तर तिनीहरूको दर्जा सामन्तहरूको जस्तो मात्र थियो। सत्रौं शताब्दी पछि पल्लवहरूको सम्पूर्ण चिन्ह लुप्त भयो। यस समयमा उनीहरूले शासन, कला र साहित्यलाई प्रभावित गरे। डा० राय चौधरीको भनाइ छ, "कांचीको पल्लव वंश भारतको राजनीतिक एवं

CC-0. In Public Domain. Digitization by eGangotri

सांस्कृतिक इतिहासमा स्मरणीय छ ।"❀

शासन-पद्धति [Administration]—

डा० त्रिपाठीको भनाइ छ, "प्रायः ७ शताब्दीको शासनको आफ्नो अमिट प्रभाव पल्लवहरूले तामिल देशको शासन-प्रणाली, धर्म, साहित्य र कला माथि पारे ।" ❀

पल्लवहरूको शासन-व्यवस्था राजतंत्रात्मक थियो । राजा शासनका केन्द्र थिए र अभिलेखहरूमा उनलाई महाराज तथा धर्म महाराज लेखिएको छ । पल्लवको शासन-व्यवस्था सुव्यवस्थित थियो । प्रत्येक विभागमा राजाको सहायताको लागि मंत्री नियुक्त रहन्थे । उनीहरूलाई "रहस्यादिकदा" भनिन्थ्यो । राजाको आज्ञा उनको निजी मंत्री (प्राइवेट सेक्रेटरी) लेख्दथे । मौर्य र गुप्त शासन-विधान जस्तै पल्लवको शासनमा पनि नागरिक र सैन्य अधिकारीको उच्चावच क्रम (hierarchy) थियो । अभिलेखमा मुख्य पदाधिकारीहरू को सम्बन्धमा यसप्रकार उल्लेख छ :-

राजकुमार, जिल्लाधीश [रट्टिक], मदम्व [भत्सारका अधिकारी], देशाधिकृत [स्थानीय संरक्षक], ग्रामभोजक [गाउँका मुखिया] गौल्मिक [सेनानायक वा जंगलका अधिकारी], दूतक [सन्देशवाहक], संजरन्तक

❀ The epoch of the Pallavas of Kanchi is memorable in the political and cultural history of India.

❀ In the course of their rule for about seven centuries, the Pallavas left an indelible impression on the administration, religion, literature and art of Tamil country.

CC-0. In Public Domain. Digitization by eGangotri

[गुप्तचर], भट्ट-मनुष्य [सैनिक] आदि। शासन-सुविधाको दृष्टिले संपूर्ण साम्राज्य कैयौं प्रान्तहरूमा बांडिएको थियो जसलाई राष्ट्र अथवा मण्डल भनिन्थ्यो। त्यसको अधिकारी राज्यकुल अथवा आभिजात्यकुल बाट नियुक्त हुन्थे। त्यो भन्दा सानो एकाइ कोट्टम र नाडु थिए जसका शासक पनि अधिकारी हुन्थे। शासनको सब भन्दा तल्लो तह ग्राम थियो जसका अधिकारीलाई मुखिया भनिन्थ्यो। प्रत्येक ग्राममा ग्रामसभाको व्यवस्था थियो। ग्रामसभाले स्थानीय न्याय, रक्षा र सार्वजनिक हितको कार्य गर्ने अधिकार प्राप्त गरेको थियो। त्यसले सामाजिक संस्थालाई पनि हेरचाह गर्नु पर्दथ्यो। ग्रामसभाले उद्यान, मन्दिर, पोखरी आदिको व्यवस्था आफ्नो उपसमितिबाट गर्दथ्यो। प्रायः सार्वजनिक दानको प्रबन्ध पनि उसकै जिम्मामा रहन्थ्यो। राज्यलाई भूमि, उद्योग र व्यापारबाट आय हुन्थ्यो। सरकारले भूमिको मापको व्यवस्था र सिंचाईको प्रबन्ध गर्नु पर्दथ्यो। यति भन्नु पर्याप्त हुनेछ कि साम्राज्यमा अधिकारीहरूको निरीक्षण र सामान्य नियंत्रणमा उक्त ग्रामसभालाई ग्रामीण कार्यको प्रबन्धमा पूर्ण स्वतन्त्रता थियो। ब्राह्मण र शिक्षकले राज्यबाट वृत्ति पाउंथे। गाउंबाट १८ प्रकारको कर लिइन्थ्यो। मालपोत असूल गर्नको लागि उब्जाउ र रुक्खो खेतको पूरा बेहोरा राखिन्थ्यो। त्यसको स्पष्ट सीमा निर्दिष्ट हुन्थ्यो। हीरहडगल्लीको पत्रलेख अनुसार घांस, फूल, दूध, तरकारी; चीनी आदि माथि कर लगाउने व्यवस्था थिएन। जम्मा अष्टादश परिहार [१८ प्रकारको कर] को व्यवस्था थियो। डा० त्रिपाठीको भनाइ अनुसार, "यस प्रकार करको सम्पूर्ण लेखा-जोखा राखिन्थ्यो। जनताको साधनलाई पूर्णतः उपयोग गरिन्थ्यो र त्यसबाट प्राप्त आयको शासन माथि समुचित व्यय हुन्थ्यो. जो सुव्यवस्थित थियो।" ❀

❀ Thus, the resources of the people were fully

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य (Literature):—

पल्लवहरूको शासन कैयौं दृष्टिकोणले धेरै महत्त्वपूर्ण थियो । यो कालमा साहित्यको क्षेत्रमा धेरै प्रगति भयो । पल्लव-शासक शिक्षाका महान संरक्षक थिए । पल्लव-अभिलेख विशेषतः संस्कृतमा छन् । काञ्ची प्राचीन काल देखि नै विद्या र कलाको केन्द्र थियो । त्यहाँ एक ठूलो विश्वविद्यालय थियो । प्रसिद्ध बौद्ध दार्शनिक दिङनाग आफ्नो बौद्धिक र आध्यात्मिक पिपासा शान्त गर्नको लागि काञ्ची आएका थिए । चौथो शताब्दीको मध्यमा कदम्ब-राजकुलका प्रतिष्ठाता ब्राह्मण मयूरशर्मनले यहीं आफ्नो वैदिक अध्ययन समाप्त गरेका थिए । छैठौं शताब्दीको अन्तमा सिंहविष्णुले अफ्नो राजसभामा महाकवि भारविलाई आमन्त्रित गरेका थिए । सातौं शताब्दीको अन्तमा नरसिंहवर्मन् द्वितीयको दरवारमा आचार्य दण्डी वस्दथे । राजा महेन्द्रवर्मन् स्वयं एक लेखक थिए र उनले 'मत्त विलास प्रहसन' को रचना गरे । कांचीको समीप कुरम स्थानको एक मण्डपमा सम्पूर्ण महाभारतको पाठ गर्ने व्यवस्था भएको थियो । त्यहां ब्राह्मणहरूका १०८ परिवार पूर्णतः वेदको अध्ययनमा लागेका थिए । केही विचारकहरूको मत छ कि भास र शूद्रक को नाटक पल्लव-दरवारमा नै प्रदर्शित हुनको लागि संक्षिप्त गरिएको थियो ।

धर्म (Religion)—यो युगमा वैष्णव र शैव धर्मको प्रधानता थियो तर जैन र बौद्ध धर्मलाई पनि प्रोत्साहन दिइन्थ्यो । ह्यूनत्सांग

---

tapped and harnessed in the interests of administration, which was well organised."

CC-0. In Public Domain. Digitization by eGangotri

को भनाइ अनुसार, " प्रायः १०० संघाराम र १०००० भिक्षु छन्। उनीहरू जम्मै महायान सम्प्रदायका छन् र स्थविर शाखाको सिद्धान्त को अध्ययन गर्दछन।"

पल्लव राजाहरू धार्मिक सहिष्णुताको सिद्धान्तमा विश्वास गर्दथे। पल्लवकुलका केही राजा जैन थिए तर अधिकांश शासक ब्राह्मण धर्मका अनुयायी थिए। शंकराचार्य यसै युगमा उत्पन्न भए। उनको जन्म मालावार तटमा भयको थियो। उनले भारतका असंख्य जनतामा शिवोपासनालाई प्रिय बनाउने प्रयास गरे। उनी उत्कृष्ट वेदान्तशास्त्री र अद्वैतवादी सिद्धान्तका प्रवर्त्तक थिए। पल्लवहरूले आठौं शताब्दीमा हुने धार्मिक सुधारको लागि आधारको निर्माण गरे। यसै कालमा दक्षिण भारतमा आर्य-संस्कृति र सभ्यताको प्रचार भयो। काञ्चीबाट दक्षिणमा तथा भारतीय उपनिवेशमा संस्कृतको प्रचार भयो।

कला र वास्तु-कला (Art and architecture):—

पल्लव-शासनकालमा कलाले धेरै प्रोत्साहन पाएको थियो। धार्मिक पुनर्जीवनको कारणले उनीहरूको निर्माण-प्रवृत्तिले प्रेरणा पायो। पल्लवहरूको वास्तुकला ज्यादै उन्नत र असाधारण थियो। ग्राउसेटको भनाइ छ, "अति प्रारम्भिक समय देखि उनीहरूले आफ्नो ढंगको भवन निर्माण गरे जो दक्षिणका जम्मै शैलीको आधारशिला प्रस्तुत गर्ने भयो।"* यस समयमा भिन्न भिन्न शैलीका मन्दिरको

* "From an early date they created an architecture of their own which was to be the basis of all the styles of the south."

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माण भयो। पहिलो प्रकारको मन्दिरको शैली महेन्द्रवर्मन् प्रथम द्वारा आविष्कृत दक्षिण भारतमा सर्वथा नवीन थियो। यो शैलीको समय करीब ६००-६२५ ई० थियो। यसमा गुफा-शैली (Cave-style) को निर्माण र विकास भयो जो आफ्नो सरलताकोलागि प्रसिद्ध थियो। ठूला ठूला ढुंगालाई काटेर तिनीहरूबाट मन्दिर बनाइन्थ्यो। यस बाहिर एक प्रांगण हुन्थ्यो र एक आयाताकार कोठो हुन्थ्यो जसमा स्तम्भ बनाइएको हुंथ्यो। उदाहरणको लागि कांची तथा अन्य स्थान-का मन्दिर बाहेक पल्लवरम्, दक्षिण अर्काट, चिंगलपुट, त्रिचनापल्ली तथा मामन्दूरका मन्दिर यसै शैलीका छन्। दोस्रो प्रकारको मन्दिर-शैलीका आविष्कारक नरसिंहवर्मन् प्रथम महामल्ल थिए। यसको काल करीब ६२५-६७४ ई० थियो। यो कालमा नै भगीरथबाट गंगा को ओर्लाइको अवतरण भएको ९८ फी० लामो र ४३ फी० चौड़ा भएको मूर्ति ढुंगालाई काटेर बनाइयो। परिश्रम तथा साधनाको कारण कङ्काल अवशिष्ट भगीरथ आफूसित गंगालाई स्वर्गबाट भूतलमा ल्याउने प्रयास गर्दै रहेका छन् र अनन्तोगत्वा गंगा स्वर्गबाट देवता पशु आदिसित भूतलमा ओर्लिइन। विश्वविख्यात सप्तरथ मन्दिरको निर्माण पनि यसै कालमा भयो। मामल्लपुरममा विद्यमान रथ-मन्दिर र मूर्त्ति पल्लवराजाका अमर कीर्त्ति हुन।

तेस्रो शैली राजसिंह-शैली [६७४–८०० ई०] हो। यसको आविष्कार नरसिंहवर्मन् द्वितीय राजसिंहको कालमा [६८०—७२० ई०] भयो। उनले विख्यात कैलाशनाथ अथवा राजसिंहेश्वर को मन्दिर बनाए। काञ्चीको ऐरावतेश्वर तथा महाबलिपुरम को तथाकथित 'शोर' मन्दिर पनि उनले नै बनाए। यो शैलीका मन्दिर ढुंगा तथा ईंटबाट बनिएका छन्। तल्लो भागमा ढुंगा तथा माथिल्लो भागमा ईंटको प्रयोग गरिन्थ्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

यस कालको चौथो तथा अन्तिम शैलीलाई अपराजित शैली [९०० ई०] भनिन्छ। यसका आविष्कारक अपराजितवर्मन थिए । यो शैली पहिलो शैलीको विकसित रूप थियो। तन्जौरको राजमन्दिर यही शैलीमा निर्मित भएको हो। केही मन्दिरहरूमा राजा-रानीको सजीव चित्रण भएको छ। डा० त्रिपाठीको भनाइ अनुसार, "यिनीहरू मध्ये केही मन्दिरको विशेषता यो हो कि तिनीहरूमा पल्लव राजा र रानीका सजीव पुरुषाकर मूर्ति स्थापित छन।"※ पल्लव शैलीको निरन्तर विकास भै नै रह्यो। त्यसपछि चोल राजाहरूले एक नवीन शैली को आविष्कार गरे।

The Chalukyas (चालुक्यहरू)

वातापीका चालुक्यहरू [The Chalukyas of Vatapi]

उत्पत्ति [Origin]—चालुक्यहरूको इतिहास विवादास्पद छ। तिनीहरूको सम्बन्धमा एक अनुश्रुति छ कि तिनीहरूका पूर्वजको जन्म हरीति द्वारा अर्घ्यदानको समयमा त्यसको जलपात्रबाट भयो। यस्तो पनि भनाइ छ कि तिनीहरू अयोध्याका निवासी थिए र केही कारणवश त्यहांबाट भागेर दक्षिणमा आइ बसे। ह्यूनत्सांगको भनाइ अनुसार तिनीहरू उत्तरका क्षत्रिय थिए। डा० त्रिपाठीको भनाइ अनुसार तिनीहरू चालुक्य अथवा सोलङ्की चापहरूसित सम्बन्धित भएकाले विदेशी गुर्जर जाति [जसको एक शाखा चाप थियो] का थिए र संभवतः तिनीहरू

※ One noteworthy feature of some shrines is that they are adorned by beautiful life-like images of Pallava kings and their queens.

CC-0. In Public Domain. Digitization by eGangotri

राजपूतानाबाट डेकान गएका थिए। ❀ तर यो मतको पुष्टिमा अहिलेसम्म कुनै प्रमाण भेटिएको छैन। बिल्हणको भनाइ अनुसार यो राजवंशको उत्पत्ति तेजस्वी शूरद्वारा भयो, जसलाई ब्रह्माले आफ्नो हत्तकेलोबाट पृथ्वीको अधर्मलाई नाश गर्नकोलागि उत्पन्न गरे। चालुक्यहरूको उत्पत्तिको सम्बन्धमा यस्तै धेरै मतको प्रतिपादन भएको छ। तर डा० डी० सी० सरकारको भनाइ छ, "विद्वानहरूले चालुक्यको उत्पत्ति र उत्थानको सम्बन्धमा यस्तो मात्र पौराणिक कथामा आधारित निराधार विचारलाई खारेज गरेर ठीक काम गरेका छन्।"☋

तिनीहरूले बीजापुर जिल्लामा अवस्थित वातापी [आजको बादामी] लाई आफ्नो राजधानी बनाए। यो वंशका यथार्थ संस्थापक पुलकेशिन थिए। तर तिनी भन्दा अगाडि जयसिंहले शासन गरे, जसले राष्ट्रकूट र कदम्बसित युद्ध गरेर एक सानो राज्यको निर्माण गरे। उनले कैयौं राजालाई पराजित गरेर दक्षिणमा आफ्नो प्रभुत्व स्थापित गरे। उनका उत्तराधिकारी उनका छोरा रणराग भए। उनको शासनकालमा कुनै महत्वपूर्ण घटना घटेन।

❀ The Calukyas or Solankis connected with the Capas, and so with the foreign Gurjara tribe of which the Capas were a branch, and seems to be probable that they emigrated from Rajputana to the Deccan.

☋ Scholars have rightly rejected the above accounts of the rise and early history of the Chalukyas as a mere farago of vague legends and Puranic myths of no authority or value.

CC-0. In Public Domain. Digitization by eGangotri

पुलकेशिन प्रथम

उनले ५३५ देखि ५६६ ई० सम्म शासन गरे। यस वंशका यथार्थ संस्थापक भएकाले उनीलाई महाराजा भनिन्छ। उनले सत्याश्रय, रणविक्रम, श्री पृथ्वीवल्लभ, श्री वल्लभ वा वल्लभको उपाधि ग्रहण गरे। उनले हिरण्यगर्भ, अश्वमेध, अग्निचयन, वाजपेय, बहुसुवर्ण, अग्निष्तोभा आदि यज्ञको अनुष्ठान गरे। उनको तुलना ययाति र दिलीप जस्ता महत्वपूर्ण राजासित गरिएको छ। उनले वातापीको दुर्गको स्थापना गरेर त्यसलाई राजधानी बनाए। उनले आफ्नो राज्यको विस्तार वातापीको समीपवर्ती प्रदेशसम्म गरे।

कीर्त्तिवर्मन्

उनले ५६६ देखि ५९७ ई० सम्म शासन गरे। आफ्ना पिता पुलकेशिन प्रथमको मृत्युपछि उनी गद्दीमा बसे। उनी बहुतै महत्वाकांक्षी थिए। उनले सत्याश्रय, पुरु-रणपराक्रम, वल्लभ र पृथ्वीवल्लभको उपाधि धारण गरे। उनी अत्यन्तै पराक्रमी राजा थिए र उनले धेरै देश विजय गरे। उनले उत्तरी कोङ्कण तथा कन्नरको भूभागलाई आफ्नो राज्यमा गाभे। केही अभिलेखानुसार उनले मगध, वंग, चोल र पाण्ड्य देशहरूमा विजय-यात्रा गरे। उनको मृत्यु पछि उनका भाइ मंगलराज वा मंगलेशले गद्दीका वास्तविक अधिकारी उनका छोरा पुलकेशिन द्वितीयलाई हटाएर आफै बलपूर्वक राजा भए।

मंगलेशले ५९७ देखि ६०८ ई०सम्म शासन गरे। उनले रणविक्रम, उरु-रणविक्रान्त, पृथ्वीवल्लभ र श्री पृथ्वीवल्लभको उपाधि धारण गरे। उनलाई परम भागवत अथवा विष्णु वा भागवतका पुजारी भनिन्छ। उनले पूर्व र पश्चिम समुद्रको बीचको भूभाग माथि बशाल सेनासित आक्रमण गरे। उनले रत्नागिरि जिल्लाको रेवती-

CC-0. In Public Domain. Digitization by eGangotri

द्वीप र चेदि राज्यको कलचुरि माथि आधिपत्य स्थापित गरे। मंगलेशको कलचुरि आक्रमणको उल्लेख महाकूट-स्तम्भाभिलेखमा भएको छ। उनको शासन-कालमा वातापीमा विष्णुको गुफा-मन्दिरको निर्माण भयो। उनको जीवनका अन्तिम दिन ज्यादै क्लेशपूर्ण भए र उनी आफ्ना भतिजा पुलकेशिन द्वितीयसित युद्ध गर्दा मारिए।

पुलकेशिन द्वितीय

पुलकेशिन द्वितीयले ६०८ देखि ६४२ ई०सम्म शासन गरे। उनी यो वंशका सब भन्दा महान् शासक थिए। उनलाई वल्लभ, पृथ्वीवल्लभ, श्री पृथ्वीवल्लभ र परमेश्वर परम भागवत भनिन्छ। मंगलेश र पुलकेशिनको गृहयुद्धको कालमा चालुक्य वंशको शक्ति बहुतै क्षीण भएको थियो। कीर्त्तिवर्मन् द्वारा आर्जित धेरै भूभाग पुनः स्वतंत्र भएको थियो। अनेक राजाहरूले चालुक्य-राज्य माथि आक्रमण प्रारंभ गरेका थिए। ऐहोल [Aibole] अभिलेखमा यस्तो उल्लेख छ, "सम्पूर्ण विश्व शत्रुरूपी अन्धकारले घेरिएको छ।"

यस्तो परिस्थितिमा पुलकेशिन द्वितीयले बहुतै धैर्य र साहसपूर्वक काम गरे। उनले त्यो प्रान्तलाई फर्काएका मात्र होइनन, अझ अनेक नयां भूखण्ड पनि जिते। उपरोक्त अभिलेखबाट यो पनि ज्ञात हुन्छ कि उनले कदम्बको राजधानी वनवासीलाई विजय गरे। मैसूर-का गंग, मालावारका अलूप र उत्तर कोङ्कणका मौर्यलाई पनि उनले विजय गरे। गोदावरी जिल्लाको पृष्ठपुर [पीठापुर] दुर्ग पनि एकासि उनको हातमा आयो। त्यहांको शासन उनले आफ्ना भाइ कुब्ज-विष्णुवर्धनलाई सुम्पिए जसलाई बेंगीको पूर्वी चालुक्य भनिन्छ। पुल-केशिनको सब भन्दा महत्वपूर्ण विजय "सकलोत्तरापथनाथ" हर्ष माथि थियो। जब उत्तरमा हर्ष आफ्नो शक्तिको विस्तार गरि रहेका थिए,

CC-0. In Public Domain. Digitization by eGangotri

तब पुलकेशिन द्वितीय पनि दक्षिणापथमा आफ्नो साम्राज्य निर्माण गर्दै थिए। दुवैको सीमा नर्मदा नदीको किनारमा अल्झिएको थियो। विशाल सेनासंग दुवै नर्मदा नदीको किनारमा आइपुगे। भयानक युद्ध भयो।

"जसको पादारविन्द अपरिमित विभूतिपूर्ण सामन्तको सेनाको मुकुटमणि का किरणले आक्रान्त रहन्थ्यो ती हर्ष अब पुलकेशिनको सेना द्वारा भयातुर भएर हर्षरहित भए र रणमा मारिएको आफ्नो गजेन्द्र सेनालाई हेरेर श्रीहत भइहाले।"❀ स्वयं श्री हर्षले आफ्नो सेना-को सञ्चालन गरे, तर पनि 'दक्षिणापथनाथ' पुलकेशिनको रणदक्षता उनी भन्दा कुशल प्रमाणित भयो। त्यसको परिणामस्वरूप पुलकेशिन ९९ ग्रामवाला तीनैवटा महाष्ट्रका स्वामी भए। पुलकेशिनको यो वृतान्त ऐहोल अभिलेखमा पाइन्छ।

दक्षिणतर्फ पुलकेशिन द्वितीयले पल्लव राजा महेन्द्रवर्मन प्रथम माथि आक्रमण गरे र उनको राजधानी कांचीपुर [कञ्जीवरम्] सम्म आइ पुगे। जब पुल-केशिन कावेरी पारी गए, तब हड्बडाएर चोल, पाण्ड्य र केरलले पुलकेशिन द्वितीयसंग सन्धि गरे।

राजनैतिक दौत्य [Diplomatic intercourse]—

डा० त्रिपाठीको भनाइ छ, "पुलकेशिन द्वितीय युद्धनीतिमा निपुण मात्र थिएनन् अझ आफ्नो पदको सुदृढीकरणको निमित्त कूटनीतिमा

❀ अपरिमितविभूतिस्फीतसामन्तसेना मुकुटमणिमयूखाक्रान्त पादार-विन्दः। युधिपतितगजेन्द्रानीकवीभत्सभूतो भयविचलितहर्षो येन चाकारि हर्षः॥

CC-0. In Public Domain. Digitization by eGangotri

पनि दक्ष थिए।" ॐ अरबी लेखक ताबरी [Tabari] अनुसार पुलके-शिनले इरान अथवा फारसका राजा खुसरू द्वितीयसंग मैत्री स्थापना गरे र ६२५ ई० मा उनले पत्र र उपहार समेत आफ्नो दूत त्यहां पठाए तर यसको सम्बन्धमा कुनै प्रमाण भेटिएको छैन। स्टेन कोनो [Sten Konow] जस्ता विद्वान्ले यो अनुमानको विरोध गरेका छन्। डा० एच० सी० राय चौधरीले पनि यस कुरामाथि सन्देह प्रकट गरेका छन्।

पुलकेशिन द्वितीयको शासनकालमा चिनियां यात्री ह्यु नत्सांगले महाराष्ट्रको भ्रमण गरे। उनको भनाइ छ, "भूमि बहुतै उर्वर छ, र निरन्तर जोतिन्छ। त्यहांका निवासी गर्वपूर्ण र युद्धप्रिय छन्, उपकार प्रति कृतज्ञ र अपकार प्रति प्रतिशोध गर्ने स्वभावका छन। शरणार्थी प्रति आत्मबलिदान गर्नको निमित्त तत्पर रहन्छन् र अपमान प्रति रक्त-पिपासु हुन्छन्.... .... राजा पु-लो-के-शे [पुलकेशिन], जो जन्मले क्षत्रिय छन् छिमेकी राजशक्तिलाई घृणाले हेर्दछन्। उनको उदार शासनको विस्तार ठूलो छ र उनका सामन्त सर्वथा आज्ञाकारी छन।"

पुलकेशिनको शासनको अन्तिम समय धेरै कष्टमय भयो। पल्लव नरसिंहवर्मन् प्रथम [६२५-४५ ई०] को नेतृत्वमा प्रवल भइ हाले। नर-सिंहवर्मन्ले पुरानो हारको बदला लिई छाड़े। उनले ६४२ ई० मा चालुक्य राजधानी वातापीमाथि हमला गरे र सम्भवतः पुलकेशिन द्वितीय मारिए। उनी जैनधर्मका अनुयायी भए यद्यपि उनका पूर्वज वैदिक धर्मका अनुयायी थिए। उनी विद्या र कलाका आश्रयदाता थिए। उनको दरवारमा प्रसिद्ध लेखक र कवि रविकीर्त्ति बस्दथे

ॐ Pulkesin II not only distinguished himself in warfare, but also cultivated the softer art of diplomacy to strengthen his position.

CC-0. In Public Domain. Digitization by eGangotri

विक्रमादित्य प्रथम

यस्तो भनिन्छ कि पुलकेशिनको मृत्यु पछि वातापी र दक्षिणका केही जिल्ला पल्लवको हातमा रहे। चालुक्य राजगद्दी ६४२ देखि ६५५ ई० सम्म खाली रह्यो। लगभग ६५५ ई० मा विक्रमादित्य प्रथम गद्दीमा बसे। उनले सत्याश्रय, रणरसिक, राजमल्ल, अनिवारित, श्री पृथ्वी वल्लभ, भट्टारक, परमेश्वर, महाराजाधिराज परमेश्वर आदि को उपाधि ग्रहण गरे। उनले सम्पूर्ण राज्यमाथि अधिकार जमाए। उनले पल्लवहरूको युद्धमा विजय प्राप्त गरेर तथा उनको राजधानी कांची लुटेर चोल, पाण्ड्य र केरलमा आफ्नो शक्ति जमाए। उनले अरब-सागर, हिंदसागर र बंगालको खाडीका तीन समुद्रले आवेष्टित प्रदेश माथि आधिपत्य जमाए। आफ्नो विजय-यात्रामा उनले आफ्ना वीर छोरा र नाति क्रमशः विनयादित्य तथा विजयादित्यबाट धेरै सहायता प्राप्त गरे। पल्लवको अभिलेखबाट ज्ञात हुन्छ कि पल्लवराज परमेश्वर वर्मन् ले विक्रमादित्यलाई पेरुवलनल्लुरको युद्धमा पराजित गरेर वाता-पीलाई नाश गरे। ६७१ र ६७४ ई० को दानपत्रबाट ज्ञात हुन्छ कि विक्रमादित्य त्यो वेलामा क्रमशः काञ्चीको पश्चिम मलियपुरग्राम र चोल राजधानी उग्रपुरमा थिए। तसर्थ यस्तो अनुमान गरिन्छ कि यस बीच पल्लवको शक्ति क्षीण भएको थियो।

विनयादित्य

विक्रमादित्य पछि उनका छोरा विनयादित्य शासक भए। उनले श्री पृथ्वी वल्लभ, सत्याश्रय, राजाश्रय र युद्धमल्लको उपाधि धारण गरे। उनले पल्लव, केरल, हयहय, मालव, चोल, पाण्ड्य आदिको विरुद्ध अभियान प्रारम्भ गरे। त्यसमा उनले आफ्ना छोरा विजया-दित्यबाट काफी सहायता प्राप्त गरे। उनले आफ्ना छोरासित उत्तरा

CC-0. In Public Domain. Digitization by eGangotri

पथमाथि आक्रमण गरे र संभवतः उनी त्यहीं मारिए। उनको एक अभिलेखमा लेखिएको छ, "सम्पूर्ण उत्तरापथका राजालाई कुल्चिएर साम्राज्यको लक्षण धारण गरे।" तर यसमा कहीं पनि यो उल्लेख भएको छैन कि उनले कसलाई मारे। निस्सन्देह यो वक्तव्य अतिरञ्जित हो। संभवतः उनले आदित्यसेनको कुनै कर्मचारीलाई परास्त गरेका थिए। उनले ६८० देखि ६९६ ई० सम्म शासन गरे।

विजयादित्य

विनयादित्य पछि विजयादित्य वातापीका शासक भए। उनले आफ्ना पिताको शासनकालमा नै प्रशासन र युद्धको शिक्षा प्राप्त गरेका थिए। ७३० ई० को उक्कलको शिलालेखबाट ज्ञात हुन्छ कि उनले काञ्चीका राजामाथि आक्रमण गरेर त्यहांका राजा परमेश्वरबाट कर प्राप्त गरे। उनले पनि धेरै उपाधि धारण गरे। उनले बीजापुर जिल्लाको पतदकलमा शिवमन्दिरको निर्माण गरे, जसको देवतालाई कोविजयेश्वर भनिन्थ्यो र अब त्यसलाई संगमेश्वर भनिन्छ। यिनी जैनधर्मप्रति पनि सहिष्णु थिए र जैन साधुलाई कैयौं गाउं दानको रूपमा दिए। उनले ६९६ देखि ७३३ ई० सम्म शासन गरे।

विक्रमादित्य द्वितीय

विजयादित्य पछि उनका छोरा विक्रमादित्य राजा भए। उनले पल्लवहरूको विरुद्ध आफ्नो वंशानुगत संघर्ष जारी राखे र उनीहरूको राजधानी काञ्चीमाथि आक्रमण गरे। उनले चोल, पाण्ड्य, केरल, कलभ्र आदि दक्षिण भारतीय राज्यमाथि आक्रमण गरे। उनका उत्तरी राज्यपाल अवनिजनाश्रय पुलकेशिनले अरब आक्रमणलाई विफल बनाए र अनिवर्तक निवर्तयितृको उपाधि धारण गरे। उनले ७३३ देखि ७४६ ई० सम्म शासन गरे। लाटमाथि दन्तिदुर्ग राष्ट्र-

CC-0. In Public Domain. Digitization by eGangotri

कूट शासकले आधिपत्य जमाएर चालुक्य-राज्य त्यहांबाट समाप्त गरे।

यिनी महान् दाता थिए। यिनले ब्राह्मणहरूलाई धेरै दान दिए। यिनका दुवै हैहय-कुलीन पत्नीले शिवका दुइ विशाल मन्दिर बनाउन लगाए। यिनी महान् शासक, निर्माता र विद्याका संरक्षक थिए।

कीर्तिवर्मन् द्वितीय

विक्रमादिय द्वितीय पछि उनका छोरा कीर्त्तिवर्मन द्वितीय राजा भए। दन्तिदुर्ग राष्ट्रकूटले उनलाई पराजित गरे। उनले महाराष्ट्र खोसे। उनले पल्लवहरूको विरुद्ध युद्ध गरे। उनी वातापीको चालुक्य-वंशका अन्तिम सम्राट् थिए। उनले ७४६ देखि ७५७ ई० सम्म शासन गरे। ७५४ई० तिर चालुक्य साम्राज्यको उत्तरी भाग राष्ट्रकूटको अधीन भयो। राष्ट्रकूटहरूको उत्थानसंगै चालुक्यको पतन भयो।

राष्ट्रकूट शक्ति करीव दुइ सय वर्षसम्म सर्वोच्च रह्यो र पछि त्यसलाई कल्याणका चालुक्यले समाप्त गरे।

चालुक्य-कालीन संस्कृति [Culture of the Chalukyas]:— वातापीका चालुक्य कट्टर ब्राह्मण थिए तर पनि उनीहरू अन्य धर्मप्रति सहिष्णु थिए। उनको उत्कर्षको समयमा दक्षिणमा जैनधर्मको प्रभुत्व थियो। ऐहोल-अभिलेखबाट ज्ञात हुन्छ कि रविकीर्त्तिले जितेन्द्रको मन्दिर बनाउन लगाए। राजाहरूले जैन-पण्डितलाई दान दिए र मन्दिर-निर्माण कार्यमा सहायता गरे। चिनियां यात्री ह्य नत्सांग अनुसार "बौद्धधर्म संभवतः पतनाभिमुख थियो। बौद्ध विहार १०० भन्दा बढ़ी थिए र दुवै यान का अनुयायी भिक्षु प्रायः ५००० थिए। राजधानीभित्र र बाहिर ५ अशोकस्तूप थिए जहां अघिका चार बुद्ध बसेका थिए।" पुराण सम्मत हिन्दू-धर्मको यो उत्कर्ष-काल थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मा, विष्णु र शिवका विशाल मन्दिर वातापी र पत्तदकल भन्ने ठाउँमा निर्मित भए। ठोस चट्टान (ढुंगा) लाई काटेर मन्दिरको निर्माण गरिन्थ्यो। अजन्ताका केही चित्र त्यो बेलामा निर्मित भए। यज्ञहरूको अनुष्ठान हुन्थ्यो। पुलकेशिन प्रथमले अश्वमेध, वाजपेय, पौण्डरिक आदि यज्ञ गरेका थिए।

वेंगीका पूर्वी चालुक्य

[The Eastern Chalukyas of Vengi]

६१५ ई० मा पुलकेशिन द्वितीयले आफ्ना पूर्वी प्रान्तको शासन आफ्नो अनुज कुब्ज विष्णुवर्धन विषमसिद्धि [६१५—६३३ ई०] लाई सुम्पिए। उनले अनेक विजय गरे। ६३१ ई० मा पुलकेशिनले उनलाई विजगापट्टम र नेलोरको माझमा नवविजित तटवर्त्ती प्रान्तका राज्यपाल नियुक्त गरे। त्यस पछि उनले एउटा पृथक राज्यको स्थापना गरे, तापनि उनले वातापीको राज्यदेखि सम्बन्ध विच्छेद गरेनन्। उनका पत्रबाट प्रतीत हुन्छ कि पृष्टपुर र विजगापट्टम्का वीच उनको राज्य थियो। उनका उत्तराधिकारीका शिलालेखबाट ज्ञात हुन्छ कि उनले १८ वर्षसम्म राज्य गरे। उनका छोरा र उत्तराधिकारी जयसिंहले पूर्णरूपेण स्वतंत्र भएर शासन गरे। चालुक्यको यो शाखलाई 'वेङ्गीका पूर्वी चालुक्य' भनिन्छ। अनेक उत्थान र पतन मध्ये यो राजवंश ५ सय वर्षसम्म आन्ध्र तथा कलिङ्गको एक खण्डमा कायम रह्यो।

जयसिंह प्रथम

यो वंशका दोस्रा राजा जयसिंह प्रथम भए। उनले तीस वर्ष सम्म [६३३—६६ ई०] शासन गरे। उनैको शासनकालमा पल्लवहरूले पुलकेशिन द्वितीयलाई हराए तर जयसिंहले आफ्ना संबन्धी पुलकेशिन-लाई कुनै सहायता दिएनन्।

CC-0. In Public Domain. Digitization by eGangotri

इन्द्रवर्मन्

जयसिंह पछि उनका छोरा इन्द्रवर्मन् ६६३ ई० मा शासक भए। उनलाई इन्द्रराजा, इन्दुराजा र इन्द्र भट्टारक पनि भनिन्छ। उनले सिंहविक्रम र त्यागधेनुको उपाधि धारण गरे। उनले सिर्फ छ महीना शासन गरे।

विष्णुवर्धन द्वितीय

इन्द्रवर्मन पछि उनका छोरा विष्णुवर्धन शासक भए। उनको राज्य-कालमा पृथ्वी व्याघ्र नामक एक निषाद राजाले नेलोरको निकट-वर्ती दक्षिणी प्रदेशमाथि अधिकार जमाए। तर कांचीका नन्दिवर्मन् द्वितीयले उनलाई त्यहांबाट धपाए। उनले ६६३ देखि ६७२ ई० सम्म शासन गरे।

मंगी युवराज

विष्णुवर्धन मरे पछि उनका छोरा र उत्तराधिकारी मंगी युवराज गद्दीमा बसे। उनले २४ वर्षसम्म राज्य गरे। उनको राज्य-कालमा कुनै खास घटना घटेन। उनले ६७२ देखि ६९६ ई० सम्म शासन गरे।

जयसिंह द्वितीय

जयसिंह द्वितीय यो वंशका अर्को शासक भए। उनले करीब १३ वर्ष शासन गरे। उनको शासन-कालमा विजयादित्यवर्मनले महाराजाको उपाधि ग्रहण गरे र जयसिंहको अधीनताको जुवा फ्यांके। उनले ६९६ देखि ७०९ ई० सम्म शासन गरे।

कोकुली विक्रमादित्य

जयसिंह द्वितीय पछि कोकुली विक्रमादित्य गद्दीमा बसे। उनले

CC-0. In Public Domain. Digitization by eGangotri

६ महीना मात्र शासन गरे। उनले मध्यम कलिङ्ग विजय गरे र आफ्ना भतिजालाई दिए। उनले ७०९ ई० मा शासन गरे।

विष्णुवर्धन द्वितीय

यिनले करीब ३७ वर्षसम्म राज्य गरे। आफ्नो शासन-कालमा यिनले मध्यम कलिङ्गलाई आफ्नो राज्यमा गाभे। उनले ७०९ देखि ७४६ ई० सम्म शासन गरे।

विजयादित्य प्रथम

विष्णुवर्धन पछि उनका छोरा विजयादित्य प्रथम वेङ्गीका शासक भए। उनले करीब १८ वर्षसम्म राज्य गरे। उनको राज्य-कालमा नै वातापीका पश्चिमी चालुक्यलाई राष्ट्रकूटले हराएर उनको राज्य पनि खोसे। उनले ७४६ देखि ७६४ ई० सम्म शासन गरे।

विजयादित्य द्वितीय

यो वंशका अर्का प्रसिद्ध राजा विजयादित्य द्वितीय भए। यिनले ७९९ देखि ८४३ ई० सम्म करीब ४४ वर्ष शासन गरे। उनलाई चारै तिरबाट शत्रुले घेरेका थिए। तिनीहरूमा गंग र राष्ट्रकूट प्रमुख थिए। यिनले शत्रुहरूसंग कठिन संघर्ष गरे र राष्ट्रकूट गोविन्द तृतीयसंग सहायता याचना गरे। उनले गोविन्द तृतीयलाई नयां राजधानीको चारैतिर किल्ला निर्माणको सिलसिलामा सहायता गरे। उनले शम्भु देवताका धेरै मन्दिर-निर्माण गरे।

विजयादित्य तृतीय

विजयादित्य द्वितीयका उत्तराधिकारी विजयादित्य तृतीय भए। भए। उनले राष्ट्रकूटका कृष्ण द्वितीयलाई हराएर उनको राजधानी

CC-0. In Public Domain. Digitization by eGangotri

मान्यखेटलाई लुटे। उनी एउटा चोलवंशी भन्ने राजासित युद्ध गर्दा मारिए। विजयादित्य तृतीयले राष्ट्रकूट, गंग र अन्य समसामयिक शक्तिहरूमाथि विजय प्राप्त गरे। राष्ट्रकूट अमोघवर्षले उनलाई आत्म-समर्पण गर्न विवश गरे। उनले ८४४ देखि ८८८ ई० सम्म शासन गरे।

भीम प्रथम

विजयादित्य तृतीय पछि उनका उत्तराधिकारी भीम प्रथम गद्दीमा बसे। उनले यो वंशको प्रतिष्ठा समुन्नत गरे। उनले ८८८ देखि ९१८ ई० सम्म शासन गरे।

अम्भ विष्णुवर्धन षष्ठ

भीम प्रथम पछि उनका उत्तराधिकारी अम्भ विष्णुवर्धन षष्ठ गद्दीमा बसे। उनको शासन-कालमा उनका सम्वन्धी र सामन्तहरूले भयंकर षड्यंत्र गरे जसमा राष्ट्रकूट राजा कृष्ण तृतीयको पनि हात थियो। कैयौं प्रतिद्वन्दीले चालुक्य-राज्यलाई खोसखास पारे। तर भीम तृतीयले यस्तै एक प्रतिद्वन्दी युद्धमल्ललाई मारे। उनले राष्ट्रकूट राजा गोविन्द पांचौं तथा अन्य छिमेकी राजालाई हराए। भीम तृतीयले ११ वर्ष (९३४-९४५ ई.) तक राज्य गरे। उनका उत्तराधिकारी विजयादित्य षष्ठ थिए जसले २२ वर्ष (९४८-९७० ई०) सम्म राज्य गरे। चोलहरूले ९७३-१००३ ई० सम्म पूर्वी चालुक्य-राज्यलाई छिन्न भिन्न गरे। यस वंशका अर्का महान राजा शक्तिवर्मन्ले (१००३-१०१५ ई०) यस राज्यको प्रतिष्ठा फेरि स्थापित गरे। उनले आफ्नो सिक्का पनि चलाए। उनका पालामा राज्यको स्थिति राम्रो थियो। अर्का प्रमुख राजा विष्णुवर्धन आठौं भए। उनले १०२२-१०६३ ई० सम्म राज्य गरे। उनका उत्तराधिकारी उनका छोरा कुलोत्तुंग चोलदेव

CC-0. In Public Domain. Digitization by eGangotri

भए। उनले १०६३-१११८ ई० सम्म राज्य गरे। चोलहरूसित तीन पुस्ता देखि वैवाहिक सम्बन्धले गर्दा उनी चालुक्य भन्दा बढ़ी चोल थिए। तसर्थ विक्रमांकदेवचरितमा पूर्वी चालुक्य राजालाई चोल लेखिएको छ। १०७० ई० मा उनलाई दुवै राज्य प्राप्त भयो। यस प्रकार पूर्वी चालुक्य र चोल-राज्यलाई मिसाएर एक राज्य भयो। उनले चालुक्य राज्यगद्दी भन्दा चोल राज्यगद्दीलाई विशेष स्थान दिए। चोल शासकले प्रायः दुइ शताब्दीसम्म समृद्ध शासन गरे। अन्तमा वारंगलका काकतीय, होयसल र अन्य शक्तिशाली छिमेकीको उत्कर्षको कारणले गर्दा यो राजकुल नष्ट भयो।

कल्याणका पश्चिमी चालुक्यहरू (The Later Western Chalukyas of Kalyan):—

सर रामकृष्ण गोपाल भण्डारकरले कल्याणका चालुक्यलाई वातापीका चालुक्य भन्दा रक्तमा भिन्न मानेका छन्। उनको भनाइ छ कि कल्याणका चालुक्य न त त्यो गोत्रका छन् र न वातापीलाई आफ्ना पुर्खा मान्दछन। यो वंशका संस्थापक तैलप द्वितीय (९७३--९९७ ई०) पनि आफ्ना पूर्वज जस्तै कल्याणमा राष्ट्रकूटका सामन्त थिए तर उनी सामर्थ्यवान् र नीति कुशल थिए। उनी प्रबल महत्वाकांक्षी थिए। जब परमारहरूले राष्ट्रकूटको राजधानी मान्यखेटमाथि आक्रमण गरेर त्यसलाई नष्ट गरे, तब तैलपले त्यो मौकाबाट लाभ उठाए। उनले मान्यखेटको गद्दीका उत्तराधिकारी कर्क द्वितीयमाथि आक्रमण गरे र कर्क द्वितीय संभवतः यो युद्धमा मारिए।

उनले धेरै भूभाग फर्काए र महाराजाधिराज, परमेश्वर र चक्रवर्तीको उपाधि धारण गरे। यस्तो भनाइ छ कि उनले चेदि, उड़ीसा र कुन्तल विजय गरे। तैलपले राष्ट्रकूटको जुवा कल्याणबाट फ्यांके र चालुक्यकुलको

CC-0. In Public Domain. Digitization by eGangotri

स्वतंत्रताको घोषणा गरे। त्यसपछि उनले दिग्विजय गर्न थाले। दक्षिण गुजरातको लाट देशमाथि अधिकार गरेर बारप्पलाई शासक बनाए। त्यसपछि तैलपले कुन्तल-नरेशलाई पराजित गरे। यस्तो भनाइ छ कि उनले चोल र चेदिलाई पनि हराए। उनले कल्याणलाई आफ्नो राजधानी बनाए। यसर्थ तिनीहरूलाई 'कल्याणका चालुक्य' भनिन्छ।

भनाइ छ कि आफ्नो उत्कर्ष भन्दा अगाडि तैलप संभवतः राष्ट्रकूटहरूका सामन्त थिए। उनी उत्तरमा गुजरात बाहेक प्रायः सम्पूर्ण चालुक्य राज्यका स्वामी थिए। उनले मालवाका परमार शासक मुञ्जलाई बन्दी बनाए र भाग्ने असफल षड्यंत्रमा मुञ्ज मारिए। २४ वर्षको शासन पछि उनको मृत्यु ९९७ ई० मा भयो।

सत्याश्रय

तैलपको मृत्युपछि सत्याश्रय गद्दीमा बसे। उनलाई सोलिंग पनि भनिन्छ। उनको शासनकालमा चोल-शासक राजराज प्रथमले चालुक्यराजमाथि आक्रमण गरे तर पनि उनले आफूलाई शक्तिशाली बनाए र चोलबाट दक्षिणमा केही प्रदेश जिते। उनले आफ्नो पिताको प्रसारवादी नीति अक्षुण्ण राखे। उनले ९९७ देखि १००८ ई० सम्म शासन गरे।

विक्रमादित्य पंचम

सत्याश्रयको मृत्यु पछि उनका भतिजा विक्रमादित्य पंचमले १००८ देखि १०१५ ई० सम्म शासन गरे। भोज परमारले उनलाई पराजित गरे। यस प्रकार भोजले आफ्ना काका मुञ्जको हत्याको बदला लिए। त्यस पछि उनले दक्कन [Deccan] मा आफ्नो शक्ति स्थापनाको निमित्त तयारी गरे र आफ्ना छिमेकी शासक अन्हिलवाड़का भीम

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम तथा कलचुरि राजासित सद्भाव स्थापित गरे। तर एक अभिलेख-बाट ज्ञात हुन्छ कि १०१९ ई० मा विक्रमादित्य पंचमका उत्तराधिकारी जयसिंह द्वितीयले भोजलाई पराजित गरेर 'मालवसंव' नष्ट गरे।

जयसिंह

विक्रमादित्य पछि जयसिंह राजा भए। मुञ्जवधको बदलाको निमित्त परमार भोजले चालुक्यमाथि आक्रमण गरे। जयसिंहले आफ्ना विश्वासी सामन्तहरूको सहायताले आफ्नो प्रदेश पुनः विजय गरे। वेंगीको गृहयुद्धमा चोल र चालुक्यले परस्पर विरोधी पक्षको समर्थन गरे। जयसिंह पराजित भए र तुङ्गभद्रा नदी दुवै राज्यको सीमा निश्चित गरियो। उनले १०१५ देखि १०४२ ई० सम्म शासन गरे।

सोमेश्वर प्रथम आहवमल्ल

जयसिंह पछि उनका उत्तराधिकारी र पुत्र सोमेश्वर प्रथम १०४२ ई० मा गद्दीमा बसे। उनले आहवमल्ल र त्रैलोक्यमल्लको उपाधि धारण धारण गरे। उनले नै मान्यखेटलाई परित्याग गरेर कल्याणमा आफ्नो राजधानी बनाए। उनको राज्यकालमा चोलसित संघर्ष जारी रह्यो। उनले मालवामाथि आक्रमण गरे र मांडू तथा धारा लुटे। चालुक्य सेनाले उज्जैन पनि लुट्यो। परमार नृपति पराजित भएर उज्जैनतर्फ भागे तर चालुक्य सेनाले उज्जैनमाथि अधिकार गरेर त्यसलाई पनि लुट्यो। अन्हिलवाडका भीम प्रथम र लक्ष्मीकर्ण कलचुरिले एक संघ बनाएर भोजको राज्यमाथि हमला गरे। संघर्ष कालमा नै भोजको मृत्यु भयो र शत्रुहरूको संघमा लुटको मालको विभाजनको सम्बन्धमा मतभेद भएकोले त्यो संघ छिन्न-भिन्न भयो। भोजको मृत्यु पछि जयसिंह परमारले आफ्नो कुलशत्रु सोमेश्वर

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथमलाई सहायताको मांग गरी निम्त्याए। सोमेश्वरले कलचुरि र गुजराती सेनालाई पराजित गरेर जयसिंहलाई गद्दीमा बसाए। यस प्रकारले चालुक्य र परमारमा मैत्री स्थापना भयो र सोमेश्वरलाई उत्तरी आक्रमण सजिलो भयो। दक्षिण भारतमा चोलहरूसित संघर्ष भएकोले चालुक्यलाई काफी क्षति भयो तर 'विक्रमांकदेवचरित'का रचयिता बिल्हणको भनाइ छ कि सोमेश्वरले चोलहरूको महत्वपूर्ण केन्द्रमाथि आक्रमण गरे र यो काममा उनले आफ्नो छोरा विक्रमादित्य षष्ठबाट धेरै सहायता पाए। दक्षिणको आक्रमणबाट फुर्सत पाएर उनले उत्तरमा गंगाको समतल भूभागमाथि आक्रमण गरे। उनले चन्देल, कलचुरि र पालवंशका शासकमाथि आफ्नो प्रभुत्व जमाए। उनथे मिथिला, मगध, कोशल र कलिङ्गको प्रान्त पनि आफ्नो राज्यभित्र गाभे। उनले वेंगीका शासकलाई पनि आफ्नो अधीनता स्वीकार गर्न बाध्य गराए तर कामरूपका शासक रत्नपालले चालुक्य सेनालाई त्यहांबाट धपाए।

उनी कल्याण राज्यका यथार्थ संस्थापक थिए। उनी कुशल सैनिक र बिजेता मात्र थिएनन् तर एक सफल निर्माता पनि थिए। उनी कुनै भयंकर रोगको शिकार थिए र आफ्नो जीवनबाट निराश भएर १०६८ ई० मा तुङ्गभद्रा नदीमा डुबेर प्राण त्याग गरे।

सोमेश्वर द्वितीय

सोमेश्वर प्रथमको मृत्यु पछि उनका छोरा सोमेश्वर द्वितीय १०६८ ई० मा राजा भए। उनलाई भुवनैकमल्ल पनि भनिन्छ। यस्तो भनिन्छ कि सोमेश्वर प्रथमले आफ्ना माहिला छोरा विक्रमादित्यलाई गद्दी दिने विचार गरेका थिए तर विक्रमादित्यले यो प्रस्ताव स्वीकार गरेनन्। तसर्थ उनले सोमेश्वर द्वितीयलाई गद्दीमा बसाए। यिनी बहुतै महत्वा-

CC-0. In Public Domain. Digitization by eGangotri

कांक्षी थिए। पछि यी दुवैमा संघर्ष भयो र चालुक्य राज्य २ भागमा बांडियो— उत्तरमा सोमेश्वर द्वितीय र दक्षिणमा विक्रमादित्य शासक भए। आफ्नो आठ वर्षको शासन-कालमा उनले एकमात्र विजय विक्रमादित्यका मित्र मालवाका जयसिंहमाथि गरे। परिस्थितिवश बाध्य भएर सोमेश्वर द्वितीयले १०७५ ई० मा राजगद्दी छोड्नु पर्‍यो।

विक्रमादित्य षष्ठम् त्रिभुवनमल्ल

आफ्ना दाजू सोमेश्वर द्वितीयलाई हराएर विक्रमामित्य षष्ठम कल्याणको राजगद्दीमा बसे। उनले त्रिभुवनमल्लको उपाधि धारण गरे। उनले एक नयां युगको श्रीगणेश पनि गरे जसलाई 'चालुक्य-विक्रम युग' भनिन्छ। विल्हण लिखित 'विक्रमाङ्कदेव चरित' अनुसार उनी एक शक्तिशाली शासक थिए। उनले आफ्नो युद्ध-कौशलको परिचय दिए र जयकेशिन नामक कोंकण राजा र अरू दक्षिणी राजाहरूमाथि विजय प्राप्त गरे। तत्पश्चात् उनले चोल राजा वीर राजेन्द्रसित युद्ध गरेर उनलाई पराजित गरे। वीर राजेन्द्रले आफ्नी छोरी यिनलाई दिए। ११११ ई० मा बिट्टिग विष्णुवर्धनको नेतृत्वमा होयसलहरूले विद्रोह गरे तर तिनीहरूले पराजित भएर विक्रमादित्यको अधीनता स्वीकार गरे। उनले वेंगी र गंगवाड़ी जितेर आक्रामक नीति प्रारम्भ गरे। उनका भाइ जयसिंहले, जसलाई उनले बनवासीका शासक [गवर्नर] नियुक्त गरेका थिए, १०८३ ई० मा विद्रोह गरे। तर जयसिंहको षड्यन्त्र पूर्णतः असफल भयो। उनी यो वंशका सर्वश्रेष्ठ शासक थिए। उनी कला र संस्कृतिका संरक्षक थिए। उनको दरबारमा टाढ़ा-टाढ़ाका विद्वानहरू बस्दथे। काश्मीरी पण्डित बिल्हण पनि उनका दरबारी थिए। केही विद्वान्‌को भनाइ अनुसार 'मिताक्षरा'

CC-0. In Public Domain. Digitization by eGangotri

का लेखक विज्ञानेश्वर उनको दरवारमा थिए। राजा भए पछि उनले आफ्नो शक्ति विजयपट्टि भन्दा बढ़ी शान्ति-स्थापनाको कार्यमा लगाए। उनले १०७६ देखि ११२६ ई० सम्म शासन गरे।

चालुक्यहरू (The Later Chalukyas)

विक्रमादित्य षष्ठ का उत्तराधिकारी सोमेश्वर तृतीय भलोक मल्ल (११२६-११३८ ई०) थिए। यस्तो भनाइ छ कि उनले केही विजय गरे तर यो क़ुरा विवादास्पद छ। उनले 'मानसोल्लास' जस्ता प्रसिद्ध ग्रन्थको रचना गरे। उनले साहित्यलाई प्रोत्साहन दिए। उनका सामन्त विष्णुवर्धनले आफूलाई स्वतंत्र घोषित गरेर पश्चिमी चालुक्यका केही भूभाग जिते।

जगदेकमल्ल द्वितीय

विक्रमादित्य षष्ठका छोरा जगदेकमल्ल समर्थ व्यक्ति थिए। उनको राज्यकालमा होयसलहरूले आक्रमण गरे जसलाई उनले विफल बनाए र जयवर्मन परमारमाथि आक्रमण गरेर मालवाको एक खण्ड खोसे। अन्हिल वाडका शासक कुमारपाल मालवामा चालुक्य-हस्तक्षेप सहन गर्न असमर्थ भएकाले दुवैमा मतभेद भयो। उनले ११३८ देखि ११५१ ई० सम्म शासन गरे।

तैलप तृतीय

जगदेकमल्ल द्वितीय पछि तैलप तृतीय राजा भए। काकतीय आक्रमणकारी पाल द्वितीयले उनलाई वन्दी बनाए। यद्यपि उनले मुक्ति पाए तापनि गृहकलहको कारणले गर्दा दुर्बल भए। तैलप तृतीय

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म लगातारै कमजोर राजाको परम्पराले चालुक्य-राज्यको क्रमिक विघटनको श्रीगणेश भयो। सामन्तहरूले विद्रोह प्रारम्भ गरे। ११५७ ई० मा उनका सेनापति कलचुरि शासक विज्जल (विज्जन) ले कल्याणमाथि आधिपत्य जमाए र स्वयंलाई राजा घोषित गरे। उनले ११५१ देखि ११६३ ई० सम्म शासन गरे।

सोमेश्वर चतुर्थ

तैलप तृतीयका छोरा सोमेश्वर चतुर्थले करीब २० वर्ष पछि कलचुरिहरूलाई अधि सारेर ११८३ ई० मा आफ्नो पैतृक राज्यको एक खण्ड प्राप्त गरेर धारवाड़ जिल्लाको अन्निगेरी नामक ठाउँमा आफ्नो राजधानी वनाए। ११८९ ई० सम्म उनले शान्तिपूर्वक शासन गरे। त्यसै वेला वल्लाल द्वितीय को नेतृत्वमा होयसलहरूले अनेक युद्धमा चालुक्यहरूलाई पराजित गरे। काकतीयहरूले पनि केही प्रदेश विजय गरेर चालुक्यहरूको विघटन कार्यमा सहयोग गरे। करीब ११९० ई० मा पश्चिमी चालुक्य वंशको अन्त भयो।

सांस्कृतिक अवस्था [Cultural condition]:—

विज्जलले चालुक्य-शक्तिको अन्त गरेर एक नयां राजवंशको स्थापना गरे। विज्जल कलचरि जातिका थिए र नरमुण्डी तैलपको महादण्डनायक र महामण्डलेश्वरको रूपमा काम गरेका थिए। ११६२ ई० तक उनले साम्राट्को उपाधि धारण गरेका थिए। उनका प्रधान मंत्रीको नाउं वासव थियो। उनको शासनकाल वासवको कारणले गर्दा स्मरणीय भयो किनभने उनले धार्मिक इतिहासमा विशेष भाग लिए। उनले लिङ्गायतहरूको सम्प्र-

CC-0. In Public Domain. Digitization by eGangotri

दायको स्थापना गरे । यो सम्प्रदायका अनुयायीको विश्वास छ कि वेद ईश्वरीय र सर्वमान्य छैन वरु मानवकृत भएकोले विवादपूर्ण छ। तिनीहरू लिंग र नन्दीका उपासक थिए। तिनीहरूको धार्मिकग्रन्थ वासव पुराण विख्यात हो। तिनीहरूले वर्णव्यवस्थालाई खारेज गरे। यो धर्मले जैन धर्मलाई क्षति पुर्‍यायो। विज्जल जैन थिए तसर्थ उनले वासव द्वारा प्रतिपादित संप्रदायको विरोध गरे। यस्तो भनाइ छ कि वासवले कुनै षड्यंत्र गरेर विज्जललाई मारे।

o—o

CC-0. In Public Domain. Digitization by eGangotri

अध्याय ११:—

Arab invasion of Sindh

(सिन्धमाथि अरब-आक्रमण)

जुन बेला उत्तर भारतमा हर्षवर्धन र दक्षिण भारतमा पुलकेशिन द्वितीय शासन गर्दथे तथा ह्यूनत्सांग भारत-भ्रमण गर्दथे त्यसै बेला अरबमा इस्लाम धर्मको जन्म र विकास हुँदैथ्यो। यो धर्म प्रचारको फलस्वरूप अरबको इतिहासमा एक नवीन जागरण र चेतनाको साथै राष्ट्रियताको पनि जन्म भयो। पछि यो राष्ट्रियताले उग्र रूप धारण गर्‍यो र साम्राज्यवादको भावनाबाट प्रेरित भएर अरबहरूले आफ्नो धर्म प्रचार र विश्व-विजयको कार्य प्रारम्भ गरे। यिनीहरूले पश्चिम एसियाका सिरिया, दमिस्कस, एण्टिओक, जेरूसलम आदि विजय गरे पछि इरान विजय गरेर चीनसम्म पुगे। यिनीहरूले मिश्रमाथि आधिपत्य जमाएर सम्पूर्ण उत्तरी अफ्रिकालाई जिते तथा जिब्राल्टर पार गरेर स्पेन विजय गरे।

अरब—आक्रमण (Arab invasion):—

७१२ ई० मा अरबका सेनापति मुहम्मद इब्न कासिमले भारतको भूभाग सिन्धमाथि आक्रमण गरे। त्यस बेला सिन्धमा कुनै शक्तिशाली शासक थिएन, त्यहाँ चाच नामक ब्राह्मणका छोरा दाहिर

CC-0. In Public Domain. Digitization by eGangotri

शासक थिए। उनले वीरतापूर्वक आक्रमणकारीको मुकावला गरे तर त्यहांका जनता र अन्य शासकहरूको असहयोगको कारणले गर्दा उनी पराजित भए र मारिए। चाचको कठोर नीतिको कारण जाट र मेड़ आदि प्रजा पनि असन्तुष्ट थिए। तिनीहरूले दाहिरको विरोध गरे। त्यहांका बौद्धहरूले पनि दर्शक भएर सबै दृश्य हेरे। दाहिरका पुत्र जयसिंहले सिन्ध नदीको किनारमा जब मुसलमान फौजलाई रोके, त्यसै वेला त्यहांका एउटा टापूका मुखियाले मुसलमानहरूलाई सहायता गरेर नदी पार गराए। यो घटना राजा पुरुको साथ आम्भिले विश्वासघात गरे जस्तो हो किनभने यस्तै आम्भिले पनि सिकन्दरको सहायता गरेर उनलाई विजयी वनाएका थिए।

घटनाहरू [Incidents]— इव्नले ७१२ ई० मा देवल विजय गरे। उनले २० जून ७१२ ई० मा सिन्वमाथि आक्रमण गरे र बहमनाबादलाई जिते। तत्पश्चात् उनले सिन्धको राजधानी अलोर जितेर मुलतानमाथि हमला गरे। मुलतान पुग्नु भन्दा अगाड़ि इव्न कासिमले व्यास नदी पार गरे र त्यो दुर्गमाथि आक्रमण गरे जसमा दाहिरका भतिजा लुकेका थिए। यो दुर्ग मुलतानको शासकका भतिजाको संरक्षणमा थियो। उनले वीरतापूर्वक संघर्ष गरे तापनि उनको हार भयो र यो किल्ला मुहम्मद इव्न कासिमको आधिपत्यमा आयो। यो विजय पछि मुहम्मद इव्न कासिमलाई मुलतान विजय गर्न सजिलो भयो। मुलतानमा सैनिकहरूले बहादुरीपूर्वक भीषण लड़ाई गरे तर पानीको अभावमा उनले आत्मसमर्पण गर्नु पर्‍यो। मुलतान विजय पछि मुसलमान सेनाले धेरै व्यक्तिलाई दास बनाए अथवा हत्या गरे। जुन मानिसहरूले जजिया कर दिन स्वीकार गरे उनीमाथि मुसलमानहरूले सहिष्णुता प्रदर्शित गरे र अर्कासित अमानुषिक व्यवहार गरे। यो विजय पछि उनीहरूले साम्राज्य-विस्तारको कार्यमाथि धेरै बल दिए।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो कार्यमा सिन्धका गवर्नर जुनायदले बहुतै महत्वपूर्ण भाग लिए। उनले अलवैलामन तथा जर्ज नामक स्थान जिते। तर उज्जैन तर्फ उनी बढ्न सकेनन् किनभने प्रतिहार आदिले उनको विरुद्ध भयंकर संघर्ष गरे। यो सम्बन्धमा डा० त्रिपाठीको कथन छ, "प्रतिहारहरूद्वारा कठिन संघर्ष नगरिएको भए अरबहरूलाई भारतको आन्तरिक भाग विजय गर्न सजिलो हुने थियो।"※

कारणहरू [Causes]— अरबहरूद्वारा सिन्ध-आक्रमणका कारणहरू बहुतै विवादास्पद छन्। कतिपय इतिहासकारहरूको भनाइ छ कि सिन्धमाथि अरबहरूको आक्रमणको कारण देवल बन्दरगाहमा खलीफाको जहाजलाई सामुद्रिक लुटेराहरूद्वारा लुट्नु हो। यस्तो पनि भनाइ छ कि सिंहलद्वीपको राजाले खलीफालाई सामुद्रिक जहाजद्वारा उपहार पठाएका थिए जसलाई देवल बन्दरगाहमा डाकूहरूले लुटेका थिए। यो सम्बन्धमा अर्को मत यो छ कि सिंहलद्वीपका राजाले ती मुसलमान अनाथ केटीहरूलाई हज्जाजकोमा पठाएका थिए जसका आमा बुबाको मृत्यु भै सकेको थियो। त्यो जहाजलाई लुटेराहरूले लुटे र खलीफाले सिन्धको राजा दाहिरलाई क्षति-पूर्ति तथा डाकूलाई दण्ड दिनको लागि संवाद पठाए। दाहिरले जवाफ पठाए कि डाकूहरूमाथि उनको कुनै प्रभाव छैन। फलस्वरूप खलीफाले रिसाएर आक्रमण गरे। तर युद्धको यथार्थ कारण अरबहरूको विस्तारवादी र धर्म प्रचारको नीति थियो। अर्को कारण यो पनि हुन सक्छ कि त्यो वेला भारत बहुतै सुखी र सम्पन्न देश थियो तथा मुसलमानहरू यसलाई लोलुप

※ It is likely the Arabs might have achieved more successes in the interior of India, if the Pratiharas had not offered them a determined opposition.

CC-0. In Public Domain. Digitization by eGangotri

दृष्टिले हेर्दथे। देवल बन्दरगाहको लूटको घटना अरबहरूलाई सिन्ध-माथि आक्रमण गर्नको लागि एउटा निहु थियो।

परिणाम [Effects]—अरबहरूको सिन्धमाथि विजय राजनैतिक, सामाजिक तथा सांस्कृतिक दृष्टिबाट महत्त्वपूर्ण घटना थिएन किनभनेभार-तको इतिहासमाथि यसको कनै विशेष प्रभाव परेन। प्रसिद्ध इतिहासकार लेन पूलले लेखेका छन, "भारत र अरबको इतिहासमा यो एउटा नाम-मात्रको घटना थियो जसको कुनै परिणाम भएन।"❀ यस विजयले भारतमा मुसलमान साम्राज्यको स्थापनामा कुनै विशेष अवसर प्रदान गरेन। अरबहरूले सिन्धको नगरहरूमा बसेर आफ्नो उपनिवेशको स्थापना गरे। उनीहरूले सिन्धका निवासी संग वैवाहिक सम्बन्ध स्थापित गरे। यो सम्बन्धको कारणले मुसलमानहरूको दृष्टिकोणमा परिवर्तन आयो र संभवतः उनको अत्याचारको मात्रा कम भयो। तर खलीफाहरूले आफ्नो साम्राज्य-विस्तारको लागि काफी साधन प्राप्त गर्न सकेनन्। बिस्तार-बिस्तारै आपसी मतभेदको कारणले केन्द्रीय शक्ति-को अभाव भयो र उनको शासन मात्र नगरहरूसम्म सीमित भयो। तर मध्य युगको अन्तसम्म सिन्ध मुसलमानहरूको अधीनमा रह्यो। फलतः अरब यात्री, व्यापारी तथा फकीरहरूले यहां आएर यो ठाउँको सम्बन्धा धेरै लेखे। यसको अर्को पनि परिणाम यो भयो कि भारतको उत्कृष्ट सभ्यता र संस्कृतिको प्रभाव अरबमाथि धेरै पर्‍यो। पण्डित जवाहरलाल नेहरूले आफ्नो प्रसिद्ध पुस्तक The Discovery of India मा लेखेका छन, "यद्यपि फेरि आक्रमण भएन तर पनि भारत र अरबको बीच सम्पर्क बढ्यो। यात्रीहरूको आवत जावत र राजदूत-

---

❀ It was an episode in the history of India and of Islam, a triumph without results.

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको आदान प्रदान भयो, गणित र ज्योतिष विद्याका भारतीय पुस्तक उनीहरूले बगदाद लगे र अरबी भाषामा तिनीहरूको अनुवाद गरे। धेरै भारतीय चिकित्सकहरू बगदाद गए।" ❀ यो आदान-प्रदानले भारतीयहरूलाई एउटा नयां धर्म, इस्लाम धर्मबारे जन्नको लागि मौका दियो। यस प्रकार भारतमा इस्लाम धर्मको आगमन इस्लाम साम्राज्य भन्दा कैयौं शताब्दी पूर्व भयो। तर इस्लाम धर्मको धेरै प्रभाव भारतमा परेन बरु भारतको सभ्यता तथा संस्कृतिको प्रभाव अरबमाथि पर्‍यो। आठौं शताब्दीमा सिन्ध र बलख अरब साम्राज्यमा सम्मिलित भए पछि भारतको प्रभाव खलीफाका देशहरूमा बहुतै पर्‍यो। खलीफा हारूँल रशीदको प्रशासनमा त भारतीय संस्कृतिको प्रभावबाट बगदादको दरबार आप्लावित [बहुतै प्रभावित] भयो। बरमक त्यहांका वजीर [मन्त्री] थिए। यिनी बलखका निवासी थिए। यिनले धेरै जसो भारतीय विद्वान्हरूलाई बगदाद झिकाएर त्यहां भिन्न-भिन्न पदमा नियुक्त गरे। यिनी अरब विद्यार्थीहरूलाई शिक्षा लिनको लागि भारत पठाउँथे। अरबहरूले दर्शन, ज्योतिष, इतिहास तथा काव्य आदि अनेक ग्रन्थलाई अरबी भाषामा अनुवाद गराए। भारतवर्षबाट गणित आदिको ज्ञान यूरोप आदि देशमा यिनीहरूले पुर्‍याए। प्रसिद्ध इतिहासज्ञ H. G. Wells ले लेखेका छन् कि मध्य युगमा यूरोपमा

❀ But though there was no invasion, contacts between India and Arab world grew, travellers came to and fro, embassies were exchanged, Indian books, especially on Mathematics and Astronomy were taken to Baghdad and were translated into Arabic. Many Indian physicians went to Baghdad.

CC-0. In Public Domain. Digitization by eGangotri

जब सर्वत्र अविद्या अन्धकार थियो त्यस बेला अरब ज्ञानको प्रकाशले उज्जवल थियो। अरबमा यो प्रकाश भारतबाट पुगेको थियो र पछि अरबहरूद्वारा यो प्रकाश यूरोपमा पनि गयो। डाक्टर त्रिपाठीले लेखेका छन्, "उदाहरणको लागि उनीहरूले हिन्दूहरूबाट ज्योतिष र गणित सिके र चरकको रचना तथा पंचतन्त्रका कथाहरूलाई अरबी भाषामा अनुवाद गरे।" ☫

☫ For instance, they learnt Astronomy and Mathematics from the Hindus, and translated into Arabic the work of Charka and the fables of the Pancha-tantra.

पुस्तकालय ★ S7338

Chiranjivi Library

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

चिरञ्जीवी पुस्तकालय
Chiranjivi Library

सहकारी छापाखाना पैनी ' पूनारोड)

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri